कसरी अघि बढ्दैछ इरानी कम्युनिष्ट आन्दोलन ?



# मूल्याङ्कन


मूल्य रु. १५।-
(भारतमा भारु. १२।-)
विचार अन्तर्क्रियामुखी मासिक
पूर्णाङ्क ४८
असार, २०५४

## स्थानीय चुनावः एक चिरफार


- के भ्याट लागू गर्नु उचित छ ? (पक्ष र विपक्षका विचारहरु)
- माओवादीद्वारा पिटिएका मसालका कार्यकर्ताहरु के भन्छन् ?
- के हो महाकालीको विकल्प ? (प्रत्यक्ष अन्तर्क्रियाको रिपोर्ट)
- प्रसिद्ध शिक्षाविद् पाउलो फ्रेरेको निधन !
- जर्मन कम्युनिष्ट नेता क. थेलमानको जीवनकथा
- निधारमा छाप मात्र 'कम्युनिष्ट' लागेका उम्मेदवारहरु .....








## कांग्रेस यति नराम्ररी किन हार्‍यो ?




अब पाईप जगतमा नयाँ उत्साह !
नयाँ उदय - विश्वासको साथ !

# मुक्तेश्वर P. V. C. पाईप

शहरदेखि गाउँसम्म सर्वत्र उपलब्ध छ !



**मुक्तेश्वर पाईप नै किन ?**

- मुक्तेश्वर रिजिड पि.भि.सी. पाईप जि.आई. पाईपको तुलनामा किफायती तथा सस्तो पर्दछ ।
- हलुङ्गो भएकोले ओसार-पसारमा सुविधाको साथै ढुवानी खर्च कम पर्दछ ।
- यसमा फलामे पाइपमा जस्तो खिया लाग्दैन ।
- जडान खर्च तथा ज्याला कम पर्दछ ।
- भित्र-बाहिर चिप्लो हुने भएकोले बहाव शक्ति बढी हुन्छ ।
- कुनै पनि किसिमको रसायनले यसलाई असर पार्दैन ।
- भवनहरूको निकास प्रणालीमा लगाउँदा सुन्दर देखिन्छ ।
- चुहावट हुने जोखिम प्रतिशत कम छ ।
- यसको टिकाउपन लामो अवधिको हुन्छ ।
- यो पूर्णतया स्वास्थ्यप्रद छ ।

सधैं सम्झनुहोस्

## मुक्तेश्वर पाईप ई.प्रा.लि.

(चिराग उद्योग समूह)


पो.ब.नं. ११४९१, पुतलीसडक
फोन नं.: ४२०७७३
फ्याक्स: ४२१९४५

**उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं !**



# Kathmandu Maida Mills Pvt. Ltd.

## AN AUTOMATIC FLOUR MILL




KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

**Balaju Industrial District, Balaju**
**P.O. Box 351 Kathmandu Nepal**
**Phone No.** 272221, 272285

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १५, पूर्णाङ्क ४८
२०५४, असार



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)
जि. के. श्रेष्ठ (विज्ञापन विभाग)



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित



**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९,
फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं




## कांग्रेस यति नराम्ररी किन हार्‍यो ?

### स्थानीय चुनावको चिरफार

पुराना र ताजा तथ्याङ्कहरूको तुलनासहित

❑ **एमालेले किन बहुमत ल्यायो ?**

*वामपन्थी नेताहरूको विश्लेषणसहित*

❑ **भाषा-समानताका लागि स्थानीय निकायले के गर्न सक्छ ?**

*वामपन्थी नेता पद्मरत्न तुलाधरसँगको ताजा अन्तर्वार्ता*

## के VAT लागू गर्नु उचित छ ?

VAT कन्सल्ट्यान्ट डा. रुप खड्का र उद्योग वाणिज्य महासंघका अध्यक्ष आनन्दराज मुल्मीसँगका अन्तर्वार्ताहरु

❑ कुन कुन देशहरुमा VAT लागू गरिएका छन् ?


❑ के केमा भ्याट लाग्दैन ?

◆ अन्तर्क्रियाः के हो महाकालीको विकल्प ?

❑ प्रसिद्ध शिक्षाशास्त्री पाउलो फ्रेरेको निधन

◆ दर्शनः कसरी हावी हुँदैछ हाम्रो आन्दोलनमा व्यवहारवाद ?

❑ संस्कृतिकर्मी सुदर्शन श्रेष्ठसँगको कुराकानी



## के इरानमा पनि कम्युनिष्ट आन्दोलन विकसित हुँदैछ ?

इरानको वामपन्थी पार्टी 'राहे कारगर' का एक नेता अर्मान अरानीसँग मूल्यांकनले लिएको विशेष अन्तर्वार्ता


**हाम्रो मूल्याङ्कन** ४
किन नेपालमा मात्रै तेलको भाउ बढ्दैछ ?
**आवरण कथा**
कांग्रेस यति नराम्ररी किन हार्‍यो ? ६
**घटना र प्रवृत्ति**
किन नेपाली शासकहरू गुमाउन माहिर छन् ? ५
के पारस शाहहरू कानूनभन्दा माथि छन् ? ५
माओवादीद्वारा पिटिएका मसालका कार्यकर्ताहरू के भन्छन् ? ११
**अन्तर्क्रिया**
के हो महाकालीको विकल्प ? २४
**विश्व कम्युनिष्ट आन्दोलन**
कसरी अघि बढ्दैछ इरानी कम्युनिष्ट आन्दोलन ? १६
**जीवनको झाँकी**
नाजीहरूले थेलमानको हत्या गरेरै छोडे ! २२
पाउलो फ्रेरेको मृत्युको सन्दर्भमा १३
**नीति / संस्कृति**
निधारमा छाप मात्र 'कम्युनिष्ट' लागेका उम्मेदवारहरू २१
**अचेल**
उपचार गराइरहनु भएका क. निरञ्जन गोविन्द वैद्य १४
**प्रेरक प्रसंग**
उपहार मन नपराउने लेनिन २३
**साहित्य**
साला पहाडमे क्या है (कविता)
मीनबहादुर विष्ट ३१
**आँखीझ्याल**
विकसित पूँजीवादी देशमा बेरोजगारी २८
**विचारमंच**
के कम्युनिष्ट पार्टीको ढोका सबैलाई खुला गर्नु ठीक हुन्छ ? ४१
**विज्ञान**
के भूकम्पको भविष्यवाणी गर्न सम्भव छ ? २९
**पाठकको कुरो** ४२



आवरणमा: **नेकपा एमालेका तर्फबाट अत्यधिक बहुमतले विजयी कानपाका मेयर क. केशव स्थापित ।** इन्सेटमा: **नेकपा एमालेका विजय जुलूसहरु**
इन्सेटमा (माथि): **इस्लामिक क्रान्तिपछि अमेरिकाको झण्डा जलाउँदै इरानीहरु** (फोटो: **'न्यूजवीक' जनवरी १९८०**)
आवरण सज्जा: **माइक्रोचिप्स**/कलाकारहरू: **लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक**/अवारण फोटोहरू: **ए.वी.सी. फोटो, बागबजार**/अन्य फोटो: **उषा तिवारी**
कम्प्युटर सेटिङ्ग: **सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर, पुतलीसडक, सम्पर्क फोन: ४२२७६९**/मुद्रण: **इन्द्रेणी अफसेट प्रेस, बागबजार**

## हाम्रो मूल्यांकन

# किन नेपालमा मात्रै तेलको भाउ बढ्दैछ ?

अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ बढेकोले नेपाल आयल निगम वर्षेनी ५१ करोड रूपियाँ घाटामा गएको कारण देखाएर गएको जेठ ३० गते नेपाल आयल निगमले तेलको भाउमा एक्कासी बृद्धि गर्‍यो । एक लिटरको रू. ९।५० मा पाइने मट्टितेललाई रू. ११।- पारियो । रू. १४।- को डिजेललाई १७।५० पारियो । रू. ३४।- मा पाइने पेट्रोललाई रू. ३९।- पारियो । रू. ३८०।- मा पाइने ग्याँस सिलिण्डरलाई रू. ६०८।- पारियो ।

भर्खरै स्थानीय निकायको चुनावमा एमालेलाई अत्यधिक बहुमतमा जिताएर केही हदसम्म राहतको सास लिएका नेपाली जनतालाई यो मूल्यबृद्धि बिनाकारण आफ्नै मित्रले गालामा हानेको बलियो चड्कन सरह भयो । यो एउटै घटनाले आफ्नो संगठनको लोकप्रियतालाई रसातलमा पुर्‍याउने आशंका भएपछि एमाले महासचिवले आफ्नै उपप्रधानमन्त्रीलाई ज्ञापनपत्र दिएर भाउलाई यथावत गर्ने माग गरे । राप्रपा महामन्त्रीले पनि सार्वजनिक रूपमा विज्ञप्ति जारी गरेर त्यही माग गरे । एउटा अपत्यारिलो नाटकीय दृश्य नेपाली राजनीतिमा देखापर्‍यो: आफ्नै पार्टी सरकारमा छ, यति ठूलो सार्वजनिक महत्वको विषयमा सरकार के गर्दैछ, पार्टीलाई थाहै दिइएन भनिँदैछ र आफ्नै सरकारको निर्णय फिर्ता लिन आफ्नै पार्टीले माग गर्दैछ ।




तर पार्टीको निर्देशनलाई सरकारले धोती लाए बरोबर गर्‍यो । सरकारले मूल्य त ओराल्यो, तर नाम मात्रको । तर आश्चर्य ! त्यसपछि पार्टी बिल्कूलै चूप लाग्यो ।

सरकारको यो पछिल्लो निर्णयले नेपाली जनजीवन भयग्रस्त भएको छ । किनकि, पेट्रोलियम पदार्थको मूल्यबृद्धिले यातायात, ढुवानी, लगायत किन्नुपर्ने सबै बस्तुको मूल्यबृद्धि गराउँदछ । यसले सर्वत्र उनीहरूको क्रयशक्ति घटाउँछ र गरीबी बढाउँछ । सरकारले आफ्नो निर्णय फिर्ता लिएन भने यातायात व्यवसायीहरूले भाडा बढाउने त घोषणासमेत गरिसकेका छन् ।

तर के वास्तवमै अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यबृद्धि भएको हो त, जसको कारणले यो जनघाती निर्णय लिन सरकार बाध्य हुनुपर्‍यो ?

त्यस्तो कुनै कारण यथार्थमा विद्यमान देखिन्न । प्रसिद्ध पूँजीवादी पत्रिका 'एशिया वीक'को यही जून २० को अंकअनुसार, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रति ब्यारेल आजभन्दा पाँचवर्षअघि २१.१२ डलर थियो । तीन वर्षअघि त्यो १५.७३ डलरमा झर्‍यो, एक वर्षअघि त्यसको मोल १८.४० डलर थियो र अहिले त्यसको मूल्य १७.८२ डलर हुन आइपुगेको छ । अर्को विश्वप्रसिद्ध पत्रिका 'द इकोनोमिष्ट'ले जून १४ को अंकमा जनाएको छ- प्रति ब्यारेल कच्चा तेलको मूल्यमा अन्तर्राष्ट्रिय बजारमा गत एक वर्षमा २.९ प्रतिशत गिरावट आएको छ र गत एक महिनामा ९.७ प्रतिशतले ।

यी तथ्यहरूले साबित गरेका छन्- अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको भाउ बढेको भन्ने दावी बिल्कूलै झूठो हो । यो दावीमा कुनै सत्यता छैन । अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ बढेको होइन, उल्टो यो घटेको छ, र अहिले भरखरै मात्र होइन, गतः पाँच वर्षदेखि घट्दैछ । त्यसैले अन्तर्राष्ट्रिय बजारको दुहाई दिने हो भने निगमले तेलको भाउ बढाउने होइन, उल्टो यो घटाउनु पर्छ ।

दुहाई अन्तर्राष्ट्रिय बजारको दिइए पनि, निगमको तेलको भाउ बढाउने निर्णयका पछाडि असली कारण अर्कै देखिन्छ । हाम्रो अध्ययनअनुसार, निगमभित्रको व्यापक घोटाला, खर्चमा अनियन्त्रण र अव्यवस्थापन नै त्यहाँको घाटाको चूरो कारण हो ।

निगमभित्रको वास्तविकताबारे जानकारी राख्ने विज्ञहरू भन्छन्- त्यहाँ यति धेरै अनावश्यक कर्मचारीहरू भर्ती गरिएका छन् कि, कुशल व्यवस्थापन गर्ने हो भने अहिलेको भन्दा आधा कर्मचारीहरूबाटै निगम योभन्दा चुस्त ढंगले चल्न सम्भव छ । तेलको खरीद, ढुवानी र व्यवस्थापनको प्रत्येक बिन्दुमा निगमभित्र निकै ठूलो घोटाला, अनावश्यक खर्च र कमिशनको चक्कर छ । ओभर स्टाफिङ, अव्यवस्थापन र खर्चमा अनियन्त्रण, यी तीन आधारभूत समस्याहरूलाई मात्र हल गर्ने हो भने निगम तेलको भाउ पटक्कै नबढाइकन नै अहिलेको खर्चमै नाफामा चल्न सम्भव छ ।

तर प्रश्न उठ्छ सरकार यी मूल समस्याहरू पहिचान गर्न र हल गर्न किन उद्यत छैन त ? किन सरकार जरो मै समस्याको हल गर्नुको सट्टा जनताको ढाड सेक्नेगरी तेलको भाउ बढाउनतिर बेसी उत्सुक छ त ?

किनकि, सरकारको डाडू-पन्यौ समातेका ठूला ठूला पदाधिकारीहरू स्वयं निगमभित्रको घोटाला, अनावश्यक स्टाफिङ, फजूल खर्च र अव्यवस्थापनको मूल सूत्रधारको रूपमा रहेका छन् । उनीहरू आफैं भ्रष्टाचारमा घाँटी घाँटीसम्म डुबेका छन् । त्यसैले बिरालोको घाँटीमा घण्टी बाँध्ने कसले ? यो समस्या निगमभित्र पैदा भएको हो । अन्यथा, तेलको भाउ बढाउनुको सट्टा सरकारलाई निगमको चूरो समस्या हल गर्नेतिर अघि बढ्न छेक्यो केले ?

यसमाथि थप अर्को कारण पनि तेलको भाउ बढाउनतिर सरकार उन्मुख हुनुको पछाडि कारणको रूपमा रहेको हामीलाई लागेको छ । त्यो हो- अन्तर्राष्ट्रिय साहूकारहरू- विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषका दवाबमा जनताको आधारभूत आवश्यकताका सेवाहरूबाट सरकारले आफ्नो अनुदान र दायित्व धमाधम काट्दै लाने नीति । यस अन्तर्गत सरकारले अब जनताका आधारभूत आवश्यकताका वस्तुमा दिई आएको अनुदान धमाधम काट्दै आफ्नो दायित्वका समस्त आधारभूत जनकल्याणकारी सेवाहरू, तथा नून, चिनी र तेलको आपूर्ति समेत निजी क्षेत्रका नाफाखोर व्यापारीहरूलाई सुम्पन कुनै बेर छैन । तेलको मूल्यबृद्धि पनि त्यसैको एउटा सानो कडी मात्रै हो ।

यसअघिका सबै सरकारले जनतालाई अल्मल्याउन ढाँट कुरा गर्ने तथा सत्ता र कमिशन स्वार्थको निम्ति जनताको जीवनमा ठूल्ठूलो दुर्दशा आउने नीति निर्णयहरू गर्थे ।

तर एमाले जस्तो आफूलाई वामपन्थी र जनपक्षीय ठान्ने शक्ति क्याबिनेटको बहुमतसहित सरकारमा सम्मिलित भएको बेला पनि तिनै स्वार्थवश पहिलेकै जस्तै फट्याइँ र जनघाती कामहरू किन हुन थालेका छन् ? यो जनताको लागि बुझिनसक्नु कुरो भएको छ । हामीलाई लाग्दछ- एमालेले जनपक्षीय शक्ति हो भने उसले आफूलाई यो जनघाती निर्णयबाट अलग्गै खडा गर्न सक्नु पर्दछ र मूल्यबृद्धिको निर्णय फिर्ता गराउन खोज्नु पर्दछ । उसले आयल निगमभित्रको जरो समस्या नै अन्त गर्ने बाटो अख्तियार गर्नु पर्दछ । यस्तो हुन सक्दैन भने सरकारबाटै अलग्ग बस्ने आँट गर्न सक्नु पर्दछ । अन्यथा, जनताको निम्ति एमाले पनि त्यत्तिकै सत्तास्वार्थले ग्रस्त पार्टी ठहरिनेछ, जत्ति अरू सत्तारूढ पार्टीहरू देखिएका छन् ।

हामी यस मूल्यबृद्धिविरूद्ध सात वाम पार्टीहरू, उपभोक्ता मञ्च लगायत अन्य क्षेत्रबाट हाल भइरहेका सबै संघर्षका प्रयत्नहरूको सराहना गर्दछौं र सारा जनपक्षीय शक्तिहरू यो प्रयत्नमा एक भएर मूल्यबृद्धिको निर्णयलाई विफल तुल्याउनु जरूरी ठान्दछौं । साथै, एमालेभित्रका सम्पूर्ण जनपक्षीय शक्तिहरूले पनि यो सवालमा आफूलाई दृढतापूर्वक जनताको र यो संघर्षको पक्षमा खडा गर्न जरूरी ठान्दछौं । ◉

**भारतीय प्रधानमन्त्रीको नेपाल-भ्रमण**

# किन नेपाली शासकहरू गुमाउनमा माहिर छन् ?

आफूले लिनुपर्ने गाँठी कुरा जति लिखितममा लिएर, र नेपालले पाउनुपर्ने गाँठी कुरा जति बकीतममा दिएर भारतीय प्रधानमन्त्री इन्दरकुमार गुजरालको तीनदिने सद्भावना भ्रमण जेठ २५ गते सकिएको छ । भारतीय प्रधान-मन्त्रीको यो भ्रमणको मुख्य उद्देश्य थियो- नेपालको संसदले पास गरेको 'राष्ट्रिय संकल्प' लाई कानूनतः रद्दी-टोकरीमा मिल्काएर प्रधानमन्त्रीस्तरमा पोहोर हस्ताक्षरित महाकाली सन्धिलाई ज्यूँका त्यूँ नेपालबाट स्वीकार गराउनु । त्यो उद्देश्यमा गुजराल शत-प्रतिशत सफल भएका छन् । र, त्यो उनले निकै सस्तो मूल्यमा हासिल गरेका छन् । केही हजार हवाई सीट, परोपकार अस्पताललाई केही सामान, ६ महिनाको परीक्षण कालका लागि काकडभिट्टा-फूलबारीको बाटो, रक्सौल-सिर्सिया रेल लाइनको निर्माण र अन्य केही सुन्दर वचनहरू दिएर ज्यूँका त्यूँ महाकाली सन्धि अनुमोदन गराउनु भनेको केही दर्जन केरा, दश किलो आँप, बीस किलो अनार, चालीस किलो आलु र ८० किलो भण्टा दिएर बीच काठमाडौँको सारै महँगो दश तलेघर हात पार्नु जस्तै हो, जसको मूल्य करोडौं रूपैयाँ पर्छ । "गुजराल डक्ट्रिन" का प्रतिपादक इन्दरकुमार गुजरालले यसपालि हाँसी हाँसी आफ्नो सानो छिमेकीप्रति बडा 'उदार' भएर त्यो सौदाबाजी सम्पन्न गरे ।

नेपालले पोहोर संसदको दुई तिहाइले जे पास गरेको थियो, त्यो हूबहू महाकाली सन्धि थिएन । त्यो 'राष्ट्रिय संकल्प'सहितको महाकाली सन्धि थियो । त्यो राष्ट्रिय संकल्पमा नेपाली बिजुलीको मूल्य भारतले *Avoided cost principle* कै आधारमा खरीद गर्नुपर्ने, नेपाल-भारतबीच पानीको बाँडफाँट आधा-आधाको आधारमा हुनुपर्ने, र महाकाली नदी आधारभूत रूपमा सीमा नदी हो भन्ने सिद्धान्त उल्लेख गरिएको थियो । पारित महाकाली सन्धि धेरै नै त्रुटीपूर्ण थियो । तर यो 'राष्ट्रिय संकल्प' लाई मात्रै भारतबाट अनुमोदन गराउन सकेको खण्डमा त्यो सन्धिबाट हुने अपार नोक्सानी र जोखिम केही कम हुन जान्थ्यो । भारतले 'संकल्प प्रस्ताव' स्वीकार नगरेमा नेपाललाई 'त्यसो भए यो सन्धिलाई फेरि हामीले संसदमा अनुमोदनका लागि लग्नुपर्ने हुन्छ, किनकि संसदको संकल्प प्रस्ताव भनेको त हाम्रो निम्ति कानून सरह हुन्छ, हामी यसलाई उल्लंघन गर्न सक्दैनौं" भनेर भन्ने वैधानिक आधार प्राप्त हुन्थ्यो ।

तर नेपालको सरकारले यस भ्रमणमा भारतसित यो सवालमा कुनै दरो राष्ट्रिय अडान नै राखेन । फलस्वरूप, सन्धि अनुमोदनको पत्र आदान-प्रदान गरिँदा त्यसभित्र राष्ट्रिय संकल्पको कुनै उल्लेख नै गरिएन । भ्रमणपछि प्रकाशित संयुक्त विज्ञप्तिमा समेत- राष्ट्रिय संकल्पको किटानीका साथ उल्लेख नै गरिएन । संसदले महाकाली सन्धि पास गरेका बेला उठेका 'केही कुराहरू' भनेर बडो रकमी भाषामा मात्र संकल्पको उल्लेख गरियो, जसको व्यवहारमा कुनै कानूनी वैधता नै हुँदैन । यसरी, नेपालको सरकारले महाकाली सन्धिलाई अझै राष्ट्रको हितमा परिमार्जन गर्ने संभावनालाई, फेरि त्यसलाई संसदको अनुमोदनको र विचारविमर्शको घेरामा ल्याउने राम्रो संभावनालाई भड्खालोमा मिल्काइदिएको छ । वर्तमान सरकारले नेपालको कानूनको सरासर उल्लंघन गरेको छ । कहाँबाट अधिकार प्राप्त भयो- सरकारलाई यसो गर्न ?

गजबको विरोधाभाष के देखियो भने- यतिखेर भ्रमणको बेला सरकारमा ती व्यक्ति शक्तिशाली उपप्रधानमन्त्रीका रूपमा थिए, जसले महाकाली सन्धि पास हुँदाताक त्यो राष्ट्रघाती सन्धि पास हुनुहुन्न भनेर पार्टी र संसदमा निकै ठूलो र प्रशंसनीय संघर्ष गरेका थिए । यसपालि निर्णायक वार्तामा त उनी पनि सामेल थिए । खै यतिखेर आफ्नो अडान व्यवहारमा कार्यान्वयन गर्ने बेलामा उनको त्यतिखेरको देशभक्ति कहाँ गयो ? के हेरेर बसे उनी यतिखेर ? कसरी उनको उपस्थितिमा 'राष्ट्रिय संकल्प' लाई रद्दी-टोकरीमा मिल्काउन संभव भयो ?

'राष्ट्रिय संकल्प' संसदमा पास गराएको एमाले पार्टीले हो । खै त त्यो सिंगै पार्टी अहिले किन चूपचाप छ ? किन त्यो यसबारे चूँ बोल्दैन ? के त्यहाँ अब देशभक्तहरू नै बाँकी छैनन् ? के त्यहाँ अब कुर्सीभक्तहरू मात्र छन् ?- प्रश्न चारैतिर पैदा भएको छ । नत्र किन त्यो यतिखेर यति गंभीर राष्ट्रिय विषयमा मौन छ ? कतै 'सत्तामा पुगेका महाकालीविरोधी कथित देशभक्तहरूको तमासा हेरौँ' भावले त पार्टीमा काम गरिरहेको छैन ?

हामीले आफ्नो राष्ट्रिय अडान त भसक्कै छोड्यौं । तर भारतले त्यस वापत न त हामीलाई भूटानी शरणार्थी समस्यामा सहानुभूतिपूर्वक सहयोग गर्‍यो, न टिंकर कालापानीमा भारतले गरेको अतिक्रमणबारे कुनै ठोस् जवाफ दियो, न १९५० को सन्धि पुनरावलोकनबारे नै । आखिर नेपालको कुन गाँठी समस्याबारे भारतबाट हामीले सदाशयतापूर्ण व्यवहार पायौं त ? सबैमा उराले हामीलाई लोप्पे-लोप्पा ख्वाइरहेछ त ?

यसले के देखाएको छ भने- भारतीय शासक वर्ग आफ्नो राष्ट्रिय स्वार्थमा दृढ छ । तर नेपाली राजनीतिज्ञहरूको लागि देशभक्तिभन्दा कुर्सीभक्ति ठूलो कुरो भएको छ । कुर्सी स्वार्थले गर्दा उनीहरू गुमाउनमा माहिर भएका छन् ।

◉ दीपक वैद्य

# के पारस शाहहरू कानूनभन्दा माथि छन् ?



प्रजातन्त्रमा कानूनभन्दा माथि कोही हुन्नन् । समानता नै प्रजातन्त्रको मुख्य विशेषता हो । राजा पनि कानूनसम्मत ढंगले चल्नुपर्ने प्रणालीको नाम हो- प्रजातन्त्र ।

तर सरकारको निकम्मापनले गर्दा पंचायतकालमा जस्तै नेपालमा फेरि केही पारस शाहहरू निक्लन लागेका छन्, जो देशको कानूनभन्दा माथि हुने प्रयत्न गर्दैछन् । उनी रक्सीले चूर भएर सडक सडकमै जनताका छोरा मोटरले किचेर मार्छन्, तर उनीमाथि कानून लाग्दैन र उनीमाथि ज्यान मुद्दा चल्दैन । चार लाख पैसा हर्जाना तिरेपछि उनले जानाजान मान्छे मारेको पनि पाको हुन्छ । उनी अधिराजकुमार ज्ञानेन्द्रका छोरा हुन्, त्यसैले उनले जतिजना नागरिक जसरी मारे पनि हुन्छ ।

कुरा जेठ २८ गते राति १२ बजेको हो । पारस शाह रक्सीले चूर भएर एकजना विदेशी केटीलाई गाडीमा राखेर जथाभावी गाडी हाँक्दै काठमाडौंका सडकमा हुइँकिँदै थिए । उनको बा.अ.ज. ६१८७ नम्बरको आलिशान पजेरो जीपले पहिले ह्वेटेल याक याण्ड येतिको अगाडि बा.अ.च ८४०८ नं. को मारुती भ्यानलाई ठक्कर दियो । त्यसपछि यो गाडीले दरबारमार्गमा ट्राफिकले राखेको कोणलाई भताभुंग पार्‍यो । अन्तमा पुतलीसडक बागबजार चोकमा आएर उद्दण्ड पारसको जीपले ट्याक्सी चालक सानुकाजीको ट्याक्सीलाई कच्याक्कुचुक पार्ने गरी किच्यो । चालक सानुकाजी घटनास्थलमै ठहरै भए । उनका साथी केदार सिंखडा गंभीर रूपले घाइते भए ।

यो हत्याको विरुद्ध तीव्र जनआक्रोश र जनआवाज उठेपछि पारसले गाडी मर्मत खर्च, किरिया खर्च, मृत्यु हर्जाना भनेर एक मुष्ट चार लाख रूपैयाँ तिरेका छन् । तर स्मरणीय छ, त्यति पैसाले सानुकाजीको बिग्रेको एउटा ट्याक्सीसमेत आउँदैन । सानुकाजीले कमाएको पैसामा जीवन धानेका उनको परिवारको त बिल्लीबाठै भएको छ । अब यो परिवारको मानवीय जीविकाको दायित्व पारसले नबोके कसले बोक्ने ?

तर सानुकाजीका हत्यारा पारस शाह अहिले पनि उन्मुक्त छन् । उनीमाथि अहिलेसम्म कुनै कानूनी कार्वाही भएको छैन । उनलाई सानुकाजीको परिवारको जीविकाको दायित्व लिन लगाउन बाध्य पार्ने कसले ? प्रश्न खडा भएको छ ।

यस्तो अपराधिक घटना पारसको पहिलो घटना होइन । उनी कहिले भरतपुरमा सर्वसाधारण जनतालाई पिट्छन् र प्रहरीको भ्यान उल्टाई दिन्छन्, कहिले



फोटोः क्षितिज अरुण

हात्तीगौंडामा मोटरसाइकललाई आफ्नै गाडीले हानेर उल्टो त्यसका चालकलाई लात्तैलात्ताले भकुर्छन्, कहिले प्रहरी प्रधान कार्यालयमै पुगेर पुलिस चुट्छन् । तर जे गरे पनि उनीमाथि कुनै कार्वाही हुँदैन । उनलाई पंचखत माफी झैं देखिन्छ । उनको लागि देशमा अहिले पनि पंचायती व्यवस्था भएसरह भएको छ ।

हाम्रो प्रश्न छ- हाम्रो देशमा पारस शाहहरूलाई कार्वाही गर्ने आँट गर्ने प्रजातान्त्रिक सरकार छ कि छैन ? एउटा उद्दण्ड पारस शाहलाई यत्तिकै फुक्का छाँडे झैं छोड्ने हो भने थुप्रै पारस शाहहरू निक्लने संभावना हुन्छ कि हुन्न ?

पारस शाहलाई नियन्त्रण गर्ने हो भने र सिंगै दरबार पारस शाहको पर्याय होइन भन्ने हो भने- दरबारले पारस शाहको केसमा जनतासमक्ष विनम्रतापूर्वक क्षमा माग्नुपर्छ र पीडित परिवारको मानवीय जीविकाको जिम्मेवारी बहन गर्नु पर्दछ ।

❑ विवेक शर्मा



आवरण कथा

# स्थानीय चुनावको चिरफार

# किन कांग्रेस यति नराम्ररी हार्‍यो ?

◆ श्याम श्रेष्ठ

**एमालेले कसरी बहुमत ल्यायो ?**
वामनेताहरु क. चित्रबहादुर के.सी., क. लिलामणि पोखरेल, क. नारायणमान बिजुक्छे र क. विष्णुबहादुर मानन्धरका विचारहरु

◆ स्थानीय निर्वाचन २०५४ मा कुन पार्टीले कति स्थान ?
❑ स्थानीय निर्वाचन परिणाम: पाँच वर्ष अघि र अहिले: एक तुलना
◆ नगरपालिकाको निर्वाचन परिणाम २०५४
❑ कुन कुन जिल्लामा कसको जिविस ?

स्थानीय निर्वाचन, २०५४ नेपालको राजनीतिक शक्ति सन्तुलनमा भइरहेको हेरफेरको प्रतिच्छायाँ सरह भएको छ। बहुदल प्राप्तिपछिको सात वर्षमा सबैभन्दा बेसी सिंहदरबारको घुम्ने मेचमाथि आसीन भएको नेपाली कांग्रेसलाई यो निर्वाचनले तीव्र गतिमा ओसलोलाग्दो सामाजिक शक्ति साबित गरेको छ। नेपालको राजनीतिक आन्दोलनको इतिहासमै नेपाली कांग्रेसले योभन्दा ठूलो शर्मनाक हार यसअघि कहिल्यै व्यहोर्नु परेको थिएन। पहिलेको स्थानीय निर्वाचनमा तीन चौथाईभन्दा बेसी जिल्लामा जिल्ला विकास समिति (जिविस) कब्जा गर्न समर्थ नेपाली कांग्रेस अब सिर्फ एउटा जिल्लामा मात्र एकलौटी जिविस बनाउन सक्ने गरी वामपुड्के हुन पुगेको छ। त्यो पनि मनांग जस्तो सबैभन्दा सानो र कम प्रभावशाली जिल्लामा। पाँच वर्षअघि समूचा गाविसको चुनावमा एक्लो नेपाली कांग्रेसले हासिल गरेको ५० प्रतिशत सिटको बाहुल्य अब ठ्याक्कै उल्टिएर नेकपा (एमाले) को पोल्टामा गएको छ। त्यतिखेर स्थानीय निकायको सिर्फ २६ प्रतिशत सिट हासिल गरेको एमालेले यसपल्ट त्यसको ठीक दोब्बर सिट (५१ प्रतिशत पदहरू) कब्जा गर्न पुगेको छ। नेपाली कांग्रेस चाहिँ खुम्चिएर खालि तीस प्रतिशत सिटको दावेदार हुन पुगेको छ। यसप्रकार, दुई पार्टीहरू एमाले र कांग्रेसले यो आधा दशकमा आ-आफ्नो स्थान एक आपसमा बदलेका छन्। कांग्रेसको स्थानमा एमाले पुगेको छ, एमालेको स्थानमा कांग्रेस झरेको छ।

यही प्रवृत्ति देशका ५८ वटा नगरपालिकाका लागि भएको निर्वाचनले पनि देखाएको छ। पहिलेको चुनावमा ३६ मध्ये २२ वटा नगरपालिकामा नेपाली कांग्रेसले हालीमुहाली कायम गरेको थियो। नगरपालिकाको ५६ प्रतिशत सिट ऊ एक्लैले हत्याएको थियो। अहिले ठीक त्यति नै प्रतिशत सिटको हकदार एमाले बनेको छ। अब देशको ४१ वटा नगरपालिकामा एमालेको प्रशासन चल्ने भएको छ। पहिले देशभरिमा ६ जना मेयर एमालेको थियो। अहिले देशभरिमा नेपाली कांग्रेसले पनि ६ जना मात्रै मेयर जिताउन सकेको छ।

यसप्रकार, कांग्रेसको बाग्डोर बिल्कुलै उल्टिएर एमालेको हातमा पुगेको छ। र, कांग्रेस स्थानीय निकायमा सबैभन्दा ठूलो प्रतिपक्ष हुन आइपुगेको छ।

**स्थानीय निकायहरुले भाषा समानताको पक्षमा के के गर्न सक्लान् ?**
**क. पद्मरत्न तुलाधरसँग ताजा कुराकानी**

कांग्रेसको यति अभूतपूर्व शर्मनाक हार किन भयो त ? किन एमाले यति छिटै ह्वात्तै माथि आइपुग्यो ?

### कारणः

नेपाली कांग्रेसको केन्द्रीय समितिले एमालेले गरेको "धाँधली"लाई नै उसको हारको प्रमुख कारण ठहर्‍याएको छ। उसले यो धाँधलीका विरूद्ध असार १ गतेदेखि सडक-आन्दोलन पनि प्रारम्भ गरिसकेको छ। नेपाली कांग्रेसको नेतृत्व वास्तविकतादेखि कति टाढा छ, ऊ कति आत्मकेन्द्रित, सतही र हचुवा छ भन्ने कुरा बुझ्न यही एउटा निर्णय आफैं पर्याप्त देखिन्छ।

यदि एमाले सरकारमा भएकाले नै उसको यो चुनावमा बहुमत आएको र कांग्रेसको हार भएको हो भने स्वयं गिरिजा सरकारकै छत्रछायाँमा २०५१ सालमा भएको मध्यावधि चुनावमा पनि उसको शर्मनाक हारको कारण के त ? देउवा सरकारकै मातहतमा भएको उपनिर्वाचनमा पनि पहिले जितेको ठाउँ समेत गुम्नुको कारण के त ? त्यतिखेर कसले धाँधली गरेर पराजय भोग्नु परेको ?

यस प्रकार, नेपाली कांग्रेसको नेतृत्वले निकालेको निष्कर्षमा कुनै तुक देखिन्न।

विगत ३८ वर्षको नेपालको राजनीतिक आम निर्वाचनको इतिहासमा नेपाली कांग्रेसले हासिल गरेको विजयको संरचना मात्रै केलाउने हो भने पनि

## स्थानीय निर्वाचन २०५४ एक झलक

| | | |
|---|---|---|
| कूल गाविस संख्या | : | ३९१२ |
| गाविसका कूल पदहरु | : | १,८८,०१० |
| कूल नगरपालिकाहरु | : | ५८ |
| नगरपालिका कूल पदहरु | : | ४१४६ |

कांग्रेसको लोकप्रियतामा कसरी ह्रास आइरहेछ ? त्यो थाहा लाग्न संभव छ।

२०१५ सालको वि.पि. कोइरालाकालीन आमनिर्वाचनमा, यो त्यही नेपाली कांग्रेस हो, जसले कुल १०९ सिटमध्ये ७४ सिट एक्लै ल्याएर संसदको दुई तिहाई बहुमत सिट आफ्नो मुठ्ठीमा पारेको थियो। तर २०४८ सालको आम निर्वाचनमा आइपुग्दा यसले दुई तिहाई होइन, स्पष्ट बहुमत मात्र हासिल गर्न सक्यो। कुल २०५ संसदीय सिटमा यसको त्यतिखेरको उपलब्धी ११० सिट थियो। २०५१ सालको मध्यावधि चुनावमा आइपुग्दा आफ्नै सरकारको मातहतमा चुनाव गराउँदा पनि नेपाली कांग्रेसले त्यो स्पष्ट बहुमत पनि गुमाउन पुग्यो। उसले त्यतिखेर खालि ८५ सिट हात पारेर देशको प्रमुख प्रतिपक्ष बन्ने बाध्यता व्यहोर्नु पर्‍यो।

यो इतिहासले इंगित गरेको सत्य के हो भने- नेपाली कांग्रेसको सामाजिक छवि, सांगठनिक शक्ति र लोकप्रियतामा लगातार ह्रास आइरहेको छ। र, गएको सात वर्षमा त्यो ह्रास सबैभन्दा तीव्र भएको छ।

अहिलेको चुनावमा एमालेले जनताको मन तान्ने कुनै जनमुखी र क्रान्तिकारी कार्यक्रम नै पेश गरेको थिएन। लगाउनको लागि यतिखेर एमालेसित पहिले जस्तो कुनै राष्ट्रिय मुद्दा पनि थिएन। महाकाली सन्धिको समर्थनको कारणले बौद्धिक समुदायमा एमाले नेतृत्वप्रतिको विश्वास र आस्थामा क्षय आइरहेको थियो। तैपनि स्थानीय निकायको चुनावमा एमालेले यति ठूलो विजय प्राप्त गर्‍यो। आखिर किन ?

नेपाली कांग्रेसले यसको कारण बाहिर खोज्ने होइन, आफूभित्र खोज्नु पर्दछ। एमालेको यतिखेरको विजयको मुख्य कारण नेपाली कांग्रेसप्रतिको नेपाली जनताको तीव्र वितृष्णा र निराशा हो र मैदानमा अर्को भरलाग्दो विकल्पको अभाव हो। यतिखेर जनतामा छाएको हताशाको नकारात्मक मत खराबहरूमध्ये कम खराब बैकल्पिक शक्ति भनेर एमालेतिर डोरिनाले एमाले यसरी ह्वात्तै माथि आएको हो। एमाले निकै असल र लोकप्रिय हुनाले होइन, नेपाली कांग्रेस हदै खराब र अलोकप्रिय हुनाले नेपाली कांग्रेसलाई जाने भोट यतिखेर एमालेतिर ओइरिएको हो।

**पहिलेको चुनावमा नगरपालिकाको ५६ प्रतिशत सिट कांग्रेस एक्लैले हत्याएको थियो। अहिले ठीक त्यति नै प्रतिशत सिटको हकदार एमाले बनेको छ। अब देशको ४१ वटा नगर पालिकामा एमालेको नगरप्रशासन चल्ने भएको छ**

नेपाली कांग्रेसले आफ्नो शासनकालमा जनमुखी र राष्ट्रहित हुने र जनताले परिवर्तनको अनुभूति गर्ने कुनै एउटा उल्लेखनीय कामसमेत गरेन। आफ्नो जायज माग अघि सारेर सडकमा उत्रेका जनताप्रति कांग्रेस सरकारको रूख पंचायती शासकभन्दा पनि फाशिष्ट रह्यो। पूरै तीस वर्षको पंचायतीकालमा नमारिएको संख्यामा आम जनता तीन वर्षे गिरिजा शासनकालमा मारिए। विदेशी राष्ट्र र पूँजीपति पोस्ने, उदारवाद, निजीकरण, टनकपुर र अरूण तेस्रो जस्तो राष्ट्रघाती कदमहरू एकपछि अर्को गरी कांग्रेस शासनकालमा चालिए। महँगी, गरिबी र भ्रष्टाचार झन् बेसी तीव्र गतिमा बढेको अनुभूति भयो। यी सबै कुराको कुल जोडले के प्रदर्शित गर्‍यो भने- कांग्रेस पंचायती शासकभन्दा गुणका हिसाबले कुनै उन्नत र भिन्न सामाजिक शक्ति होइन। अझ राष्ट्रिय सवालमा त ऊ पंचभन्दा पनि निकै गैरजिम्मेवार निक्लियो।

नेपालको यतिखेरको सामाजिक शक्तिको गतिशीलता र हेरफेर कस्तो रह्यो भने कांग्रेसले बिल्कुलै पंचायती पदचिन्ह अनुसरण गर्‍यो, एमालेले कांग्रेसको पदचिन्हको। पंचायतले सारमा प्रतिक्रियावाद र निरंकुशतन्त्रको प्रतिनिधित्व गर्थ्यो। त्यो प्रतिनिधित्व यतिखेर कांग्रेसले सबभन्दा राम्ररी गरिरहेछ, पंचायत नै बिर्साउने गरी। कांग्रेसले सारमा उदार पूँजीवाद र सुधारवादको प्रतिनिधित्व गर्थ्यो। त्यो प्रतिनिधित्व यतिखेर सबैभन्दा संगठित र सुस्पष्ट रूपमा एमालेले गरिरहेछ, कांग्रेस नै बिर्साउने गरी। यही कांग्रेस र एमालेको आपसी वर्ग रूपान्तरणको कारणले नेपाली जनताले कांग्रेसको ठाउँमा विकल्पका रूपमा एमालेलाई रोजेका हुन्। बहुसंख्यक



नेपाली जनताको यतिखेरको वर्ग स्तर निम्न पूँजीवादी छ। करीब ७० प्रतिशत निम्न पूँजीपति वर्ग भएको निम्न पूँजीवादी देश भएको छ हाम्रो नेपाल। त्यसमा थप १५-२० प्रतिशत मध्यम वर्गका जनता छन्। यी दुवै वर्गले विकल्पका रूपमा सुधारवादलाई छनौट गरेको अभिव्यक्ति हो- यसपालिको चुनाव परिणाम।

एमालेको नौ महिने शासनकालमा उसले केही राम्रा सुधारवादी काम गर्‍यो- बृद्ध भत्ता, आफ्नो गाउँ आफैं बनाउँ आदि। यी कामले पनि एमालेको सुधारवादप्रति जनतामा केही आशा र आकर्षण पैदा भयो। त्यो आशा र आकर्षण पनि यसपालिको स्थानीय चुनावमा कांग्रेसको विकल्पमा एमाले भनेर सोच्नका पछाडि कारक तत्व बनेको देखिन्छ।

त्यसो भए एमालेले के यो चुनावमा पटक्कै धाँधली नै गरेन त ?

तथ्यहरू अघि सार्दै विभिन्न वाम पार्टीहरू भनिरहेछन्, गर्‍यो र निश्चितै रूपमा गर्‍यो। तर त्योभन्दा बेसी गरेको होइन, जति कांग्रेसले आफ्नो पालामा गरेको थियो। उसको विजयको मुख्य कारण धाँधली

# कुन कुन जिल्लामा कसको जिविस ?

## एमाले एक्लैले जिविस बनाउने जिल्लाहरु

| जिल्ला | कूल पद संख्या | एमालेले पाएको पद संख्या | पहिले कसको बहुमत |
|---|---|---|---|
| पूर्वाञ्चल विकास क्षेत्र | | | |
| १. ताप्लेजुंग | २३५० | १२८४ | ने.कांको |
| २. पाँचथर | १९२७ | ९८७ | " |
| ३. इलाम | २२५६ | १५०८ | " |
| ४. झापा | २४५० | १४७१ | " |
| ५. संखुवासभा | १६१८ | १३१० | " |
| ६. तेह्रथुम | १५०४ | १०२४ | एमालेको |
| ७. भोजपुर | २९६१ | २२५८ | नेकां.को |
| ८. धनकुटा | १६९२ | १३३४ | एमालेको |
| ९. मोरङ | ३१६७ | १०९१ | ने.कां.को |
| १०. सोलुखुम्बू | १५९९ | ८६७ | " |
| ११. खोटाङ | ३५७२ | २५८५ | " |
| १२. उदयपुर | २१५५ | १६१५ | " |
| मध्यमाञ्चल विकास क्षेत्र | | | |
| १. दोलखा | २४६४ | १९५७ | ने.कांको |
| २. रामेछाप | २५८५ | १७३१ | " |
| ३. सिंधुली | २५८३ | १८५८ | " |
| ४. रसुवा | ८४६ | ४४० | " |
| ५. धादिंग | २३५० | ११९५ | " |
| ६. नुवाकोट | २९२४ | १६३८ | " |
| ७. काठमाडौं | २९५३ | १६९६ | एमालेको |
| ८. ललितपुर | २०३९ | १२०२ | " |
| ९. काभ्रे | ४२६० | २६७४ | " |
| १०. मकवानपुर | २०७८ | १२६४ | " |
| ११. रौतहट | ४५७९ | २४७१ | नेकांको |
| १२. बारा | ४६७८ | २४३६ | " |
| १३. चितवन | १८३१ | १०९२ | " |
| पश्चिमाञ्चल विकास क्षेत्र | | | |
| १. कास्की | २१९० | १३१६ | नेकांको |
| २. तनहुँ | २२१९ | ११६४ | " |
| ३. स्यांजा | २९४४ | १६१६ | " |
| ४. गुल्मी | ३७१३ | २१४८ | " |
| ५. पाल्पा | ३१३२ | १९७९ | " |
| ६. अर्घाखाँची | १९७४ | ११६६ | " |
| ७. म्याग्दी | १८८० | १०४८ | " |
| ८. पर्वत | २५८५ | १४३१ | " |
| मध्य पश्चिमाञ्चल विकास क्षेत्र | | | |
| १. दाङ | १९४७ | ११८२ | " |
| २. मुगु | ११२८ | ८१७ | " |
| ३. दैलेख | २६३२ | १५३९ | " |
| ४. सुर्खेत | २४१२ | १४७७ | " |
| ५. बर्दिया | १५२९ | ८५८ | " |
| सुदूर पश्चिमाञ्चल विकास क्षेत्र | | | |
| १. बाजुरा | १२६९ | ७५१ | " |
| २. बझाङ | २२०९ | ११९९ | " |
| ३. दार्चुला | १९२७ | १०४३ | " |
| ४. कञ्चनपुर | ९९० | ५५९ | " |

## नेपाली कांग्रेसको जिविस बन्ने जिल्ला

| | | | |
|---|---|---|---|
| पश्चिमाञ्चल | | | |
| १. मनाङ | ५६४ | ४१२ | " |

## राप्रपाले एक्लै जिविस बनाउने जिल्ला

| | | | |
|---|---|---|---|
| मध्य पश्चिमाञ्चलको | | | |
| डोल्पा | १०८१ | ५३७ | नेकां |

# एमालेको बहुमत: अन्य वाम नेताहरूको दृष्टिमा

**यसपालिको स्थानीय चुनावमा नेकपा एमालेले नेपाली कांग्रेसलाई पछि पारेर आफूले बहुमत ल्याउन सफल भएको छ । यसको कारण तपाईं के ठान्नु हुन्छ ?**



### चित्रबहादुर के.सी.


**पोलिट ब्यूरो सदस्य, नेकपा (मसाल)**

पहिलो मूल कुरा त कांग्रेसको अराष्ट्रिय र अप्रजातान्त्रिक चरित्रले गर्दा जनताले कांग्रेसको विकल्पमा एमालेलाई रोजेका हुन् । दोस्रो कुरा, कांग्रेसले चुनाव जित्दा जुन प्रकारले पैसा, सत्ता, शक्ति प्रयोग गर्थ्यो, एमालेले पनि त्यही गऱ्यो ।

### लिलामणि पोखरेल

**महासचिव, संजमो, नेपाल**

पहिलो कुरा त नेपाली कांग्रेसको अलोकप्रियता नै हो । यसैको कारण जनताले संसदीय व्यवस्थाभित्रैको विकल्पमा एमालेलाई रोज्न पुगेका हुन् । दोस्रो कुरा, एमाले सत्ताको दुरुपयोग गरेर पनि बहुमत ल्याउन सफल भएको हो । स्थानीय निर्वाचन संचालन गर्ने अधिकृतको नियुक्ति, सि.डि.ओ.को नियुक्ति आफ्नो अनुकूल गर्ने, स्थानीय निर्वाचन गराउन जाने निर्वाचन अधिकृतहरू कर्मचारी संगठनको सिफारिशमा नियुक्ति गर्ने, प्रहरी प्रशासनलाई आफ्नो पक्षमा संचालन गर्ने, पैसाबाट उम्मेदवारहरू खरिद-बिक्री गर्ने, मण्डले प्रवृत्तिको गुण्डागर्दी गर्नेजस्ता कामहरू गरेर एमालेले ठूलो धाँधली गरेको छ । तेस्रो कुरा, एमालेले आफ्नो बहुमत ल्याउने नाममा जसलाई पायो 'त्यसैलाई' उम्मेदवार उठाएको छ । त्यसैले एमालेको बहुमत आउनुमा जनलहर नभएर सत्ताको दुरुपयोग र धाँधलीबाट आएको मान्न सकिन्छ ।





### नारायणमान बिजुक्छे रोहित


**अध्यक्ष, नेपाल मजदूर किसान पार्टी**

यस चुनावमा पहिलो कुरा त, नेपाली कांग्रेसको सरकार जनताले नचाहेको पनि हो । अर्को ठूलो कारण, धाँधली नै हो भन्न सकिन्छ । आफू सरकारमा बसेर सत्ताको दुरूपयोग गर्नुका साथै गलत प्रोपोगण्डा गरेर पनि एमालेले धेरै ठाउँहरूमा जित्न सफल भएको छ । त्यसैले एमाले बहुमत ल्याउनुमा २५ प्रतिशत कांग्रेसप्रतिको नेगेटिभ भोट र ७५ प्रतिशत धाँधलीको भोट मान्न सकिन्छ ।

### विष्णुबहादुर मानन्धर

**महासचिव, नेकपा (संयुक्त)**

यसको कारण हामीले मोटामोटी रूपमा के ठम्याएका छौं भने- पहिलो कुरा कांग्रेसका गलत क्रियाकलापहरू,



अप्रजातान्त्रिक रवैया र प्रजातन्त्रमा विकृति ल्याउने क्रियाकलापले जनतामा कांग्रेसप्रति वितृष्णा पैदा भयो । यसबाट एमालेको गल्ति ढाकिदै गयो । त्यसले गर्दा सारा भोट एमालेले आफ्नो पक्षमा तान्न सफल भयो । दोस्रो कुरा, एमालेले सत्तामा रहेर प्रशासन र धाँधली गर्नमा कांग्रेसलाई उछिनिदियो । तेस्रो कुरा, एमालेले चुनाव लड्ने (क्षमता) ट्याक्टिसमा निपूर्णता देखायो । यिनै कारणहरूले गर्दा नै एमालेले बहुमत ल्याउन सफल भएको हो । ◆

होइन, जसरी कांग्रेसको नेतृत्व भन्दैछ । एमाले विपक्षमा नै बसेर चुनाव लडेको भए पनि कांग्रेसको भन्दा उसको बहुमत आउनु अवश्यंभावी थियो, कांग्रेसप्रतिको तीव्र वितृष्णाका कारणले । गिरिजा काल र देउवा कालको चुनावले यही तथ्य लगातार पुष्टि गरेको छैन र ? धाँधली वा राज्यशक्तिको प्रयोगका कारणले उसले हासिल गरेको भनेको- अत्यधिक बहुमत हो ।

त्यसमाथि थप, नेपाली कांग्रेस त्यति संगठित र क्रियाशील पार्टी छैन, जति एमाले छ । कांग्रेसमा मौन मतदाता ज्यादा छन्, एमालेमा क्रियाशील कार्यकर्ता ज्यादा । "जसरी पनि चुनाव जित्ने" कांग्रेसको घोषित लक्ष्य हो । ठीक त्यस्तै लक्ष्य एमालेको पनि रहेको हो । र, "जसरी पनि" भित्र सबै नैतिक-अनैतिक, जायज-नाजायज उपायहरू पर्छन् ।

तर यो "जसरी पनि" चुनाव जित्न एमाले बेसी संगठित र क्रियाशील ढंगले लाग्यो । उसको तुलनामा कांग्रेसी संगठन त्यति मरिमेटेर परिचालित नै भएन । अनि एमालेले अत्यधिक बहुमतमा नजिते कसले जित्ने ?

कांग्रेसी सांसद डा. धुव्रप्रसाद शर्माले एक हदसम्म ठीकै कुरा बताएका छन् "यो पराजय पार्टीको सांगठनिक कमजोरीका कारणले भएको हो । कांग्रेस आफू सत्तामा बसेर चुनाव लडेको भए पनि एमालेले बहुमत ल्याउँथ्यो ।" तर डा. धुव्रप्रसाद शर्माले हारको एउटा मूल कारक तत्त्व नै उल्लेख गर्न छुटाए- कांग्रेस आफ्नो वैचारिक र सांस्कृतिक अधोपतनका कारणले चरम अलोकप्रिय हुन जानाले उसको यस्तो पराजय भएको हो । कांग्रेसको राष्ट्रविरोधी र जनविरोधी छवी नै उसको हारको मुख्य कारण हो ।

पुराना कांग्रेसी कार्यकर्ता रामलाल ताम्राकारले यसबारे सटिक विश्लेषण गरेका छन्- "नेपाली कांग्रेसको जनाधार घट्नुको मूल कारण पार्टी सैद्धान्तिक निष्ठाबाट च्यूत हुनु हो ।"

## स्थानीय निर्वाचन २०५४ मा कुन पार्टीको कति स्थान ?

| पार्टी | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष | सदस्य | महिला | कूल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| एमाले | २३१६ | २३७० | १७५११ | ५४३८७ | १७४४२ | ९४०३६ | ५१.१० |
| कांग्रेस | ९५४ | ९८२ | १०७६७ | ३२३०४ | १०४०९ | ५५४१६ | ३०.१२ |
| राप्रपा | ३८९ | ३७५ | ४५७० | १३५३२ | ४०५० | २२९१६ | १२.४५ |
| सद्भावना | ४२ | ३६ | ४६३ | १३१५ | ४२९ | २२८५ | १.२४ |
| स्वतन्त्र | २०३ | १५८ | २०१७ | ५२६८ | १७०९ | ९३५५ | ५.०८ |

स्रोत: *निर्वाचन आयोग, २०५४/३/११ सम्मको परिणामको आधारमा*

### अन्य पार्टीहरु

यो चुनावमा अन्य वाम पार्टीहरूमध्ये ने.क.पा. (मसाल) ले मात्र पहिलेको चुनावभन्दा राम्रो नतीजा ल्याएको दावी गरेको छ । मसालका पोलिटब्यूरो सदस्य क. चित्रबहादुर के.सी. को भनाइ छ- "हामी जम्माजम्मी पार्टीहरू मध्ये चौथौं स्थानमा आएका छौं । राप्रपापछि हाम्रै स्थिति स्थानीय चुनावमा सबभन्दा राम्रो देखिएको छ । प्यूठान र बाग्लुंगमा मसालको राम्रो पकड भएको यो पटकको चुनावले पनि देखाएको छ । प्यूठनमा एमालेको धाँधलीले गर्दा हाम्रो स्थिति पहिलेभन्दा केही खस्केको छ ।"

पहिले जम्मामा ५ प्रतिशत सिट हासिल गरेर चौथो स्थान ल्याउने संयुक्त जनमोर्चा, नेपाल, यसपटकको स्थानीय चुनावमा निकै कमजोर देखिएको छ । उसको कमजोरीको एउटा मुख्य कारक तत्व पार्टीमा भएको फूट देखिन्छ । तथापि, कारण यति मात्रै चाहिँ देखिन्न । अकर्मण्यता र चुनावी एकता कायम गर्ने मामलामा पहिलेका चुनावमा जस्तै अयथार्थवादी र आत्मघाती नीति उसको शक्तिक्षयको अर्को प्रमुख कारणका रूपमा देखिएको छ । होशले भन्दा द्वेषले नीति तय गर्ने प्रवृत्तिले गर्दा आफ्नो राम्रो पकड भएको ठाउँमा पनि उसले पराजयको सामना गर्नु परेको देखिएको छ । तथापि, काभ्रे, रामेछाप, ललितपुर, चितवन, सर्लाही, सिराहा र महोत्तरीमा उसले थोरै भएपनि आफ्नो उपस्थिति राम्रोसित देखाएको छ । "एमालेले व्यापक धाँधली गरेर र माओवादीले शक्ति प्रयोग गरेर कतिपय ठाउँमा नकारात्मक परिणाम देखिएको" भन्ने यसका महासचिव लीलामणि पोखरेलको दावी छ ।

नेपाल मजदूर किसान पार्टीले यस पटक पनि भक्तपुर नगरपालिकामा दह्रो उपस्थिति प्रदर्शित गऱ्यो । भक्तपुरमा एउटा वामपन्थी शक्तिलाई हराउन र नामेट पार्न एमालेले कांग्रेस र राप्रपा जस्तो प्रतिक्रियावादी शक्तिसित मिलोमतो गर्ने निन्दनीय हरकत गऱ्यो, तर यो दुष्प्रयत्न नराम्ररी विफल भयो । तथापि यो गठबन्धनका कारणले नेमकिपाले भक्तपुरमा जिविस

### *स्थानीय निर्वाचन परिणाम*

## पाँच वर्ष अघि र अहिले- एक तुलना

| पार्टी | २०४९ मा प्राप्त स्थान | प्रतिशत | २०५४ मा प्राप्त स्थान | प्रतिशत |
|---|---|---|---|---|
| एमाले | ११५८१ | २६.०७ | ९४०२६ | ५१.१० |
| ने.कांग्रेस | २२२७० | ५०.१४ | ५५४१६ | ३०.१२ |
| राप्रपा | ४३२८ | ९.७४ | २२९१६ | १२.४५ |
| संज.मो. नेपाल | २२६१ | ५.०९ | | |
| ने.स.पा. | १२९१ | २.९१ | २२८५ | १.२४ |
| स्वतन्त्र | २६८६ | ६.०५ | ९३५५ | ५.०८ |

स्रोत: *निर्वाचन आयोग, २०५४/३/११ सम्मको परिणामको आधारमा*

बनाउने संभावना चाहिँ क्षीण भएको छ । कालिकोट, दैलेख र जुम्लामा पनि पहिलेभन्दा निकै मात्रामा शक्तिक्षय भएको देखिएको छ । यस पार्टीका अध्यक्ष क. रोहितको आरोप छ- "एमालेले कांग्रेसले सरह नांगो धाँधली गरेकाले यस्तो हुन गएको हो । कतिपय ठाउँमा त एमालेले मनोनयनपत्र दाखिला गर्नसम्म दिएनन् ।"

राप्रपाले पहिलेको गाविस चुनावमा भन्दा यसपटक आफ्नो स्थितिमा करीब तीन प्रतिशतले बढोत्तरी गरेको देखिएको छ । पहिले ९ प्रतिशत सिट हासिल गरेको राप्रपाले यसपालि १२ प्रतिशत सिट हात लगाएको छ । नगरपालिकामा पहिले दुई जना मेयर हात लगाएको राप्रपाले यसपटक तीनवटा मेयर हात पारेको छ । तथापि, जम्माजम्मी सिटमा पहिले उसको उपलब्धि नौ प्रतिशत रहेकोमा यसपालि त्यसमा एक प्रतिशतले ह्रास आएको देखिएको छ ।

सबै उपलब्धिका बावजूद राप्रपा यसपटको स्थानीय चुनाव परिणामबाट एमालेसित निकै झस्केको र ठुस्केको छ । सरकारको मूल कुर्सीमा आफैं बसेर चुनाव गराएको भए पनि अपेक्षित चुनाव परिणाम नआएकोमा एमालेलाई "चुनावमा धाँधली गरेको" आरोप लगाएर राप्रपाका महामन्त्री प्रकाशचन्द्र लोहनीले परराष्ट्रमन्त्री पदबाट राजीनामा समेत दिएका छन् । कांग्रेससित मिलेर सत्ता समीकरण नै बदल्ने साजिशसमेत यतिखेर राप्रपाको बहुमतबाट अधिकतम रूपमा भइरहेछ । कुनै पनि बेला कुनै पनि तरहले वर्तमान सरकार गिर्ने संभावना टड्कारो भएको छ ।

सद्भावना पार्टीका नेता आपूर्ति मन्त्री गजेन्द्र नारायण सिंह पनि यही दौडमा सामेल भएका छन् । उनको पार्टीको पहिलेको झण्डै ३ प्रतिशत सिटको हालीमुहाली यसपटक स्वाट्टै झरेर एक प्रतिशत हुन आइपुगेकोमा उनी पनि अस्तित्वको संकटले पिरोलिएका छन् ।

नेक.पा. (माओवादी) को चुनाव बहिष्कारले यसपटक देशका ५२ वटा गाविसमा मनोनयन पत्र नै दाखिल हुन सकेन । रोल्पाका ६ वटा गाविस, रूकुमका २५,

# स्थानीय निकायले भाषा समानताको पक्षमा के के गर्न सक्लान् ?

*हाल्लै सम्पन्न स्थानीय निकायको चुनावमा काठमाडौं महानगरपालिकाका विजयी वडाअध्यक्षहरूलाई पद तथा गोपनीयताको सपथ ग्रहण गराउने क्रममा नवनिर्वाचित मेयर क. केशव स्थापितले माध्यमको रूपमा नेपाल भाषाको पनि प्रयोग गर्नुभयो । सर्वप्रथम, सबै वडाध्यक्षहरूले नेपाली भाषामा सपथ ग्रहण गरे, त्यसपछि नेवार जातिका नेपाल भाषा मातृभाषा हुने वडाध्यक्षहरूले नेपाल-भाषामा पनि सपथ-ग्रहण गरे ।*

*ने.क.पा. एमालेको तर्फबाट काठमाडौं महानगरपालिकाका निम्ति जारी गरिएको घोषणापत्रमा नेवारहरूको बाहुल्य रहेको काठमाडौं महानगरपालिकामा नेपाल भाषालाई 'अफिसियल' मान्यता दिने वचन व्यक्त गरिएको सन्दर्भमा सो अतिरिक्त सपथ-ग्रहण गराइएको बुझिएको छ । मुलुकको संविधानले नेपाली भाषालाई राष्ट्रभाषाको रूपमा र नेपालमा रहेका सबै जनजातिहरूको भाषालाई राष्ट्रिय भाषाको रूपमा मान्यता दिएको छ । तर ती राष्ट्रिय-भाषा मानिने भाषाहरूलाई हालसम्म पनि व्यवहारमा उचित सम्मान नदिइएको सन्दर्भमा काठमाडौं महानगरपालिकाले प्रस्तुत गरेको यो उदाहरण सर्वथा नौलो र रचनात्मक रहेको छ । जनपक्षीय व्यक्तिहरूले चुनाव जितेका र खास खास जनजातिहरूको बाहुल्यता भएका ठाउँहरूमा संविधानको भावनाअनुरूप मात्र नै किन नहोस्, भाषिक समानताको पक्षमा केही न केही काम गर्न सकिन्छ भन्ने उदाहरण यो कदमले प्रस्तुत गरेको छ ।*

*भाषाहरू र जनजातिहरूको समानता र संरक्षणको पक्षमा गर्नुपर्ने कामहरू थुप्रै छन् । स्थानीय निकायहरूले यी कामहरूमा ठोस कदम चाल्न सक्छन् । तर यस दिशामा कांग्रेस वा राप्रपाजस्ता शक्तिहरूबाट जनताले कुनै आशा गर्न सकेका छैनन् । कारण, उनीहरू वास्तवमा यी कुराहरूमा प्रतिबद्ध नै छैनन् । आफ्नो प्रतिबद्धताका कारणले वामपन्थीहरूले भने यस क्षेत्रमा केही पहलकदमीहरू लिन सक्ने सम्भावना रहेको छ ।*

*यसै प्रसंगमा हामीले चर्चित वामपन्थी नेता तथा सांसद क. पद्मरत्न तुलाधरसँग यसबारे एक छोटो कुराकानी गरेका थियौं । प्रस्तुत छ- उक्त कुराकानीको सारः*

◉ *खासगरी, चुनाव जितेका वामपन्थी प्रतिनिधिहरूको बाहुल्य भएका स्थानीय निकायहरूले भाषा क्षेत्रमा के के*



## क. पद्मरत्न तुलाधरसँगको ताजा कुराकानी

*जनपक्षीय कामहरू गर्नु सम्भव र जरूरी होला ?*

-२०४६ को त्यत्रो ठूलो जनआन्दोलन गरेर नेपाली जनताले आफ्ना जनजातिय भाषाहरूलाई 'राष्ट्रिय भाषा' को सम्मान दिलाएको छ । संविधानले मातृभाषामा प्राथमिक शिक्षाको कुरा गरेको छ । तर व्यवहारमा यी कुराहरूलाई लागू गर्ने कसरी र कसले ?- त्यो प्रष्ट छैन । यस स्थितिमा म त भन्छु- सर्वप्रथम त, सरकारी स्तरबाटै 'राष्ट्रिय भाषा नीति' बनाई यसलाई प्रष्ट र ठोस व्याख्या गरिनु पर्दछ । भाषिक अधिकारमा समानता कसरी दिने ? र, राष्ट्रिय भाषाहरूको संरक्षण र विकास कसरी गर्ने ?- यी कुराहरूको मूर्त व्यवस्था हुनुपर्छ ।

यसबाहेक, पार्टीहरूले पनि यसलाई आफ्नो समग्र नीतिभित्र पार्नु जरूरी छ । नेकपा एमालेले भाषा आन्दोलनमा अगाडि बढेको ठाउँमा भएर होला, काठमाडौं महानगरपालिकामा चाहिँ नेपाल भाषालाई 'महानगर-भाषा' बनाउने घोषणा गऱ्यो । तर कुनै पनि राष्ट्रिय भाषा बोल्नेहरूको बाहुल्य भएको स्थानमा यस्तो गरिने छ भनी एमालेले आम नीति भने बनाएको छैन ।

◉ *सरकारीस्तरमा र पार्टीस्तरमा हुनुपर्ने यी कुराहरूबाहेक नै पनि स्थानीय निकायहरूले चाहेमा केही गर्न सक्दैनन् र ?*

-सक्छन् । जस्तो कि, नगरपालिका वा गाविसमा त्यहाँका बहुसंख्यक जनताको भाषालाई स्थानीय अफिसियल भाषा बनाउने प्रकृयालाई अघि बढाउने काम उनीहरूले गर्न सक्छन् । यसका निम्ति उक्त राष्ट्रिय भाषामा निवेदन र सरकारी चिठ्ठीपत्र आदि लेख्न सिकाउने, नमूना तयार गरिदिने, स्थानीय निकायहरूमा अनुवादक वा दोभाषेहरूको नियुक्ति गर्ने इत्यादि जरूरी सबै पक्षमा विचार पुऱ्याउनु आवश्यक हुन्छ । यसबाहेक, भाषा-स्कूलहरू स्थापना गर्ने वा तिनलाई सहयोग गर्ने काम गर्न सकिएला, भाषा संरक्षण र विकासका निम्ति स्थानीय कार्यक्रमहरू आयोजना गर्न सकिएला, भाषा-साहित्यको उत्थानका निम्ति सहयोग जुटाउन सकिएला । यस्ता केही कामहरू गर्न सकिन्छ भन्ने मलाई लाग्छ ।

◉ *काठमाडौं महानगरपालिकामा नेपाल भाषामा पनि गरिएको सपथ-ग्रहण कार्यक्रमलाई तपाईं कस्तो मान्नुहुन्छ ?*

-'राष्ट्रभाषा' नेपाली भाषामा सपथ-ग्रहण गरिसकेपछि नेपालको संविधानले मान्यता दिएको 'राष्ट्रिय भाषा' मा पनि इच्छुक व्यक्तिहरूले सपथ-ग्रहण गर्नुले भाषिक समानताको पक्षमा थोरै मात्र भएपनि सकारात्मक र प्रजातान्त्रिक काम भएको मैले ठानेको छु । भाषा आन्दोलनमा सचेत काठमाडौंले यस्ता कुराहरूमा प्रयोगात्मक स्तरमा वा परीक्षणको स्तरमै पनि भाषा समानताको पक्षमा कतिपय कामहरू गरेर अन्यत्र ठाउँहरूलाई नमूना पेश गर्न सक्ला भन्ने मलाई लाग्छ । आफूलाई प्रजातान्त्रिक भन्ने कुनै पनि व्यक्ति वा पार्टीले यस्ता कदमहरूलाई संघाउ पुऱ्याउने छन् भन्ने पनि मलाई लागेको छ । ◉

## स्थानीय चुनावमा अन्य वामपार्टीहरुको स्थिति
### हालसम्म प्राप्त विजित पद संख्या

| पार्टी | कूल पद संख्या | अध्यक्ष | उपाध्यक्ष |
|---|---|---|---|
| नेकपा मसाल | २२८३ | ५० | ४२ |
| संयुक्त जनमोर्चा, नेपाल | ११४२ | २३ | २० |
| नेपाल मजदूर किसान पार्टी | भक्तपुरमा भनपाको मेयर, उपमेयर र नौवटा वडाहरु सहित विभिन्न जिल्लाहरुको कूल पद संख्या ६४३ | | |

जाजरकोटका ९, सल्यानका ९, डोल्पाको १, सिन्धुलीको १, र गोर्खाको १ गरी जम्मा ५२ वटा गाविसमा मनोनयन पत्र दाखिला गरेमा ज्यान मार्ने धम्कीले गर्दा कुनै पार्टीका उम्मेदवारले पनि मनोनयन पत्र दर्ता गर्ने आँट गर्न सकेनन् । उनीहरूको आदेशको अवज्ञा गर्दा माओवादीकै मित्रशक्ति नेकपा (मसाल) का कार्यकर्ताहरूले समेत निर्मम कुटाइ खानुपरेको दावी सांसद परि थापाले गरेका छन् । अब फेरि यस्तो घटना दोहोरिएमा जवाफी कार्यबाही गर्न बाध्य हुने धम्कीसमेत नेकपा (मसाल) ले दिएको छ ।

### सबैको आँखा जिविसतिर

यो पंक्ति लेख्दासम्म देशका कूल ३९१२ गाविसको एक लाख ८८ हजार १० स्थानमध्ये करीब ५ हजार स्थानको नतिजा अझै आउन बाँकी छ । तथापि यतिखेर सबैको ध्यान जिल्ला विकास समितितिर आकर्षित भएको छ ।

अहिलेसम्मको चुनाव परिणामले के प्रष्टै देखाएको छ भने- देशको ७५ मध्ये ४२ वटा जिल्लामा एमालेले स्पष्ट बहुमत हासिल गरेकाले त्यहाँ उसको एकलौटी जिविस बन्ने सुनिश्चित भएको छ । अरू ७ वटामा पनि, कुनै अप्रत्याशित घटना भएन भने, उसकै जिविस बन्ने लगभग निश्चित देखिएको छ ।



कांग्रेसको यस्तो एकलौटी स्थिति एउटा जिल्ला मनाङमा मात्र देखिएको छ, यद्यपि ८ वटा थप जिल्लामा कांग्रेसले अरू पार्टीको तुलनामा एक नम्बरको स्थिति हासिल गरेको छ । पर्सा, रूपन्देही, कपिलवस्तु, मुस्ताङ, बाग्लुङ, डोटी, कैलाली र डडेलधुरा ती जिल्लाहरू हुन् ।

राप्रपाले डोल्पामा मात्रै एकलौटी जिविस बनाउन सक्ने गरी बहुमत हासिल गरेको छ । अन्त कतै पनि उसको पहिलो स्थान आएको छैन । एउटा एमाले सूत्रले बताएको छ- यदि राप्रपाले वर्तमान सत्ता समीकरण कायम राखी छोड्न सहा़यता गऱ्यो भने एमालेले एक दर्जनभन्दा पनि बेसी जिल्लामा उसलाई जिविस बनाउने अवसर सुम्पन संभव छ ।

### संकटका खाडलहरु

यो स्थानीय चुनावमा एमालेले येनकेन प्रकारेण अभूतपूर्व बहुमत त हासिल गरेको छ । तर हरेक उँचाइको छेउमा खाडल पनि त्यत्तिकै उँचाइको रहने गर्छ । एमालेको विजयको उँचाइ संगसंगै पनि त्यस्तै अजंगका संकटका खाडलहरू देखिन्छन् ।

पहिलो गंभीर चुनौती त एमालेले चुनावकालमा जनतामा आफैद्वारा जगाइएको ठूला ठूला अपेक्षाहरू कसरी पूरा गर्ने भन्ने हो । चुनावमा जित्न जसलाई जे आश्वासन दिएर हुन्छ, त्यो आश्वासन दिएर समर्थन आफ्नो पक्षमा जित्ने प्रयत्न गरेको धेरै ठाउँमा देखिएको छ । के ती सबै आश्वासनहरू अब पूरा हुन सक्छन् ? जनतामा जगाइएका अपेक्षा पूरा नगर्दा अहिले कांग्रेसको जुन दुर्गति भएको छ, त्यही दुर्गति अब फेरि अर्को शक्तिको पनि हुन सक्छ कि सक्दैन ? यसले जनतामा कांग्रेसलाई जस्तै विश्वासको संकट ल्याउँछ कि ल्याउँदैन ? एमाले सामु यो संकटको खाडल सुरसाको मुख बाएर खडा छ ।

एमालेले स्थानीय निकायमार्फत् जनताको जीवनमा सुधार र राहत हुने थोरै मात्र पनि मूर्त कामहरू गर्न सक्यो भने जनताले यतिखेर एमालेप्रति राखेको बृहत आशा निराशामै परिणत हुने स्थितिसम्म नहोला । तर यस्तो हुन सकेन भने "जुन जोगी आए पनि कानै चिरा" भनेर यही जनता प्रतिगमनको दिशातिर पनि मोडिन सक्छन् । एमालेले अर्को चुनावमै लोप्पा खान बेर छैन, जसरी कांग्रेस सरकारले पाँचै वर्षमा खायो ।

एमालेको सामु यतिखेर तेर्सिएको अर्को संकट हो- अनुशासन र दायित्वको संकट । चुनावमा बेसीभन्दा बेसी स्थान हात पार्न जोसुकै र जस्तोसुकै मान्छेलाई पनि टिकट दिएर उठाउने कार्य यसपटक व्यापक रूपमा भएको छ । थुप्रै गलत र भ्रष्ट तत्त्वहरू यो दौरानमा "कम्युनिष्ट" उम्मेदवार भएर मैदानमा खडा भएका छन् । मौका नपाएर वेइमान नभएका तत्वहरू पनि बग्रेल्ती छन् । यी भोका स्यालहरू सिनो पाउने बित्तिकै लुछ्नतिर त लाग्ने नै छन् । के यिनले गरेका सबै जनविरोधी र अनैतिक गलत कामहरूको दायित्वभार पार्टीका थाप्लामा आउँदैन ? यी तत्त्वहरूलाई पार्टीको हित र अनुशासनसित सरोकार नै कसरी हुन्छ ? यस्तो देखिन्छ यसबाट पार्टीमा अनुशासन पालनामा गंभीर समस्या पैदा हुनेछ । र, यिनका कामबाट पार्टी धेरै मात्रामा जनतामा बदनाम हुने र जनताबाट अलग्गिने स्थिति पैदा हुन सक्छ । एमालेले यो संभावित संकट कसरी हल गर्ने सोचेको छ ? उपचार हुन सक्ने अंगको यथासंभव उपचार गर्ने, कुहिएको अंगलाई काटेर फालिदिने डाक्टरी विधि कडाइपूर्वक प्रयोग हुन नसकेमा यो संकटले एमालेलाई अरू बेसी जनविरोधी पार्ने निश्चित छ । यसले "कम्युनिष्ट" शब्दकै बदनाम गर्ने निश्चित छ ।

**एमालेले स्थानीय निकायमार्फत् जनताको जीवनमा सुधार र राहत हुने थोरै मात्र पनि मूर्त कामहरु गर्न सक्यो भने जनताले यतिखेर एमालेप्रति राखेको बृहत आशा निराशामै परिणत हुने स्थितिसम्म नहोला ।**

अहिले खडा भएको अर्को संकट वैचारिकसांस्कृतिक संकट हो । सत्तालाई साधन ठान्ने होइन, साध्य ठान्ने प्रवृत्तिले गर्दा सत्ताको लागि सबैजसो पार्टीमा 'जे पनि गर्ने' प्रवृत्ति हाम्रो आन्दोलनमा यतिखेर बेस्सरी हावी भएको छ । वैचारिक-सांस्कृतिक मूल्यहरूमा चर्को ह्रास आउन थालेको छ । त्यो ह्रास अहिलेको चुनावमै प्रशस्तै प्रतिविम्बित भएको छ । समाजमा यसबाट गंभीर वैचारिक-सांस्कृतिक संकट खडा भएको छ । ठीक के, वेठीक के ? जायज के, नाजायज के ? नैतिक के, अनैतिक के ? के गर्ने, के नगर्ने ? कुन कुराले समाजलाई उन्नतितिर लाने हो, कुन कुराले ओरालोतिर ? यी सबै सवालबारे जिम्मेवार पार्टीका जिम्मेवार नेताहरूकै ध्यान जान छोडेको छ ।

समाजका जिम्मेवार क्रान्तिकारी शक्तिहरूको यो वैचारिक-सांस्कृतिक संकटमाथि ध्यान जानु जरूरी भएको छ । यो संकट टार्न के गर्ने ? त्यसमाथि चिन्तन-मनन र विचार-विमर्श हुन थाल्नु जरूरी भएको छ । अन्यथा हाम्रो समाज एउटा त्यस्तो विकल्प शून्यताको अन्धकारतिर धकेलिँदैछ, जहाँबाट निराशा र प्रतिगमन सिवाय केही पैदा हुँदैन । ❑

## नगरपालिकाको निर्वाचन परिणाम २०५४

| पार्टी | मेयर | उपमेयर | वडाध्यक्ष | वडा सदस्य | महिला सदस्य | कूल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| एमाले | ४१ | ४३ | ४०७ | १४२६ | ४०४ | २३२१ | ५५.९८ |
| नै.कां | ६ | १३ | २४६ | ७१० | २२४ | ११९९ | २८.९१ |
| राप्रपा | ३ | ० | ८१ | १९२ | ६२ | ३३८ | ८.१५ |
| सद्भावना | २ | ० | १३ | ३४ | १७ | ६६ | १.५९ |
| स्वतन्त्र | ४ | १ | ४४ | ६७ | २८ | १४५ | ३.४९ |
| नेमकिपा | १ | १ | १५ | ४५ | १५ | ७७ | १.८६ |
| कूल | ५८ | ५८ | ८०६ | ३४७४ | ७५० | ४१४६ | १०० |

स्रोत: *निर्वाचन आयोग, आधार: २०५४३११ सम्मको परिणाम*

# माओवादीद्वारा पिटिएका मसालका कार्यकर्ताहरू के भन्छन् ?

गत जेठ ३ गते रोल्पा जिल्लाको थवाङ्ग गाबिस वडा नं. ९ झिम्पोमा नेकपा (मसाल) का कार्यकर्ताहरुलाई नेकपा माओवादीको एक जत्थाले सांघातिक आक्रमण गरेको घटनालाई लिएर राष्ट्रिय जनमोर्चाले हालै काठमाडौंमा एक पत्रकार सम्मेलनको आयोजना गऱ्यो । नेकपा मसालले सो आक्रमणबारे स्थलगत निरीक्षण गरी छानबीन गर्न गठन गरेको परि थापा (सांसद) र कर्णध्वज के.सी. एवं रश्मीराज नेपाली सम्मिलित तीन सदस्यीय आयोगले सो पत्रकार सम्मेलनमा आफ्नो स्थलगत अध्ययनको रिपोर्ट सार्वजनिक गरेको थियो ।




सो पत्रकार सम्मेलनमा पीडित धनप्रसाद बुढा, रेजमान बुढा, धौंते बुढा र जोगबहादुर बुढासमेतको उपस्थिति थियो । उक्त पत्रकार सम्मेलनमा प्रस्तुत रिपोर्टमा स्थानीय चुनावका सन्दर्भमा ती मसाल समर्थक कार्यकर्ताहरुले गाबिस भवनमा चुनावी मनोनयनपत्र दर्ता गर्न गएको कारण चुनाव बहिष्कारवादी माओवादीहरुले उक्त सांघातिक प्रहार गरेको कुरा व्यक्त गरियो ।

नेकपा मसालले पत्रकार सम्मेलन गर्ने हदसम्मको गंभीर मामला पैदा भएको यस घटनाले धेरै वामपन्थी बौद्धिकहरुको ध्यानाकर्षण गराएको छ ।

नेकपा मसाल नेकपा माओवादीको एक मित्र शक्ति हो । चुनावलाई बहिष्कार गर्ने कि उपयोग गर्ने भन्नेबारे यी दुईका बीच मतभेद छ ।

माओवादीहरु मित्रहरुबीचको मतभेद पनि के बल प्रयोग र बल प्रहारद्वारा हल गर्न चाहन्छन् ? –यस घटनाले यो गंभीर प्रश्न पैदा गरेको छ- आफूले राम्रो ठानेको लाइनलाई जनताबाट वा मित्रहरुबाट पालना गराउने ठीक तरीका के यही हो ?

> नेकपा मसालले पत्रकार सम्मेलन गर्ने हदसम्मको गंभीर मामला पैदा भएको यस घटनाले धेरै वामपन्थी बौद्धिकहरूको ध्यानाकर्षण गराएको छ

नेकपा (मसाल) ले उक्त घटनाका लागि माओवादीहरुलाई क्षमायाचना गर्न भनेको कुरा पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो तर हालसम्म नेकपा माओवादीले यस घटनामा कुनै पनि प्रकारले आत्मालोचना गरी प्रकाशमा ल्याएको छैन ।

मसालको उक्त आयोगले कुटाइ खाने व्यक्तिहरु आफ्नो पार्टीका विभिन्न जनवर्गीय संगठनका जिम्मेवार सदस्य भएको दावी पनि सो पत्रकार सम्मेलनमा गरेको छ ।

आयोगले सो सम्मेलनमा आक्रमणकारीहरुमध्ये चिनिएका जति 'माओवादी' का कार्यकर्ताहरु नै भएको तर उनीहरुको गोप्यतालाई भंग गरिदिनु राजनैतिक नैतिकताभन्दा बाहिरको कुरा ठानेर आफूहरुले उनीहरुको नाम र वास्तविक परिचय दिने काम नगर्ने बचन पनि दिएको थियो ।

जनता वा मित्रहरुमा रहेको भिन्न मतलाई हल गर्न 'बल प्रयोग' को यो प्रवृत्ति कायमै रहने हो भने थप प्रश्न उठ्छ- नेकपा माओवादीले राज्यसत्ता नै प्राप्त गऱ्यो भने त्यसले जनतामा शासन कसरी गर्ला ? आफ्नै पार्टीभित्र पनि कुनै मतभेद पैदा भयो भने त्यो मतभेदको हल पनि यसले 'बलप्रयोग' द्वारा गर्न खोज्दैन भन्ने ग्यारेन्टी के ?

नेपाली कम्युनिष्ट आन्दोलनमा अलिकति पनि भिन्न मत हुन नपाई मित्रलाई पनि शत्रुवत व्यवहार गर्न पछि नपर्ने गलत परम्परा बारम्बार देखिएको छ । यस्तो परम्पराको अन्त गरिनुपर्छ भन्ने हामीलाई लाग्छ ।

-मूल्याङ्कन

## धनप्रसाद बुढा

◆ **तपाईलाई माओवादीहरुले के के गरे ?**

जेठ ३ गते राति ९ बजेतिर मेरो घरमा १४ जना माओवादीहरू आए । उनीहरूमध्ये ५ जना भित्र पसेर मेरो टाउको, घाटी, पेटमा बन्दूक तेर्स्याए र २ जनाले दुवै हात पछाडि लगे । त्यही बेलामा एकजनाले मेरो नाम सोधे । मैले मेरो नाम धनप्रसाद बुढा भनेपछि नाम सोध्ने व्यक्तिले डोरीले मेरो हात पछाडि बाँधिदिए । उनीहरूमध्ये एकजनाले डोरी ताने । आफूले घचेरेर बाहिर निकाले । उनीहरूले मलाई रेजमान बुढाको घरको आगनमा लगे । उनीहरूमध्ये एकजनाले बन्दूकको कुन्दाले बेस्करी निधारमा हाने । त्यही चोटले निधारबाट रगतको भल बग्यो । अहिले पनि ती घाउहरू सञ्चो भैसकेका छैनन् ।

◆ **तपाईको आँखामा चोट कसरी लाग्यो ?**

मेरो आँखामा बन्दूकको कुन्दाले हान्दा गम्भीर चोट लागेको थियो । निधारबाट रगतको भल बग्दा पनि लात्ती र बक्सिंगले निकै पटक हाने । त्यही कुटाइबाट आँखामा गम्भीर चोट लागेको छ । मैले त आँखा फुट्यो होला भन्ठानेको थिएँ । तर अहिले जचाउँदा अप्रेशन गरेपछि ठीक हुन सक्ने कुरा आँखा विशेषज्ञहरूले बताएका छन् । त्यसबेला आँखाले हेर्न सक्दिनथिएँ । कयौं दिन मुख सुनिएको थियो । अहिले वीर अस्पतालमा उपचार गर्न नसक्ने भएपछि आँखा अस्पताल त्रिपुरेश्वरमा उपचार हुँदैछ । डाक्टरले अप्रेशन गर्नुपर्दछ भनेको छ ।

◆ **तपाईको शरीरका अन्य भागहरुमा पनि चोट पटक लागेको छ कि ?**

मेरो शरीर थिलथिलो भएको छ । बाहिर देख्न धेरै घाउहरू छैनन् । तर भित्र निकै असर परेको छ । पिडुँलामा फलामको छडले हिर्काएर घाउहरू भएका थिए । देब्रे कोखामा बन्दूकको कुन्दाले हिर्काउँदा शरीरभित्र असर परेकोले अहिले पनि राम्रोसँग श्वास फेर्न अप्ठ्यारो भैरहेको छ । शरीर झमझमाउँछ, हिंड्दा खुट्टा काम्छ र खुट्टा मरेको जस्तो हुन्छ ।

> 'निधारबाट रगतको भल बग्दा पनि लात्ती र बक्सिंगले निकै पटक हाने ।'
>
> ◆
>
> 'उनीहरुको कुटाइले पञ्चायतकालको स्मरण गराउँथ्यो ।'

◆ **तपाईलाई के के लै पिटे ?**

उनीहरूले बन्दुकको नाल र कुन्दा, फलामको छड, काठको लठ्ठी, डोरी, लात्ती र बक्सिंगले पिटे ।

◆ **उनीहरुले तपाईलाई के के भने ?**

'तैं थवाङको ९ नम्बरको मसालको नेता होस् । तैले रोल्पाका हाम्रा साथीहरूको भनाइ नमानेको हुनाले रूकुमदेखि आएका हौं । अब हामीले प्रतिक्रियावादीहरूलाई मात्र हैन, मसालका कार्यकर्ताहरूलाई पनि सखाप पार्नेछौं । हाम्रो हातबाट बच्नेवाला कोही छैन ।' उनीहरूलाई मैले सम्झाउन खोजें । तर उनीहरूले 'बढी बोल्छस्' भनी बोल्नै दिएनन् । जतिखेर बोल्न खोज्यो, उतिखेर कुट्ने काम गरे ।

उनीहरूको कुटाइबाट म बेहोस भएको थिएँ, उनीहरू कपालमा जगल्ट्याएर उठाउथे । लात्तीले हान्थे ।

बक्सिंगले हान्थे । 'तिमीहरूले माओवादीलाई पर्याप्त रकम र अन्न नदिए सुट गरेर छाडिदिन्छौं' भनेर धम्की दिए ।

**◆ तपाईंबाट पैसा, अन्न र मौसमी बाली पनि लगे भनिन्छ नि ?**

मैले पैसा र अन्न नदिए मेरो हत्या गर्ने भएपछि मैले रू १००-२०० र १, २ पाथी अन्न दिने बचन दिएँ । तर उनीहरूले हप्काउँदै मलाई भने- 'त्यतिले हुन्छ ? रू १००० भन्दा बढी दिनु पर्दछ ।' अनि मैले 'त्यति रकम कसरी दिन सक्छु' भनेपछि, रू ५०० ऋण काडेर दिउँला भनेपछि मात्र उनीहरूले कुट्न छोडेर र बाँधेको हात पनि फुकाई दिए ।

मेरो घरमा पैसा थिएन । मेरी श्रीमतीले हाम्रै गाउका मसाल समर्थक बहादुर बुढाको घरबाट रू ५०० ऋण काडेर दिएँ । बन्दूकहरू पनि हाम्रै समर्थक साथीहरूकै घरबाट लगे । अन्न चाहिँ त्यो दिन लगेनन् । हिँड्ने बेलामा 'अर्को पटक आउँदा पैसा र मौसमी चन्दा मसाल समर्थकहरूबाट उठाएर राख्नू, नत्र फेरि ज्यूँदो छाडेर जाने छैनौं' भने ।

**◆ उनीहरु माओवादी नै हुन् भन्ने कसरी थाहा पाउनु भयो ?**

उनीहरू सबैको ड्रेस हेर्दा माओवादी हुन् भन्ने कुरा स्पष्ट हुन्थ्यो । तिनीहरू मध्ये ४-५ जना त हामीले चिनेका व्यक्तिहरू थिए । उनीहरूले नकाब लगाए तापनि उनीहरूको स्वरबाट चिनी हाल्यौ ।

## धाँते बुढा

**◆ तपाईंलाई उनीहरुले कसरी समाते ?**

म घरदेखि १५ मिनेट टाढा झिम्यो खोलामा गाईगोठमा सुतेको थिएँ । रातको सवा ९ बजेतिर ४ जना गएर ओड्ने फालेछन् । झ्याकलझुकुल पारेपछि म ब्यूझिएँ । शुरूमा त प्रहरी आयो कि जस्तो लाग्यो तर उनीहरूले मेरो नाम सोधे । मैले मेरो नाम धाँते बुढा भनिदिएँ । उनीहरूले फेरि मलाई प्रश्न गरे- 'तँ मसाल नै होस् ?' मैले 'हो' भनिदिएँ । 'त्यसो भए लु हिँड !' उनीहरूले भने । मैले 'लुगा लगाउन त पाउँ' भनेर भनें । उनीहरूले 'छिटो लुगा लगा !' भनेर आदेश दिए । मैले लुगा लगाएपछि मेरो अगाडि २ जना हिँडे, पछाडि २ जना, बीचमा मलाई राखे । उनीहरूमध्ये एकजनाले मलाई भने- 'तँ झकिवांग थानामा गइस् कि गइनस् ?' मैले 'किन जानु पर्‍यो, गइनँ' भनेर जवाफ दिएँ । 'थानामा गइस् भने ज्यूँदो रहेन छैनस्' भन्दै अघिल्तिरको एकजना र पछिल्तिरको अर्कोजनाले कम्मरको खुकुरी झिकेर मेरो गर्धनमा दुई तिरबाट हान्न खोजे । म ठिंग उभिरहें । अगाडि हिँड्नेले मलाई भने- 'म जति दगुर्छु उति



**माओवादीहरुद्वारा ३ घण्टासम्म अपरेशन भएको स्थानमा उनीहरुद्वारा कुटिएका रेजमान बुढा, जोगबहादुर बुढा, धनप्रसाद बुढा र धाँते बुढा (बायाँबाट दायाँ)**

तिमी दर्गुनू !' तर म बिस्तारै हिँडेकाले पछिल्तिरकोले दौडेर आएर लठ्ठीले हिर्काए । त्यसपछि म पनि छिटो छिटो दगुरें ।

मलाई रेजमान बुढाको घरमा ल्याई पुर्‍याउँदा अरू हाम्रा ३ जना साथीहरूलाई ल्याइसकेका रहेछ । त्यहाँ उभिएका एकजना माओवादीले मेरो पातोमा बन्दूकको नालले जोडले हानेकोले १०/१५ दिनसम्म हात चलाउन भएन । अहिले पनि रगत जमेको छ ।

**◆ तपाईंलाई पनि कुटपिट गरे कि ?**

मलाई लगातार खुट्टामा पिटे । लठ्ठीको कुटाइले गर्दा कयौं दिनसम्म हिँडडुल गर्न भएन । दिशापिसाब गर्न जान पनि सकिनँ ।

**◆ तपाईंको पनि पैसा लगे कि ?**

मलाई पनि पैसा मागे । मैले 'हामी गरीबले पैसा कसरी दिन सक्छौं ?' भनेपछि 'रू ३००।- नदिए घडी लान्छौं' भनेर मेरो हातको सिको फाइभ घडी फुकालेर राखे । 'ऋण खोजेर ल्याउँछु घडी नराख्नोस्' भन्दा पनि मानेनन् । २ जना मसँगै अघि पछि लागेर गए । म पैसा लिन मेरो साइला बुबा पृथ बुढाको घरमा पुग्यौं । उहासँग पैसा नभएकोले

> **"मलाई रु १०००।- र मौसमी चन्दा मागे । 'म गरीब हुँ, मैले कसरी दिन सक्छु ?' भनेपछि मलाई 'रु ३००।- दे' भनेर भने ।"**

फर्केर बहादुर बुढाको घरमा गएर रू ३००।- ऋण काडेर ल्याएँ । मैले पैसा रू. ३००।- गनेर बुझाएपछि पनि मेरो सिको फाइभ घडीको सट्टा थोत्रो घडी दिए । मैले 'मेरो आफ्नै घडी दिनुपर्छ' भन्दा 'तिमी आफ्नो घडी चिन्दै नचिन्ने रहेछौं' भनेर हप्काए । मैले मान्दै नमानेपछि अन्तमा बल्लतल्ल दिए ।

**◆ नारा लगाउँदा तपाईंलाई माओवादीले पिटे भनिन्छ नि ?**

उनीहरूले बेहोस हुने गरी पिटे । त्यही अचेतन अवस्थामा 'नेकपा माओवादी जिन्दाबाद, जनयुद्ध जिन्दाबाद, नवसंशोधनबादी मुर्दावाद, प्रतिक्रियावादी मुर्दाबाद !' भन्न लगाएका रहेछन् तर मैले राम्रोसँग भन्न नसकेपछि उनीहरूमध्ये एकजनाले पेटमा एक लात्ती हिर्काए । म झन् मुर्छा परें । उनीहरूको कुटाइले पञ्चायतकालको स्मरण गराउँथ्यो ।

## जोगबहादुर बुढा

**◆ तपाईंलाई कसरी समाते ?**

म गोठबाट गाई बानेर खाना खाई काकाको ऋण रू २००।- थियो, त्यो तिर्न गएको थिएँ । त्यही बेलामा उनीहरू श्रीधनलाई समात्न भनेर गएका रहेछन् । तर ऊ घर नभएकाले मेरो नाम सोधे । मैले मेरो नाम जोगबहादुर बुढा बताएपछि 'यहाँ किन आइस् ?' भनी धम्क्याए । त्यसपछि उनीहरूले मेरो छातीमा ६-७ नाल बन्दूक तेर्स्याए र एउटाले पछिल्तिरबाट छुरी हान्ने तयारीमा उभिए । अर्कोले 'खुकुरीले काट्छु' भनेर गर्धन माथि उठाएको थियो । त्यसपछि उम्मेदवारी दिन गए-नगएको कुरा सोधे । मैले भनें- 'जान त निर्वाचन कार्यालयमा गयौं तर कसैले पनि उम्मेदवारी नदिएकोले निर्वाचन अधिकृतले सुरक्षा गर्न नसक्ने कुरा बताएपछि फर्कियौं र आफ्नो घरमा आएर आफ्नै काम गरेको' बताएँ । उनीहरूले मलाई रेजमान र धनप्रसादको घरमा अरू साथीहरूसँगै उभ्याए । मलाई लगेपछि धाँते बुढालाई पनि ल्याए ।

**◆ तपाईंलाई पनि कुटे हैन ?**

हो, मलाई लठ्ठी र फलामको रडले पिँडुलामा हाने । उनीहरूको निर्मम पिटाइबाट पिँडुलामा घाउ भएको थियो । कैयौं दिनसम्म कुटाइले गर्दा हिँडडुल गर्न सकिनँ । ती घाउहरू अझै सञ्चो भैसकेका छैनन् । अहिले वीर अस्पतालमा उपचार गराइरहेको छु ।

**◆ तपाईंको पनि केही धनमाल लुटे कि ?**

मलाई रू १०००।- र मौसमी चन्दा मागे । 'म गरीब हुँ, मैले कसरी दिन सक्छु ?' भनेपछि मलाई 'रू ३००।- दे' भनेर भने । मसँग पैसा थिएन । मेरो घडी खोसेर लगे र '१ मिनेटभित्र पैसा नल्याए घडी पाउने छैनस्' भने । 'म पैसा खोज्न जान पाउँ' भन्दा पनि जान दिएनन् । रेजमान दाइकी श्रीमती मेरो घरमा गई मेरो श्रीमतीले कान्छो बुबा कहाँ गई रू ३००।- ऋण लिएर आइन् । अनि मैले बुझाएपछि पैसा खल्तीमा राखे ।

**◆ उनीहरुले अरु केही भने कि ?**

'तिमीहरू यहाँबाट अन्त गयौ भने खैरात छैन । तिमीहरूले बारम्बार पैसा र मौसमी चन्दा तयार गरी राख्नु पर्दछ नत्र तिमीहरूको ज्यान जाला ।'

## रेजमान बुढा


**तपाईंलाई कसरी समाते ?**

म बीचको तलामा श्रीमती र मेरा २ छोरीसँग सुतेको थिएँ । एक्कासी ढोका ढक्ढकाएपछि मेरी श्रीमतीले ढोका

बाँकी ४० पेजमा



# शिक्षामा क्रान्ति ल्याउने शिक्षाविद् तथा चिन्तक पाउलो फ्रेरे अलविदा !



## पाउलो फ्रेरेको मृत्युका सन्दर्भमा

वि विश्वभरिका श्रमिकहरूको ऐतिहासिक चाँड मे दिवसको उल्लासमय वातावरण अलिकति घट्न पनि नपाउँदै संसारभरिका उत्पीडित जनताका लागि अत्यन्त दुःखदायी र पीडादायी समाचार प्रशारित भयो- "उत्पीडित जनताको मुक्तिका लागि क्रान्तिकारी शिक्षाशास्त्रका प्रणेता र चिन्तक पाउलो फ्रेरेको मृत्यु भयो !"

मे ३ का दिन, साँझ ६:३० बजे ब्राजिलको साउ पाउलो शहरस्थित अल्बर्ट आइन्स्टाइन अस्पतालमा ७५ वर्षको उमेरमा मुटुको व्यथाले पाउलो फ्रेरेको मृत्यु भयो । उनको मृत्युले समाज परिवर्तनका लागि क्रान्तिकारी शिक्षा अभियानमा जुटिरहेका विश्वभरिका संघर्षशील जनताबीच शोक छाएको छ ।

वास्तवमा ठूला पूँजीवादी देशहरूदेखि लिएर तेस्रो विश्वका गरीब र उत्पीडित मुलुकहरूमा शिक्षा क्षेत्रमा, विशेष गरी अनौपचारिक र प्रौढ शिक्षाको क्षेत्रमा उनी "क्रान्तिकारी शिक्षाविद्"का रूपमा प्रख्यात छन् । साम्राज्यवादी शक्तिहरूद्वारा उपनिवेश-नवउपनिवेश बनाइएका उत्पीडित राष्ट्रहरू, विशेष गरी ल्याटिन अमेरिका र अफ्रिकी देशहरूमा चलिरहेको राष्ट्रिय मुक्ति आन्दोलन र सामाजिक क्रान्तिमा उत्पीडित वर्गलाई शिक्षित, सचेत, संगठित र संघर्षशील बनाउन ठूलो योगदान दिएका शिक्षाविद् पाउलो फ्रेरेलाई त्यहाँका जनता एकहदसम्म "शिक्षाका मसीहा" नै ठान्दछन् । उनले ब्राजिल लगायत चिली, अमेरिका, गिनी बिसाऊ, साउत्रे तोमे, प्रिन्सेप, मोजाम्बिक, अंगोला र निकारागुआमा जनमुक्ति आन्दोलन सँगसँगै शैक्षिक अभियान सञ्चालन गर्न प्रशस्त सहयोग गरेका थिए ।

अमेरिकाको हार्वर्ड यूनिभर्सिटीमा प्रोफेसर भएर केही समय पढाएका पाउलो फ्रेरेले स्विटजरल्याण्डस्थित "वर्ल्ड काउन्सिल अफ चर्चेज"को शिक्षा विभागका कन्सल्टेन्टका रूपमा तेस्रो विश्वका गरीब देशहरूमा मुक्तिदायी शैक्षिक अभियान संचालन गरेका थिए ।

ब्राजिलको रेसिफे प्रान्तमा १९२१ मा मध्यमवर्गीय परिवारमा जन्मी अभावग्रस्त वातावरणबीच हुर्केका पाउलो फ्रेरेले गरीबहरूलाई शिक्षित पार्नका लागि, उत्पीडित श्रमिकहरूलाई सचेत, संगठित र संघर्षशील पार्नका लागि आफ्नो सिंगो जीवन अर्पण गरेका थिए । रेसिफकै विश्वविद्यालयबाट कानूनमा डिग्री लिएका पाउलोले उत्पीडित श्रमिकहरूका लागि कानूनी सहायता मात्रै पर्याप्त नभएको महसुस गरी अन्यायको मूल स्रोतको रूपमा रहेको उत्पीडनकारी व्यवस्थामै परिवर्तन ल्याउनका लागि उनीहरूलाई शिक्षित र सचेत पार्ने उद्देश्यले नयाँ ढंगको क्रान्तिकारी शैक्षिक अभियान थालेका थिए । शिक्षालाई जनमुक्तिको एउटा सशक्त हतियार बनाउनका लागि ब्राजिलका शोषित-पीडित जनताको संघर्षमा सकृयतापूर्वक सहभागी हुँदै आएका पाउलोले जनता, जनताको संगठन र संघर्षसँगै शैक्षिक अभियान सञ्चालन गरेका थिए ।

***जनसंघर्षकै क्रममा विकसित पाउलो फ्रेरेको शैक्षिक दर्शन मानव मुक्तिसँग सम्बन्धित छ, उत्पीडक र उत्पीडित वर्गमा विभाजित यथास्थितिमा आमूल परिवर्तनसँग गाँसिएको छ*** 

यही जनसंघर्षकै क्रममा विकसित पाउलो फ्रेरेको शैक्षिक दर्शन मानव मुक्तिसँग सम्बन्धित छ, उत्पीडक र उत्पीडित वर्गमा विभाजित सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक यथास्थितिमा आमूल परिवर्तनसँग गाँसिएको छ । उनको शैक्षिक दर्शनको मुल उद्देश्य नै के हो भने, आलोचनात्मक चेतना भएको मानिसको निर्माण गर्नु, सचेत मानिसहरूको संगठित प्रयासद्वारा उत्पीडित जनतामाथि थोपरिएको शासकहरूको 'उत्पीडनको संस्कृति' र शासित जनताबीच फैलिएको 'मौनताको संस्कृति'को अन्त गर्नु र अन्ततः सम्पूर्ण रूपले मानव मुक्तिको सपना साकार पार्नु !

यही शैक्षिक दर्शनअनुरूप तयार गरिएको शिक्षा प्रणालीलाई उनले ब्राजिलभित्र र ब्राजिल बाहिर पाँच दशकभन्दा बेसी समयसम्म सफलतापूर्वक फैलाएका थिए । यो प्रणालीअनुसार शिक्षा आर्जन गर्ने व्यक्तिले अक्षेर, शब्द, वाक्य पढ्ने-लेख्ने, साक्षर हुने काम मात्र गरेर पुग्दैन, उसले शब्दहरूको अर्थ, त्यसको सामाजिक महत्व पढ्नु पर्दछ । वर्ड (शब्द) होइन, वर्ल्ड (संसार) लाई पढ्नु पर्ने यस प्रणालीअनुसार विद्यार्थीहरूले "अ" बाट "अन्न" भनेर पढ्दैमा काम सकिँदैन । तिनीहरूले अन्न उब्जाउने किसानहरू र अन्न लुटेर खानेहरूका बारेमा समेत ज्ञान लिनु पर्दछ । यसमा अक्षर पढ्दापढ्दै विद्यार्थीहरूले आफ्नो परिवार, आफ्नो समाज र आफ्नो देश एवं विश्वलाई पनि पढ्नु बुझ्न र फेर्न सक्ने क्षमता हासिल हुने व्यवस्था गरिएको हुन्छ ।

यही व्यवहारिक शैक्षिक अभियानलाई उनले १९६० को दशकमा र १९८० को

दशकमा ब्राजिलमा सञ्चालन गरेका थिए। १९६० मा जाओ गूलार्टको सुधारवादी सरकारको सहयोगमा "पपुलर कल्चर" को राष्ट्रिय कमिटीका अध्यक्ष भएर लाखौं निरक्षर जनतालाई शिक्षित र सचेत बनाएकै कारणले १९६४ मा सैनिक विद्रोहबाट सत्तासीन भएका शासकहरूबाट उनी ७५ दिनसम्म कैद भए। उनीमाथि देशमा बोल्शेभिक खडा गरेको र अराजकता फैलाएको आरोप लगाइएको थियो। त्यसपछि उनी बोलिभिया, चिली, अमेरिका, स्विट्जरल्याण्ड आदि देशमा निर्वासित जीवन बाँचेपछि १९८० मा आफ्नो देश फर्केका थिए- आफ्नो देशको परिवर्तित वास्तविकताको पुनः अध्ययन गर्नका लागि र त्यसलाई फेर्नका लागि !

ब्राजिलको पूँजीवादी यथास्थितिलाई फेर्नका लागि उनले प्रख्यात मजदूर नेता क. लुला अर्थात् लुइस डि सिल्भासँग मिलेर ब्राजिलियन वर्कर्स पार्टी (PTB) गठन गरे। श्रमिक आन्दोलन र थुप्रै जनआन्दोलनको क्रममा निर्माण भएको यस वामपन्थी पार्टीको समाजवादी ब्राजिल स्थापना गर्ने उद्देश्यलाई सघाउ पुऱ्याउन PTB का संस्थापक नेता तथा चिन्तक पाउलोले जनसंघर्षहरू उत्थान गर्ने र त्यससँगसँगै क्रान्तिकारी शैक्षिक अभियान सञ्चालन गर्ने कार्यमा ठूलो योगदान दिए। PTB को नेतृत्वमा संचालित श्रमिकहरूको विश्वविद्यालयका अध्यक्ष भई काम गरेका पाउलोले PTB को नेतृत्वमा विश्वको दोस्रो सबैभन्दा ठूलो शहर साओ पाउलोमा स्थानीय सरकार निर्माण हुँदा शिक्षामन्त्री भएर क्रान्तिकारी आन्दोलनमा सहयोग गरेका थिए।

उनका क्रान्तिकारी शैक्षिक अभियानहरूले ब्राजिलमा मात्रै होइन, सिंगो ल्याटिन अमेरिका र अफ्रिकाका साथै विश्वमै उथलपुथल मच्चाइरहेको छ। विश्व सर्वहारा वर्गका नेता माओ त्से तुङ, लुगान, चे ग्वेभारा र फिडेल क्यास्त्रोबाट विशेष रूपले प्रभावित पाउलो फ्रेरेको अथक क्रान्तिकारी जीवनको अन्त भएकोमा **मूल्याङ्कन** मासिकको तर्फबाट शब्द श्रद्धाञ्जलि दिँदै यहाँ उनकै शब्द सापटी लिन चाहन्छु- **"मृत्यु दुःखदायी हुन्छ, तर मृत्यु भनेको जीवनकै अनिवार्य पक्ष हो !"**

उनको दुःखद् मृत्युमा यो विषम समाजलाई आलोचनात्मक ढंगले पढ्न चाहने र यो समाजभन्दा कम खराब, कम निर्दयी र कम अमानवीय समाजमा फेर्न चाहने नेपाल र उत्पीडित विश्वकै सम्पूर्ण जनताले आफ्नो संघर्षलाई अझ संगठित, सचेत र जुझारू बनाउने आशा सहित

पाउलो फ्रेरे, अलविदा !

❑ राजेन्द्र महर्जन

अचेल

# नेकपाका संस्थापक निरञ्जन गोविन्द वैद्य गम्भीर विरामी अवस्थामा



*विद्यमान शोषणमूलक सामन्ती तथा पूँजीवादी राज्यसत्ता एवं शासन व्यवस्थाको अन्त्य गरी नौलो जनवादी शासन व्यवस्था स्थापना गर्ने महान् उद्देश्य राखी २००६ सालमा नेपालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो। सो पार्टी अन्य तीनजना सहकर्मीहरूको साथमा क. पुष्पलाल श्रेष्ठले स्थापना गर्नुभएको थियो। ती तीनजना संस्थापक सदस्यहरूमध्ये क. निरञ्जन गोविन्द वैद्य पनि एक हुनुहुन्छ।*

*वि.सं. १९७८ जेठ महिनामा पाटनको सौगलमा जन्मनु भएका क. वैद्यले जन्मदैं आफ्नो बुबाको वियोग भोग्नु परेको थियो। उहाँको बाल्यकाल अभाव र गरीबीले घेरै नै कष्टदायी भयो र त्यही कारणले उहाँले जिन्दगीभर स्कूलको मुखसम्म पनि देख्न पाउनु भएन। केटाकेटीमा औषधि बनाउने काम सिक्दासिक्दै आफ्ना गुरूका भाइ तथा उहाँका साथी भैरवगोपाल वैद्यबाट उहाँले लेखपढ गर्न सिक्नुभयो। र, भैरवगोपाल वैद्यबाट नै क. वैद्यले राजनीतिक ज्ञान पनि हासिल गर्नुभयो।*

*वि.सं. १९९३/९४ सालदेखि नै क. निरञ्जन गोविन्द वैद्य तत्कालीन राणा शासनको विरोधमा उत्रिसक्नु भएको थियो। उहाँले १९९७ सालमा भएको चारजना शहीदहरूको हत्याकाण्डलाई नजिकबाट अनुभूत गर्नुभएको थियो।*

*वि.सं. २००३ सालतिर राणाशाहीविरोधी आन्दोलनमा लाग्न क. निरञ्जन गोविन्द वैद्य घर परिवार छोडी प्रवासमा लाग्नुभयो र पटनामा पुगेर उहाँ नेपाल राष्ट्रिय कांग्रेसमा आबद्ध हुनुभयो। तर, पार्टीमा वि. पि. कोइराला लगायत अन्य नेताहरूले नेतृत्वको लागि गरेको घृणित छलकपट र झैंझगडाबाट वाक्क भई क. वैद्यले २००४ सालमा नेपाल राष्ट्रिय कांग्रेस परित्याग गर्नुभयो र पछि सुवर्ण शम्शेरहरूले भर्खरै खोलेको नेपाल प्रजातन्त्र कांग्रेसमा प्रवेश गर्नुभयो। पछि कम्युनिष्ट विचारबाट प्रेरित भएका पुष्पलाल श्रेष्ठ, नरबहादुर कर्माचार्य र नारायणविलास जोशीसँग उहाँको भारतमा भेट भयो र धेरै समयसम्मको छलफलपछि २००६ सालमा नेकपा स्थापना गर्ने कार्यमा उहाँ पनि संलग्न हुनुभयो।*

*नेकपाको फूट भइसकेपछि विभाजित कुनै पनि घटकसित आफूलाई संलग्न गराउन ठीक नठानी क. वैद्य २०२४ सालदेखि पार्टीको जीवनबाट अलग बसी प्रगतिशील पुस्तक पत्र-पत्रिकाहरू बेच्ने व्यव-सायमा लाग्नुभयो। त्यसपछि लामो समयको अन्तरालपछि २०४६ सालको जनआन्दोलन-पश्चात उहाँ संयुक्त जनमोर्चा नेपालमा संलग्न हुनुभयो। हाल उहाँ संजमोका केन्द्रीय अध्यक्ष हुनुहुन्छ।*

*क. वैद्यले सन् १९६० तिर रूस, चीन र उ. कोरियाको भ्रमण गर्नुभएको थियो। र, त्यही दौरानमा उहाँले क. माओ र क. किम ईल सुङसँग पनि भेट गर्नुभएको थियो।*

*पार्टी जीवन र आन्दोलनको दौरानमा उहाँ पटक पटक गरी करीब आधा दर्जन वर्षजति जेल पर्नुभयो। उहाँको भनाइअनुसार, जेलको यातनाबाट उहाँ कहिल्यै निराश हुनु भएन, बरू जेलबाट छुट्दा सधैं नै नयाँ जोश बोकी फर्कनु हुन्थ्यो।*

*हाल आफ्नी पत्नी कृष्णदेवी र एकजना छोराको साथमा आफ्नै घर कमलादीनेर बस्नु हुने क. वैद्य दुई छोरा र एक छोरीका पिता हुनुहुन्छ। ७८ वसन्त पार गर्नुभएका क. निरञ्जन गोविन्द वैद्य विगत केही महिनादेखि निकै विरामी हुनुहुन्छ। उहाँ केही दिन अघि मात्र महिनौं दिनसम्म अस्पतालमा बसी घर फर्कनु भएको छ। प्रस्तुत छ- उहाँको वर्तमान हालचालसम्बन्धी उहाँसँग मूल्याङ्कनले गरेको कुराकानीको सारसंक्षेप।*

प्रस्तुतिः
**तुल्सीदास महर्जन**



**० अहिले तपाईंको स्वास्थ्य स्थितिमा कत्तिको सुधार हुँदैछ ?**

अन्य कुरा त ठीकै छ। तर, यो दायाँ पिठ्यूँको घाउ अझै ठीक भएको छैन। अलिकति चल्यो कि घाउबाट रगत निस्कन्छ। पीडा अझै हटेको छैन। रिंगटा लाग्छ। अत्यन्त कमजोर महसूस हुन्छ।

**० उपचारको लागि तपाईंले खर्च कसरी जुटाउनु भयो ?**


ओहो ! खर्चको सम्बन्धमा त मलाई निक्कै नै दुःख भो। मैले काठमाडौं नर्सिंग होममा उपचार गराएको हुँ। त्यहाँका एक वरिष्ठ डाक्टर डा. जगदीशलाल वैद्यले सहयोग नगरेको भए हामीलाई खर्च जुटाउन धौ धौ नै पर्थ्यो। उहाँले उपचारमा लाग्ने खर्चमा ७५ प्रतिशत मिनाहा गरिदिनु भयो। उहाँ हाम्रो धन्यवादको पात्र हुनुहुन्छ।

**० तपाईं त नेकपाको संस्थापक सदस्य हुनुहुन्छ, तपाईंको उपचारको लागि सरकार तथा वाम पार्टीहरुले केही पनि सहयोग गरेनन् ?**

हुन त सरकारमा एमालेका साथीहरू पनि छन्, तर सरकारले सहयोग त के, रेन्सपोन्ससम्म पनि गरेन। एमाले पार्टीमा पनि खबर त पठाएकै हो। तर उनीहरूले

क. मोतीदेवी श्रेष्ठलाई सहयोग गरे, मलाई भने गरेनन् । मनमोहनजी विगत समयमा त्यत्रो सँगै बसेर काम गरेको व्यक्तिले त हेर्नसम्म पनि आउनु भएन ! एमालेका अन्य केही साथीहरू मोहनचन्द्र, अमृत बोहरा, केशव स्थापित आदि भने हेर्न चाहिँ आउनुभयो । ने.कां.का पि.एल. सिंह पनि हेर्न आउनु भएको थियो ।

मलाई लिलामणि, दिलबहादुर, घनश्याम आदिले नर्सिंग होममा पटक पटक भेट्न आई सहयोग गर्नुभएको छ भने मेरो साथी क. नरबहादुर कर्माचार्यले शुरूदेखि नै रात दिन नभनी लगातार सहयोग गरिरहनु भएको छ । क. नरबहादुरप्रति म धेरै धेरै नै आभारी छु । मलाई संजमोका थुप्रै थुप्रै साथीहरूले भेट्न आए । धेरैको त मलाई नाम पनि सम्झना छैन । मलाई भेट्न आई सहयोग गर्नुहुने संजमोका नेताहरू, कार्यकर्ताहरू र अन्य सबै मित्रहरूप्रति पनि म आभारी छु ।



**केही समयअघि मात्र अस्पतालमा रही उपचार गराइरहनु भएका क. निरञ्जन गोविन्द वैद्य । साथमा, क. नरबहादुर कर्माचार्य र वैद्यका छोरा**

## अस्पतालमा रहँदा शुरुमा मलाई मेरो छोराका साथीहरुले स्याहार-सुसार गर्नमा मद्दत गरे । पछि पार्टी (संजमो) का साथीहरुले पनि स्याहार-सुसार गर्ने कार्य गरे ।

**० संजमोले तपाईलाई सहयोग गरेन ?**

पार्टीको स्थितिलाई बुझ्दा बुझ्दै पनि मैले पार्टीसँग आर्थिक सहयोगको अपेक्षा राख्नु बेठीक हुन्छ । खर्चबर्चबाहेक अन्य कुरामा त पार्टीको सहयोग रहेकै छ ।

**० तपाईंको अहिले स्याहार-सुसार कसबाट भइरहेको छ ?**

अस्पतालमा रहँदा शुरूमा मलाई मेरो छोराका साथीहरूले स्याहार-सुसार गर्नमा मद्दत गरे । पछि पार्टी (संजमो) का साथीहरूले पनि स्याहार-सुसार गर्ने कार्य गरे । तर, अहिले घरमा परिवारबाट, खासगरिकन मेरी श्रीमतीबाट स्याहार-सुसार भइरहेको छ ।

**० अन्तर्राष्ट्रिय कम्युनिष्ट मित्रहरुबाट नि ?**

खास गरिकन, अन्तर्राष्ट्रिय मित्रको रूपमा मेरो सम्बन्ध उत्तर कोरियाका कमरेडहरूसित छ । नेपालमा उत्तर कोरियाली राजदूतावासले गर्ने हरेक जसो कार्यक्रममा म संलग्न हुन्थें । उहाँहरूसँग मेरो गहिरो आत्मीय सम्बन्ध पनि छ ।

तर, अचम्मको कुरो ! म गम्भीर रूपले बिरामी परेको यत्तिका दिन भइसक्यो, उहाँहरूले मलाई एउटा सन्देशसम्म पनि पठाउनु भएको छैनन् ।

**० अब एकछिन तपाईंको पारिवारिक स्थितिको सम्बन्धमा जाऔं । हाल तपाईंको परिवारको आर्थिक व्यवस्था कसरी चलिरहेछ ?**

मैले जीवनमा केटाकेटीकालदेखि धेरै समयपछिसम्म ठूलो आर्थिक अभावको स्थिति झेल्नुपर्‍यो । म जन्मनुभन्दा सात महिना पहिले नै मेरा बुबाको मृत्यु भएको थियो । आमा एक्लैको स्याहार-सुसारमा हुर्केको मैले गरीबीको कारणले औपचारिक शिक्षा प्राप्त गर्न सकिनँ ।

मैले वि.सं. २०११ सालमा विवाह गरें । र, त्यति बेला पनि मैले अझ ठूलो आर्थिक संकट झेल्नुपर्‍यो । त्यही कारणले मेरा तीन छोराहरू राम्ररी पालनपोषण गर्न नसकिएकोले नै मृत्युको मुखमा परे ।

नेकपामा फूट भएपछि मैले भोटाहिटीमा प्रगतिशील पुस्तक तथा पत्रपत्रिका बेच्ने पसल थापें । त्यही व्यवसाय गर्ने क्रममै खासगरिकन मेरी श्रीमतीको मेहनतबाट नै मैले आफ्नो आर्थिक स्थितिमा केही सुधार ल्याएँ ।

पुस्तक तथा पत्रपत्रिकाको बिक्रीबाट जम्मा भएको केही रकमबाट नै मेरी श्रीमतीले यहाँ पुतलीसडकमा अहिलेको यो घर खडा भएको जग्गा किनिन् । समय क्रममा पहिले थोरै पैसामा किनेको जग्गा हाल धेरै मोल पर्न गयो ।

हाल खासगरिकन घरको बहालबाट नै घरखर्च चलिरहेको छ ।

**० तपाईं नेपाली कम्युनिष्ट आन्दोलनप्रति कतिको आशावादी हुनुहुन्छ ?**

नेपालमा नेपालका कम्युनिष्टहरूले एकदिन नौलो जनवादी क्रान्ति गरेरै छाड्छन् भन्ने कुरामा म पूर्णतः विश्वस्त छु । त्यसैले अहिले पनि स्वास्थ्य लाभपछि म आफ्नो शारीरिक स्थितिले दिएको हदसम्म क्रान्तिको लागि संजमोमार्फत् काम गर्न तत्पर छु । ❑




प्रगतिशील साहित्यसम्बन्धी एक उपक्रम
साथी
नयाँ अङ्क (गोकुल जोशी विशेष) बजारमा उपलब्ध छ
हरेक अङ्क पठनीय एवं सङ्ग्रहणीय !

# के इरानमा पनि कम्युनिष्ट आन्दोलन विकसित हुँदैछ ?

## इरानको एउटा वामपन्थी पार्टी 'राहे कारगर' का एक नेता अर्मान अरानी सँगको जीवन्त अन्तर्वार्ता



इरानी कम्युनिष्ट पार्टीका संस्थापक नेताहरू (बायाँबाट): हैदरखान अमुअग्ली, डा. ताथी अरानी र खोसरू कज्बहे

## के इरानमा पनि कम्युनिष्टहरु छन् ?



हा हामीमध्ये धेरैलाई यसबारे जिज्ञासा छ, तर थाहा छैन । तर International Marxist Convention को सिलसिलामा दुई वर्षअघि लण्डनमा जाँदा थाहा भयो - इरानमा कम्युनिष्टहरु अस्तित्वमा मात्र भएको होइन, उनीहरु अत्यन्त दमनपूर्ण स्थितिमा पनि निकै प्रशंसनीय जुक्तिबुद्धिका साथ क्रियाशील रहेछन् । उनीहरु पत्रिका र ट्रेड यूनियनसमेत चलाउन नपाउने हदको निर्मम दमनमा रहेछन् । तर आफ्नै रेडियो स्टेशन खोलेर उनीहरुले जनतासित सम्पर्क र प्रचार-प्रसारको समस्या हल गरिरहेका रहेछन् ।

इरानको एउटा कम्युनिष्ट पार्टी राहे कारगर अथवा इरानका क्रान्तिकारी मजदूरहरुको संगठन (Organisation of Revolutionary Workers of Iran) का नेता अर्मान अरानीसँग लण्डनमा भएको मेरो भेटघाटका दौरानमा यो तथ्य थाहा भयो ।

१९९४ मा अप्रिल ३० मा लण्डनमा आयोजित International Marxist Convention मा नेपालको तर्फबाट भाग लिन मलाई आमन्त्रित गरिएको थियो । त्यही सम्मेलनमा क. अर्मान अर्मानीसित भेट भयो । सम्मेलनपछि हामीले छुट्टै भेटघाट गर्ने प्रबन्ध गऱ्यौं । म उहाँकै आवासमा राति बस्ने खाने गरी गएँ ।

उहाँको पार्टी राहे कारगर रहेछ । त्यो पार्टी इरानमा प्रतिबन्धित रहेछ । सारै निर्मम दमन गरेर इरानका धार्मिक शासकहरुले एक लाख कम्युनिष्टहरु तथा उनीहरुका समर्थकहरु मारिदिएकाले अहिले उहाँहरुको पार्टीको केन्द्रीय कार्यालय लण्डनमा सारिएको रहेछ । यो पार्टीको आफ्नै रेडियो स्टेशन रहेछ । कम्प्युटर र फोन र फ्याक्समार्फत् देशका विभिन्न भागमा सञ्चार सम्बन्ध कायम गरिंदो रहेछ र रेडियो स्टेशनमार्फत् जनतालाई जागृत गर्ने काम गरिंदो रहेछ । रेडियो स्टेशन इरानको छिमेकी मुलुकको इलाकामा कायम गरिएको रहेछ ।

क. अरानीले आफ्नो रेडियो स्टेशनमार्फत् प्रचार गर्नको लागि नेपालको कम्युनिष्ट आन्दोलनबारे मसित विस्तृत अन्तर्वार्ता लिनुभयो । मैले पनि उहाँसित इरानी कम्युनिष्ट आन्दोलनबारे अन्तर्वार्ता लिएँ । अन्तर्वार्ताका दौरानमा थाहा भयो- उहाँ पनि निर्मम दमनको शिकार हुनुभएको रहेछ र जेल पर्नुभएको रहेछ । जेलमा यातनाको दौरानमा उहाँको एउटा आँखा फुटेको रहेछ । त्यसको ठाउँमा नक्कली आँखा जडान गरिएको रहेछ । जेलमा उहाँलाई मार्ने पक्कापक्की भएपछि उहाँ येनकेन जेलबाट भाग्न सफल हुनुभएको रहेछ ।

प्रस्तुत छ- उहाँसित अंग्रेजीमा लिइएको अन्तर्वार्ताको नेपाली भावानुवादः

-प्रधान सम्पादक

❑ क. अरानी, तपाईले आफ्नो देशको क्रान्तिकारी मजदूर आन्दोलन कसरी शुरु र विकास भयो भन्ने कुरा नेपाली जनताको जानकारीको निम्ति बताइदिन सक्नुहोला ?

-इरानको मजदूर आन्दोलन त्यहाँ उद्योगधन्दाको विकास हुन थालेपछि शुरू भएको हो । आजभन्दा ६०/७० वर्षअघि इरानमा उद्योगधन्दाको टुसामुना पलाउन थालेको थियो । देशका विभिन्न भागमा उद्योगधन्दा स्थापना हुन थालेपछि स्वभावतः मजदूर वर्ग पनि पैदा हुन थाल्यो । विशेष गरी, तेल उद्योगको स्थापनापछि मजदूर वर्ग देखापर्न थाल्यो ।

तेल उद्योगको शुरूआत सन् १९१० तिर भएको हो । देशका विभिन्न भागमा, विशेष गरी दक्षिणी भागमा तेल उद्योगको स्थापनापछि मजदूरहरूको एउटा सानो पकेट सिर्जना हुन थाल्यो । तथापि, मजदूरहरूको संख्या त्यतिखेर साह्रै थोरै थियो ।

मजदूर आन्दौलनको पहिलो केश र पहिलो अग्निपरीक्षा, यस प्रकार तेल उद्योगको विकास हुन थालेपछि नै भएको हो ।

इरानमा तेल उद्योगको विकास गर्ने कार्य ब्रिटिश

साम्राज्यवादले गरेको थियो । ब्रिटिश आर्थिक स्वार्थ पूरा गर्नको लागि इरानमा तेल उद्योग विकास गर्न खोजिएको थियो ।

ब्रिटिश व्यवस्थापनका मालिकहरूले शुरूमै इरानका मजदूरहरूका बीचमा फाटो ल्याउने कोशिश गरे । उनीहरूबीच 'फूट पार्ने र शासन गर्ने' नीति उनीहरूले अपनाए । फूट पार्नका लागि उनीहरूले विभिन्न जातजातिबीच झगडा चर्काउने काम गरे । जातजातिको झगडाले मजदूर वर्गलाई विभाजित गर्ने काम गऱ्यो ।

तथापि, मजदूरहरूले १९३० को दशक र ४० को दशकमा आफ्ना माग राखेर हड्ताल शुरू गरे । सन् १९४५ तिर इरानमा सशक्त मजदूर हड्ताल भयो । यो हड्तालले पूरै तेल उद्योगलाई ठप्प पाऱ्यो ।

त्यतिखेर दोस्रो विश्वयुद्धको अन्त्यको समय थियो । इरानमा त्यतिखेर तुदेह (Tudeh) भन्ने पार्टी थियो । जसलाई सोभियत कम्युनिष्ट पार्टीको समर्थन प्राप्त थियो । यो पार्टी करीब करीब सोभियत कम्युनिष्ट पार्टीको औजारसरह थियो । यो पार्टीले हड्तालको विरोध गऱ्यो । यो हड्तालले दोस्रो विश्वयुद्धमा हिटलरविरूद्ध संयुक्त रूपले लडिरहेका रूस, अमेरिका, बेलायत, फ्रान्स आदि मुलुक मिलेर बनेको संयुक्त शक्ति (Allied Forces) बीच फाटो ल्याउँछ भन्ने तर्कका आधारमा हड्तालको विरोध गरियो । उसको विरोधले हड्ताललाई दबाउनुमा, खत्तम गराउनुमा ठूलो भूमिका खेल्यो । हड्ताल गर्ने शक्ति विभाजित भयो ।

Tudeh Pary (तुदेह पार्टी) त्यतिखेरको इरानको प्रभावशाली मजदूर वर्गीय पार्टी थियो । मजदुर र किसानहरूमा यसको व्यापक प्रभाव थियो । बौद्धिक समुदायमा पनि यसको पकड र प्रभाव काफी बलियो थियो । यस्तो पार्टीले हड्तालको अहं घडीमा प्रतिक्रान्तिकारी कार्यनीति लिइदिनाले हड्तालमाथि गम्भीर असर पऱ्यो । धेरै मजदूरहरू तुदेह पार्टीको नियतमाथि नै प्रश्न गर्न लागे ।

कम्युनिष्ट आन्दोलनमा तुदेह पार्टीको भूमिकाको कारणले फाटो आएपछि तुदेह पार्टीबाट केही ससाना समूहहरू फुटेर बाहिर निस्कन थाले । पछि गएर तुदेह पार्टी क्रान्तिकारी पार्टीकै रूपमा बाँकी रहेन । यो सुधारवादी पार्टीको रूपमा बदलियो ।

यो पार्टीले अमेरिकानिर्देशित इरानका शाहद्वारा १९६० देखि १९६५ सम्म गरिएको ढोंगी भूमिसुधारलाई समर्थन गऱ्यो । यो कुरा घाम जत्तिकै स्पष्ट थियो कि,



**गुरिल्ला आन्दोलनका नेताहरु जेलभित्र परेका थिए । जेलका वातावरणमा त्यहाँ थुनिएका नेतृत्वदायी कमरेडहरुको डफ्फा बीचबाट हाम्रो नेतृत्व विकसित भएको हो ।**

**-क. अर्मान अरानी**

शाह सन् १९५३ मा डा. मस्साडेगको सरकारविरूद्ध सैनिक विद्रोह गरेर सत्तामा आएका थिए । डा. मस्साडेग एकजना राष्ट्रिय नायक थिए, जसले इरानी तेल उद्योगलाई ब्रिटिश पेट्रोलियमको हातबाट खोसेर राष्ट्रियकरण गर्न अग्रगामी भूमिका खेलेका थिए । यो सैनिक विद्रोहको योजना सि.आई.ए.ले ब्रिटिश गुप्तचर संस्थासित मिलेर गरेको थियो र उनीहरूकै प्रयत्नबाट शाह फेरि सत्तामा फर्केका थिए । त्यस्ता शाह पनि सोभियतसंघको पक्षमा आउन थाल्यो भनेर तुदेह पार्टी मख्ख पऱ्यो । यसरी तुदेह पार्टी अब सुधारवादीहरूको मञ्चका रूपमा देखापऱ्यो ।

त्यतिखेर पूँजीपति वर्गको आफ्नो कुनै मञ्च थिएन । ठूलो पूँजीपतिवर्ग शाहको संरक्षणमा चलिरहेको थियो । निम्न पूँजीपति वर्ग विकसित हुँदै थियो । तर उनीहरूको राजनीतिक शक्ति क्षीण थियो । उनीहरूको आफ्नो कुनै मञ्च थिएन । यस प्रकार, इरानमा त्यतिखेर बैकल्पिक राजनैतिक नेतृत्वको शून्यता थियो । यही शून्यताको स्थितिमा इरानमा गुरिल्ला क्रान्तिकारी आन्दोलन अस्तित्वमा आयो ।

गुरिल्ला आन्दोलनको घोषित लक्ष्य थियो- पूँजीवादलाई उखेलेर फ्याँक्नु, इरानका शाहको निरंकुश राजतन्त्रलाई उखेलेर फ्याँक्नु र इरानमा कामदार वर्गको जनवादी क्रान्ति सम्पन्न गर्नु । यसले मजदूर आन्दोलनभित्रकै एउटा शक्तिको रूपमा काम गर्ने, तर देशमा तानाशाही व्यवस्था विद्यमान हुनाले खुल्ला संगठनका रूपमा काम गरेर मजदूर वर्गमा प्रभाव जमाउनु र जनाधार तयार गर्नु सम्भव नभएकोले शाह शासनका विरूद्धमा गुरिल्ला गतिविधि चलाएर क्रान्तिका लागि मजदूर वर्गलाई प्रज्जवलित पार्नुपर्ने विचार व्यक्त गऱ्यो । यस्तो देखिन्थ्यो- यो गुरिल्ला आन्दोलनमा माओका विचारहरूको काफी प्रभाव थियो । यो गुरिल्ला आन्दोलनको केही अंशमा सोभियत कम्युनिष्ट पार्टीको प्रभाव पनि थियो ।

यो गुरिल्ला आन्दोलनसित वैचारिक स्पष्टता थिएन, न त मार्क्सवादबारेको यसको बुझाइ नै सर्वाङ्गीण थियो । यसको अन्तर्राष्ट्रिय क्रान्तिकारी कम्युनिष्ट आन्दोलनसित पनि राम्रो सम्बन्ध र सम्पर्क थिएन । जनवादी बाटोबाट कसरी शाहको तानाशाही खत्तम गर्ने,- योसँग त्यसबारे पनि विचार-स्पष्टता थिएन । यी सब कुराले यो गुरिल्ला आन्दोलनलाई राष्ट्रिय दृष्टिकोणका रूपमा मात्र सीमित पारिदिएको थियो । यद्यपि, उनीहरू सर्वहारा अन्तर्राष्ट्रियवादको नारा लाउँथे । उनीहरू सर्वहारा वर्गको तानाशाहीको कुरा गर्थे । तर उनीहरूको गतिविधि हेर्दा क्रान्तिकारी मजदूर वर्गको दीर्घकालीन स्वार्थसित उनीहरूको स्वार्थ गाँसिएको कतै देखिन्नथियो ।

तथापि, शाहको निरंकुशतन्त्रविरूद्धको उनीहरूको संघर्ष बहादुरीपूर्ण थियो । उनीहरू साहसपूर्वक शाहको निरंकुशतन्त्रविरूद्ध लडे । यस मामलामा उनीहरूले केही राम्रा उदाहरण कायम गरे ।

तर यो गुरिल्ला आन्दोलनले विचारधारात्मक संकटको सामना गर्नुपऱ्यो । त्यो संकट के थियो भने- यसले त्यो वर्गलाई संगठित गरेर इरानमा क्रान्तिकारी आन्दोलन सिर्जना गर्न सकिने धारणा राख्यो, जुन वर्गले इरानको अर्थतन्त्रमा महत्वपूर्ण स्थान राख्यो र जुन वर्ग सबैभन्दा क्रान्तिकारी पनि थियो । त्यो वर्ग हो- इरानमा पैदा भइरहेको क्रान्तिकारी मजदूर वर्ग । गुरिल्ला आन्दोलनका पक्षधरहरूले यो वर्गमा पुग्न छोडेर, यसभित्र क्रान्तिकारी आन्दोलन विकास गर्न छोडेर पहाडमा जाने र त्यहाँ आधारक्षेत्र बनाउने बाटो रोजे । उनीहरूले

**सन् १९६९ को 'इस्लामिक क्रान्ति'पछि इरानमा गरिएको आम नरसंहारको एक दृश्य, जसमा विशेषत: कुर्दहरु र वामपन्थीहरुलाई आँखामा पट्टी बाँधी गोली हानी मारिएको थियो !**



यसनिम्ति प्रगतिशील बुद्धिजीवी र विद्यार्थीहरूलाई उत्प्रेरित गरे ।

इरान एउटा पूँजीवादी समाज हो । इरानको अर्थतन्त्रमा र समग्र समाजमा मजदूर वर्गको विशाल प्रभाव छ । देशको आयको ९० प्रतिशतभन्दा बेसी भाग इरानमा ज्याला र बेतनबाट आउने गर्छ । यस्तो देशमा मजदूर वर्गबाट र जनसमुदायबाट टाढा बसेर, पहाडबाट तपाईं क्रान्ति नै संगठित गर्न सक्नुहुन्न । यस्तो समाजमा गुरिल्ला संघर्ष नै गर्ने हो भने पनि शहरमा मजदूर वर्गबीच जनाधार बनाउनु पर्ने हुन्छ । यस्तो विश्लेषण र संश्लेषण गुरिल्ला आन्दोलनभित्रकै एउटा तप्काले गर्‍यो । त्यो तप्काले के महसूस गर्‍यो भने, मजदूर वर्गबाट अलग्गिएर पहाडमा जाने आन्दोलनबाट इरानमा साम्यवाद ल्याउन सम्भव छैन, न त मजदूर वर्गबीच क्रान्तिकारी आन्दोलन विकास गरेर यसको संगठित शक्तिका आधारमा पूँजीवादी साङ्लोबाट इरानी समाजलाई मुक्त गर्नु नै सम्भव छ ।


यही कुरा शाहको शासनकालमा जेलभित्र परेका केही कमरेडहरूले महसूस गर्नुभयो । उहाँहरूले के धारणा राख्नुभयो भने, अब हाम्रो सामुन्ने रहेको बाटो भनेको मजदूर वर्गबीच जानु हो, उनीहरूभित्रबाटै कम्युनिष्ट पार्टी पैदा गर्नु हो । यदि इरानमा मजदूर वर्गको दृष्टिकोणले कम्युनिष्ट आन्दोलन विकास गर्ने र क्रान्ति सम्पन्न गर्ने हो भने-मजदूर वर्ग बीच जरो गाड्न जरूरी छ, त्यहाँ बलियो क्रान्तिकारी जनाधार विकास गर्नु जरूरी छ । यही धारणा राख्ने हुनाले ती कमरेडहरूले आफूलाई "राहे कारगर"को रूपमा चिनाउनुभयो । "राहे कारगर" को अर्थ हो मजदूर वर्गको बाटो । यसरी जेलभित्रै हाम्रो सङ्गठनको जन्म भयो ।

"राहे कारगर" एकातिर तुदेह पार्टीको सुधारवाद, अर्कातिर गुरिल्ला आन्दोलनको उग्र वामपन्थी धारको विकल्पको रूपमा पैदा भयो । हामीले शुरूदेखि नै न चिनियाँ बाटोको न सोभियत बाटोको अन्धनक्कल गर्ने दृष्टिकोण अप्नायौं । निश्चय नै अक्टोबर क्रान्ति हाम्रो ठम्याइमा यस शताब्दीको एउटा महान क्रान्तिकारी घटना थियो । तर यसको अर्थ यो होइन कि, सोभियत संघले जे जे गर्छ हामीले त्यसको नक्कल गर्नुपर्छ । यस्तो अन्धनक्कलबाट इरानमा मार्क्सवादको निरन्तर विकास सम्भव छैन । हामीले, त्यसैले, शुरूदेखि नै सबैप्रति आलोचनात्मक दृष्टिकोण अप्नायौं । सोभियत संघले अप्नाइरहेको परराष्ट्र नीति र प्रजातन्त्रप्रति पनि हाम्रो आलोचनात्मक रूख रह्यो, चीनले अप्नाएको बाटोप्रति पनि । हामीले सोभियत संघले र चीनले विभिन्न देशका राष्ट्रिय मुक्ति आन्दोलनलाई गरिरहेको सहयोगलाई पनि समर्थन गर्दै रह्यौं, साथै उनीहरूले गरिरहेको बेठीकहरूको पनि विरोध गरिरह्यौं । हाम्रो देशमा या त रूसपन्थी पार्टी थियो, या चीनपन्थी । हामी भने कुनै पन्थी पनि रहेनौं ।

आधारभूत रूपमा हाम्रो पार्टी इरानमा शाह शासनको पतनको हाराहारीमै संगठित भयो । सन् १९७९ मा हाम्रो पार्टी अस्तित्वमा आएको हो । हाम्रो पार्टी जेलभित्र परेका कमरेडहरूको कामरेडली सम्बन्धको आधारमा गुरिल्ला आन्दोलनभित्रैबाट जन्मेको हो ।

गुरिल्ला आन्दोलनका नेताहरू जेलभित्र परेका थिए । जेलका वातावरणमा त्यहाँ थुनिएका नेतृत्वदायी कमरेडहरूको डफ्फा बीचबाट हाम्रो नेतृत्व विकसित भएको हो । मैले अघि नै भनें, हाम्रो पार्टीको नाम "राहे कारगर" थियो । शुरूमा हाम्रो पार्टीले निकालेको पहिलो पर्चा थियो "कसरी जनपार्टी हुने ?" दोस्रो पर्चाले राष्ट्रिय आन्दोलन र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका बारेमा हाम्रो विश्लेषण छापेको थियो । त्यसमा चिनियाँ कम्युनिष्ट पार्टी- माओवाद र सोभियत कम्युनिष्ट पार्टीको चरित्रका बारेमा हाम्रो केही आलोचनात्मक सोच प्रस्तुत गरिएको थियो । हामीले सोभियतसंघको समाजवादको समर्थन गरेका थियौं, तर त्यहाँको पार्टीले देखाइरहेको केही व्यवहारबारे केही प्रश्न उठाएका थियौं ।

हामीले एउटा विश्वकेन्द्रबाट स्तालीनका पालामा जस्तो विश्व कम्युनिष्ट आन्दोलन संगठित र संचालन गर्ने प्रक्रियाको विरोध गरेका थियौं । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन विकास गर्नका लागि हरेक देशमा अलग अलग परिस्थिति छ । कहींको परिस्थिति कहीं जस्तो छैन । र, विभिन्न पार्टीका बीचमा सोच र रणनीतिका बारेमा काफी भिन्नताहरू छन् । यस्तो भिन्नताको स्थितिमा एउटै केन्द्रबाट नीति निर्देशन, संयोजन र दिशाबोध गर्न खोज्नु बेठीक र असम्भव हुन्छ भन्ने हाम्रो भनाइ थियो । हामी यसको सट्टामा अन्तर्राष्ट्रिय सम्मेलन, सेमीनार र गोष्ठीहरूको माध्यमबाट आपसी छलफल, सम्पर्क र संयोजनका पक्षमा थियौं ।



इरानका तानाशाह शाह र उनकी पत्नी फराह

**हाम्रो पार्टी गठन भएकै वरपर १९७९ मा इरानमा शाहको निरंकुश राजतन्त्र ढल्यो । त्यतिखेरै प्रकाशित हाम्रो पर्चाले भनेको छ- १९७९ को इस्लामी क्रान्ति प्रतिक्रान्तिकारी दिशातर्फ मोडिएको छ ।**

१९८० मा प्रकाशित हाम्रो पर्चाले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन सम्बन्धमा यस्तो सोच विकसित गरेको थियो ।

हाम्रो पार्टी गठन भएकै वरपर १९७९ मा इरानमा शाहको निरंकुश राजतन्त्र ढल्यो । त्यतिखेरै प्रकाशित हाम्रो पर्चाले भनेको छ- १९७९ को इस्लामी क्रान्ति प्रतिक्रान्तिकारी दिशातर्फ मोडिएको छ । इरानमा यतिखेर इस्लामी गणतन्त्रको नाममा एक किसिमको फाशिष्ट राज्य स्थापना भएको छ । मजदूर वर्गीय आन्दोलन र क्रान्तिकारी आन्दोलनको विकासको निम्ति इस्लामी गणतन्त्रको स्थापना प्रतिक्रान्तिकारी कदम हो ।

**❑ इरान क्रान्तिको कुन चरणमा छ भन्ने तपाईंको पार्टीको धारणा छ पूँजीवादी जनवादी कि समाजवादी ?**

-हामी क्रान्तिको चरणमा विश्वास गर्दैनौं । यस्तो किनभने, इरान अहिले राजनीतिक र सामाजिक रूपले पूँजीवादी जनवादी चरणमा पुगिसकेको देखिन्न । तर अर्थतन्त्रको हिसाबले इरानमा पूँजीवादी उत्पादन व्यवस्था छ । उत्पादनका साधनहरू इरानमा पूँजीवादी स्वामित्वमा छन् । पूँजीवादी उत्पादक शक्तिहरू त्यहाँ विकसित भइसकेका छन् । इरानले आर्थिक हिसाबले सामन्ती स्तर पार गरिसकेको छ ।

इरानमा अहिले पूँजीवादी जनवादी हक अधिकारहरू हासिल गर्नसमेत संघर्ष गर्नुपर्ने स्थिति छ । तर हामी यो संघर्ष पूँजीपतिहरूले गरिदिन्छन् र हामीले चाहिँ समाजवादी क्रान्ति मात्रै सम्पन्न गर्ने हो भनेर पर्खी बस्ने पक्षमा छैनौं । इरानमा त पूँजीवादी जनवादी हक अधिकारसमेत मजदूर वर्गले नै लडेर लिनुपर्ने स्थिति छ । हाम्रो धारणा छ- इरानमा मजदूर वर्गले नै क्रान्ति सम्पन्न गर्नुपर्छ । उसले नै त्यहाँ जनवादी अधिकारहरू हासिल गर्नुपर्छ । र, उसको हातमा सत्ता आएपछि मात्रै त्यहाँ समाजवाद स्थापना गर्नु सम्भव छ । इरानमा अहिले जुन पछौटे सामाजिक र राजनीतिक ढाँचा विद्यमान छ, त्यसलाई पनि कम्युनिष्टहरूले नै भत्काउनु पर्छ भन्ने हाम्रो ठम्याइ छ ।

**❑ तपाईंहरूले सम्पन्न गर्ने समाजवादी क्रान्तिमा क्रान्तिका मित्रशक्तिहरु चाहिँ को को हुनेछन् ?**


-भूमिहीन किसान वर्ग नै हाम्रा समाजवादी संक्रमणमा मित्रशक्ति हुन् भन्ने हाम्रो धारणा छ । १९६० मा शाहद्वारा भूमिसुधार गरियो, अमेरिकी दिग्दर्शनमा भूमिसुधार सम्पन्न गर्न पाँच वर्ष लाग्यो । तथापि, जनसंख्याको निकै ठूलो भाग अहिले पनि खेती-किसानीमै छ । इरानमा करीब ३९ प्रतिशत जनसंख्या अहिले पनि कृषिमै आश्रित छन्, जबकि ६१ प्रतिशत उद्योग र सेवामा कार्यरत छन् । स्मरणीय छ, क्रान्ति हुन नदिइकन सामन्तवादबाट देशलाई पूँजीवादतिर धकेल्न सकियोस् भनेर यो भूमिसुधार गर्न लगाइएको थियो । तथापि, अहिले पनि इरानमा क्रान्ति गरेर समाजवादमा संक्रमण गर्न शहरका मजदूरहरू र गाउँका गरीब किसानहरू एकताबद्ध हुनुपर्छ । मजदूरहरूको भरोसिलो मित्रशक्ति इरानमा गरीब किसान नै हुन् ।

हाम्रो ठम्याइ के पनि छ भने- अहिले इरानमा जुन इस्लामी फासीवाद कायम छ, त्यसलाई उखेलेर फ्याँक्ने हो भने इरानका सबै वामपन्थी पार्टीहरू एकताबद्ध हुनुपर्छ । मजदूर वर्गको प्रतिनिधित्व गर्ने सबै पार्टीहरू एकताबद्ध भएर सशक्त र विशाल आन्दोलन सिर्जना गर्नुपर्छ । र, एउटै मजदूर वर्गीय पार्टी सिर्जना गर्नेतिर अघि बढ्नु पर्छ ।

**❑ कति छन् इरानमा गरीब किसानहरु ? प्रतिशतमा भनिदिन सक्नु होला ?**

-कुल किसान जनसंख्यामा २० देखि २५ प्रतिशत किसानहरू निकै गरीब किसानका रूपमा छन् । एकदेखि दुई हेक्टर जमीन हुने निम्न पूँजीवादी किसानहरू इरानमा ४० प्रतिशत छन् । हामीलाई लाग्छ, फासिष्ट इस्लामी शासन समाप्त पारेर प्रजातन्त्र ल्याउनुमा यी निम्न पूँजीवादी किसानले पनि हामीलाई साथ दिन सक्छन् ।

तर इरानमा अरू क्षेत्र र कृषि क्षेत्र पनि धेरै हदसम्म पूँजीवादीकरण भइसकेको छ । कृषि क्षेत्रमा बजारमा आउने ९० प्रतिशत कृषि उपजहरू ठूला कृषि



व्यवसायहरूले उत्पादन गर्छन् । यसबाट के स्पष्ट हुन्छ भने, इरानमा कृषि उत्पादनको मुख्य इंजीन ठूला पूँजीपतिहरूको कम्पनीको हातमा छ र त्यसको चरित्र पूँजीवादी छ । इरानमा आधारभूत रूपमा पूँजीवादी कृषि उत्पादन प्रणाली छ । यद्यपि, कुल किसानहरूमध्ये ठूला कृषि फार्मका मालिकहरू लगभग ५ प्रतिशत मात्र छन् । तर उनीहरूको हातमा जमीनको निकै ठूलो भाग र कृषि उपजको ९० प्रतिशत केन्द्रित छ ।

**❑ कति छ इरानको कुल जनसंख्या ? त्यसमध्ये मजदूर कति छन् ?**

- ६ करोड जनसंख्या छ इरानमा । त्यसमध्ये ९० प्रतिशत परिवारले आफ्नो आय ज्याला र तलबका रूपमा थाप्छन् । १ करोड २० लाख परिवार छन् इरानमा । त्यसमध्ये एक करोड परिवारको आम्दानीको स्रोत ज्याला वा तलब हो । यस प्रकार इरान मजदूर बाहुल्य भएको देश हो । यही कारणले त हाम्रो पार्टीले इरानमा मजदूर वर्गलाई सबैभन्दा मुख्य क्रान्तिकारी शक्तिको रूपमा लिएको हो, इरानमा मजदूर वर्गको सहभागिताबिना केही पनि गर्न सकिन्न भनेको हो ।

**❑ अब इरानमा विभिन्न राजनीतिक पार्टीहरुको के स्थिति छ, त्यसको एउटा चित्र नेपालीहरुको जानकारीको लागि तपाई राखिदिन सक्नु होला ?**

-तुदेह पार्टी पहिले सबैभन्दा ठूलो र प्रभावशाली पार्टी थियो । अहिले त्यसले आफ्नो प्रभाव पूरै गुमाइसकेको छ । जब सोभियत संघ खत्तम भयो, उनीहरूको पैसाको स्रोत, उनीहरूको प्रकाशन, उनीहरूको केन्द्रीय समिति र सङ्गठन सबै भताभुङ्ग भयो । तिनीहरूको पार्टी थुप्रै पटक फुटेर छ्यान्नव्यान्न भयो । केही टुक्राहरू त उनीहरूको केन्द्रीय नेतृत्वको आलोचना गर्दै हाम्रो पार्टीमा मिसिन आए ।

इरानमा अहिले सबै संगठनहरू भूमिगत छन् । १९७९ ताक, मैले अघि नै भने, माओवादी गुरिल्ला संगठनहरू मजदुर वर्गबीच देशको कुनै भागमा क्रियाशील थिए, अहिले आइपुग्दा मजदूर वर्गमा र इरानी समाजमा उनीहरू यतिखेर पटक्कै क्रियाशील देखिन्नन् । इरानमा मजदूर वर्गको स्थिति र भूमिका सम्बन्धमा उनीहरूको समझदारी नै गलत र भ्रमपूर्ण भएकाले उनीहरू बिलाउँदै गए । चीनमा जस्तै राष्ट्रिय जनवादी क्रान्तिको नारा दिएर पहाडमा गुरिल्ला दस्ता बनाउँदै किसानहरूबीच सीमित हुने उनीहरूको नीतिले गर्दा इरानको सबैभन्दा क्रान्तिकारी र निर्णायक शक्तिसित उनीहरूको सम्पर्क र सम्बन्ध छुट्यो ।

इरानमा शाहलाई सत्ताच्यूत गर्ने आन्दोलनमा मजदूर वर्गको निकै ठूलो भूमिका र प्रभाव रहेको थियो । तेल उद्योगका मजदूरहरूले राष्ट्रव्यापी हड्ताल गरेर पूरै देशलाई ठप्प पारिदिएका थिए र तेल बाहिर जान बन्द भएको थियो । यो हडतालमा अरू कैयन फाँटका मजदूरहरूले पनि तेल मजदूरहरूलाई साथ दिएका थिए । यो राष्ट्रव्यापी मजदूर हडतालको दौरानमा मजदूरहरूले देशव्यापी रूपमा "मजदूर परिषद" हरू बनाउने कार्य गरे, जसलाई उनीहरू "सोरा" भन्थे । यस्तो परिषद् सरकारी क्षेत्रमा विभिन्न उद्योग व्यवसायमा समेत गठन भए ।

तर मजदूरहरूको यति व्यापक राष्ट्रव्यापी हड्तालमा यसको अगुवाई गर्न कुनै कम्युनिष्ट पार्टी मैदानमा थिएन । हाम्रो पार्टी त त्यतिखेर जन्मेकै थिएन । यस्तो परिस्थितिमा मजदूरहरूको एउटा हिस्सा अयातुल्लाह खोमेनीको प्रभावमा गयो । तुदेह पार्टीले खोमेनीलाई साम्राज्यवादविरोधी व्यक्तित्वको रूपमा चित्रित गरेको हुनाले पनि खोमेनीलाई मजदूर वर्गमा प्रभाव जमाउन सजिलो भयो ।

**इरानमा अमेरिकी राजदूतावास पनि हटेको, यसले गैर पूँजीवादी विकासको बाटो समातेको तर्क राखेर तुदेह पार्टीले खोमेनी शासनलाई प्रगतिशील शासनको रुपमा लिएकोले काफी भ्रम सिर्जना भयो ।**

खोमेनी शासनकालमा इरानमा अमेरिकी राजदूतावास पनि हटेको, यसले गैर पूँजीवादी विकासको बाटो समातेको तर्क राखेर तुदेह पार्टीले खोमेनी शासनलाई प्रगतिशील शासनको रूपमा चित्रित गऱ्यो । उनीहरूको यस्तो दृष्टिकोणले गर्दा कम्युनिष्ट आन्दोलनभित्र खोमेनी शासनलाई हेर्ने दृष्टिकोणमा काफी भ्रम सिर्जना भयो । फदाहीन गुरिल्ला आन्दोलनमा समेत यसले फाटो पैदा गऱ्यो । बहुमत फदाहीन गुरिल्लाहरूले खोमेनीले जे जे गर्दै गयो, त्यसको खुलेआम र सक्रिय समर्थन गर्न थाले । इरानको इराकमाथिको आक्रमणको पनि उनीहरूले समर्थन गरे र अरू कदमहरूको पनि । यस्तै समर्थन तुदेह पार्टीले पनि गऱ्यो । अरू पार्टीले पनि गरे ।

तर हामीले यस दृष्टिकोणको शुरूदेखि नै विरोध गऱ्यौं । हामीले नारा दियौं "क्रान्तिको मृत्यु भयो, क्रान्ति अमर रहोस् !" हामीले भन्यौं खोमेनी शासन कुनै प्रगतिशील राज्य व्यवस्था होइन, यो प्रतिक्रान्तिकारी सत्ता हो । यसलाई समर्थन गर्ने होइन, यसको विरूद्ध जेहाद छेडिनुपर्छ । छिटै हामीले भने जस्तै भयो । खोमेनी शासनले हज्जारौं क्रान्तिकारी कम्युनिष्टहरूको हत्या गऱ्यो, त्यो पनि जेलमा । यसको परिणाम के भयो भने- मजदूर वर्गमा कम्युनिष्टहरूको जनाधार, पकड र प्रभाव एकदमै कम रह्यो । र, अहिले पनि यो स्थितिमा त्यति सुधार हुन सकेको छैन ।

१९८१ मा हाम्रो पार्टीले 'मजदूर जनसमुदायबीच जाऊँ' भन्ने कार्यक्रम अघि साऱ्यो । हामीले त्यहींदेखि मजदूर समुदायबीच प्रवेश गर्न थाल्यौं । तर हाम्रो पार्टी त्यतिखेर प्रचारात्मक स्तरमा मात्र थियो ।

हाम्रो पार्टीले मजदूरहरूको परिषद्को मागलाई समर्थन गऱ्यो । उनीहरूको प्रजातान्त्रिक हकको निम्ति भएको संघर्षलाई समर्थन गऱ्यो । हामीले इस्लामी शासनलाई पर्दाफास गर्दै उसको फासीवादलाई चिनाउँदै मजदूरहरूको बस्ती-बस्तीमा प्रवेश गऱ्यौं । कार्खाना-कार्खानामा प्रवेश गऱ्यौं । शहरको कुना-कुनामा हामी फैलियौं । हाम्रो यो कार्यले मजदुरहरूबीच हाम्रो पकड र प्रभाव बढ्यो । अहिले हाम्रो संगठन त्यस्तो थोरै संगठनमध्ये एउटा भएको छ, जसको मजदूर वर्गसित जीवन्त सम्बन्ध छ । विगत १५/१६ वर्षमा हामीले यो जीवन्त सम्बन्धलाई अरू धेरै विकास गरेका छौं । यस क्रममा हामीले हाम्रा हज्जारौं कमरेडहरू गुमाएका छौं ।

तथापि, हामीले साँचो कुरो बताउनु जरूरी छ- अझै पनि इरानी मजदूरहरूबीच हाम्रो व्यापक प्रभाव कायम भइसकेको छ भन्नु मिल्दैन । इरानका विभिन्न भागमा हाम्रा साथीहरू छरिनु भएको छ । ती साथीहरूमार्फत् हामी मजदूर वर्गबीच काम गरिरहेछौं ।

इरान त्यस्तो देश हो, जहाँ ट्रेड यूनियनसमेत प्रतिबन्धित छ । हड्ताल गर्नुसमेत त्यहाँ प्रतिबन्धित छ । हामीले अहिले मजदूरहरूबीच ट्रेड यूनियनमा आधारित मजदूर संगठनको माग गर्न सिकाइरहेछौं । सरकारका सामु मजदूर वर्गलाई बलियो संगठित बनाउने हो भने, मजदूर संगठन त्यहाँको अपरिहार्य आवश्यकता हो ।

इरानमा अर्को कम्युनिष्ट पार्टी पनि छ । कुर्दीश क्षेत्रमा आदिवासी किसान र मजदूरबीच यसको पकड र प्रभाव निकै बलियो थियो । जे होस्, यो राम्रो जनाधार भएको पार्टी थियो । कुर्दीस्तानका पक्षधर बुद्धिजीवीहरूले यो पार्टीलाई संगठित गरेका थिए । यो पार्टी शाहको शासनको अन्तको निम्ति पनि क्रियाशील थियो । छोटकरीमा यो पार्टीलाई हामी **"कमले"** भन्छौं । लामोमा यसलाई **इरानी कम्युनिष्ट पार्टी** भनिन्छ । यो पार्टीको मजदूर वर्गबीच राम्रो सम्बन्ध थियो । १२१५ वर्ष हामीले यो पार्टीसित मिलेर संघर्ष गऱ्यौं । १९९२ मा यो पार्टी फुट्यो । कुर्दीस्तानमा राम्रो जनाधार नभएको बुद्धिजीवीमुखी मूल नेतृत्वदायी भाग पार्टीबाट बाहिर निस्कियो । बाँकी भागले आफूलाई "कम्युनिष्ट मजदूरहरूको पार्टी" को रूपमा संगठित गरे । फुटपछि पनि यो पार्टीले आफ्नो जनाधार अरू बलियो पारेको छ ।

संभवतः यो पार्टी इरानमा सबैभन्दा बेसी मजदूर वर्गीय जनाधार भएको पार्टीमध्ये एक हो । कम्तीमा कुर्दीश क्षेत्रमा यसको मजदूर जनसमुदायबीच राम्रो पकड छ । योसँग कार्यकर्ताहरूको राम्रो जमात छ । योसित योद्धाहरू पनि छन्, जो इस्लामी शासनविरूद्ध राष्ट्रिय विद्रोहमा उत्रेका थिए ।

हामी थुप्रै इलाकामा यो पार्टीसित मिलेर संघर्ष गर्दैछौं । मिलेर रेडियो चलाउँदैछौं । हामीले १९९४ मा विश्वसमक्ष एउटा संयुक्त वक्तव्य पनि जारी गऱ्यौं । सँगै मिलेर मजदूर आन्दोलन चलाउने हाम्रो समझदारी छ । हाम्रो पार्टी यो पार्टीलाई गंभीर मित्र सम्झन्छ ।

इरानमा अहिले त्यस्तो तानाशाही छ, जुन पहिले इतिहासमा कहिल्यै थिएन । सारै ठूलो दमन छ त्यहाँ । यही कारणले त्यहाँ अहिले जनव्यापी पार्टी कुनै पनि

# विश्व कम्युनिष्ट आन्दोलन

छैन । हामीले त्यसैले इरानी मजदूरहरूलाई सम्पर्क गर्न जागृत गर्न, सीमा क्षेत्रमा रेडियो स्टेशन खोलेका छौं । हरेक दिन रेडियोबाट मजदूरहरूलाई र बौद्धिकहरूलाई सम्बोधन गरेर कार्यक्रम प्रसारित हुन्छ । हामी जनतालाई जन आन्दोलन सिर्जना गर्न रेडियोबाटै अपील गर्छौं । अरू क्रान्तिकारी पार्टीलाई पनि मिलेर लड्न हामी रेडियोबाटै आह्वान गर्छौं । इस्लामी तानाशाहीलाई धराशायी पार्ने हाम्रो अपील हुन्छ ।

यतिखेर हामी इरानका सबै वामपन्थी पार्टीहरूबीच संयुक्त मंच सिर्जना गर्न प्रयत्नशील छौं, जसले इस्लामी तानाशाहीविरूद्ध मिलेर लड्न सबै क्रान्तिकारी पार्टीहरूलाई एकगठ पार्छ । हाम्रो प्रस्ताव छ- सबै वाम पार्टी एक होऔं र एउटा परामर्श सम्मेलन गरौं । संभवतः तुरून्तै १९९४ मै त्यस्तो सम्मेलन आयोजना हुन्छ होला । यो सम्मेलनले इस्लामी तानाशाहीतन्त्रविरूद्ध व्यापक वाममोर्चा बनाउनको निम्ति जग हाल्ने काम गर्नेछ । यसमा १० वटा साना ठूला वाम पार्टीहरू सम्मिलित हुँदैछन् । उनीहरूको प्रभाव र शक्ति ठूलो छैन, तथापि उनीहरू नै देशमा विभिन्न इलाकामा जनसमुदायबीच कार्यरत छन् ।

वाममोर्चा सफल भएपछि हाम्रो योजना छ- संयुक्त मजदूर मोर्चा बनाउने । देशमा संयुक्त मजदूर आन्दोलन विकसित पार्ने, त्यस उपायबाट इस्लामी तानाशाही खत्तम गरेर मजदूर वर्गको जनवाद ल्याउने कार्यक्रमका आधारमा यो मजदूर मोर्चा संचालित गर्ने हाम्रो धारणा छ । देशमा त्यस्तो बहुदलीय व्यवस्था होस्, जसमा मजदूर वर्गले चाहेको पार्टी मात्रै सत्तारूढ हुन सकोस् । उसले नचाहनासाथ कुनै पनि पार्टी सत्ताच्यूत हुने स्थिति बनोस्, हामी त्यो हदको जनवाद भएको मजदुरवर्गीय जनवादी व्यवस्था कायम गर्न चाहन्छौं ।

हाम्रो ठम्याइ छ- सोभियत संघमा एउटा पार्टीको नोकरशाही- राज्यसत्ता कायम भयो । मजदूर वर्गको जनतन्त्र त्यहाँ कायम हुन सकेन । त्यति सजिलै सोभियतसंघ ढल्नुको पछाडि यो आफ्नो भित्री कारण निकै जिम्मेवार छ । हामी इरानमा त्यो गल्ती सच्याउन चाहन्छौं । यदि समाजवादमा जनतन्त्र भएन भने त्यो समाजवाद नै होइन भन्ने हाम्रो ठम्याइ छ ।

दश महिनाअघि सन् १९९३ मा सम्पन्न भएको हाम्रो पार्टीको सम्मेलनले मजदूर मोर्चा सम्बन्धमा एउटा प्रस्ताव नै पास गरेको छ । त्यो प्रस्तावले मोर्चाबारे अरू दुईवटा तत्वको बारेमा पनि स्पष्ट उल्लेख गरेको छ । त्यो के भने- इरान एउटा बहुराष्ट्रिय राज्य हो । यहाँ कुर्दहरू छन्, पर्सियनहरू छन्, पारसी भाषा बोल्ने अजरवैजानीहरू छन्, तुर्क भाषा बोल्ने मध्य मलेशियाका तुर्कमानहरू पनि यहाँ छन् । हामीकहाँ बालुचीहरू पनि छन्, दक्षिणी पूर्वी क्षेत्रमा बस्ने । उनीहरू पर्सियनहरूभन्दा पहिले इरानमा आएका हुन् । हाम्रो ठम्याइ के छ भने- मजदूर वर्गीय प्रजातन्त्रमा यी जातिहरूलाई आत्मनिर्णयको अधिकार हुनुपर्छ । उनीहरू चाहन्छन् भने- अलग हुनेसम्मको अधिकार उनीहरूलाई हुनुपर्छ ।

इरानका ५० प्रतिशत जनसंख्या महिलाको छ । तर उनीहरू भान्छाघरमै कैद छन् । उनीहरूलाई इरानमा बराबरीको हैसियत नै प्रदान गरिएको छैन । मजदूर वर्गको जनतन्त्रले महिलाहरूलाई पूर्ण समानता प्रदान गर्नुपर्छ, आर्थिक, सामाजिक, राजनीतिक र समाजका सबै क्षेत्रमा हाम्रो कार्यक्रममा यो तत्व पनि महत्वका साथ समाविष्ट छ ।

यसरी हामीले मजदूर मोर्चाको निम्ति समाजवाद नै इरानमा अहिले विद्यमान पूँजीवादको एक मात्र विकल्प हो भनेका छौं ।

**❑ तपाईले समाजवादमा पनि बहुदलीय प्रजातन्त्रको कुरा गर्नुभयो । दल भनेका त वर्गका प्रतिनिधि हुन् । वैज्ञानिक समाजवादको लक्ष्य छ- वर्ग उन्मूलन गर्ने । तपाईको कार्यक्रम छ- वर्गहरुलाई दलका रुपमा चुनाव लड्न दिने । यस्तो भएपछि तपाईको समाजवादले वर्गहरुलाई नै चिरस्थायी पारिराख्ने काम गर्दैन र ? यो उल्टो कुरो भएन र ?**


-यो संसार जहाँ साम्राज्यवाद यति धेरै बलवान छ, त्यहाँ एउटै देशमा साम्यवाद स्थापना गर्नु र त्यसलाई दिगो पार्नु असम्भव छ । यो सम्भव छ भन्ठान्नु भ्रम हो ।

हामी छिटै राजनीतिक र आर्थिक रूपमा पूँजीवादलाई अन्त गर्न र समाजवाद स्थापना गर्न त सक्छौं । त्यो एउटै मुलुकमा पनि सकिन्छ । तर सांस्कृतिक रूपमा पूँजीवाद खत्तम गर्नु त्यति सजिलो छैन । यो निकै लामो र कष्टसाध्य काम हो । यान्त्रिक रूपमा एउटा अध्यादेश जारी गरेर वा सत्ताकब्जाद्वारा पूँजीवादी उत्पादन सम्बन्ध खत्तम गरेर मात्र मान्छेको रगत-रगत र हड्डी-हड्डीमा घुसेर बसेको संस्कृति खत्तम हुने छैन । त्यसैले; आर्थिक, राजनैतिक रूपमा समाजवादी सत्ता आएर पनि संस्कृतिमा पूँजीवादी सत्ता लामो समयसम्म जीवितै रहनेछ । त्यसलाई नष्ट पार्ने हो भने धैर्यपूर्ण मजदूरवर्गीय शिक्षा अभियान, मार्क्सवादी शिक्षा र साहित्य अभियानद्वारा मात्र नष्ट गर्न सकिन्छ । बल प्रयोगद्वारा राजनीतिक सत्ता त नष्ट हुन्छ तर संस्कृति नष्ट हुँदैन ।

त्यसैले, जुन संस्कृति बाँकी रहन्छ, अस्तित्वमा रहन्छ, त्यसलाई संक्रमणकालमा दलगत रूपमा संगठित हुन दिने कि नदिने भन्ने प्रश्न हो ? संगठित हुन नदिंदा, प्रतिस्पर्धा गर्न नदिंदा, त्यसले ध्वंशात्मक बाटो समात्छ कि समात्दैन भन्ने प्रश्न हो ।

हामीलाई लागेको कुरा के हो भने, उनीहरूलाई संगठित हुन दिनुपर्छ, प्रतिस्पर्धा गर्न पनि दिनुपर्छ । तर मार्क्सवादी शिक्षा आन्दोलन, सांस्कृतिक आन्दोलनद्वारा र समाजवादी अर्थतन्त्रको जग निर्माण गरेर उनीहरूलाई रूपान्तरित गर्ने कार्य पनि साथसाथै जारी राख्नुपर्छ । यो जनतान्त्रिक बाटोबाट जाँदा मात्र रूपान्तरणको गुन्जाइश रहन्छ । नत्र बल प्रयोगबाट, अध्यादेश र फर्मानबाट सांस्कृतिक रूपान्तरण सम्भवै छैन भन्ने हामीलाई लागेको छ । सोभियतसंघमा त्यस्तै देखिएन

**अमेरिकाका तत्कालीन राष्ट्रपति कार्टरका विरुद्ध तेहरानमा जनप्रदर्शन**




**बहुदलीय प्रतिस्पर्धा भनेको खाली पूँजीपति वर्गको साधन मात्र होइन । त्यो संक्रमणकालमा हाम्रो पनि साधन हुन सक्छ ।**

र ? यही कारणले हामीले मजदूरवर्गीय जनतन्त्रमा पनि दलगत प्रतिस्पर्धाको कुरा गरेका हौं ।

मजदूर वर्गको जनतन्त्र भनेको मजदूर वर्गको राज्य हो । मजदूर वर्गको राज्यमा नीति-निर्णय गर्ने हरेक प्रक्रियामा उनीहरूको अधिकतम सहभागिता हुनुपर्छ । यस्तो सोभियतसंघमा भएन । यो गल्ती हामी सच्याउन चाहन्छौं । मजदूर वर्गको जनतन्त्रमा उत्पादनमा, उत्पादनको व्यवस्थापनमा र नीति निर्णय गर्ने हरेक प्रक्रियामा समेत मजदूर वर्गको आलोचनात्मक र क्रियाशील सहभागिता हुनुपर्छ ।

मजदूर वर्गको राज्य भनेको पेरिस कम्युन जस्तो हुन्छ । इरानमा पनि त्यस्तै गर्ने हो । तर त्यो कम्युनमा पनि त कम्युनिष्टहरू बहुमतमा त हुन्नन् । बहुमतमा त तटस्थ मान्छेहरू हुन्छन्, सामान्य मजदूरहरू हुन्छन् । यदि ती सामान्य मजदूरहरूबीचबाट समर्थन प्राप्त गरेर पूँजीवादीहरू राज्यसत्तामा जान सक्छन् भने जान दिउँ न उनीहरूलाई । किन छेक्ने हामीले उनीहरूलाई प्रतिस्पर्धा गर्न ? हामी पनि त प्रतिस्पर्धा गर्ने आँट गरौं उनीहरूसित । यदि उनीहरू मजदूरहरूको हृदय जितेर आउँछन् भने आउन् । जनताको हृदय जित्ने मामलामा हामीले जित्ने आँट गरौं न उनीहरूलाई । हामी किन डराउने ? यदि उनीहरूले चुनावैबाट सत्तामा पुग्ने र मजदूर वर्गको राज्य ध्वस्त पार्ने आँट गर्छन् भने हामी फेरि युद्ध गरौंला उनीहरूसित । हामीसित पनि लड्नको लागि मजदूर वर्गको संगठन, मजदूर वर्गको परिषद्, मजदूर वर्गको सेना त हुनेछन् । उनीहरूले मजदूर वर्गको राज्यलाई उल्टाउने आँट गर्छन् भने मजदुर वर्गले पनि त आफ्नो राज्य लडेरै फेरि फर्काउने आँट गर्न सक्छन् ।

हामीले समाजवाद भनेको मजदूर वर्गको राज्य भनेर बुझ्नुपर्‍यो । मजदूर वर्गको राज्यमा सेना र प्रहरी मजदूर वर्गले नै संगठित गरेको हुन्छ, कार्खाना मजदूर वर्गले नै चलाएका हुन्छन्, सेवाहरूमा र खेतीमा मजदूर वर्गकै पकड हुन्छ, प्रशासनयन्त्र मजदूर वर्गकै हुन्छ, उत्पादनका सारा साधनमा पूँजीपति वर्गको स्वामित्व र व्यक्तिगत सम्पत्ति उन्मूलन गरिन्छ । यस्तो राज्यमा पूँजीपति वर्गको विचार प्रतिनिधित्व गर्ने त थोरै बुद्धिजीवीहरू हुन्छन्, केही स्वार्थी तत्वहरू हुन्छन् । केही पुराना संस्कृतिका मान्छे हुन्छन् । ती थोरै तत्वहरू पनि संगठित हुन्छ, चुनाव लड्छु भन्छन् भने किन छेक्ने हामीले उनीहरूलाई ? लडून् न चुनाव । जनतान्त्रिक बाटोबाटै परास्त गरौं न उनीहरूलाई । यदि अरू देशका पूँजीपतिसित मिलेर षड्यन्त्रपूर्वक मजदूर वर्गको राज्य नै उल्टाउन र प्रतिक्रान्ति गर्न खोज्छन् भने, राज्य नै उल्टाउन खोज्छन भने लडौं न उनीहरूसित हामी पनि । हामीसित त्यतिखेर सारा राज्य र उत्पादन संयन्त्र आफ्नै हातमा त हुनेछन् । हामी लड्न सक्दैनौं उनीहरूसित ?

त्यसैले, बहुदलीय प्रतिस्पर्धा गर्दैमा वर्गहरू बाँकी बच्छन् भन्ने लाग्दैन । वर्गहरू सांस्कृतिक रूपमा खत्तम नभएसम्म ती रहिरहन्छन् । तिनलाई शिक्षा र नयाँ अर्थव्यवस्थाद्वारा खत्तम पार्दै पनि लगिनुपर्छ र खत्तम नहुन्जेल संगठित हुन पनि दिइनुपर्छ । बहुदलीय प्रतिस्पर्धा भनेको खाली पूँजीपति वर्गको साधन मात्र होइन । त्यो संक्रमणकालमा हाम्रो पनि साधन हुन सक्छ । ◆

# निधारमा छाप मात्र 'कम्युनिष्ट' लागेका उम्मेदवारहरू

◆ चन्द्रदेव नेपाली



तल्लेघरे साइलासँग कुराकानी गर्न दुई दिन मात्रै पनि ढिला भएको भए ऊ राप्रपाको तर्फबाट वडा सदस्यामा उम्मेदवार भइसक्ने रहेछ, तै हामीले बेलैमा भेटेर हाम्रो पार्टीको चुनावी टिकट दियौं, त्यसैले ऊ अब हाम्रो मान्छे भयो र चुनावमा लड्यो !'

◆ **'भेट्न जान हामी एकै दिन मात्र ढिला भयौं, नत्र त हामीले माथ्लाघरे माइलीलाई हाम्रै पार्टीको तर्फबाट महिला वडा सदस्यको उम्मेदवार बनाउने थियौं । अघिल्लो दिन नै कांग्रेसीहरु उसको घरमा पुगेछन् र आफ्नै पार्टीको उम्मेदवार बनाएछन् ।'**

यस्ता संवादहरू गाउँ नगरको हालैको चुनावताका नेपालका धेरै ठाउँहरूमा वामपन्थीहरूले एक आपसमा बोले, अझै बोल्दैछन् ।

हरेक गाउँमा उम्मेदवारी दिने पार्टीले ४७ जनाको हूल नै उठाउनु पर्ने भयो, नगरको वडामा ५ जना उठाउनु पर्ने भयो । उम्मेदवार नै भएर चुनाव नै लड्न सक्ने र त्यसरी चुनाव लड्ने इच्छा राख्ने व्यक्तिहरू यत्तिको संख्यामा पाउन नै मुश्किल भयो ।

त्यसैले सबै पार्टीले आ-आफ्नो पक्षबाट उम्मेदवार भइदिने मानिसहरूको खोजी जोडदार रूपमा गर्न थाले ।

यो स्थितिमा,

पार्टी भनेको के हो भन्ने कुरा थाहै नभएका कतिपय मानिसहरू पनि हाम्रा वामपन्थी पार्टीहरूका उम्मेदवार बने र कतिले त चुनाव जिते पनि ।

कम्युनिष्ट पार्टी भनेको के हो र त्यसको दर्शन, राजनीति, संस्कृति के हो भन्ने कुरा अलिकति पनि ज्ञान, चेतना नभएकाहरू पनि यसरी ठूलो संख्यामा 'कम्युनिष्ट' हुनुको छाप निधारमा ठोक्दै सक्रिय हुन थाले र कतिले चुनाव जिते, कतिले अरूलाई सघाएर चुनाव जिताए ।

यसैगरी, अर्को एक प्रवृत्ति पनि ठाउँ ठाउँमा देखा पर्‍यो, त्यो हो- आफ्नो पुरानो र प्रतिबद्ध मान्छेले चुनाव लडेमा चुनाव जित्न नसक्ने भन्ठानेर हिजो अरूकै पक्षमा लागेका वा कुनै पेशामा लागेका मान्छेहरूलाई पनि हाम्रोतर्फबाट उम्मेदवार बनाउने र विजयी बनाउने प्रवृत्ति ।

यसरी चुनाव जितेर आएका निधारमा "कम्युनिष्ट" छाप लागेका व्यक्तिहरू आज ठाउँ ठाउँमा थुप्रै संख्यामा देखापरेका छन् । यी मानिसहरूको निकै ठूलो लाम देख्दा हामीलाई यतिखेर खूबै खुशी लाग्न सक्छ । ठूलो जमातको गौरव र अहंकार दिल-दिमागमा छाउन सक्छ । तर वैचारिक र सांस्कृतिक तवरले हाम्रो नभैसकेका मान्छेलाई उम्मेदवारीको हर्जो टार्न जथाभावी "हाम्रो" बनाउँने प्रक्रियाबाट छिटै नै तीन चारवटा जटिल समस्याहरू पैदा हुने स्पष्ट देखिएको छ: पहिलो, उनीहरूबाट हुन सक्ने भ्रष्ट, गैर जनमुखी आचरण, अनैतिकता र प्रतिक्रियावादिताको दायित्व संगठनले बोक्नुपर्ने स्थिति । दोस्रो, पार्टीभित्र अनुशासनहीनता र अराजकतामा काफी बृद्धि । तेस्रो, निहित स्वार्थका कारणले आएका मान्छेहरू अर्को ठूलो स्वार्थको कारणले 'पोइल जाने' वा खरीद-बिक्री हुने व्यापक संभावना ।

त्यसैले, अब एउटा टड्कारो सवाल उठेको छ- के यसरी जितेर आएका हाम्रा विजयी उम्मेदवारहरूले गाविसमा वा नगरपालिकामा वामपन्थी वा प्रगतिशील चरित्र प्रदर्शन गर्न सक्लान् ? सक्लान् भने कसरी सक्लान् ? के तिनीहरूमध्ये कतिपयले "ऐन मौकाहरूमा" पुगेर धोका नदेलान् ? के तिनीहरू अरू पार्टीको पक्षमा नबिक्लान् ? तिनीहरूले लिने गैर प्रगतिशील संस्कृति वा आचरणले गर्दा के नेपालमा सिंगै कम्युनिष्ट आन्दोलनकै बदनाम नहोला ?

यो सवालको व्यवहारिक जवाफ खोज्नु जरूरी छ ।

> के तिनीहरूले हामीलाई ऐन मौकामा पुगेर धोका नदेलान् ?

वास्तवमा, जनताको अल्प-चेतनाबाट फाइदा उठाउने नियतले जस्तो पायो उस्तो व्यक्तिलाई चुनावमा आफ्नो तर्फबाट "कम्युनिष्ट उम्मेदवार" बनाई जनतासामु पेश गर्नु हामीभित्र मौलाउन लागेको सरासर अवसरवादी चरित्रको परिणाम हो । जो व्यक्ति हाम्रो भएकै छैन, त्यसले हाम्रो कार्यक्रम, व्यवहार र संस्कृतिलाई समाजमा कसरी लागू गर्ला ? उसले समाजमा हुने विभिन्न खाले भ्रष्ट आचरण र रूढीवादी आचरणका विरूद्ध कसरी लड्ला ? समाजमा वैज्ञानिक चेतनाको जगेर्ना कसरी गर्ला ? शोषित वर्गको पक्ष लिएर शोषक वर्गका विरूद्ध ऊ कसरी लड्ला ?

यथार्थमा भन्ने हो भने, हिजोसम्म प्रतिकृयावादी संगठनमा लागेका वा प्रतिकृयावादी विचार बोकेर हिंडेका तर आज चुनाव जित्नका निम्ति हाम्रा बनेका अवसरवादी व्यक्तिहरूलाई अब सपार्न सक्ने स्थिति कमै छ । हामीले उनीहरूलाई हामीतिर आउन चाहने हो भने शुरूमै हिजोको आफ्नो अडानबारे आत्मालोचन गराउने काम र अब आइन्दा प्रतिकृयावादी राजनीति त्यागेको घोषणासम्म पनि गराएका छैनौं । त्यसैले, कतिपय स्थानमा त पुराना हाम्रा वामपन्थी कार्यकर्ताहरूमा ठूलै हतोत्साहको सृजनासमेत हुन गएको छ । जनता अचम्भित छन् ।

साँच्चै भन्ने हो भने, हाम्रो यो अवसरवादिताको फाइदा उठाएर र हाम्रो यो लाचारीको बुई चढेर चुनाव जितेका यो हदका व्यक्तिहरूलाई सपार्न खासै उपचार छैन । तर यिनीहरू बाहेकका यस्ता व्यक्तिहरू, जो हिजो खासै कुनै राजनीतिमा सक्रिय थिएनन् र कतै कुनै पेशामा लागेर समय गुजारिरहेका थिए, र जो आज हाम्रो पक्षका विजयी उम्मेदवार बनेका छन्, उनीहरूका निम्ति भने हामीले तत्काल केही ठोस् कामहरू गर्नु जरूरी र उपयोगी हुन्छ ।

यी कामहरू मूलतः उनीहरूलाई साँच्चै प्रगतिशील विचार र आचरणले लैश कसरी पार्ने भन्ने सवालसित सम्बन्धित छन् । यी कार्यक्रमहरूले हाम्रा पुराना कार्यकर्ताहरू, जो उम्मेदवार भए वा स्वयंसेवक भए, दुवैलाई नै पनि 'रिफ्रेस' गर्न मद्दत गर्ने कुरा पनि टड्कारो नै छ ।

यस्ता कार्यक्रमहरूलाई ठोस रूपमा उल्लेख गर्ने हो भने ती यस्ता कार्यक्रमहरू हुन सक्छन्:-

तत्कालैदेखि उनीहरूका बीच वैचारिक सांस्कृतिक सवालमा छलफल, अन्तर्क्रिया र आत्मसमीक्षात्मक प्रशिक्षण कार्यक्रमहरू चलाउनुपर्छ । यी छलफल, अन्तर्क्रिया र प्रशिक्षण कार्यक्रमहरूमा उनीहरूलाई स्थानीय निकायमार्फत् के गर्न सकिन्छ, के सकिन्न त्यसको सीमा स्पष्ट पार्ने काममा जनपक्षीय जनप्रतिनिधि हुन उनीहरूले के के कुरामा ध्यान दिनुपर्छ भन्ने कुरामा बढी ध्यानाकर्षण गराउनुपर्छ । यसै सिलसिलामा आफू "जनविरोधी जन-प्रतिनिधि" नबन्नका निम्ति के के गलत व्यवहार र आचरण आफूले त्याग्नु पर्ने हो, यस विषयमा पनि ठोस रूपमा छलफल हुनु जरूरी देखिन्छ ।

समाजवादी विचारधारा र संस्कृतिका आधारभूत ज्ञान दिने खालका गोष्ठी, सेमिनार, कक्षा आदिको शुरूवात तत्कालै र शुरूमै गर्नुपर्छ ।

देश, विदेश र गाउँनगरका टड्कारा समस्याबारे अध्ययन-चिन्तन गर्न प्रेरित गर्ने र "वैचारिक राजनीतिक" विषयमूलक पत्रपत्रिकाहरू र पुस्तकहरू पढ्न, जनपक्षीय गीत, संगीत, नाटक, फिल्म हेर्न र तिनबारे छलफल गर्न प्रेरित गर्ने काममा प्रेरित गर्नुपर्छ । यस निम्ति एउटा निश्चित पाठ्यक्रम नै तोक्न सके निकै राम्रो हुने थियो ।

यी कुराहरूका निम्ति पार्टीहरू, पार्टी कमिटीहरू र चिन्तनशील व्यक्ति व्यक्तिले पनि पहल लिनु जरूरी छ । हैन भने, भोलि चार पाँच वर्षभित्रमा जनतामा हाम्राबारे नराम्रो प्रभाव पर्नेछ । "जो आए पनि चोरै चोर" भन्ने पुरानै आहान जनतामा स्थापित हुनेछ । विश्वास र आशाको वातावरण समाप्त भई जनता हतोत्साहित भएर राजनीतिक रूपले आत्महत्या गर्नेतर्फ उन्मूख हुनेछ ।

यस आत्महत्यामुखी अवस्थामा जनतालाई पुर्‍याउने कि नपुर्‍याउने ? यो कुरा हाम्रै चासो र प्रयत्नमा भर पर्नेछ । ❑

उ उनले पार्टी संगठनलाई क्षेत्रीय सिद्धान्तको सट्टा उत्पादन-सिद्धान्तमा संगठित प्रारम्भिक पार्टी इकाइको सिद्धान्त अपनाए । उनले पार्टीको भूमिकालाई कम आँक्ने, स्वतःस्फूर्तताको महत्वलाई अतिरंजित रूपमा प्रस्तुत गर्ने र मजदूर वर्गका साथीहरूको प्रश्नलाई गलत व्याख्या गर्ने गलत प्रभावबाट पार्टीलाई मुक्त गर्ने कोशिस गरे । पुनर्गठनपछि कम्युनिष्ट पार्टी मजदूरहरूको अझ नजीक भयो र पार्टीको वर्गीय आधार सुदृढ भयो । पुनर्गठनबाट जर्मन कम्युनिष्ट पार्टीलाई व्यापक सर्वहारा पार्टीको रूपमा परिवर्तन गर्न निकै मद्दत पुग्यो ।

जर्मनीको समाजवादी एकता पार्टीको केन्द्रीय समितिका प्रथम सचिव वाल्तेर उलब्रिख्तले भनेका छन्- "एर्नस्ट थेलमानको ऐतिहासिक योगदानका फलस्वरूप कार्ल लीब्नेख्त र रोजा लक्जेम्वर्गको नेतृत्वमा बनेको पार्टी जन समुदायको क्रान्तिकारी पार्टीमा परिवर्तन भयो ......"

थेलमानको मार्ग-निर्देशनमा जर्मन कम्युनिष्ट पार्टीका नेताहरूले मजदुर वर्गका विभिन्न तप्कालाई संगठित गर्ने नयाँ तरीका खोज्ने प्रयत्न गर्दै प्रतिकृयावादी वर्ग, सामाजिक जनवादी पार्टी तथा जर्मन ट्रेड युनियनका प्रधान सघको प्रभावमा बाटो भुलेका मजदूरहरूलाई कम्युनिष्ट आजुको पक्षमा ल्याउन निकै परिश्रम गरे र सर्वहाराहरूका जनसंगठनहरू निर्माण गरे ।

### थेलमान निकालिए

थेलमान स्वयं एक सक्रिय ट्रेड युनियन कार्यकर्ता थिए र उनले सबै कम्युनिष्टहरूलाई यसरी नै ट्रेड युनियनमा काम गर्न आहवान गरे । उनको सुझावमा जर्मन कम्युनिष्ट पार्टीसँग सम्बद्ध क्रान्तिकारी ट्रेड युनियन आन्दोलनको एकता सुदृढ भयो, जुन अन्य कुराका अतिरिक्त, १९२८ र १९२९ का थुप्रै सफल हडतालहरूबाट प्रकट भयो ।

प्रतिकृयावादीहरूले ट्रेड युनियनहरूमा कम्युनिष्ट पार्टीको बढ्दो प्रभावको बदला लिन, कम्युनिष्टहरूलाई दुःख दिन तिनीहरू ट्रेड युनियनबाट निकाल्न थाले । १९३१ मा थेलमानलाई यातायात मजदूर युनियनबाट उनी जर्मन कम्युनिष्ट पार्टीको अध्यक्ष भएको र क्रान्तिकारी ट्रेड युनियनबाट निकाला गर्न सुधारवादी नेताहरूलाई विवश गरियो । स्मरणीय छ, दुई वर्ष अगाडि मात्र हेम्बर्ग यातायात मजदूर युनियनमा उनको उल्लेखनीय सेवा र युनियनप्रति उनको निष्ठा निम्ति उनलाई 'सम्मान साथ प्रमाणपत्र' दिइएको थियो ।

### 'लालमोर्चा संघ' को स्थापना

संयुक्त मजदुर मोर्चाको गठनमा तेस्रो दशकतिर जर्मन मजदुर वर्गका एक सर्वाधिक जनप्रिय सार्वजनिक संगठन 'लाल मोर्चा संघ' (रोत फ्रोंत) ले ठूलो भूमिका खेल्यो । 'लाल मोर्चा संघ' १९२४ मा अस्तित्वमा आएको थियो । यसका संस्थापक र स्थायी अध्यक्ष एर्नस्ट थेलमान थिए । यसका सदस्यहरूमा उनको निर्विवाद प्रभाव थियो । सर्वहारा योद्धाहरूको त्यस विख्यात जुझारू संगठनको प्रतीक 'रोत फ्रोंत' शब्द र कस्सिएको मुक्काले प्रतिक्रियावाद र फासिस्टवादका विरूद्ध, पूँजीवादी शोषण र साम्राज्यवादी युद्धविरूद्ध लाखौं जर्मन मजदूरहरूको प्रचण्ड संघर्षलाई अभिव्यक्त गर्दथ्यो ।



# नाजीहरुले थेलमानको हत्या गरेरै छाडे !

*जर्मनीको वस्तुस्थितिमा मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई लागू गर्ने जर्मन मजदूर वर्गका नेता, क्रान्तिका एक वीर सैनिक, एक महान फासिस्टविरोधी र एक जोशिला अन्तर्राष्ट्रियतावादी एर्नस्ट थेलमानको जीवनको झाँकीको दोस्रो भाग*

'लाल मोर्चा संघ' छिट्टै नै मजदूर वर्गको शक्तिशाली अग्रिम दस्ता बन्यो, यसको सदस्य संख्या १९२७ सम्ममा एक लाख पुगेको थियो । यसबाहेक, एक लाख सदस्य भएको युवा कम्युनिष्ट लीग, लाल महिला संघ र अन्तर्राष्ट्रिय मजदूर प्रतिरक्षा संघको जर्मन शाखाको रूपमा पार्टीका अन्य जुझारू समर्थक र विश्वसनीय सहायक पनि थिए । यी संगठनहरूले आफ्नो पंक्तिमा ती सबैलाई आकर्षित गऱ्यो, जो कम्युनिष्ट नभएर पनि प्रतिक्रियावादी निरंकुशताविरूद्ध र शान्ति तथा जनवादका लागि संघर्ष गर्न चाहन्थे ।

'लाल मोर्चा' र थेलमान, जसलाई शत्रुहरूले 'लाल जनरल'को संज्ञा दिएका थिए, सँग डराएर पूँजीपति वर्गले सरकारसँग 'लाल मोर्चा' माथि प्रतिबन्ध लगाउने माग गरे । १९२६ मा सामाजिक-जनवादी मूलरको नेतृत्वको जर्मन सरकारले त्यसमाथि प्रतिबन्ध लगायो । यद्यपि, धेरै समयसम्म 'लालमोर्चा' गैरकानूनी रूपमा कार्यरत रह्यो । हिटलरले सत्ता हत्याएपछि पनि यसका थुप्रै सदस्यहरू फासीवादविरूद्ध संघर्षरत रहे र मजदूरहरूको आजु निम्ति तिनीहरूले आफ्नो जीवन उत्सर्ग गरे । आजसम्म पनि जन-मजदूर वर्गको बूढो पींढी 'लाल मोर्चा' र यसका नेता तेदीलाई बडो गर्व साथ स्मरण गर्छन् । थेलमानलाई मजदूरहरू स्नेहपूर्वक तेदी भनी सम्बोधन गर्दथे ।

### मजदूर-किसानको एकता

कामदार जनताका जनसंगठनहरूमा कम्युनिष्ट पार्टीको सफल कार्यकलापबाट जर्मन सर्वहारा वर्ग तथा स्वयं कम्युनिष्ट पार्टीको क्रियाशीलता बढ्दै गयो । सामाजिक-जनवादीहरू, ट्रेड युनियनका साधारण सदस्यहरू, महिला संगठन र सहकारी समितिहरूमा पार्टीको प्रभाव बढ्यो । १९३३ सम्म यसको सदस्य संख्या तीन लाख पुग्यो अर्थात् १९२८ को तुलनामा करीब दोब्बर भयो ।

थेलमानको नेतृत्वमा कम्युनिष्ट पार्टीले मजदूर वर्गको एकता र कम्युनिष्टहरू तथा सामाजिक जनवादीहरूको संयुक्त कारवाही निम्ति विशेष प्रयासहरू गऱ्यो, जुन फासीवादको बढ्दो खतराविरूद्ध संयुक्त मोर्चाको निर्माणको लागि प्रमुख पूर्वापेक्षित शर्त थियो ।

जर्मन सामाजिक-जनवादी पार्टी र ट्रेड युनियनहरूका दक्षिणपन्थी नेताहरूको भण्डाफोर गर्दै थेलमानले सामाजिक-जनवादी मजदूरहरूलाई आफ्नो पक्षमा ल्याउने कोशिस गरे, जसलाई तिनका नेताहरूले समाजवादी शब्दजालमा धोखा दिएका थिए । उनले जर्मन कम्युनिष्टहरूलाई 'सामाजिक जनवादी

## जर्मन कम्युनिष्ट पार्टीका नेता एर्नस्ट थेलमान

मजदूरहरूतर्फ मित्रताको हात बढाउनु पर्ने' आवश्यकतामा सधैं जोड दिंदै रहे । थेलमानले जर्मन कम्युनिष्टहरूलाई बताए कि, वर्गीय बन्धुहरूलाई संयुक्त मोर्चामा ल्याउन ती कुरामा आफ्नो ध्यान आकृष्ट गर्नुपर्छ, जसले सामाजिक जनवादी र कम्युनिष्टहरूलाई अलग नपारोस् बरू मजदूरहरूको रूपमा आफ्नो वर्गीय हैसियतमा भन्दा सामान्य छ । जबर्जस्ती होइन बरू बन्धुत्वभावले, सम्झाई बुझाई ती गलत विचार लिएका सामाजिक जनवादीहरूलाई वर्गीय क्रान्तिकारी मोर्चामा ल्याउनु पर्छ ।'

थेलमानले बडो साहसका साथ संयुक्त मोर्चाको क्रममा उत्पन्न अवरोधहरूमा प्रहार गरे । सामाजिक-जनवादीहरूसँग मिलेर संयुक्त कार्वाहीको लागि जर्मन कम्युनिष्ट पार्टीको सुदृढ प्रयास प्रभावकारी रहयो । थुप्रै सामाजिक जनवादी मजदूरहरू त्यस पार्टीबाट छुट्टिए र तिनीहरूले सुधारवादी यूनियनहरूसँग नाता तोडे । ठूलो संख्यामा सामाजिक जनवादी मजदूर क्रान्तिकारी ट्रेड युनियन विरोध पक्षको समर्थक भएर जर्मन कम्युनिष्ट पार्टीमा सामेल भए अथवा तिनीहरूले कम्युनिष्टहरूको जनान्दोलनलाई समर्थन गरे । तीमध्ये केहीले १९२३ मा राइखस्ताग (जर्मन संसद) को चुनावमा जर्मन कम्युनिष्ट पार्टीका उम्मेदवारहरूलाई मत दिए, जुन कम्युनिष्ट पार्टीले ५९,००,००० मत प्राप्त गर्नाका कारणमध्ये एक हो (१९३० को तुलनामा १३,००,००० मत अधिक) ।

थेलमान क्रान्तिकारी मजदूरहरू र कामदार किसानहरूबीचको सम्बन्ध सुदृढ पार्न प्रयत्नशील थिए । उनी मजदूर वर्गका साथीहरूमा विशेष गरी किसानहरूको सहभागिताबिना फासिस्टविरोधी संयुक्त मोर्चा कायम हुने कुरा सोच्नै सक्दैनथे । जर्मन किसान समुदायले थेलमानलाई आफ्नो हितका चरम समर्थक ठाने ।

## नाजीविरुद्ध संघर्ष

१९२९ को आर्थिक संकटसँगै जर्मनीका किसानहरूको स्थिति निकै दयनीय भएकोले जर्मन कम्युनिष्ट पार्टीको केन्द्रीय समितिले 'किसान सहायता कार्यक्रम' तयार गरी प्रकाशित गर्‍यो, जसलाई पहिलो पटक १९३१ मई महिनामा थेलमानले ओल्देनबर्गमा भएको किसानहरूको एक विशाल सभामा पढेर सुनाए र स्रोताहरूले निकै उत्साहपूर्वक त्यसलाई अनुमोदन गरे । उनले किसानहरूबारे जर्मन कम्युनिष्ट पार्टीका केही सदस्यहरूको संकीर्ण दृष्टिकोण र किसानहरूको प्रश्नप्रति अवसरवादी न्यूनानुमानको विरोधमा नारा घन्काए- "मजदूर र किसानको मित्रतालाई सुदृढ पारौं ।"

यस कार्यक्रमबाट ग्रामीण क्षेत्रमा पार्टीको काममा प्रोत्साहन प्राप्त भयो । १९३१ को वर्षमा थुप्रै जिल्लामा यस भावनाबाट प्रेरित किसान समितिहरूको आन्दोलन शुरू भयो । थेलमानले गरीब किसानहरूमा अति लोकप्रिय कामदार किसान संघ गठन गरे ।

किसानहरूले थेलमानको सेवालाई निकै महत्वपूर्ण माने । १९३२ को राष्ट्रपतिको चुनावमा किसानहरूका थुप्रै सभा, सम्मेलन र अधिवेशनहरूले उनको उम्मेदवारीलाई समर्थन दिए । १९३२ मा १० देखि १७ जुलाईसम्म कम्युनिष्ट पार्टीले जर्मनव्यापी मनाएको फासिस्टविरोधी सप्ताहमा किसानहरूले सक्रिय भाग लिए । नाजी शासनको बेला फासिस्ट विरोधीहरूले प्रायः गाउँहरूमा शरण पाएको थियो ।

थेलमानको सुझावमा १९३० मा प्रकाशित 'जर्मन जनताको राष्ट्रिय र सामाजिक मुक्ति कार्यक्रम' ले फासिस्ट-विरोधी संयुक्तमोर्चा निम्ति जनसंख्याको



**थेलमानले सर्वहारा क्रान्तिको केन्द्रको रुपमा कम्युनिष्ट इन्टरनेशनलको कार्य समितिको प्रमुख भूमिकालाई बनाउने अन्य देशका कम्युनिष्ट पार्टीहरुको फूटपरस्त प्रयासको कडा विरोध गरे ।**

व्यापक तप्काको समर्थन प्राप्त गर्नमा ठूलो भूमिका खेल्यो । कार्यक्रममा देशमा फासीवादीकरण गरिएको तर्फ संकेत गर्दै राष्ट्रवादी-समाजवादी (नाजी) पार्टीको शब्दजालको भर्त्सना गरिएको थियो । त्यसमा नाजी पार्टीलाई 'जनविरोधी, मजदूरविरोधी, समाजवादविरोधी पार्टी, कामदार जनताको शोषण र दासता निम्ति घोर प्रतिक्रियावादी पार्टी' भनिएको थियो । कार्यक्रममा फासीवाद र साम्राज्यवादविरूद्ध तथा जनवादी जर्मनको स्थापनाको लागि राष्ट्रव्यापी संघर्ष निम्ति आह्वान गरिएको थियो ।

हिटलरको तानाशाही कायम हुनुअघि एकाधिकार पूँजीले फासिस्ट संगठनहरूमार्फत् जर्मनीका सबै जनवादी स्वतन्त्रता र अधिकार समाप्त पार्ने तथा नयाँ विश्वयुद्धको तयारी गर्ने निर्णय गरेको स्पष्ट हुँदै गएपछि, थेलमानले युद्ध र फासीवादविरूद्ध राष्ट्रव्यापी संघर्ष संगठित गर्नेतर्फ विशेष जोड दिए । कामदार जनसमुदायले उनको यस नारालाई आत्मसात गरे-

**"हिटलर-युद्धको प्रतीक हो ।"**

थेलमानको नेतृत्वमा कम्युनिष्ट पार्टीले नाजीहरू सत्तारूढ हुनुअघि फासिस्टविरोधी कार्यहरू व्यापक रूपमा सञ्चालन गरे । कम्युनिष्टहरूले फासीवादविरूद्ध संघर्ष-संघ संगठित गरे जसको सदस्य संख्या १९३२ मा नै १ लाखभन्दा बढी थियो । १९३१ र १९३२ मा अनिकाल र फासीवादविरूद्ध थुप्रै अधिवेशन र सम्मेलनहरू गरिए । १९३२ को उत्तरार्धको दुई महिनामा कम्युनिष्टहरूको नेतृत्वमा ९०० भन्दा बढी हडताल तथा थुप्रै फासिस्टविरोधी सभा र प्रदर्शन भए ।

## सच्चा लेनिनवादी

थेलमान जुझारू र संयुक्त जर्मन कम्युनिष्ट पार्टीका नेता र निर्माता मात्र थिएनन्, बरू उनी श्रेष्ठ अन्तर्राष्ट्रियतावादी र अन्तर्राष्ट्रिय कम्युनिष्ट तथा मजदूर आन्दोलनका एक प्रमुख नेता पनि थिए । १९२४-१९२८ मा थेलमान कम्युनिष्ट इन्टरनेशनलको कार्य समितिका उम्मेदवार सदस्य थिए । १९२८ देखि १९४३ सम्म यसका सदस्य रहे । उनले ट्रेड युनियन इन्टरनेशनललाई सुदृढ बनाउने दिशामा थुप्रै प्रयास गरे, जुन अन्तर्राष्ट्रिय सर्वहारा एकताको द्योतक थियो ।

उनले कम्युनिष्ट इन्टरनेशनलको सैद्धान्तिक विरोधीहरूविरूद्ध अन्तर्राष्ट्रिय कम्युनिष्ट र मजदूर आन्दोलनमा मार्क्सवादी-लेनिनवादी विचारको विशुद्धता तथा विजय निम्ति दृढताका साथ निडर भएर संघर्ष गरे । सच्चा लेनिनवादी सिद्धान्तनिष्ठ र दृढताका साथ उनले जर्मन कम्युनिष्ट पार्टी र विश्व कम्युनिष्ट आन्दोलनमा 'दक्षिणपन्थी', 'वामपन्थी' र 'घोर वामपन्थी' अवसरवादी, मार्क्सवाद-लेनिनवादलाई भ्रष्ट गर्ने र असत्य भन्नेहरूविरूद्ध तीव्र संघर्ष जारी राखे ।

थेलमानले सर्वहारा क्रान्तिको केन्द्रको रूपमा कम्युनिष्ट इन्टरनेशनलको कार्य समितिको प्रमुख भूमिकालाई बनाउने अन्य देशका कम्युनिष्ट पार्टीहरूको फूटपरस्त प्रयासको कडा विरोध गरे । उनले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा सबभन्दा शक्तिशाली र सर्वाधिक अनुभवी पार्टीको रूपमा सोभियत संघको कम्युनिष्ट पार्टीलाई दृढतापूर्वक समर्थन गरे । (बाँकी अर्को अंकमा)

प्रस्तुतिः **प्रकाश नेपाल**, काभ्रे

---

प्रेरक प्रसंग

# उपहार मन नपराउने लेनिन

लेनिनलाई कसैले उपहार पठाएको बिलकुलै मन पर्दैनथ्यो, अझ त्यसमा पनि संस्थाहरूले उपहार पठायो भने । १९१९ तिरको कुरा हो, भरखर भरखर राजकीय फार्महरूबाट अन्न र फलफूलहरू उत्पादन हुन थालेको थियो । २२ अगस्त १९१९ को दिन मस्को सोभियतको खाद्य विभागद्वारा राजकीय फार्ममा उत्पादन भएको फलको नमूना लिएर लेनिनलाई



पठाइयो ।

यो काम लेनिनलाई पटक्कै मन परेन । भोलिपल्टै खाद्य विभागलाई एउटा चिठी पठाए । चिठीमा लेखिएको थियो- "म विनम्रतापूर्वक तपाईंसँग प्रार्थना गर्दछु कि फेरि यसरी फल वा अन्य चीज मलाई पठाउने काम नगर्नुहोला । मलाई फल वा केही कुरा पठाउने जरूरत छैन । बरू यसको बदला राजकीय फार्ममा कति फल उत्पादन भयो र कहाँ कहाँ वितरण गरियो, ती उत्पादन भएका फलहरूमध्ये अस्पताल, स्वास्थ्य चौकी, बच्चाहरूको नर्सरी आदि ठाउँमा जान्छ कि जाँदैन र गएको भए कति गएको छ, त्यसको तथ्यहरू म थाहा पाउन चाहन्छु ।"

❑ मुक्ता श्रेष्ठ

# महाकालीको विकल्प के ?

## के हुनुपर्छ हाम्रो जलविद्युत विकासको रणनीति ? २

**गया व्यापक जनविरोध हुँदाहुँदै महाकाली सन्धिलाई निकै हतारोमा नेपालको संसदले गएको वर्ष असोजमा दुई तिहाई बहुमतले पारित गर्‍यो । तर व्यापक जनदवाबको कारण त्यो सन्धि एक्लै पारित भएको थिएन । त्योसंगै एउटा चारबुँदे संकल्प प्रस्ताव पनि पारित भएको थियो । नेपालका परराष्ट्र मन्त्री प्रकाशचन्द्र लोहनीका अनुसार, नेपालले लगतैपछि नै सन्धिलाई महाकाली संकल्प प्रस्तावसहित भारतको अनुमोदनको निम्ति पठाइसकेको छ । तर भारतले यसको प्रत्युत्तर अहिलेसम्म दिएको छैन । यस्तो प्रतीत हुन्छ, भारत सरकारलाई नेपालको संसदले पारित गरेको संकल्प-प्रस्ताव मान्य भइरहेको छैन । यो कुरालाई गत महिनामात्र भारतका प्रधानमन्त्री इन्द्रकुमार गुजरालको नेपाल भ्रमणको अवसरमा महाकाली सन्धिमा प्रधानमन्त्री स्तरमा हस्ताक्षर हुँदा उक्त संकल्प प्रस्तावको नामसम्म पनि नलिइएको कुराले पनि पुष्टि गरेको छ ।**

**महाकाली सन्धि पारित भएपछि पनि महाकाली सन्धिले उठाएका विवादहरु अझै सेलाइसकेका छैनन् । महाकाली सन्धि खालि एउटा संझौता मात्र होइन, त्यसमा सरकारको नेपालको जलस्रोत उपयोग र विकाससम्बन्धी समग्र अवधारणा अभिव्यक्त भएको देखिन्छ । नेपालका ठूला-ठूला नदीनालाहरुबाट पानी उत्तिकै भारततिर बहिरहेछन् र त्यसबाट बिजुली निकालेर त्यो निर्यात गरेमा नेपालले प्रशस्त राजश्व आम्दानी गर्न सक्छ र त्यसबाट तीव्र गतिमा देश विकास गर्न सकिन्छ भन्ने अवधारणा यो सन्धिबाट अभिव्यक्त भएको छ । के यो विकासको अवधारणा सही छ ? के विद्युत निर्माणबाट देश उँभो लाग्न सक्छ ? महाकाली त हुन्न भनियो, त्यसको विकल्प के ? अन्यत्रको अनुभवले के भन्छ ? यी र यस्ता प्रश्नहरु हाम्रा सामु मुख बाएर खडा भएका छन् ।**

**यी प्रश्नहरुको हल खोज्ने उद्देश्यले केही समयअघि हामीले नेपालका चिरपरिचित जलस्रोतविद विकास पाण्डे, दीपक ज्ञवाली र अजय दीक्षितबीच विचार अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेका थियौं । हाल अमेरिकामा अध्ययनरत इंजीनियर विकास पाण्डे त्यतिखेर बिदामा नेपाल आउनु भएको बेला थियो । प्रस्तुत छ- त्यही अन्तर्क्रियाको दोस्रो भागको सार-संक्षेपमा:**

### श्याम श्रेष्ठ

पानी त हाम्रो उत्तिकै बगेर जाँदैछ । त्यसलाई त्यसरी खेर फालिराख्नुको सट्टा भारतलाई दिएमा लगानी नै नगरी बसी बसी करोडौंको रोयल्टी आउँछ भन्ने तर्क छ नि त मन्त्रीहरूको !


### अजय दीक्षित

यो गरीखाने होइन, बसीखाने कोणबाट आएको तर्क हो । हामीले लगानी पनि नगर्ने, तरक्की पनि नलाउने, सबै कुरा अर्कालाई सुम्पने र आफू पेट कन्याउँदै बसी बसी खाने । यही नै गर्ने हो भने त देशै ठेक्कामा दिए भइहाल्यो । हैन भने, बसी बसी खाने प्रवृत्तिले देशको विकास कहिल्यै हुन सक्दैन ।

### दीपक ज्ञवाली

राजस्व खाने तर्क सरासर गलत तर्क हो । पानी बगिनै रहेको थियो र त्यो उत्तिकै उपयोगी छ भने हामीले अहिले किन टाउको दु:खाएको त ? किन हामी यत्रो ठूलो बाँघ बनाउनतिर लागेको त ? हामी किन सन्धि गर्न लागेको ?

हामीले बाँध यसकारण बनाउनु परेको हो कि, बगिरहेको पानीमा त्यो गुण छैन, जसबाट हामीलाई कुनै मूल्य, कुनै उपयोगिता प्राप्त होस् । बाँध बाँधेपछि नै पानीलाई नियन्त्रित रूपले र उपयोगी ढंगले प्रयोग गर्न संभव हुन्छ । नत्र बगिरहेको पानी त सुख्खा याममा निकै कम हुन्छ । वर्षा याममा यति सारै धेरै हुन्छ कि, त्यसलाई प्रयोग नै गर्न सकिन्न । बाँध बाँधेपछि नै वर्षामा नदीबाट हुन सक्ने हानी निकै कम गर्न सकिने हुन्छ । त्यसको पानी संचित गर्न सकिने हुन्छ । नत्र आर्थिक लाभ उत्तिकै बगिरहेको पानीबाट हुन सक्दैन । श्रम लगाएर त्यसमा बाँध बनाएपछि नै त्यसबाट आर्थिक लाभ अधिकतम पाउनु संभव हुन्छ । बाँध त फेरि हाम्रो जमीनमा बन्छ । यस्तो भएपछि त्यो अधिकतम आर्थिक लाभको न्यायोचित हिस्सा हामीले पाउनु पर्‍यो कि परेन ? यो प्रश्न बिर्सेर "उत्तिकै बगिरहेको पानी" दिएर के भो त भन्नु हास्यास्पद कुरा हो ।




**इन्जिनियर विकास पाण्डे, जलस्रोतविद्हरु दीपक ज्ञवाली र अजय दीक्षितका बीच सम्पन्न अन्तर्क्रिया**

### अजय दीक्षित

पानीलाई ठूलो क्षेत्रमा सिंचाई गर्न किसानको स्तरमा भएको प्रविधिले पुग्दैन, त्यसको लागि उन्नत प्रविधि प्रयोग गरेर ठूलो बाँध निर्माण गर्नुपर्छ । बाँध उत्तिकै निर्माण हुँदैन, त्यसको लागि उपयुक्त ठाउँ चाहिन्छ । पानीको अधिकतम उपयोग हुनको लागि उपयुक्त जमीन चाहिन्छ । त्यो जमीन कहाँ छ त ? नेपालमा । भारतमा वालछ्याल पानी नभएको त होइन । हाम्रा नदीका सबै पानी बगेर उतै जाने हो नि ! तर किन भारत भारतीय भू-भागमा बाँध बनाउन सक्दैन ? किन ऊ बिहारमा बाँध बनाउन सक्दैन ? किनकि, त्यहाँ ऊसित बाँध बाँध्नका लागि उपयुक्त जमीनै छैन । त्यस्तो जमीन नेपालमा छ । त्यसैले त यहाँ कोशी उच्च बाँध, पंचेश्वर उच्च बाँध, बूढी गण्डकी उच्च बाँध बनाउने लक्ष्य भारतले राखेको हो । अरू २९ वटा उच्च बाँध बनाउन मिल्ने जमीन नेपालमा छन्, जुन भारतको गंगा बेसीनमा छैन ।


यो जमीनको ठूलो मूल्य छ, किनकि, हाम्रो जमीनबिना पानीको त्यो विशाल भण्डारको प्रयोग नै संभव छैन । तर हाम्रो यो जमीनको अपार महत्व यहाँको सरकार चलाउनेहरूले ठ्याम्मै बुझेनन् । त्यसैले उनीहरू सित्तै बगेर जाने पानीको तर्क गरिरहेछन् । पानी मात्र होइन, हामीसित अति मूल्यवान जमीन छ, जुनबिना भारतीय सिंचाई संभव नै छैन , यो कुरा सरकार चलाउनेहरूले बुझेको भए, उनीहरूको भारतसित मोलतोल गर्ने ढंग नै अर्को हुन्थ्यो । उनीहरू हैन, भारत झुक्नु पर्ने स्थिति पैदा हुन्थ्यो ।

### विकास पाण्डे

प्राकृतिक स्रोतको रोयल्टी वा भाडा खाएर त्यसैलाई 'विकास' भन्ने धारणामाथि नै म प्रश्न उठाउन चाहन्छु । के यस्तो 'विकास'लाई साँच्चि नै विकास भन्न मिल्छ ?

यसको प्रत्यक्ष उदाहरण नाइजेरिया छ, जुन अहिले बर्वाद भएर सैनिक शासनको कुचक्रमुनि परेको छ ।

विश्वमा जब तेलको संकट भयो, ओपेक राष्ट्रहरू त्यसलाई 'तेलको व्यापारमा अपार बृद्धि' भन्दा रहेछन् । यो समयमा तेलको माग र भाउ विश्वमा ह्वात्त बढ्नाले नाइजेरियाको आम्दानीमा एकैचोटी पाँच, छ गुणा बृद्धि भयो । त्यसको असर के भयो त ? त्यो पैसा शहरमा आयो । सरकारले त्यसको राजस्व



**अरुणको विकल्पमा बन्ने साना मझौला आयोजनाहरु धेरैजसो हाम्रै सहभागितामा, हाम्रै बलबूतामा बन्दैछन् ।**
**–अजय दीक्षित**

उठायो । र, शहरमा ठूला ठूला सडक, घर बने र सुविधाहरू ह्वात्तै बढे । सरकारले पनि विकासका ठूला ठूला सपना देख्न थाल्यो । विकास र अवसर जत्ति शहरमा थुप्रिएपछि गाउँका ठिटाहरू सारा शहरमा ओइरिए । गाउँमा खेतीपातीमा मान्छेको आकर्षण हरायो । सबै चाँडै धनी बन्न र सजिलो काम खोज्न शहरमै झुम्मिए । मान्छेको महत्वाकांक्षा निकै बढ्यो । भ्रष्टाचार पनि निकै बढ्यो ।

तर, तेल उद्योग त नाइजेरियालीहरूको हातमा थिएन । त्यो त विदेशी कम्पनीको हातमा थियो । नाइजेरिया त त्यसबाट राजस्व मात्र खान्थ्यो । तेलको व्यापारमा सधैंभरि बृद्धि कायम रहेन । तेलको माग कुनै बेला गएर घट्यो । त्यसको मूल्य पनि घट्यो, राजस्व पनि घट्यो । यो स्थितिमा लागेको बानी र महत्वाकांक्षा त घटेन । त्यसपछि, देश चलाउन विदेशी ऋण लिन थालियो । फलस्वरूप, तेलको संकट सकिएपछि नाइजेरिया ठूलो मात्रामा विदेशी ऋणको जालोमा पर्‍यो । यस्तै हालत ओपेकका धेरै राष्ट्रको भयो ।

अहिले नाइजेरिया बर्बाद भएको छ । त्यहाँ चर्को राजनीतिक अस्थिरता छ । त्यहाँको तेल उद्योग मुट्ठीभर शक्तिसम्पन्न वर्गको हातमा छ । सुखी-सम्पन्न पनि तिनै वर्ग मात्र बनेका छन् । त्यहाँको विकासमा आम-जनताको सहभागिता नै रहेन । न त उनीहरूको जीवनस्तर नै उन्नत भयो । के यस्तो 'विकास' लाई पनि हामीं विकास भन्न सक्छौं ?

प्राकृतिक स्रोतको रोयल्टी वा भाडाको भरमा विकास गर्न खोज्दा देश कसरी बिग्रिन्छ, त्यसको ज्वलन्त उदाहरण नाइजेरिया हो ।

हाम्रो महाकाली, कर्णाली, अरूण, सेती आदि त्यही ढाँचामा बन्न लागेका आयोजना हुन् । यी आयोजनाहरू बाहिरका कम्पनीहरू आएर हाम्रो निम्ति बनाइदिन्छन्, त्यसबाट राजस्व आउँछ र देश विकास हुन्छ- यही ढाँचामा यी आयोजनाहरू सोचिएका छन् । यस परिप्रेक्ष्यमा हामी के नाइजेरियाकै बाटोमा अग्रसर छैनौं त ?

हामीसित प्राकृतिक स्रोत नै थोरै छ । यी स्रोतहरूमा पनि हाम्रा अवसरहरू थोरै छन् । हाम्रा दुबै छिमेकी ठूला औद्योगिक शक्तिका रूपमा छन् । हामी उनीहरूले जस्तो एक साथ धेरै क्षेत्रमा हात हाल्न सक्दैनौं । हामीले हात हाल्न सक्ने ठाउँ नै थोरै छ । ती थोरै ठाउँलाई पनि भाडा खान छोडिदिने हो भने नेपालको विकास कसरी हुन्छ ?

प्राकृतिक स्रोतको भाडा खाएर गर्न खोजिने विकास वास्तवमा विकास नै होइन । विकास हुनको लागि प्राकृतिक स्रोतको उपयोगमा नेपाली जनता सरिक हुनु पर्दछ, विभिन्न रूपमा- इन्जिनियरका रूपमा, ठेकेदारका रूपमा, कामदारका रूपमा, सामग्री उत्पादन र सप्लाइकर्ताको रूपमा । साथै, त्यसबाट निस्लेको उत्पादनलाई नेपालीहरूले प्रयोग गरेर अनि मात्र बेच्नु पर्दछ । अनि मात्र कुनै पनि आयोजनाबाट नेपाललाई अधिकतम लाभ हुनेछ । बाहिरकै मान्छे आयो, आयोजना संचालन गर्‍यो, बाहिरकै समान प्रयोग गर्‍यो र बाहिरै उत्पादित बस्तु बेच्यो र पैसा पनि बाहिरै गयो- यस्तो आयोजनाबाट नेपालको विकास हुन्छ नै कसरी ? यस्तो बहिर्मुखी 'विकास' हामीलाई चाहिएको छैन ।

अरूणको सम्बन्धमा पनि हाम्रो आशय अरूण कहिल्यै नबनोस् भन्ने थिएन । अरूण दश वर्षपछि बनोस् र पहिले त्यहाँ बाटो पुगोस् । र, त्यो हाम्रै क्षमताले हाम्रै सहभागितामा बनोस् भन्ने हाम्रो आशय थियो । नत्र विकासको प्रतिफल नेपाली जनताले होइन, मुठ्ठीभर शक्ति सम्पन्न वर्गले मात्र पाउँछन् र यसबाट देशको विकास हुँदैन भन्ने हाम्रो भनाइ थियो ।

त्यसैले, हाम्रो आपत्ति योजना विशेषमा होइन, सरकारको विकासको अवधारणामाथि थियो । विकास जनमुखी हुनुपर्छ र जन-सहभागिताका आधारमा हुनुपर्छ भन्ने हाम्रो भनाइ थियो ।

नाइजेरियामा राजनीतिक अस्थिरताको सबैभन्दा ठूलो स्रोत नै त्यहाँको तेल बन्यो । कारण, किनभने त्यहाँको तेलको विकासमा स्थानीय अर्थतन्त्र र जनताको सहभागिता नै रहेन । त्यसको निम्ति स्थानीय संरचना नै तयार गरिएन । त्यहाँको तेलको स्रोत केन्द्रिकृत रूपमा थोरै शक्ति-संपन्न मान्छेहरूमा केन्द्रित गरियो । पछि त्यही बहुमूल्य स्रोत आफ्नो कब्जामा लिन र मालामाल बन्न त्यहाँ सत्ताको हानाथाप भयो । हुँदाहुँदा सत्ता सेनाको हातमा पुग्यो ।

हामीले भनेको के हो भने- नाइजेरियाको जस्तो विकास हामीलाई चाहिँदैन ।

**हामीले भनेको के हो भने- नाइजेरियाको जस्तो विकास हामीलाई चाहिँदैन ।**



### दीपक ज्ञवाली

नाइजेरियाको उदाहरणलाई अर्थशास्त्रमा 'डच डिजिज' भनिन्छ । 'डच डिजिज' भनेको के हो भने जुन समाजमा कुनै खास विकास प्रक्रियाको निम्ति सामाजिक संरचना नै तयार छैन, त्यो ठाउँमा रेण्ट अर्थात् भाडामा उठेको पैसा धेरै जम्मा भयो भने त्यसले पूरै सामाजिक संरचनालाई नै ध्वस्त पारिदिन्छ । जुन समाज ठूलो मात्रामा आएको राजस्व परिचालन गर्न सक्षम छैन, त्यो समाजमा बित्थामा आएको राजस्व बेसी जम्मा भयो भने, त्यसले समाजमा, त्यसको अंग प्रत्यंगमा चरम विकृति ल्याउँछ । भ्रष्टाचार चर्को रूपमा बढाउँछ । यसैलाई 'डच डिजिज' भनिन्छ ।

नाइजेरिया अहिले राष्ट्रको रूपमा ध्वस्त छ । सेनाले त्यहाँ मुश्किलले राज्यलाई थेगेर राखेको छ । भ्रष्टाचार त्यहाँ निकै व्यापक छ । नाइजेरियाको एक जना मान्छे एक अरब डलर लिएर बेलायत भागेको कुरा त सुनिहाल्नु भयो होला ।

तर समाजको संरचना तयार छ भने, त्यही तेलको राजस्वले कुनै देशलाई निकै सम्पन्न पारेको पनि देखिएको छ । जस्तो North Sea Oil ले गर्दा नर्वे र बेलायत दुबै निकै फष्टाए । किनकि, त्यहाँ तेल र तेलको राजस्वलाई कंट्रोल गर्न सक्ने समाज, स्थानीय सामाजिक संरचना र संस्थाहरू विकसित भइसकेका थिए ।

तर यस्तै फाइदा भेनेजुएलाले लिन सकेन, न त नाइजेरियाले नै लिन सक्यो ।

भाडा खाएर विकासको सपना देख्ने कुरा सामन्ती मनोवृत्ति हो । सामन्तहरू यही गर्छन्- जमीन अरूलाई भाडामा दिएर उनीहरू आफू बसी बसी मोज गर्छन् ।

यसरी प्राकृतिक स्रोतलाई भाडामा लाएर देश विकास गर्ने सपना राप्रपाले देखेको भए म आश्चर्य मान्ने थिइनँ । किनकि, यो उनीहरूको स्वाभाविक प्रवृत्ति हो । तर समाजवादको झण्डा उठाएर देश विकासको नारा दिने कांग्रेस र एमालेले पनि यस्तै सपना पालेको देख्दा मलाई सारै दुःख लागेको छ । आखिर मनोवृत्तिको हिसाबले उनीहरू पनि उस्तै त रहेछन् भन्ने कुरा यसबाट छर्लङ्ग देखिएन र ?

## महाकालीको विकल्प

### श्याम श्रेष्ठ

तपाईहरूको यो सोचले प्राकृतिक स्रोत पोको पारिराख्ने दिशातिर देशलाई लैजान्छ भन्ने सरकारी आरोप छ नि त ?

### अजय दीक्षित

हामीले प्राकृतिक स्रोत पोको पारिराख्ने सोच कहिल्यै राखेनौं । हामीले त महाकाली, कर्णाली, अरूणको विकल्पमा

हाम्रै सहभागितामा, हाम्रै क्षमताले भ्याउने साना साना आयोजनाबाट काम थालौं भन्ने अवधारणा अघि सारेका हौं । हामीले सहभागितामूलक र जनमुखी विकासको विकल्प अघि सारेका हौं । यस्तो विकास संभव छ भन्ने कुराको प्रत्यक्ष उदाहरण हामीसित अहिल्यै सामुन्ने छ । अरूण तेस्रो नबन्ने भएपछि अरूणमा लागेभन्दा तीन भागमा दुई भाग मात्र पैसाले अरूणभन्दा अढाई गुणा छिटो र ३९ प्रतिशत बेसी बिजुली निकाल्न संभव देखिइसकिएको छ- साना-साना आयोजनामा हात हाल्दा । त्यसबाट निक्लेको बिजुलीको लागत मूल्य अरूणको भन्दा प्रति किलोवाट दोब्बरभन्दा पनि बेसी सस्तो पर्ने देखिएको छ । गजबको कुरा के पनि छ भने- अरूणको आयोजना पूरै विदेशी सहभागितामा बन्नेवाला थियो, तर अरूणको विकल्पमा बन्ने साना मझौला आयोजनाहरू धेरैजसो हाम्रै सहभागितामा, हाम्रै बलबूतामा बन्दैछन् । उदाहरणको निम्ति- काली गण्डकी 'ए', खिम्ती, भोटेकोशी, चिलिमे, मोदी र पुवा आयोजनाहरू ।

अरूण बन्न दश वर्ष लाग्थ्यो । यी आयोजनाहरू चारै वर्षमा बन्दैछन् । यी आयोजनामा हाम्रै प्राधिकरणका इंजिनियरहरूले सम्भाव्यता अध्ययन र डिजाइन गर्दैछन्, जस्तो पुवा, मोदी र चिलिमेमा । र, यी आयोजनाहरूमा अरूण र महाकालीभन्दा जोखिमहरू पनि निकै कम छन् । कुनै एउटा आयोजना डुबी हाले पनि देश डुबी हाल्दैन ।

अरूण र महाकालीको विकल्प भनेको यस्तै आयोजनारू हुन् र यस्ता आयोजनाहरू अरू पनि धेरै छन् ।

त्यसैले, प्राकृतिक स्रोत पोको पारिराख्ने भन्ने त सवालै छैन । बरू उति नै पैसाले दुई तीन गुणा बेसी बिजुली दुई तीन गुणा छिटो निकाल्ने उपायको कुरा पो हामीले गरिहेका हौं । र, त्यो पनि हाम्रै बलबूतामा र हाम्रै सहभागितामा । विद्युत प्राधिकरण आफैंले अहिले साबित गरिरहेछ कि यस्तो गर्नु बिल्कुलै संभव छ ।

हामीले जोड दिएको कुरा- विकास आयोजनामा जनताको सहभागिताको सवाल हो । हामीले देखिरहेका छौं- सरकारी भवन भन्यो कि, त्यही भवन बनाउन दुई चार वर्ष लाग्छ । त्यही भवन आफ्नो भन्यो कि, रातोदिन धर्ना बसेर काम गरेर ५ महिनामै तयार हुन्छ । विकास आयोजना पनि त्यस्तै त्यस्तै हो । जबसम्म जनताले सोच्छन् कि- यो त सरकारी आयोजना हो, यो बनेर हामीलाई के फाइदा ? त्यो आयोजनाप्रति जनताको अपनत्व नै पैदा हुँदैन । अपनत्व पैदा गर्न विकास आयोजनामा जनतालाई सरिक पार्नैपर्छ । त्यो लगानीमा पनि हुन सक्छ, इंजिनिरिङ्गमा पनि, ठेकेदारीमा पनि हुन सक्छ, सिभिल वर्क्समा पनि । मुख्य कुरो- जनतामा यो हाम्रो आयोजना हो, यो सम्पन्न हुँदा हामी माथि उठ्छौं, यो डुब्दा हामी डुब्छौं भन्ने दायित्वभाव पैदा गर्न सक्नु पर्दछ । महाकाली जस्तो ठूलो आयोजनामा यस्तो स्थानीय जन-सहभागिता संभव नै देखिन्न भन्ने हाम्रो भनाइ हो ।

## विकास पाण्डे

प्राकृतिक स्रोत पोको पारिराख्ने होइन कि, त्यसलाई छिटोभन्दा छिटो आफ्नै खुट्टामा उभिएर प्रयोगमा ल्याउने भन्ने कुरा नै हामीले गरिराखेका हौं ।



**गरे ठूला ठूला आयोजना, नगरे विकास विरोधी- यो त ठाडै अप्रजातान्त्रिक संस्कृति भएन र ? यो त 'निर्विकल्प पंचायत' भने जस्तै भएन र ?**
**-दीपक ज्ञवाली**

हामीले उठाएको सवाल एजेन्सीको मात्रै हो । आयोजनामा एजेन्सी को ? ठूलो आयोजनामा हाम्रो एजेन्सी रहँदैन । एउटा सानो जत्थाको मात्र एजेन्सी रहन्छ । यसमा मन्त्री र सचिवसम्मको मात्र एजेन्सी रहला । त्योभन्दा तल त एजेन्सी रहँदैन । कारण, ठूला आयोजनाबारे संझौता पनि मन्त्रीहरूले गर्नु हुन्छ । ठेकेदारी पनि उहाँहरूले नै रोज्नु हुन्छ । योजना विदेशी कम्पनीहरूले बनाउँछन् । भनेपछि, ठूला आयोजनामा हाम्रो विद्युत प्राधिकरण, हाम्रा इंजिनियर, हाम्रा पूँजीपति, हाम्रा संस्था, हाम्रा ठेकेदारहरूको हातमा एजेन्सी रहँदैन । यसमा थोरै मान्छेको मात्र हात रहन्छ, माथिका थोरै शक्तिसम्पन्न मान्छेको मात्र । जुन योजनामा थोरै मान्छेको हातमा मात्र एजेन्सी केन्द्रित रहन्छ, त्यहाँ विकास पनि थोरै मान्छेको मात्र हुन्छ, ध्यान पनि उहाँहरूको थोरै ठाउँमा मात्र पुग्छ ।

हामीले प्राकृतिक स्रोत पोको पारिराख्ने होइन, एजेन्सी विकेन्द्रीकरण गर्ने कुरा गरेका हौं । हामीले महाकाली, कर्णाली लगायत त्यस्ता सबै ठूला आयोजनालाई अहिले गर्नु हुन्न भनेका हौं, किनकि, तिनीहरूमा हाम्रो हातमा एजेन्सी रहँदैन र त्यो निकै थोरै मान्छेका हातमा रहन्छ । हामीले प्रस्तुत गरेको विकल्प के हो भने, हामीले अहिले साना आयोजनाबाट काम थाल्नुपर्छ र क्रमशः ठूलामा जाने रणनीति अप्नाउनुपर्छ ।

साना आयोजना नै यस्ता आयोजना हुन्, जसमा यतिखेर एजेन्सी हाम्रो हातमा रहन्छ । हाम्रो क्षमताको तुलनामा नै कुनै योजना सानो र ठूलो हुने हो । अहिले जुन योजना ठूलो भनिएको छ, भरे हाम्रो क्षमता बढेपछि त्यही योजना हाम्रो लागि सानो हुनेछ । त्यसैले, हाम्रो भनाइ हो- अहिले हाम्रो बूताले भ्याउने सानो ओजनाबाट काम थालौं । क्षमता बढाउँदै लैजाउँ । र बढेको क्षमताअनुरूप हाल ठूला भनिएका आयोजनामा पनि हात हालौं ।

मुख्य कुरा, आयोजनाहरू त्यस्तो छानौं, जसमा हाम्रो विद्युत प्राधिकरण सामेल हुन सकोस्, हाम्रा प्राधिकरणका इंजिनियरहरू सरिक हुन सकून्, हाम्रा निजी क्षेत्रका संस्थाहरू र पूँजी अधिकतम रूपमा परिचालित हुन सकोस् । हामीले त्यस्ता आयोजनाहरू छानौं, जसमा हाम्रो जनशक्ति, हाम्रा उद्योगहरू, हाम्रा कम्पनीहरूले अधिकतम रूपमा सामेल हुन सकून् । उनीहरूको क्षमता बृद्धि गर्दै लैजाउँ । र, त्यही सापेक्षतामा झन् ठूला आयोजना पनि आँट्दै जाउँ ।

एउटा भोटे पीपल काट्यो भने पचास हाँगा आउँछ भन्छन् । जब एउटा अरूण तेस्रो मर्‍यो, त्यसको ठाउँमा भोटे पीपल जस्तै झन चाँडै, झन धेरै र झन सस्तोमा पाँच दशवटा साना मझौला आयोजनाहरू उम्रिए । आखिर त्यसरी उमार्नु संभव रहेछ त ! हामीले त्यही भोटे पीपल जस्तो विकल्पको कुरा गरेका हौं । एउटा ठूलो डाँठ काट्ने र त्यसबाट दश बाह्र वटा टुसा एकै साथ उमार्ने । एउटा ठूलो कर्णाली योजना काट्ने, एउटा विशाल महाकाली आयोजना काट्ने, त्यसको ठाउँमा पचासौं साना मझौला आयोजनाहरू गर्ने । र, उति नै समयमा, निकै कम खर्च र जोखिममा त्योभन्दा बेसी बिजुली हाम्रै क्षमतामा उत्पादन गर्ने, हाम्रै सहभागितामा उत्पादन गर्ने । यही नै त हामीले पेश गरेको विकल्प हो ।

विकल्पको व्याख्या विश्लेषण राम्रोसित नहुँदा कस्तो हुन गएको छ भने- यदि समर्थन गर्‍यो भने ठूलो आयोजनाकै गर्नुपर्ने, नभए विकास विरोधी भइहाल्ने । मान्छेहरूलाई यसरी विकासको पक्षमा वा विपक्षमा विभाजित गरिएको छ । तर स्थिति यसरी दुई ध्रुवमा मात्र छैन । बीचमा तेस्रो विकल्प पनि छ । यही तेस्रो विकल्पको सवाल हामी उठाइरहेछौं ।

जलस्रोत नेपालको लागि निकै ठूलो स्रोत हो । नेपालको गाउँ गाउँमा छ यो स्रोत, जिल्ला जिल्लामा छ यो स्रोत । यसमा लगानी गर्न सक्ने हाम्रा आफ्नै बैंकहरू छन्, निजी क्षेत्रका कम्पनी र पूँजीपतिहरू छन् । हाम्रो आफ्नै प्राधिकरणको ठूलो क्षमता र संभावना छ ।

सरकारले बिजुली किन्ने ग्यारेन्टीका साथसाथै उपयुक्त बिजुली खरीद-मूल्य तोकीदेओस् । यी सबै संस्थाहरू आफैं साना साना आयोजनामा हात हाल्न सक्षम छन् । यी सबै संभावना-हरूलाई एकातिर पन्छाएर जलस्रोत आयोजना विकास गरे ठूलै आयोजनाबाट गर्ने, नगरे गर्दै नगर्ने, ठूला आयोजनाको समर्थन गरे विकासको पक्षधर हुने, नभए विकास विरोधी हुने र जलस्रोत पोको पारेर बस्ने ठहरिने- यस्तो निर्विकल्प सोच हाम्रो यहाँ हावी भएको छ । यसमा व्यापक बहस छलफलको जरूरत भएको छ ।

हो, हामीले अरूण तेस्रो जस्तो ठूला आयोजनाको विरोध गर्‍यौं, जसलाई हाम्रो क्षमताले अहिल्यै बनाउन सकिन्नथ्यो । तर विकल्पमा के आयो त ? नेपालमा अरूण खत्तम भएर अन्धकार छायो कि अरूणभन्दा छिटो, त्यो भन्दा सस्तोमा त्योभन्दा धेरै बिजुली आयो ? एक वर्ष अगाडि हाम्रो बहस सैद्धान्तिक थियो । अहिले यो एक वर्षमा व्यावहारिक तहमा के पुष्टि भयो ? अरूण जस्ता ठूला आयोजना नहुँदाखेरि देश डुब्दोरहेछ कि त्योभन्दा फाइदाजनक मोलमा त्योभन्दा धेरै बिजुली, त्योभन्दा धेरै छिटो निस्कँदो रहेछ- साना आयोजनामा जाँदा ?

त्यो मूल्यांकन गर्ने बेला आएको छ ।

## दीपक ज्ञवाली

हामी सरासर हिसाबै गरेर हेरौं न- ठूलो आयोजना- अरूण तेस्रो दश वर्षमा बन्थ्यो । त्यसको विकल्पमा बन्न लागेका मोदी, चिमिले, पुवा, खिम्ति, भोटेकोशी, काली गण्डकी सबै चारै वर्षमा बन्दैछन् । अरूणबाट २०१ मेगावाट बिजुली

निस्कन्थ्यो, यी आयोजनाबाट २८० मेगावाट बिजुली निक्लँदैछ। अरूणको लागत १०८ करोड डलर थियो, यी आयोजनाको लागत ७१ करोड डलर मात्रै छ। अरूणको बिजुलीको उत्पादन मूल्य प्रति किलोवाट ५००० डलरभन्दा पनि माथि थियो। यी आयोजनाको उत्पादन मूल्य औसत दुई हजार डलर छ। अब भन्नुहोस् त, कुन खालको विकल्प नेपालको लागि उपयुक्त र फाइदाजनक छ ?

यही कुरा महाकालीको सम्बन्धमा पनि लागू हुन्छ। महाकालीमा लगाउने पैसा साना मझौला आयोजनामा लगायौं भने त्योभन्दा धेरै कम जोखिममा, धेरै छिटो, धेरै सस्तो र मात्रामा पनि धेरै बिजुली हामी आफ्नै बूँतामा निकाल्न सक्छौं। यो विकल्प हाम्रै अगाडि छ। हाम्रो सामुन्ने प्रश्न छ- हामीले यो विकल्प अप्नाउने कि निर्विकल्प रूपमा महाकाली, कर्णालीजस्ता ठूला आयोजनामा मात्र ध्यान दिने ?

विकास भन्ने कुरालाई निर्विकल्प एकलकाँटे बनाउने अवधारणा आफैंमा अप्रजातान्त्रिक र गलत छ। विकासलाई प्रजातान्त्रिकरण गर्ने हो भने, यसमा पनि उपयुक्त विकल्पको छनौटको गुंजाइश हुनुपर्छ। गरे ठूला ठूला आयोजना, नगरे विकास विरोधी- यो त ठाडै अप्रजातान्त्रिक संस्कृति भएन र ? यो त 'निर्विकल्प पंचायत' भने जस्तै भएन र ?

जहाँसम्म पोको पारिराख्ने सवाल छ- हामीले तीस वर्षसम्म महाकालीलाई पोकै पारिराख्यौं नि ! तर के यो बीचमा सुनकोशी, त्रिशुली, कुलेखानी, मर्स्याङ्दी बन्न संभव भएन र ? अहिले पनि यसलाई पोको पार्‍यौं भने, यसको विकल्पमा पचासौं साना-साना आयोजनाहरू थाल्न संभव छैन र ? अरूण नबनाएर आधै खर्च, आधै समयमा एकतिहाइ बेसी बिजुली निक्लने ६ वटा विकल्प आए जस्तै, महाकाली नबनाएर पनि अरू थुप्रै साना-मझौला आयोजना थाल्न बिल्कुलै संभव छ। त्यस्ता आयोजना हामी नाम तोकेरै अहिले प्रस्तुत गर्न सक्छौं। समस्या यहाँ सस्तो राम्रो विकल्पको होइन, सोच र प्रतिबद्धताको छ।

## अजय दीक्षित

यहाँ एउटा खास आयोजनाको विकासलाई नै जलस्रोतको विकास भन्ठान्ने गलत सोच हावी भइरहेछ। फलानो योजना बन्यो भने विकास भयो, नत्र अन्धकार हुने भयो- यस्तो प्रचार यहाँ खुबै सुनिन्छ। यो गलत हो।

यहाँ अहिले निर्क्यौल हुनुपर्ने सवाल-



मलाई लाग्छ, चीनको यो अनुभव नेपालको लागि पनि निकै सान्दर्भिक छ। नेपालले अप्नाउनु पर्ने विकासको रणनीति पनि विकेन्द्रित विकासको रणनीति नै हो।

-विकास पाण्डे

जलस्रोतको विकासको प्रकृया हो। कुन प्रकृयाबाट हामी अघि बढ्यौं भने हामीले आफ्नै स्रोत र बूँतामा पनि जलस्रोतको दीगो र राम्रो विकास गर्न सक्छौं ? पहिले यो प्रक्रियाको ठेगान हुनुपर्‍यो। यो प्रकृया ठीक पार्नेबित्तिकै त भौतिक आयोजनाहरू आफैं त्यो पाइप-लाइनमा आइहाल्छन् नि ! आफ्नो देश र आफ्नो क्षमता सुहाउँदो जलस्रोत विकास प्रकृया निर्क्योल नगरी हचुवा ढंगले योजना विशेषमा जाँदा हामीले नदी पोको पारिराख्ने हैन कि, एउटा योजनाले जलस्रोत विकासलाई नै पोको पार्ने सम्भावना देखिएको छ।

# अन्य देशको अनुभव

## श्याम श्रेष्ठ

तपाईंहरूले भन्नु भयो कि नेपालमा जलविद्यत विकासको रणनीति 'सानो र मझौला आयोजनाबाट थाल्ने र ठूलोमा जाने' हुनुपर्छ। यस्तो रणनीति लागू गरेर प्रभावकारी भएको कुनै अर्को देशको अनुभव बताई दिन सक्नुहोला ?

## विकास पाण्डे

छिमेकी राष्ट्र चीनकै अनुभव हाम्रो सामुन्ने छ नि ! चीन हाम्रो नजिकै पनि छ। त्यहाँ क्रान्ति पनि हालसालै, ४८ वर्षअगाडि मात्र भएको हो र क्रान्ति हुँदा त्यो देशको आयस्तर हाम्रो जस्तै थियो।

चीनले क्रान्तिपछि प्रारम्भदेखि नै साना जलविद्युत आयोजना शुरू गर्‍यो। सन् १९५० देखि १९७९ सम्ममा उसले साना जलविद्युतको क्षेत्रमा तीन हजार गुणा क्षमता बढायो। अहिले चीनमा जम्मा जम्मी जति बिजुली निक्लन्छ, त्यसको एक तिहाई भाग साना जलविद्युत आयोजनाबाटै आउँछ। हाम्रो कुल विद्युत क्षमता त्रियासी हजार मेगावाट भने जस्तै चीनको कुल विद्युत उत्पादन क्षमता तीन सय साठी हजार मेगावाट भएको बताइन्छ। यो कुल क्षमतामध्ये पाँच भागमा एक भाग साना जलविद्युत आयोजनाबाटै आउँछ भन्ने चीनियाँहरूको अनुमान छ। हाम्रो जिल्ला भने जस्तै चीनमा तेइस चौबीस शय काउण्टीहरू छन्। अहिले तीमध्ये आठ सयवटा काउण्टीको अर्थात् एक तिहाई जिल्लाको प्रमुख उर्जाको स्रोत साना जलविद्युत आयोजना नै छन्।

ग्रामीण औद्योगीकरणमा चीन अहिले विश्वमै उदाहरणीय मुलुक मानिन्छ। शहरभन्दा बाहिर ग्रामीण क्षेत्रमा चीनले जस्तो औद्योगीकरण अरू कुनै देशले गर्न सकिरहेको देखिन्न। अरू देशको औद्योगीकरण ठूला ठूला शहरमा केन्द्रित छ। तर चीनले आद्योगीकरणलाई शहरमै सीमित गरिरहेको छैन। उसले यसलाई जिल्ला जिल्लामा, गाउँ गाउँमा विकेन्द्रित गरिरहेको छ। चीनको यो अनुभवबारे अहिले विश्वव्यापी अध्ययन हुँदैछ। वास्तवमा चीनले यो तरक्की विकेन्द्रीकरणको नीतिका आधारमा गरेको देखिन्छ। उसले विकासलाई र औद्योगीकरणं विकासलाई केही प्रमुख शहरमा केन्द्रित गरेन। उसले यसलाई व्यापक ग्रामीण इलाकाहरूमा विकेन्द्रित गर्‍यो। जलविद्युतका क्षेत्रमा पनि उसले यही विकेन्द्रीकरणको नीति अभ्यास गर्‍यो। चीनको अद्भूत ग्रामीण विकासको रहस्य यही विकेन्द्रित विकासको रणनीति हो।

मलाई लाग्छ, चीनको यो अनुभव नेपालको लागि पनि निकै सान्दर्भिक छ। नेपालले अप्नाउनु पर्ने विकासको रणनीति पनि विकेन्द्रित विकासको रणनीति नै हो। यो कुरा जलविद्युत विकास र औद्योगिक विकास दुवै क्षेत्रमा लागू हुन्छ।

तर प्रश्न उठ्छ- यस्तो गर्नलाई हामीलाई योजना पुग्छ त ? साना जलविद्युत आयोजना मात्रै छोएर हाम्रो औद्योगिक विकासको आवश्यकता धान्छ ?

हाम्रो देशमा साना जलविद्युत आयोजनाबाट कति विजुली उत्पादन हुन सक्छ, त्यसको कुनै भरपर्दो र विस्तृत तथ्याङ्क नै छैन। डा. हरिमानले नेपालमा ८३ हजार मेगावाट विद्युत उत्पादन हुन सक्छ भन्नुभयो। तर यो ८३ हजार मेगावाटमा साना जलविद्युत आयोजनाबाट निस्कन सक्ने विजुलीको कुनै हिसाब किताब नै सामेल छैन, किनभने डा. हरिमानले तीन सय वर्ग किलोमिटरभन्दा सानो जलविद्युत आयोजनाको अध्ययन नै गर्नु भएन। चीनमा पाँच भागमा एक भाग साना जलविद्युत आयोजना भए जस्तै नेपालमा पनि त्यत्तिकै अनुपातमा साना जलविद्युत आयोजना हुन सक्छ भनेर अनुमान गर्ने हो भने नेपालमा पनि करीब १४/१६ हजार मेगावाट विजुली साना आयोजनाबाटै आउन सम्भव छ। यो हिसाबले साना आयोजनाबाट निक्लने बिजुलीले हाम्रो १०/२० वर्षको विजुलीको आवश्यकता धान्छ त ? हामी निश्चिन्त भएर जवाफ दिन सक्छौं- अवश्य धान्छ र पर्याप्त रूपमा धान्छ। हामीले सानै सानामा हात हाल्यौं भने मात्र पनि हामीलाई पुग्दो योजना हाम्रो नेपालमा विद्यमान छ।

के कति साना विद्युत आयोजना हुन सक्छन्, त्यसको खोजी भएको छैन, कुरा त्यत्ति मात्रै हो। तर खोजी हुनको निमित्त हामीसित पहिले जलविद्युत विकासको देश सुहाउँदो रणनीति त हुनुपर्‍यो। अनि त्यसप्रति प्रतिबद्धता हुनुपर्‍यो।

चीनको अनुभवबाट सिक्ने हो भने, यतिखेर हामीले पनि साना जलविद्युत आयोजनामै जोड दिनुपर्छ। र, जलविद्युत विकासको विकेन्द्रित रणनीति नै अप्नाउनु पर्छ। नेपालको लागि विद्युत विकासको बैकल्पिक रणनीति यही हुन सक्छ। यो रणनीति नै यहाँ सफल हुन सक्छ।

चीनले विद्युत विकासको यो रणनीति अख्तियार गर्दा उसलाई कुनै देशको सहायता उपलब्ध थिएन, जस्तो हामीलाई अहिले छ। तथापि, चीनले आफ्नै खुट्टामा उभिएर जलविद्युत क्षेत्रलाई एउटा सिंगो उद्योगका रूपमा विकास गर्‍यो। हामीले देख्यौं- त्यो सफल पनि भयो। ब्राजिलले जस्तो विदेशी ऋणबाट देशलाई वर्बादीतिर नलगिकन नै चीनले विश्वलाई नै चकित पार्ने गरी जलविद्युत क्षेत्रलाई उद्योगको रूपमा विकास गर्‍यो। के त्यस्तो गर्न सक्ने सम्भावना हाम्रो मुलुकमा पनि छैन र ?

अझ हाम्रो मुलुक त सानो छ। हाम्रो स्रोतहरू पनि थोरै छन् र क्षमता पनि सानो छ। यो स्थितिमा हाम्रो बूताले नै नभ्याउने ठूलो आयोजना आँक्नु नेपालको हितमा छैन। अरूणको समयमा नेपालले

# विकसित पूँजीवादी देशमा बेरोजगारी

बेरोजगारी पूँजीवादको अनिवार्य विशेषता हो । त्यस्तो कुनै एउटा पनि पूँजीवादी मुलुक छैन, जसले बेरोजगारी समस्या हल गर्न सकेको होस् । पूँजीवादले उत्पादनलाई बजारको हातमा फुक्का छाडिदिन्छ । र, बजार हमेशा नाफामुखी हुन्छ, समाजकल्याणमुखी हुँदैन । व्यक्तिगत फाइदाका लागि पूँजीपतिहरू समय समयमा मजदूरहरूलाई निष्काशन गर्छन्, मज़दूरको संख्यामा कटौती गर्छन्, कारखानामा नै ताला लाउँछन् । यही कारणले त्यहाँ बेरोजगारी हमेशा रहिरहन्छ । त्यसमाथि थप, कुनै पनि पूँजीवादी राज्यको संविधानले समाजवादले जस्तो नागरिकहरूलाई मौलिक अधिकारको रूपमा कामको हक दिएको हुन्न । त्यहाँ काम पाउनु हरेक नागरिकको व्यक्तिगत मामला हुन्छ । यही कारणले पनि बेरोजगारी समस्या पूँजीवाद संगसँगै हमेशा ज्यूँदो रहन्छ ।

पूँजीवादी मुलुकमध्ये एकदमै कम बेरोजगारी दर भएका मुलुकहरू जापान र स्विटजरल्याण्ड थिए । जापानमा बेरोजगारी दर १९७० को दशकमा २ प्रतिशत मात्रै थियो । स्विटजरल्याण्डको बेरोजगारी जनसंख्या १९९० को दशकको शुरूसम्म १.१ प्रतिशत मात्रै थियो । तर अहिले जापानको साँढे बाह्र करोड जनसंख्यामा ३.२ प्रतिशत नागरिकहरू पूरै बेरोजगार छन् । अर्थात्, त्यहाँ ४० लाख मानिसहरूको रोजीरोटीको कुनै उपाय छैन । स्विटजरल्याण्डमा बेरोजगारी पाँच गुणा चुलिएर गएको अप्रिलमा ५.५ प्रतिशत पुगेको छ ।

अहिले बेरोजगारीको समस्या निकै तीव्र भएको मुलुक जर्मनी र फ्रान्स हुन् । जर्मनीमा अहिले पछिल्लो अप्रिल महिनाको तथ्यांकअनुसार, ११.२ प्रतिशत नागरिकहरूको कुनै रोजगारी छैन । काम गर्न सक्ने उमेरका नागरिकमध्ये ४७ लाख जनसंख्याको कुनै काम नहुनु भनेको कम गंभीर समस्या होइन । अझ, पौने ६ करोड जनसंख्या भएको फ्रान्समा १२.८ प्रतिशत नागरिकहरू पूरै काम-मामरहित देखिएका छन् ।

अमेरिकाको बेरोजगार जनसंख्या यही अप्रिलमा ४.९ प्रतिशत देखिएको छ । २६ करोड जनसंख्या भएको यो विशाल मुलुकमा सिंगै आधा नेपाल बराबर नागरिकहरूको मुखमा माड लाउने कुनै उपाय देखिन्न ।

बेलायतको बेरोजगार जनसंख्या पनि कम्ती छैन । त्यहाँ यही अप्रिलमा ५.९ प्रतिशत नागरिकहरू बेरोजगार देखिएका छन् । झण्डै फ्रान्स जति नै जनसंख्या भएको यो मुलुकमा बेरोजगारी जनसंख्या पोहोरभन्दा केही घटेको हो । पोहोर यही समयमा त्यहाँ ७.८ प्रतिशत मानिस पूरै बेरोजगार थिए ।

पूँजीवादी मुलुकमध्ये सबैभन्दा बेसी बेरोजगारी दर स्पेनमा देखिएको छ । स्पेनमा १९९७ को शुरू तीन महिनामा २१.७ प्रतिशत मानिस पूरै बेरोजगार थिए । त्यसपछिको माहिलो मुलुक बेल्जियम हो, जहाँ १२.९ प्रतिशत नागरिकहरूको कुनै काम छैन ।

◆ दीपक वैद्य

## कुन मुलुकमा कति छ बेरोजगारी दर ?

| देशको नाम | बेरोजगारी दर/प्रतिशतमा | |
|---|---|---|
| | हाल | एक वर्ष अघि |
| अमेरिका | ४.९ अप्रिलमा | ५.५ |
| अष्ट्रिया | ७.१ " | ७.२ |
| अष्ट्रेलिया | ८.७ " | ८.५ |
| इटाली | १२.२ जनवरीमा | ११.९ |
| क्यानाडा | ९.६ अप्रिलमा | ९.४ |
| जर्मनी | ११.२ अप्रिलमा | १०.२ |
| नेदरल्याण्ड | ६.० मार्चमा | ६.८ |
| फ्रान्स | १२.८ मार्चमा | १२.३ |
| ब्रिटेन | ५.९ अप्रिलमा | ७.८ |
| बेल्जियम | १२.९ अप्रिलमा | १३.४ |
| स्पेन | २१.७ पहिलो त्रैमासिकमा | २२.९ |
| स्विटजरल्याण्ड | ५.५ अप्रिलमा | ४.५ |
| स्वीडेन | ८.४ मार्चमा | ७.४ |

स्रोत: *The Economist, London*, मे १७, १९९७

अरूणबाहेक अर्को कुनै पनि आयोजनामा हात नहाल्नु भनेर विश्व बैंकले प्रतिबन्ध नै लगाइराखेको थियो । कालीगण्डकी 'ए' कै अध्ययनलाई समेत नेपालको सरकारले पैसा छुट्याउनु पाइदैन भनेर विश्व बैंकले प्रतिबन्ध लगाइरहेको थियो । यही हुनाले दश वर्षसम्म यहाँ कुनै आयोजना बन्दै बनेन । त्यसबारे सोच्नै सकिएन । एशियाली विकास बैंकले यस संबन्धमा विश्व बैंकलाई कम्प्लेन पनि गरेको थियो । अरूण तेस्रो गएपछि विश्व बैंकको यो प्रतिबन्धबाट हामी मुक्त भएका छौं । एउटा ठूलो आयोजनालाई नै निर्विकल्प आयोजना बताउने, पंचायतलाई निर्विकल्प व्यवस्था बनाए जस्तो, अनि देशको विकास त्यही एउटा ठूलो आयोजना बने मात्र हुन्छ भन्ने धारणा अरूणको समयमा नेपालको सरकारमा व्याप्त थियो । अरूण तेस्रो गएपछि हामी देख्दैछौं- त्यो धारणा कति गलत रहेछ ।

अरूण रद्द भएपछि अरूणको विकल्पमा थुप्रै स-साना र मझौला योजनाहरू आए । अरूणको भन्दा निकै थोरै खर्चमा अरूणभन्दा निकै छिटो, अरूणको भन्दा बेसी बिजुली आउने भो । आखिर अरूण निर्विकल्प त रहेनछ । अरूण आएन भने त्यो पैसा भियतनाम र पूर्वी यूरोपमा जान्छ भनिन्थ्यो । आखिर त्यस्तो पनि भएन । अझ सबैभन्दा राम्रो कुरा त नेपाल विद्युत प्राधिकरणभित्रकै देशभक्त र स्वाभिमानी तत्त्वहरूले आफैंले लगानी गरेर चिलिमे आयोजना संचालन गरेर देखाइदिए । हाम्रै इंजिनियर, हाम्रै पैसा, हाम्रै प्रविधि, हाम्रै ठेकेदारबाट पनि चिलिमेजस्ता २०-४० मेगावाटका साना आयोजनाहरू बनाउनु सम्भव रहेछ भनेर उनीहरूले व्यवहारिक रूपमा देखाइदिए । म अस्ति विद्युत प्राधिकरणमा गएको थिएँ । निकै ठूलो उत्साह पाएँ मैले ती मित्रहरूमा । त्यो उत्साह अरूणको समयमा त थिएन । यसले देखाएको छ- चीनको जस्तो विकेन्द्रित स-साना आयोजनाहरू बनाउँदै ठूलोमा जाने रणनीति नेपालमा पनि लागू गर्न संभव छ ।

### श्याम श्रेष्ठ

विकासजीले भन्नु भएको जस्तो अनुभव स्विट्जरल्याण्डको पनि त छ नि ! यूरोपेली मुलुकहरूमा विकेन्द्रित विकास र साना आयोजनाको रणनीति अप्नाउने मुलुक स्विट्जरल्याण्ड हो । स्विट्जरल्याण्डमा औद्योगिक विकास तीव्र भएको डेढ सय वर्ष अगाडिदेखि हो । अझ त्यहाँ विद्युतीकरण त गएको सय वर्षदेखि मात्र हुन थालेको हो । तर स्विट्जरल्याण्डले प्रारम्भदेखि नै साना जलविद्युत आयोजनामा जोड दियो । सस्तो र सजिलो बिजुली आपूर्तिको लागि त्यहाँ उद्योगहरू नै छानी छानीकन बिजुली निकाल्न सकिने खोलाको किनारमा स्थापित गर्ने नीति अप्नाइयो । र, त्यहाँ ग्रामीण औद्योगीकरणको नीति अप्नाइयो । यही हुनाले औद्योगिक क्रान्तिपछि यूरोपको अन्य मुलुकमा जस्तो गाउँका बेरोजगार मान्छे शहरमाओइरिने समस्या स्विट्जरल्याण्डले त्यति भोग्नु परेन ।

अहिले स्विट्जरल्याण्डको कुल विद्युत आवश्यकतामध्ये ६९ प्रतिशत विजुली जलविद्युत आयोजनाहरूबाटै पूर्ति हुन्छ । त्यसमध्ये धेरैजसो बिजुली साना र मझौला जलविद्युत आयोजनाहरूबाटै आउँछ । त्यहाँ त दुई-तीन सय किलोवाट वा १/२ मेगावाटका साना आयोजनाहरू खोला छेउमा अहिले पनि बग्रेल्ती देख्न पाइन्छन् भनेर स्विस विद्वान टोनी हेगेनले बताउनु भएको छ । टोनी हेगेनका अनुसार, स्विट्जरल्याण्डको जलविद्युत विकासको अनुभव भनेको साना जलविद्युत आयोजनाको विकासको अनुभव हो । स्विट्जरल्याण्ड अहिले निकै ठूलो आयोजना पनि बनाउन सक्ने भएको छ । तर त्यहाँ बहुसंख्यक आयोजनाहरू सानै छन् ।

### दीपक ज्ञवाली

नकारात्मक अनुभव लिने हो भने- यतिखेर लाओसले थाइल्याण्डसित उही समस्या भोगिरहेछ, जुन समस्या भारतमा विजुली बेच्ने भन्दाखेरि हामीले भोगिरहेका छौं । लाओसमा मेकोङ नदी छ । थाइल्याण्डमा बिजुलीको विशाल बजार छ । अब लाओसको सरकारले हाम्रो सरकारले जस्तै के सपना देख्यो भने- मेकोङ नदीमा विशाल आयोजना बनाउने र त्यसको बिजुली थाइल्याण्डलाई बेचेर मालामाल हुने, चाँडै पैसा कमाउने । यही सपनाको आधारमा उसले मेकोङ नदीमा बिजुली निकाल्न ठूलै ऋण लिएर आयोजना थाल्यो । अष्ट्रेलियाली कम्पनीले आयोजना बनायो । तर एउटै क्रेता थाइल्याण्ड मात्रै त्यो बिजुलीको । थाइल्याण्डले यतिखेर लाओससित बिजुलीको मोल घटाउन निकै चर्को मोलतोल गर्दैछ । लाओस त्यो मोलतोलबाट क्वाँ क्वाँ रूँदैछ । ऋण ल्याएर योजना बनाइसक्यो, थाइल्याण्ड विजुलीका मोल स्वाट्टै घटाएर मात्र बिजुली किन्छु भन्छ । के गर्ने ? विवश छ लाओस । यो स्थितिले लाओसको आर्थिक हालतलाई डाँवाडोल पारिदिएको छ ।

आफ्नो हैसियतभन्दा ठूलो आयोजनामा हात हालेर लाओस अहिले जुन हविगतमा पुगेको छ, त्यसबाट नेपालले सिक्नु पर्दैन ? लाओसकै अनुभवबाट मात्रै पाठ सिक्ने हो भने, हामीले महाकाली जस्तो हाम्रो हैसियतभन्दा सारै ठूलो आयोजनामा हात हाल्न हुँदै हुँदैन ।

(क्रमशः)

**विख्यात ज्योतिष श्री...... का अनुसार ......साल... महिना ......गते......बजे महाभूकम्प जानेछ । त्यसबाट हज्जारौं घरहरु ध्वस्त हुनेछन् र हजारौं मानिसहरुले ज्यान गुमाउनेछन् ।"**

**"ग्रह-नक्षत्रको स्थितिलाई गणना गरी ...का विख्यात ज्योतिषले ...... सन्मा तेस्रो विश्वयुद्ध हुने र त्यसबाट यो संसार पूर्णत नष्ट हुने भविष्यवाणी गर्नु भएको छ ।"**

अखबारहरूमा बेला-बेलामा निस्कने गरेका यस्ता समाचारहरूले सर्वसाधारण जनताको जीवनमा निक्कै ठूलो असर पार्दै आएको देखिन्छ । 'अब संसार नै ध्वस्त हुने भएपछि यो बाँकी छोटो जीवन किन मिहेनतमा बिताउने ?' भनी काम-साम केही नगरी आफ्नो सम्पत्ति खानपीन र अन्य विलासितामा सिध्याएका मानिसहरू पनि भेटिन्छन् । वि.सं. २०१८ सालमा नेपालमा महाभूकम्प जान्छ भनी गरिएको ठूलो प्रचारको कारण कतिपय व्यक्तिहरूले छिट्टै संपत्ति उडाएर सकेका थिए । यो यसको ज्वलन्त उदाहरण हो । त्यस्तै, 'अब संसार नै ध्वस्त हुने भएपछि यो जीवनको अर्थ नै के रह्यो र ?' भन्ने भावना लिई आत्महत्या गर्न तम्सने मानिसहरू पनि भेटिन्छन् ।

भूकम्प र युद्धको कारणले पृथ्वीमा प्रलय आउने भविष्यवाणी गरिएबाट भविष्यवाणी गरिएको मिति पार नहुँदासम्म सामान्य मानिसहरूको जीवन त्रास र भयले आक्रान्त हुने गरेको पाइन्छ । तर 'प्रलय' हुने भनिएको मिति पार भएपछि त्यो असफल भविष्यवाणीप्रति कुनै प्रश्नसमेत नगरी उनीहरू चूप हुन पुग्दछन् । सर्वसाधारण जनताले पनि कुनै प्रश्न उठाउँदैन । अर्को समयमा पुनः अर्को ज्योतिषले त्यस्तै भविष्यवाणी गर्छ र पुनः मानिसहरू भविष्यवाणी गरिएको मिति पार नहुन्जेलसम्म त्राहीमाम भई बस्छन् । र, त्यो मिति त्यसै पार हुन्छ ।

हाम्रो समाजमा यो प्रकृया धेरै समय पहिलेदेखि निरन्तर चल्दै आएको देखिन्छ ।

हालै केही महिना पहिले मात्र काठमाडौंबाट प्रकाशित हुने एक राष्ट्रिय मासिक पत्रिकाले ज्योतिषहरूको भनाइको हवाला दिँदै सन् २००० सम्ममा पृथ्वी ध्वस्त हुने कुराको ठोकुवा गरेको छ । त्यस पत्रिकामा ग्रहण (सूर्य र चन्द्र ग्रहण) हरू र लगन कुण्डली (ग्रह-नक्षत्रहरूको स्थिति दर्शाउने तालिका) लाई आधार बनाई सन् २००० मा पृथ्वीमा ठूलो विनाशकारी महाभूकम्प आउनुका साथै तेस्रो विश्वयुद्ध हुने कुराको भविष्यवाणी गरिएको छ ।

नेपालमा गत माघ १८ गते राति १०.४५ बजेदेखि २.५७ बजेसम्ममा सानो ठूलो गरी जम्मा चारवटा र त्यसभन्दा पछि पनि अरू बीसभन्दा बढी साना भू-कम्पहरू लहरै गए । यस घटनाबाट काठमाडौं र यस वरपर रहेका मानिसहरू अब साँच्चै महाभूकम्प जाने हो कि ?- भनेर त्राहीमाम हुन पुगे । यस क्रममा तत्कालै महाभूकम्प जाने विभिन्न हल्लाहरू तीव्र गतिमा फैलन थाले र यस्ता हल्लाहरूलाई केही पत्रपत्रिकाहरूले छापी 'आकर्षक समाचार' बनाइदिनाले महाभूकम्पको यो हल्लाले अझ बढी चर्चा-परिचर्चा पायो ।

हल्लाकै क्रममा गत फागुण ११ गते काठमाडौंमा ठूलो भूकम्प जाने भविष्यवाणी कुनै एक ज्योतिषले गरेको कुरा पनि प्रकाशमा आयो र त्यस दिन कैयौं मानिसहरू भूकम्पको भयले तनावग्रस्त रहे ।

फागुण ११ गतेको दिन आयो, गयो तर महाभूकम्पको विपत्तिबाट भने कोही पनि नेपालीले गुज्रनु परेन ।

### के भू-कम्प तथा युद्धको भविष्यावाणी गर्न सकिन्छ ?

यस प्रश्नको हल पाउन सबभन्दा पहिले यिनीहरूको कारणबारे चर्चा गर्नु जरूरी हुन्छ ।

मानव समाजको इतिहासले प्रामाणिक रूपमा थाहा पाएको पहिलो भू-कम्प ईसापूर्व ३७३ तिर ग्रीसमा गएको भूकम्प हो । त्यसपछिका कैयौं ठूलठूला भूकम्पहरू र तिनीहरूले गरेका अपार धन-जनको क्षतिबारे इतिहासमा राम्ररी उल्लेख भएको पाइन्छ । तर, इतिहासकारहरूले थाहा पाएको पहिलो भूकम्प पछिका दुई हजारभन्दा बढी वर्षको समयसम्म पनि मानिसहरूले यसका गहकिला वैज्ञानिक कारणहरूको खोजबीन गर्ने काम गरेनन् । त्यतिन्जेलसम्म संसारका विभिन्न भागका मानिसहरूले भूकम्पका सम्बन्धमा विविध अन्धविश्वासी धारणाहरू राख्दै आएका थिए ।

भूकम्पको वैज्ञानिक कारण दिन प्रसिद्ध दार्शनिक अरस्तुले सर्वप्रथम प्रयत्न गरेका देखिन्छन् । अरस्तुको विचार अनुसार, जमीनमुनि कैयौं गुफाहरू रहेका हुनुपर्छ, जहाँ हावा गुम्सिएर रहेको हुन्छ । जब कुनै कारणले गुफाभित्र गुम्सिएर रहेको हावा जमीनमाथि निस्कन थाल्दछ, तब त्यस हावाको वेगले जमीनमाथि ठूलो चाप पैदा गर्दछ र त्यही कारणले जमीन हल्लिनपुग्दछ । भूकम्पको कारणका सम्बन्धमा अरस्तुको यो विचारलाई वैज्ञानिकहरूले धेरै पहिले नै असत्य भएको साबित गरिदिएका थिए ।


भूकम्पको कारणको सम्बन्धमा वैज्ञानिक खोजको थालनी सन् १७५५ मा पोर्चुगलको लिस्वनमा गएको महाभूकम्पपश्चात मात्र भयो । आजभोलि भूकम्प सम्बन्धी अध्ययन गर्ने विज्ञानको छुट्टै शाखा पनि निर्माण भइसक्यो । यस शाखालाई 'सिस्मोलोजी (Seismology)' भनिन्छ ।

हालसम्म भू-गर्भशास्त्रीहरूले भू-कम्पका प्रमुख तीन प्राकृतिक कारणहरू उल्लेख गरेका छन् ।

पहिलो, ज्वालामुखी फुट्दा जमीनमुनिको लेदो जस्तो म्याग्मा लाभाको रूपमा जमीनको कमजोर भागलाई फुटाएर बाहिर निस्कन्छ । यसरी बाहिर निस्कँदा त्यसले जमीनको सतहमा अत्याधिक चाप दिई जमीनमा कम्पन पैदा गरिदिन्छ । त्यस्तै, ज्वालामुखी फुट्दा लाभाको रूपमा भित्रको म्याग्मा बाहिर निस्की भित्र जमीनमुनि खाली भाग बन्न जान्छ । जमीनको सतहको चापको

## ज्योतिषहरुले गरेको भूकम्पको भविष्यवाणी आधारहीन हुने !

# के भूकम्प तथा युद्धको भविष्यवाणी सजिलै गर्न सकिन्छ ?




**केही महिना पहिले मात्र काठमाडौंबाट प्रकाशित हुने एक राष्ट्रिय मासिक पत्रिकाले ज्योतिषहरुको भनाइको हवाला दिँदै सन् २००० सम्ममा पृथ्वी ध्वस्त हुने कुराको ठोकुवा गरेको छ ।**

कारणले त्यस खाली भागमा जमीन भासिन जान्छ र यसले गर्दा पनि जमीन हल्लिन गई भूकम्प पैदा हुन्छ ।

तर, खासगरीकन यस्ता भूकम्पहरू त्यति शक्तिशाली हुँदैनन् र यस्ता भूकम्पहरू ज्वालामुखी क्षेत्र र त्यस वरपरका भू-भागहरूमा मात्र जाने गर्दछन् ।

दोस्रो, प्रकृतिमा हूरीबतास वा नदीको पानीले लगातार कुनै खास ठाउँमा माटो वा चट्टानको मात्रा थुपार्दै लगिराखेको हुन्छ । र, कुनै एक समयमा त्यो थुप्रिँदै गएको माटो वा चट्टानको भार अत्यधिक मात्रामा बढ्न गई जमीनमुनिको चट्टानमा ठूलो चाप पर्न जान्छ । यसले गर्दा जमीनमुनिको चट्टानको संरचनामै केही फेरबदल हुन जान्छ र यसबाट जमीन हल्लिन गई भूकम्प पैदा हुन जान्छ ।

यस प्रकारको भूकम्पको तीव्रता पनि खासै ठूलो हुँदैन ।

तेस्रो, भू-गर्भविद्हरूले शक्तिशाली भू-कम्पहरूको कारणलाई 'प्लेट टेक्टोनिक सिद्धान्त'बाट व्याख्या गर्ने प्रयत्न गरेका छन् । यस सिद्धान्तको आधारमा गरिएको व्याख्यालाई अहिले सबभन्दा बेसी विश्वसनीय व्याख्याको रूपमा लिइन्छ ।

'प्लेट टेक्टोनिक सिद्धान्त' अनुसार पृथ्वीको बाहिरी आवरण, जमीनको सतह र समुद्री पिँध- १२ वटा भन्दा बढी विभिन्न साना ठूला भू-खण्डहरू (Lithospheric Plates) मिलेर बनेको छ । यी भू-खण्डरू त्यसमुनिको लेदो जस्तो अर्धतरल अवस्थाको म्याण्टल (Mantle) मा तैरिएर रहेका छन् । यिनीहरू कुनै पनि स्थिर छैनन्, सबै गतिमा रहेका छन् ।

भूगर्भविद्हरूका अनुसार पृथ्वीका यी भू-खण्डहरू कहीं आपसमा टाढिँदै गइरहेका छन् र यसबाट तिनीहरूको सीमानामा चिरा (Trench) परेर त्यो भन् भन् गहिरिँदै गइरहेको छ भने कहीं एउटा भू-खण्डमा अर्को भू-खण्ड दबिएर गइरहेको छ । जस्तो कि, हिन्द-अष्ट्रेलियाई भू-खण्ड उत्तरतर्फ सर्दैछ र यो उत्तरको यूरेशियाई भू-खण्डमुनि दबिएर जाँदैछ ।

तर, विशाल प्रशान्त महासागरीय भू-खण्ड, उत्तर-पश्चिमका यूरेशियाई भू-खण्ड, उत्तर तथा उत्तरपूर्वका उत्तर अमेरिकी भू-खण्ड र अन्य पूर्वी भू-खण्डहरूबाट क्रमशः टाढिँदैछ । परिणामस्वरूप, प्रशान्त महासागरका पश्चिम-उत्तर र पूर्वका किनारामा पर्ने समुद्री पिँधमा चिराहरू पैदा भई ती भन्भन् गहिरिँदैछन् ।

भू-खण्डहरूको गतिको कारणले तिनीहरूको सीमानानेर जमीनमुनि जहिले पनि हलचल भइरहेको हुन्छ । जमीनमुनिको यो हलचल नै जमीनमाथिको भूकम्पको कारण बन्छ । त्यसैले भू-खण्डहरूको सीमानामा पर्ने भू-भागहरू सबै अत्यधिक भूकम्प जाने क्षेत्रको रूपमा रहेका छन् । संसारमा अहिलेसम्म गएका विनाशकारी महाभूकम्पहरू यिनै क्षेत्रहरूमा परेका छन् ।

भूगर्भविद्हरूले पृथ्वीको सतहका भू-खण्डहरूमा चन्द्र, सूर्य तथा अन्य खगोलीय पिण्डहरूको गुरूत्वाकर्षणको प्रभाव रहने भए पनि त्यो प्रभाव ती विशाल भू-खण्डहरूलाई गतिमा लैजाने स्तरमा नभएको र हुन पनि नसक्ने बताएका छन् । र, उनीहरूले भू-खण्डहरूको गतिको मूल कारण पृथ्वीको आन्तरिक तापशक्ति भएको बताएका छन् ।

भूगर्भविद्हरूका अनुसार, पृथ्वीको केन्द्रतिर अत्यधिक मात्रामा (३५०० डिग्री से.) तापशक्ति छ र जति सतहतिर आइन्छ, यसको मात्रा कम हुँदै जान्छ । यसले गर्दा पानी तताउँदा चिसो पानी तल जाने र तातोपानी माथि आउने संवाहन धार बनेजस्तै पृथ्वीभित्र पनि चिसो भाग तल जाने र तातो भाग माथि आउन खोज्ने म्याण्टल संवाहन धार (mantle convection current) को प्रक्रिया जारी रहेको हुन्छ । र, यही म्याण्टल संवाहन धारले नै विशाल भू-खण्डहरूलाई गतिमा जान बल प्रदान गरेको हुन्छ ।

**पहिलो विश्वयुद्ध र दोस्रो विश्वयुद्धको समयमा आकाशमा रहेका ग्रह नक्षत्रको गति र स्थितिलाई तुलना गरी तेस्रो विश्वयुद्धको भविष्यवाणी गर्न सकिँदैन ।**

भूकम्प जानुका यी विविध कारणहरूको अध्ययनबाट मात्र भूकम्पको भविष्यवाणी गर्नेतर्फ अग्रसर हुनु ठीक हुन्छ ।

तर, धेरैजसा ज्योतिषहरूले गरेका भविष्यवाणीहरू बजारमा प्रचारमा आउने गरेका छन् । ज्योतिषशास्त्रले ग्रह, नक्षत्र तथा अन्य खगोलीय पिण्डहरूको गति र स्थितिको अध्ययन तथा विवेचना गर्दछ । बैज्ञानिक तथ्यले देखाएअनुसार, खगोलीय पिण्डहरूको पृथ्वीमा पर्ने गुरूत्वाकर्षणीय प्रभावले पृथ्वीको भू-खण्डमा उल्लेखनीय असर पार्न सक्दैन । अतः ग्रह-नक्षत्र तथा अन्य खगोलीय पिण्डहरूको गति र स्थितिलाई गणना गरी भूकम्पको सही भविष्यवाणी गर्न असम्भव छ ।

यसको अर्थ, ज्योतिषहरूले गरेका भविष्यवाणीहरू विज्ञानसम्मत देखिँदैनन् । उनीहरूले गरेका भविष्यवाणी अनुसार यदि कुनै बेला भू-कम्प गएछ नै भने तापनि त्यो केवल संयोग मात्र हुनेछ ।

अहिलेसम्म शत-प्रतिशत सही ढंगले भूकम्पको भविष्यवाणी गर्ने विज्ञानको जन्म भइसकेको छैन । तर, भूगर्भविद् तथा सम्बन्धित वैज्ञानिकहरू यस कार्यमा लगातार जुटिरहेका छन् ।

खासगरीकन, हाल रूस, चीन, जापान र अमेरिकामा भू-कम्पको भविष्यवाणी गर्ने बृहत्तर रूपको अनुसन्धान भइरहेको छ ।

यसै क्रममा अनुसन्धानमा लागेका केही-भूगर्भविद्हरू भूकम्पका पुराना अभिलेखहरू र स्थान विशेषका भौगर्भिक संरचनाको आधारमा कुनै खास स्थानमा भूकम्प जान सक्ने भविष्यवाणीहरू गर्ने गर्छन् । तर, यस्ता भविष्यवाणीहरू केही वर्षअघि नै गरिने दीर्घकालीन प्रकृतिका हुन्छन् ।

एक महिनादेखि एक दिन पहिलेसम्म गर्ने लघु अवधिका भविष्यवाणीहरू बचाउको दृष्टिमा बढी महत्वका देखिन्छन् । यसको लागि भू-गर्भविद्हरूले तथ्यमा आधारित, भरपर्दा विभिन्न प्राकृतिक संकेतहरूलाई अध्ययन गर्न थालेका छन् ।

एउटा तलाउमा जमीनमुनिबाट निस्किरहेको ग्याँसको कारणले बुलबुल गरी भुल्का उठिरहेको पानीको अध्ययन गरी जापानका नागोवा विश्वविद्यालयका वैज्ञानिक रिउची सुगिसाकीले भूकम्प आउनु एक हप्ता अगाडि भूकम्प आउने क्षेत्रमा हीलियम, नाइट्रोजन र अर्गन ग्याँस जमीनमुनिबाट सतहमा अत्यधिक मात्रामा बहेर आउने तथ्य पत्ता लगाएका छन् । रिउचीका अनुसार, भूकम्प जानुपूर्व जमीनमुनिको चट्टानमा अत्यधिक चाप पर्नुले नै भित्रका ग्याँसहरू बाहिर आएका हुन् । उनका अनुसार, सतहमा निस्कने यी ग्याँसहरूको अध्ययनबाट लघु-अवधिको भूकम्पको सही भविष्यवाणी गर्न सकिन्छ ।

कुनै कुनै वैज्ञानिकहरूले भूकम्प आउनु केही दिन अगाडिदेखि जमीनमुनिको पानीमा खनिजको मात्रा र घुलिएर रहेको रेडन तथा हीलियम ग्याँसको मात्रा पहिलेको तुलनामा बढेर अत्यधिक हुन पुग्ने कुरा बताएका छन् । त्यसैले जमीनमुनिको पानीको रासायनिक विश्लेषण गरेर पनि भूकम्पको सही भविष्यवाणी गर्न सकिन्छ भनी उनीहरू बताउँछन् ।

त्यस्तै, चिनिया बैज्ञानिकहरूले जन्तुहरूको व्यवहारमा आएको परिवर्तनलाई आधार बनाएर पनि भूकम्पको भविष्यवाणी गर्ने विधि अप्नाएका छन् । सन् १९७५ मा चीनमा गएको महाभूकम्पको भविष्यवाणी यही विधिबाट गरिएको थियो, जुन सही साबित भयो र त्यसले हज्जारौं मानिसहरूको ज्यान जोगाउन सफल भूमिका खेल्यो ।

चिनिया बैज्ञानिकहरूका अनुसार, जन्तुहरूको छालामा सम्भवतः एक त्यस्तो संवेदनशील अंग रहेको हुनुपर्छ, जसले भूकम्प आउनुपूर्व जमीनमुनि चट्टानमा पर्न गएको अत्यधिक चापको कारणले उत्पन्न विकिरणहरूलाई अनुभव गर्न सक्दछ । कोही अन्य वैज्ञानिकहरू भूकम्पपूर्व जन्तुहरूमा देखिने असामान्य व्यवहार त्यस समयमा जमीनबाट निस्कने रेडन ग्याँसको प्रभावबाट देखापरेको हुनुपर्छ भन्ने विचार राख्दछन् ।

**जन्तुहरूको छालामा सम्भवतः एक त्यस्तो संवेदनशील अंग रहेको हुनुपर्छ, जसले भूकम्प आउनुपूर्व जमीनमुनि चट्टानमा पर्न गएको अत्यधिक चापको कारणले उत्पन्न विकिरणहरूलाई अनुभव गर्न सक्दछ ।**

वैज्ञानिकहरूका अनुसार, जन्तुहरूले ५ रेक्टर स्केलभन्दा तलको भूकम्पको संकेतलाई पक्रन सक्दैनन् तर त्योभन्दा माथिको भूकम्पको संकेतलाई तिनीहरूले २४ घण्टा अगावै संकेत दिन सक्छन् ।

यसरी विश्वका वैज्ञानिकहरू विभिन्न वैज्ञानिक तथ्य तथा कारणहरूको आधारमा भू-कम्पको सही विश्लेषण गर्ने विधि पत्ता लगाउन जोडतोडका साथ लागिरहेका छन् । आशा गरौं, भविष्यमा त्यो सही विधि पत्ता लाग्नेछ ।

आधारहीन रूपमा गरिएका भविष्यवाणीहरूबाट हामी प्रभावित हुनु ठीक हुँदैन ।

भवियवाणीको सन्दर्भमा ज्योतिषहरूले युद्ध र महायुद्धको भविष्यवाणी पनि ग्रह नक्षत्रको गति र स्थिति अनुसार गर्ने गरेका छन्, जुन अत्यन्त अवैज्ञानिक र हास्यास्पद छ ।

पहिलो विश्वयुद्ध र दोस्रो विश्वयुद्धको समयमा आकाशमा रहेका ग्रह नक्षत्रको गति र स्थितिलाई तुलना गरी तेस्रो विश्वयुद्धको भविष्यवाणी गर्न सकिँदैन । किनकि युद्ध ग्रह-नक्षत्रको गति र स्थितिको आधारमा हुँदैन । त्यो त पक्ष र विपक्षको बीच बढ्दै गएको अन्तरविरोधको उच्चतम स्थितिमा हुने गर्दछ । ग्रह-नक्षत्रको गति र स्थिति त संयोग मात्र हो ।

हो, युद्ध तथा महायुद्धको भविष्यवाणी पनि गर्न सकिन्छ । तर, त्यसको लागि ग्रह तथा नक्षत्रको गति तथा स्थितिको होइन कि, बरू विश्व-समाजका अन्तर्विरोधी पक्षहरूका गति तथा *स्थितिको सूक्ष्म अध्ययन तथा विश्लेषण* गर्नुपर्ने हुन्छ ।

त्यसैले युद्ध वा महायुद्धको भविष्यवाणी ज्योतिषहरूले होइन, बरू समाजशास्त्रीहरूले गर्दछन्, जो सत्य साबित हुन पनि सक्छ ।

◆ **तुलसीदास महर्जन**

# साला पहाडमे क्या है

◆ मीनबहादुर बिष्ट



**मीनबहादुर विष्ट !**

नेपाली कविता क्षेत्रका एक चर्चित र स्थापित युवा कवि ! उहाँ आजकाल साहित्य क्षेत्रमा भन्दा ज्यादा शिक्षाशास्त्र क्षेत्रमा बढी सक्रिय हुनुहुन्छ । हालै आएर उहाँका फाटफुट केही नयाँ रचनाहरु पनि पत्रपत्रिकाहरूमा छापिएका देखिँदैछन् । हामी आज पाठक वर्गसामु उहाँको कुनै नयाँ कविता प्रस्तुत गरिरहेका छैनौं । बरु पुरानै, तर निकै चर्चित कविता प्रस्तुत गरिरहेका छौं । विगत २०३९ सालमा उहाँले लेख्नु भएको यो कविताले बढ्दो उमेरमा मुलान पस्ने नेपाली संस्कृतिजनित परिस्थितिको राम्रो चित्र उतार्ने र त्यसप्रति व्यंग्य गर्ने काम गरेको छ ।


-मूल्याङ्कन

१. मुहानबाट निस्केर फुत्त
कहीं हुत्तिँदै कहीं थामिँदै
तर कहीं कतै पनि
पछाडि फर्केर
एक नजरसम्म
नलगाउँदै
बरू उल्टै दुई किनारहरूमा
शालीक झैं
उभिएका रोगी पहाडहरूलाई
लात हान्दै बेस्सरी
भागिरहेछ नदी
देश छोडेर

२. काँधमा रातो रूमालले बीचमा
टपक्क बाँधेको झोला, र
कम्मरमा
वर्षौंदेखि शान नलगाई
खिया परेको
खुकुरी भिरेर
थला परेका
बूढा बा आमालाई
मूर्दाघर जस्तो घर
रून्न अऱ्हाउँदै
पियारीहरूलाई साथमा लिएर
हिँडिरहेछन् तन्नेरी छोराहरू
जनम् ठाउँ छोडेर ।

३. बेमौसम
अज्ञात मुलुकबाट
आएको बतास सँगसँगै
लहस्सिँदै र बतासिँदै
उडिरहेछन् दिशाहीन भएर
सुन्दर, मुलायम
फूलका कलिला कोपिलाहरू
र हरिया, नरम पातहरू
बिल्कुल नांगो र कुरूप पार्दै
पर्वतका श्रृंखलाहरूमा
लाम बाँधेर
परेड्मा उभिएका सिपाही झैं
उभिएका बटवृक्षहरूलाई ।

४. लामो खडेरी पछि आएको
अबिरल हुरी र झरीद्वारा
घरद्वार गुमाएका
परेवाका बथानहरू
सुकुम्बासी झैं
खडेरीले शुष्क भएको छाती र
वर्षातले निथ्रुक्क भिजेको जीऊ लिएर
न बस्ने बासको ठेगान
न खाने गाँसको ठेगान
बिलकुल बेठेगान भएर
भौंतारिईरहेछन्
कहिले पूर्व दिशा त
कहिले पश्चिम दिशा ।



५. त्यस्तो केही छैन पहाडमा
जसको म एउटा कविता लेख्न सकूँ
खासमा केही छैन भने पनि हुन्छ पहाडमा
जसको कुनै लेखकले एउटा
निबन्ध लेख्न सकोस्
जस्तो कि
धेरै वर्ष
लाहुर खाएर
केही महिनाको छुट्टीमा घर फर्कँदा
बातैपिच्छे
भन्ने गर्छन् लाहुरेहरू
"साला पहाड मे क्या है"
हो, केही छैन "साला" पहाडमा
केही छैन, तर जरूर केही छ पहाडमा
जस्तो कि
नवजात शिशु मरेका आमाहरू झैं
असाध्य पीडामा आँसु बगाइरहेका
नदीका केही मुहानहरू छन्
चटक्क माया मारेर हिँडे पनि नदीले
अलिकति फोहर पानी र
केही भ्यागुताहरूको पसल थापेर
कत्ति पनि हलचल नगरी
चट्टान झैं जमेका
केही पोखरीहरू छन्
एक्कैसाथ घर रून्दै र काल कुर्दै गरेका
केही बूढाबूढीहरू छन्
अनुहार सकिएका केही पर्वतहरू र
यौवनमै ठहरै परेका
केही बटवृक्षहरू छन्
र छन् आँखाबाट रगतको आँसु चुहाउँदै
कलेजै कटाउने गरी
घुरिरहेका सुकुम्बासी
परेवाका बथानहरू ।

◉




"गरिमा" वर्ष १, अंक १, २०३९ बाट साभार

**भूल सुधार**

गतांकमा प्रकाशित 'अब पश्चिम सेतीको पनि कन्यादान ?' शीर्षकको लेख अन्तर्गत पश्चिम सेती आयोजना: एक परिचय' शीर्षकको सामग्री (पृष्ठ ३८) मा लागत खर्च ३६० मेगावाट निकाल्दा ४८.२ करोड डलर र ७५० मेगावाट निकाल्दा ११४ करोड डलर हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ । -मूल्यांकन

# कसरी व्यवहारवाद हावी हुँदैछ हाम्रो आन्दोलनमा ?

◆ प्रज्ञानरत्न ◆

वय व्यवहारवाद बीसौं शताब्दीको पहिलो पच्चीसीमा साम्राज्यवादको उदय सँगसँगै अमेरिकामा बेस्सरी छाएको पूँजीवादी दर्शन हो। यस दर्शनका प्रणेता थिए- अमेरिकी दार्शनिक चार्लस् स्याण्डर्स् पियर्स। १८७० को दशकमा उनले यो दर्शनको मुख्य मुख्य प्रस्थापना सिर्जना गरेका थिए। व्यवहारवादको मूलभूत नियमको व्याख्या पियर्सले यसरी गरेका थिएः- कुनै पनि विचारको मूल्य त्यसको व्यवहारिक परिणाममा हुन्छ। कुनै पनि विचारको अर्थ त्यसको धारणा बनाउन मिल्ने असरहरूमा खोज्नुपर्छ।

अर्का अमेरिकी दार्शनिक विलियम जेम्सले बीसौं शताब्दीको प्रारम्भमा व्यवहारवादलाई अरू बेसी विकसित पारे। उनले व्यवहारवादलाई उपयोगिताको दर्शनको रूपमा विकास गरे। उनको दृष्टिकोणमा ती सबै अवधारणाहरू सत्य हुन्, जुन हदसम्म ती उपयोगी छन्।

जेम्स त व्यवहारवादको व्याख्या गर्दै यहाँसम्म भन्न पुगे- यदि ईश्वरको अवधारणा सन्तोषजनक ढङ्गले काममा आउँछ भने व्यापक अर्थमा त्यो पनि सत्य हो।

उनको यो धारणामाथि बर्टेण्ड रस्सेलजस्ता तात्कालीन दार्शनिकहरूले प्रश्न उठाए- ईश्वरको अवधारणाले यसमाथि आस्था राख्ने मानिसहरूमा बेलाबेलामा ढाडसपूर्ण ओखतीको काम गर्छ। के त्यत्तिकै भरमा ईश्वर छन् भन्ने कुरा सत्य साबित हुन्छ त ? त्यसो त भूतप्रेतकै अवधारणाले पनि कुनै कुनै मनोरोगीहरूमा राम्रो असर निकाल्ला। के त्यसका आधारमा यो सत्य साबित हुन्छ कि भूतप्रेत भन्ने कुरा अस्तित्वमा छ ?

जेम्सको उपयोगिता र सत्यसम्बन्धी अवधारणा व्यवहारवादका प्रणेता पियर्सलाई समेत उचित लागेन। उनले समेत यसको विरोध गरे। त्यसको सट्टामा पियर्सले सत्यको व्याख्या यसरी गरे- सत्य भनेको त्यो हो, जो अन्ततः त्यसमाथि खोजी गर्नेहरू सबैको साझा सहमतिको विषय बन्छ।

तर सत्यको यो ब्याख्यामाथि पनि वैज्ञानिकहरूले प्रश्न उठाए- एउटा बेलामा ग्रह नक्षत्रबारे खोजी गर्नेहरूको साझा सहमतिको विषय थियो कि- सूर्यले पृथ्वीलाई परिक्रमा गर्छ, पृथ्वीले सूर्यलाई होइन। के यसको आधारमा भन्न सकिन्छ कि- त्यो धारणा सत्य र सही थियो ? त्यसो भए त्यस्तो तथ्यलाई के भन्ने, जो यतिखेर कारणवश खोज अनुसन्धानको पहुँचभित्र छैन, तर कुनै पनि बेला पहुँचमा आउन सक्छ ?

अर्का अमेरिकी दार्शनिक जोन डिवीले व्यवहारवादलाई अरू बेसी विकसित पारे। जोन डिवीले घोषणा गरे- सबै वैज्ञानिक सिद्धान्तहरू, नैतिक नियमहरू र सामाजिक संस्थाहरू मान्छेको व्यक्तिगत लक्ष्यहरू हासिल गर्ने "साधनहरू" मात्रै हुन्। र, ती सिर्फ साधन हुन्।

सत्यबारे डिवीको विचार भिन्नै थियो। ती विचारहरू सत्य हुन्- जो सक्षम "सोधखोज"बाट आएको हुन्छ, डिवीले यस्तो धारणा व्यक्त गरे। उनले भने- 'जान्नु भनेको मुख्य रूपमा कसरी भन्ने कुरा जान्नु हो। सोधखोजले हामीलाई बताउँछ- कसरी परिस्थितिलाई अझ राम्रोमा बदल्न सकिन्छ। यसरी ज्ञान भनेको त्यो कुरा हो, जुन सोधखोजबाट निक्लन्छ।'

डिवीको सत्यसम्बन्धी धारणामा प्रश्न उठ्यो। कुनै पनि सोधखोजको आफ्नै एउटा सीमा हुन्छ, जो त्यतिखेरको समय परिस्थितिले सिर्जना गर्छ। सीमाबिनाको सोधखोज त हुँदै हुँदैन। यस स्थितिमा 'सक्षम सोधखोज' भनेर केलाई भन्ने ? 'असक्षम' केलाई भन्ने ?

अमेरिकाका अन्य मुख्य व्यवहारवादी दार्शनिक थिए- जर्ज हर्वर्ट मीड र क्लारेनस इर्भिङ लेवीस्।

व्यवहारवादी दार्शनिकहरू धेरै भए पनि उनीहरू सबैको केही कुरामा एउटै मत थियो। त्यो के भने कुनै पनि विचारको, नीतिको, प्रस्तावको उपयोगिता, व्यावहारिकता र कामलाग्दोपन नै त्यसको सत्यता र सहीपनको मुख्य कसी हो। जुन विचार व्यक्तिगत लक्ष्य हासिल गर्नका लागि उपयोगी, व्यवहारिक र कामलाग्दो छैन, त्यो सही र सत्य विचार होइन।


व्यवहारवादले कुनै पनि ज्ञानको सत्यको कसौटी सामाजिक व्यवहारलाई होइन, व्यक्तिगत अनुभवलाई ठान्छ। व्यक्तिगत अनुभव त नितान्त मनोगत पनि हुन सक्छ। तथापि, व्यवहारवादले त्यसको पर्वाह गर्दैन। मनोगत पक्षलाई नै, मान्छेको व्यक्तिगत अनुभवको निरन्तर श्रृंखलालाई नै त्यसले सत्यको कसी बनाउँछ। व्यवहारवाद त्यसैले मनोगतवादी आदर्शवादी दर्शनको एउटा धारा हो।

जे कुराले मलाई फाइदा गर्छ, त्यसले समाजलाई ठूलो बेफाइदा पनि गर्न सक्छ। जे कुराले मलाई लाभैलाभ हुन सक्छ, त्यसले समाजलाई नोक्सानी नै नोक्सानी पनि गर्न सक्छ। मेरो उपयोगिता र समाजको उपयोगिता पूर्व-पश्चिम फर्केका हुन सक्छन्। त्यसैले, मेरो उपयोगिता नै समाजको उपयोगिता नहुन पनि सम्भव छ। तर व्यवहारवादले सामाजिक उपयोगितालाई होइन, व्यक्तिगत उपयोगितालाई कुनै पनि विचारको सहीपनाको कसी बनाउँछ। त्यसैले, यो व्यक्तिवादी दर्शन हो। यो आत्मकेन्द्रित दर्शन हो।

व्यवहारवादले परिणाममा जोड दिन्छ। निश्चय नै परिणाम के निस्क्यो, त्यो त अवश्य हेरिनु पर्छ। परिणामको समीक्षा गरेर आफ्नो विगतको गल्तीलाई सच्याउनुमा नै मानव जातिको विकास निहित छ। तर परिणामकै आधारमा मात्र कुनै काम ठीक थियो कि थिएन, जायज थियो कि थिएन भन्ने निस्कर्ष भने निक्लन सक्दैन।

कुनै काम जायज र न्यायपूर्ण हुन्छ, तर त्यो बेलाबेलामा असफलतामा र नकारात्मक परिणाममा टुंगिन्छ। तर के यो परिणामबाट यो निश्कर्ष निकाल्न मिल्छ कि- त्यो जायज र न्यायपूर्ण काम थाल्नु नै बेठीक थियो ? यस्तो गर्ने हो भने त सफलता प्राप्त हुने ग्यारेण्टी नभई कुनै पनि न्यायपूर्ण र जायज काम थाल्नु नै नहुने निष्कर्षमा पुगिन्न र ?

फेरि परिणाम त कुनै कारणका पैदायश मात्र हुन्। कारण र परिणाम एक अर्कामा बदलिन सक्ने कुराहरू हुन्। जुन कुरा यतिखेर परिणाम छ, त्यो अर्कोबेला अर्को कुराको कारण बन्न सक्छ। र, त्यही कारण अर्कोबेला परिणाममा बदलिन सक्छ। यसैले, परिणाममा मात्र जोड दिनु बिल्कुलै अवैज्ञानिक कुरो हो। परिणाम शिक्षा लिनको लागि उपयोगी कुरो हो। कुनै पनि समस्या हल गर्ने हो भने त परिणाम हेरेर यो काम मैले थाल्नु नै हुँदैनथ्यो भनेर थाप्लामा हात लगाई बस्ने होइन, त्यो परिणामको जरो कारण पो खोजिनुपर्छ। कारण थाहा पाउन सकियो भने एकचोटिको असफलता अर्कोचोटि सफलतामा बदलिन सम्भव छ। एकचोटीको पराजय अर्कोचोटि विजयमा



वैज्ञानिक समाजवादका प्रवर्तक कार्ल मार्क्स

**वैज्ञानिक समाजवादको दृष्टिमा साध्य मात्र ठीक भएर पुग्दैन, साध्यमा पुग्ने साधन पनि त्यत्तिकै ठीक र जायज हुनुपर्छ।**

टुंगिन सम्भव छ। तर व्यवहारवादले कारण खोज्नमा जोड दिँदैन।

व्यवहारवादको जन्म अमेरिकामा भए पनि यसको विकास र विस्तार अन्यत्र पनि भयो। बेलायतमा व्यवहारवादी दर्शनका प्रवक्ता थिए- शिलर, र इटालीमा- गियोभानी पापीनी।

शिलरको धारणा थियो वास्तविकता र सत्य भनेका मान्छेले बनाएका कुराहरू हुन्। सत्य र असत्य भनेका आधारभूत रूपमा असल र खराब कुराका रूपहरू हुन्। यी कुनै व्यक्तिविशेषको निजी उद्देश्यसित सम्बन्धित कुराहरू हुन्। र, वास्तविकता भनेको प्लाष्टिक जस्तै कुरा हो, जे पनि बनाउन मिल्ने। सबै कुराको तूलो भनेको मान्छे हो।

तर प्रश्न उठ्छ- मान्छेको चेतनाबाहिर वास्तविकताको स्वतन्त्र अस्तित्व हुन्छ कि हुन्न ? चन्द्रमाले पृथ्वीलाई घुम्छ। यो मान्छेले मनलागी बनाएको सत्य हो कि यो मान्छेको चेतनाबाहिर स्वतन्त्र रूपले अस्तित्वमा रहेको वस्तुगत सत्य हो ? र त्यो प्रकृतिको वास्तविकतालाई मान्छेले प्रतिबिम्बित गरेको सत्य हो ?

शिलरको भनाइले यसरी वस्तुगत सत्य भन्ने कुरा छ र त्यो हाम्रो चेतनाबाहिर स्वतन्त्र रूपले अस्तित्वमा छ भन्ने वस्तुवादी वैज्ञानिक धारणालाई अस्वीकार गर्छ। यसले सत्य र असत्यलाई मान्छेको मनोगत कुरो बनाइदिन्छ। साथै, यसले मान्छेलाई निकै स्वार्थी निष्कर्षतिर डोऱ्याउँछ- जे कुराले मेरो इच्छा पूरा गर्न सघाउ पुऱ्याउँछ, त्यही नै ठीक र सत्य कुरा हो।

चीनमा कम्युनिष्ट पार्टीभित्रै व्यवहारवादका प्रवक्ता थिए- देङ शियाओ पिङ। बिरालो कालो होस् वा सेतो, यसले मूसा मार्छ भने यो सही बिरालो हो ! देङ शियाओ पिङको कथन यस्तो थियो। यही धारणामा आधारित भएर देङले समाजवादभित्र पनि खुला-बजार अर्थतन्त्र भित्र्याए। मुख्य कुरो उत्पादन बढाउनु हो। यदि खुला-बजार अर्थतन्त्र भित्र्याएर उत्पादन बढ्छ भने हामीले त्यस्तो किन नगर्ने ? देङको तर्क यस्तो थियो।

तर समाजवादको चूरो कुरो फगत उत्पादन बढाउनु होइन, सामाजिक न्याय, व्यक्तिगत संपत्तिको आधारमा शोषणको अन्त र समतासहित उत्पादन बढाउनु हो। जसरी पनि उत्पादन बढाउने कुरा त पूँजीवादी सोच हो, यो समाजवादी विशेषता होइन।

वैज्ञानिक समाजवादीहरूको धारणा के हो भने- साध्य मात्र ठीक भएर पुग्दैन, त्यो साध्यसम्म पुग्ने साधन पनि ठीक र जायज हुनुपर्छ। गलत साधनले कहिल्यै पनि ठीक साध्यसम्म पुऱ्याउँदैन। तर व्यवहारवादले यो धारणालाई अस्वीकार गर्छ। व्यवहारवादले साध्य पूरा गर्नुलाई बेसी जोड दिन्छ। हर कुनै तरहले तपाईंको



**चीनमा कम्युनिष्ट पार्टीभित्रै व्यवहारवादका प्रवक्ता थिए- देङ शियाओ पिङ। बिरालो कालो होस् वा सेतो, यसले मूसा मार्छ भने यो सही बिरालो हो ! देङ शियाओ पिङको कथन यस्तो थियो।**

साध्य पूरा हुन्छ भने त्यो तरीका ठीक हो- व्यहारवादले यस्तो धारणा राख्न सिकाउँछ।

अहिले व्यवहारवाद नेपालको वाम आन्दोलनमा पनि छाउन थालेको छ। मुख्य कुरो केन्द्रीय सत्तामा वामपन्थी पुग्नु हो, सरकारमा पुगेपछि नै सबै राम्रा कुरा गर्न सकिन्छ। त्यसैले, जसरी पनि केन्द्रीय सत्तामा पुग्नु जायज र ठीक कुरा हो- नेपाली वाम राजनीतिमा व्यवहारवादी चिन्तन प्रणाली यो रूपमा प्रवेश गरिरहेको भेटिन्छ।

त्यसैले, व्यवहारवादी चिन्तन-प्रणालीका अनुसार, केन्द्रीय सरकारमा पुग्न र त्यहाँ रहिरहन जे पनि गर्नु उचित हुन सक्छ। चाहे राष्ट्रिय हितहरूको तिलाञ्जली दिने कुरा होस् वा जनहितमा बंचरो हान्नु, चाहे मान्छेहरूको किनबेच गर्ने कुरा होस् वा मित्रहरूसितै बेइमानी, चाहे जनतासितै फट्याइँ गरियोस् वा कुनै पनि किसिमको भ्रष्टाचार, चाहे गुण्डागर्दी गरियोस् वा अनावश्यक हिंसाको प्रयोग- हरेक कुरा जायज र उचित छ, यदि म र मेरो समूह केन्द्रीय सत्तामा पुग्ने काम हुन्छ भने। जसरी पनि सरकार, जुन जुन उपाय अप्नाएर भए पनि सरकार, जे जे तिलांजली दिएर भए पनि सरकार ! हाम्रो राजनीतिमा यो प्रवृत्ति अहिले निकै व्याप्त छ। यो प्रवृत्तिको दार्शनिक आधार व्यवहारवाद हो।

हामीले माथि नै देख्यौं व्यवहारवादले जेले मेरो उद्देश्य सिद्धि हुन्छ र मलाई फाइदा गर्छ, त्यो नै ठीक र जायज कुरा हो भन्ने अवधारणा राख्छ। यहाँ अहिले नेपाली राजनीतिमा पनि त्यही अवधारणा हावी हुँदैछ, अलि भिन्नै र परिष्कृत रूपमा। यहाँ म मात्र होइन, मेरो समूह, मेरो पार्टी पनि गाँसिएर आएको छ। मेरो पार्टी सरकारमा पुग्छ भने, मेरो समूह सत्तारूढ हुन्छ भने, जे पनि गर्नु उचित छ- यसरी अभिव्यक्त भएको छ यहाँ व्यवहारवादी दर्शन। तर जब एउटा समूहको स्वार्थ समाजको स्वार्थको विपरीत हुन्छ, जब एउटा समूहको स्वार्थले समाजलाई अँधेरोतिर, ओरालोतिर लैजान्छ, त्यो पनि एक किसिमको व्यक्तिवाद नै हुन्छ र त्यसलाई सामूहिक व्यक्तिवाद भन्नु उचित हुन्छ। अहिले सामूहिक व्यक्तिवाद नेपालको समग्र राजनीतिमा र नेपालको वाम राजनीतिमा समेत जबर्दस्त ढङ्गले छाउन थालेको छ। नेपाली राजनीति यतिखेर अपराधीकरण र अनैतिकताको कारणले विषाक्त भएको छ र त्यसको कारण सामूहिक व्यक्तिवाद हो। सामूहिक व्यक्तिवादको दार्शनिक जग व्यवहारवाद हो।

वैज्ञानिक समाजवादले कुनै पनि किसिमको व्यक्तिवादलाई स्वीकार गर्दैन, चाहे त्यो व्यक्तिगत होस् वा सामूहिक। वैज्ञानिक समाजवादको धारणा के हो भने- जे कुराले व्यक्तिलाई फाइदा गर्छ, त्यसले समाजलाई बेफाइदा र नोक्सानी पनि गर्न सक्छ, तर जे कुराले समग्र समाजलाई नै फाइदा गर्छ, त्यसले एउटा व्यक्तिलाई जम्माजम्मीमा बेफाइदा गर्दैन। त्यसैले व्यक्तिगत हित भन्ने कुरा समाजको हितमा खोजिनुपर्छ, समष्टिगत हितमा खोजिनुपर्छ। कुनै पनि विचार सही हुन त्यो व्यक्ति- उपयोगी हुनु मात्र काफी हुँदैन, त्यो समाज- उपयोगी हुनुपर्छ र त्यसले तात्कालीन समाजको वास्तविकतालाई प्रतिबिम्बित गरेको हुनुपर्छ। त्यसले समाजलाई यथास्थितिमा राख्ने होइन, अघिल्तिर लाने जमर्को गरेको हुनुपर्छ।

वैज्ञानिक समाजवादको दृष्टिमा साध्य मात्र ठीक भएर पुग्दैन, साध्यमा पुग्ने साधन पनि त्यत्तिकै ठीक र जायज हुनुपर्छ। अन्यायपूर्ण साधनबाट न्यायपूर्ण समाज कहिल्यै खडा गर्न सकिँदैन। नाजायज उपायबाट जायज उपलब्धि कहिल्यै हासिल गर्न सकिँदैन। विषको बीउ र बोटबाट अमृतमय फलको आशा कदापि गर्न सकिँदैन।

वैज्ञानिक समाजवादले वकालत गर्ने सत्ता सारमा उत्पीडितहरूको जनसत्ता हो, जन सहभागितामुखी सत्ता हो। सोभियतसघको अनुभवले देखाएको छ- एउटा राम्रो कम्युनिष्ट पार्टी सत्तामा पुग्नु र उसले अधिकतम जनकल्याणकारी समाजवादी सुविधाहरू बर्षाउनुबाट नै उत्पीडितहरूको जनसत्ता विकास नहुँदो रहेछ। यस उपायबाट नयाँ शासक वर्ग अर्थात् नयाँ पार्टी नोकरशाहहरू जन्मँदा रहेछन् र उनीहरूको तानाशाही भएको सत्ता सिर्जना हुँदोरहेछ। बहुसंख्यक उत्पीडित जनता चाहिँ माथिबाट वर्षाइएको सुविधा थापीखाने निरीह शक्तिहीन वर्गमा बदलिँदा रहेछन्। जनसत्ता विकास गर्न समस्त नीति-निर्णय प्रक्रियामा जनताको बदलामा अरू कसैले सहभागिता जनाउने होइन, बहुसंख्यक आम जनता स्वयंको आलोचनात्मक सहभागिता विकास गरिनु जरूरी रहेछ। उनीहरूलाई नै जागृत र शक्ति-सम्पन्न पार्नु जरूरी हुने रहेछ। त्यसैले, साध्य मात्र जनसत्तामुखी भएर पुग्दो रहेनछ, जनसत्ता निर्माण गर्ने हो भने, साधन पनि शुरूदेखि अन्तसम्म जनसहभागितामूलक हुनुपर्दो रहेछ, जनसत्तामुखी हुनुपर्दो रहेछ। पार्टी नोकरशाहहरूको सत्तालाई बलियो पार्दै लगेर कुनै पनि हालतमा जनसत्ता निर्माण हुँदो रहेनछ।

त्यसैले, नेपाली राजनीतिमा हावी भएको जसरी पनि पहिले सत्तामा त पुगूँ भन्ने नामको व्यवहारवादको वैज्ञानिक समाजवादसित गोरू बेचेको साइनोसमेत छैन। यो बाटोबाट पार्टी नोकरशाहहरूको सत्तामात्र विकसित हुनेछ, जनता चाहिँ हमेशा वर्षाइएको सुविधा थापीखाने निरीह शक्तिहीन र परनिर्भर वर्गका रूपमा रहिरहनेछन्। के यस्तो नाजायज साधनबाट कहिल्यै जायज साध्यमा पुग्न सकिन्छ ?

व्यवहारवादी दर्शनका खालि दोषैदोष छन्, कुरा यस्तो पनि होइन। यो मूलतः साम्राज्यवादी युगमा साम्राज्यवादी वर्गको हितको दृष्टिले विकास भएको दर्शन हो। यो व्यक्तिलाई नितान्त व्यक्तिवादी आत्मकेन्द्रित र नाफामुखी पार्ने दर्शन हो। तथापि, यस दर्शनका केही प्रस्थापनाहरू हामी सबैका लागि मननीय पनि छन्। उदाहरणका लागि, व्यवहारवादले कुनै पनि सिद्धान्तलाई अन्तिम र पूर्ण मान्दैन। उसले हरेक सिद्धान्तलाई कामचलाउ प्रस्थापना (working hypothesis) मात्र मान्दछ। यो प्रस्थापना चाहिँ हाम्रो लागि पनि मननयोग्य कुरो हो कि ? ◆

अन्तर्राष्ट्रिय मुद्राकोषको दिग्दर्शनमा नेपालमा आउँदो मंसिरदेखि एउटा नयाँ कर लागु हुँदैछ, त्यो हो- VAT । VAT को अर्थ हो- मूल्य अभिबृद्धि कर अर्थात् Value added tax, यो कर बिक्री कर, ठेक्का कर, मनोरञ्जन कर र होटेल करको सट्टामा, आइन्दा ती सबै करहरु खारेज गरेर लागू गर्न खोजिदैछ । यससम्बन्धी ऐन संसदले पास गरेर पनि लालमोहर लागिसकेको छ । यो ऐन वैशाख १ गतेदेखि नै लागू हुनेवाला थियो । उद्योगपति र व्यापारीहरुको तीव्र विरोधका कारणले यसको कार्यान्वयनलाई सात महिना पर सारिएको छ ।

यो करको अवधारणा सबैभन्दा पहिले १९१९ मा प्रथम विश्वयुद्धबाट क्षतविक्षत भएको जर्मनीमा शुरु भएको भएपनि यो करको अभ्यास विश्वमा सर्वप्रथम १९५४ मा फ्रान्सबाट शुरु भएको थियो । अहिले जापान, जर्मनी, बेलायत लगायत विश्वका सयभन्दा बढी राष्ट्रमा यो कर प्रचलनमा छ । छिमेकी राष्ट्र चीनले १९८४ देखि यो कर अपनायो भने पाकिस्तानले १९९० देखि र बांगलादेशले त्यसको एक वर्षपछि । भारतमा यो कर लागू गरिसकिएको छ छैन, तर छिट्टै लागु गर्ने तयारी गरिँदैछ । तर स्मरणीय छ, अमेरिकामा अझै यो कर लागु भएको छैन ।

VAT कुनै पनि बस्तुको उत्पादन र वितरणको प्रक्रियामा जुन जुन तहमा बस्तुको मूल्यबृद्धि हुन्छ, त्यही त्यही तहमा थपिएको मूल्य जतिमा लाग्ने कर हो । के यसरी उत्पादन तथा वितरणको प्रत्येक तहमा कर लगाउँदा सारा वस्तुको भाउले आकाश छुने त होइन ? यसले समस्त उपभोक्ताहरुलाई झन् बेसी हरिकंगाल पार्ने त होइन ? यसले गर्दा साना साना व्यवसायी र उत्पादनकर्ताहरु प्रतिस्पर्धा गर्न नसकेर ढल्ने त होइन ? यो त्रास अहिले सर्वत्र कायम छ ।

नेपाल चेम्बर अफ कमर्श र उद्योग वाणिज्य महासंघ त यो कर अहिले लागु गर्नु हुन्न भनेर सडकमै उत्रेका छन् । तर अन्यत्र यो करबारे भ्रमै भ्रम व्याप्त छ । यो स्थितिमा VAT के हो ? केमा यो कर लाग्छ, केमा लाग्दैन ? नेपाल जस्तो देशमा यो लागु गर्नु किन खोजिँदैछ ? यो लागु गर्नु उचित छ कि अनुचित ? यो कर कसरी नेपाल जस्तो लेखा नै त्यतिसारो नराख्ने देशमा लागु गरिन्छ ? यस्ता तमाम सवालहरुबारे विचार-स्पष्टता पैदा गर्ने उद्देश्यले हामीले यस पटक VAT को पक्ष र विपक्षको विचार प्रस्तुत गर्न लागेका छौं । यसमा पक्षबाट विचार राख्दै हुनुहुन्छ- डा. रुप खड्का, जो छबत परियोजनाको कन्सल्ट्याण्ट हुनुहुन्छ । विपक्षबाट विचार राख्दै हुनुहुन्छ- आनन्दराज मुल्मी, जो उद्योग वाणिज्य महासंघको नवनिर्वाचित अध्यक्ष हुनुहुन्छ ।

-मूल्यांकन




# VAT के हो ?

# यो लागू गर्नु उचित छ ?

## डा. रुप खड्कासँग भ्याटबारेको अन्तर्वार्ता

**० नेपालको सरकारले आउँदो मंसिरदेखि VAT लागु गर्ने भनेर कानून बनाइसकेको छ । वास्तवमा VAT भनेको के हो ?**

बस्तु तथा सेवामा आधारित मूल्य अभिवृद्धि करलाई नै VAT भनिन्छ । हरेक तहमा बस्तु तथा सेवा बिक्री हुँदा यो कर लाग्ने हुन्छ ।

यो उत्पादन तथा वितरण प्रक्रियाको हरेक तहमा लाग्ने कर हुन्छ । जस्तो, विदेशबाट सामान पैठारी गरेर ल्याएको छ भने भंसारमा, होलसेल तहमा त्यसपछि खुद्रा बिक्रीमा पनि यो कर लाग्ने हुन्छ । त्यस्तै किसिमले कारखानामा कुनै वस्तु उत्पादन भएको छ भने पनि सर्वप्रथम उत्पादकले त्यो कर तिर्नुपर्छ । त्यसपछि थोक बिक्रेता र खुद्रा विक्रेताले पनि क्रमैसँग यो कर तिर्नुपर्ने हुन्छ ।

यसो भन्दैमा सबै वस्तु र सेवामा सबै वर्गका व्यापारीहरूमा यो कर लाग्छ भन्ने होइन । VAT सम्बन्धी अनुसूची १ मा कर नलाग्ने भनी छुट्याइएका पानी, औषधि, तेल, मट्टितेल, अप्रशोधित खानेकुराहरू, डाक्टरी सेवा, शिक्षक सेवा, चिकित्सा सेवा, पत्रकारिता, आधारभूत कृषि उत्पादन सेवाजस्ता मानिसहरूको अत्यावश्यक सामानहरूमा यो कर लागू हुँदैन । त्यस्तै किसिमले अनुसूची १ मा लेखिएका वस्तुहरूबाहेक अन्य कर लाग्ने बस्तुहरूको व्यापार गर्ने व्यापारीहरूमा पनि दश लाखभन्दा कम लगानी गर्ने व्यापारीहरूले यो मूल्य अभिबृद्धि करको लागि दर्ता गर्नु पर्दैन र उनीहरूले यो कर पनि तिर्नु पर्दैन । अर्को, अनुसूची १ मा लेखिएका अति आवश्यक वस्तु र सेवाहरूको व्यापार गर्ने व्यापारीहरूले जतिसुकै लगानी गरेर वा करोडौंको व्यापार गरे तापनि यो कर तिर्नु पर्दैन ।

विक्री करलाई विभिन्न देशमा विभिन्न किसिमले लाउने गरिन्छ । कुनै ठाउँमा उत्पादकले बिक्री गर्दा मात्रै यो कर लाग्ने हुन्छ । हामीकहाँ उत्पादकले बिक्री गर्दा मात्र बिक्री कर लाग्छ । अथवा पैठारी गर्दा पैठारी बिन्दुमा मात्र यो कर लाग्छ । अन्य कुनै ठाउँमा यो कर लाग्दैन । अष्ट्रेलियामा थोक विक्रेताले सामान बिक्री गर्दा मात्र बिक्री कर लाग्छ । त्यस्तै, अमेरिकामा र भारतका केही राज्यहरूमा खुद्रा विक्रेताहरूले बिक्री गर्दा मात्र बिक्री कर लाग्छ । कुनै कुनै देशमा उत्पादक, थोक विक्रेता र खुद्रा विक्रेताहरूले सामान बिक्री गर्दा हरेक बिन्दुमा बिक्री कर तिर्नुपर्छ । १९५०/६० को दशकसम्म यूरोपीय देशहरूमा यस किसिमको करको व्यवस्था थियो । यी विभिन्न करहरूमध्ये मूल्य अभिबृद्धि कर पनि एउटा रूप हो । यो कर प्रणाली अरू कर प्रणालीहरूभन्दा उन्नत कर प्रणाली हो ।

**सबै वस्तु र सेवामा सबै वर्गका व्यापारीहरूमा यो कर लाग्छ भन्ने होइन ।**

यो कर प्रणाली उत्पादन तथा वितरणको हरेक तहमा लाग्ने कर हो । तर विभिन्न तहको कुल बिक्री मूल्यमा नभई हरेक तहमा जति मूल्य अभिबृद्धि हुन्छ, त्यतिमा मात्र यो कर लाग्छ । जस्तै कुनै एउटा वस्तु उत्पादकले पैठारी गर्दा रू. ५०।- को कच्चा पदार्थबाट कुनै एउटा वस्तु उत्पादन गऱ्यो । उत्पादकले त्यो वस्तु सय रू. मा बिक्री गऱ्यो । त्यही सय रू.मा खरीद गरेको बस्तु थोक विक्रेताले खुद्रा विकेतालाई १५० रू. मा बिक्री गऱ्यो । खुद्रा विक्रेताले पनि त्यही वस्तु २०० रू. मा बिक्री गऱ्यो । अब ५० रू. मा पैठारी गरेको कच्चा सामानको १० प्रतिशतको दरले भंसारमा ५ रू. VAT तिर्नुपर्ने भयो । त्यसबाट तयारी सामान बनेपछि त्यसको मूल्य १०० रू.

अनुसूचि- १

# कुन कुन क्षेत्रमा VAT लागू हुँदैन ?

१) श्री ५, श्री ५ बडामहारानी, श्री ५ युवाराजाधिराज तथा राजपरिवारका अन्य सदस्यहरुबाट खरीद भएका बस्तु वा सेवाहरु

२) आधारभूत आवश्यकताका बस्तु तथा सेवाहरु,

क) अप्रशोधित आधारभूत खाद्य पदार्थहरु (चामल, दाल, पिठो, ताजा माछा, मासु, दूध, फूल, फलफूल, खाने तेल)

ख) धाराको पिउने पानी

ग) दाउरा

घ) मट्टीतेल

३) आधारभूत कृषि उत्पादन र सोमा प्रयोग हुने सामग्रीहरु तथा जीवजन्तु (धान, गहुँ, मकै, कोदो, मसुरो, मास, रहर, चना, सागसब्जी, मलखाद, कृषि औजार, बिउबिजन, कीटनाशक औषधि)

४) सामाजिक कल्याण सेवा

क) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका औषधि तथा स्वास्थ्य सेवाहरु ।

ख) पशु चिकित्सा सेवाहरु

ग) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका शैक्षिक सेवाहरुमा

५) अशक्त व्यक्तिको प्रयोगको लागि बनेका साधनहरु ।

६) यात्रुबाहक यातायातका सेवाहरु (हवाइजहाज वा लामो दूरीका यातायातका सवारी सेवाहरुबाहेक)

७) शैक्षिक तथा संस्कृतिसम्बन्धी बस्तु तथा सेवाहरु

क) किताबहरु, अखबारहरु, पत्रपत्रिकाहरु, अखबारी कागज, रेडियो तथा टि.भि. प्रशारण ।

ख) कलात्मक बस्तु, कालीगढी सेवा, सांस्कृतिक कार्यक्रम प्रदर्शन तथा गैर व्यवसायिक खेलकूदहरु,

ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा बनस्पति उद्यानको प्रवेश शुल्क ।

८) मजदूरी सेवा सरह निजी सेवाहरु

क) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका पेशागत रुपबाट गरिने व्यक्तिगत सेवाहरु,

ख) कलाकार, गायक, नर्तकी, खेलाडी, रचनाकार, लेखक, डिजायनकर्ता, व्यवसायिक खेलाडी, विमक, किताब विक्रेता, अनुवादक, दोभासेले प्रदान गर्ने निजी सेवाहरु,

ग) शैक्षिक अनुसन्धान सेवाहरु,

घ) प्राविधिक अनुसन्धान सेवाहरु,

ङ) कम्प्युटर प्रयोग गरी प्रदान गर्ने प्रणाली, विश्लेषण कार्यक्रमसम्बन्धी सेवाहरु ।

९) अन्य बस्तु तथा सेवाहरु:

क) हुलाक टिकट, आय टिकट, बैंक नोट, चेक बुक,

ख) बित्तीय तथा बिमा सेवाहरु ।

१०) घर जग्गा खरीद तथा बहाल ।


११) बाजी, क्यासिनो, चिठ्ठा ।

स्रोत: नेपाल राजपत्र खण्ड ४५, अतिरिक्तांक ४९

कुनै बस्तु पैठारी गर्दा १०० रू. को सामानको १० प्रतिशतको दरले १० रू. भंसार तिरिन्छ । त्यसपछि पैठारीकर्ता, थोक बिक्रेता र खुद्रा बिक्रेता हरेकले आफ्नो परेको मूल्यमा नाफा मार्जिन १० प्रतिशत लिन्छन् भनेर अनुमान गरौं । यसको परिणाम के हुन्छ त भने, पैठारीकर्ताले त्यो १० रू. पनि आफ्नो खरीद मूल्यमा गाभ्छ । यसबाट के हुने भयो भने, उसले भंसार तिरेको १० रू. मा पनि उसले नाफा गाभ्दा पैठारीकर्ताले १० रू. भंसार तिरेकोमा उसलाई १ रू. थप नाफा हुने भयो । त्यसपछि थोक विक्रेताले १०० रू. तिर्नुपर्ने भयो । अब उसले पनि त्यसमा १० प्रतिशतको दरले नाफा गाभ्दा ११ रू. को नाफा १/१० हुने भयो । त्यसको मूल्य १२/१० पैसा हुने भयो । त्यसपछि खुद्रा विक्रेताले १२/१० पैसामा १० प्रतिशत नाफा जोड्दा उसले १२/१० मा १/२० पैसा जोड्ने भयो । अब उपभोक्तासम्म आइपुग्दा पैठारीकर्ताले १० रू. भंसार तिरेकोमा १३/३० पैसा पुग्ने भयो । यसलाई करको पिरामिड भनिन्छ । यसले गर्दा सरकारले १० रू. मात्र कर पायो । तर करको नाममा उपभोक्ताले भने १३/३० पैसा तिर्नुपर्ने भयो ।

अब VAT मा यस्तो हुँदैन । यसमा तिरेको करमा तुरून्तै ट्याक्स क्रेडिट लिन पाउने हुन्छ । भनाइको अर्थ, पैठारीकर्ताले भंसारमा तिरेको कर थोक सामान बिक्री गर्दा असुल गर्न पाउँछ । एक हातले तिऱ्यो, एक हातले लियो गर्न पायो । यसले गर्दा उसले तिरेको करलाई लगानीको रूपमा लिँदैन र त्यसमा प्रोफिट मार्जिन लगाउँन पाउँदैन । त्यसैले VAT मा उपभोक्ता मूल्य बढ्न पाउँदैन ।

अर्को, अहिलेको व्यवस्थामा कुनै उद्योगपतिले कुनै कच्चा पदार्थ पैठारी



गरेर ल्यायो । त्यसबाट तैयारी सामान बनाउने सिलसिलामा कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, टेलिफोन, फर्निचर, स्टेशनरी आदि किन्दा कर तिरेको हुन्छ । यी करहरूमध्ये कच्चा पदार्थमा लागेको कर मात्र उद्योगपतिले कटाउन पाउँछ । अरूमा लागेको कर चाहिँ कटाउन पाउँदैन । यसले गर्दा उनीहरूले तिरेका ती सबै करहरूलाई मूल्य निर्धारण गर्दा त्यसैमा गाभिन्छ । त्यसपछि आफ्नो सामान बिक्री गर्दा पनि कर तिर्नुपर्ने हुन्छ । यसले गर्दा कर माथि कर लाग्ने भयो ।

यसरी अहिलेको व्यवस्थामा करमाथि कर लाग्ने हुँदा त्यसको परिणामस्वरूप सरकारले पाउने करको रकमभन्दा त्यो करको कारणले अन्तिम उपभोक्ता मूल्यमा जुन मूल्यबृद्धि हुने हो, त्यो बढी हुन्छ ।

त्यसैले गर्दा अहिलेको कर व्यवस्थामा झन् मूल्यबृद्धि हुन्छ र उपभोक्ताहरू मारमा पर्छन् । तर VAT मा यस्तो हुँदैन । VAT मा हरेक व्यापारीले आफ्नो व्यापारिक प्रयोजनको लागि किनेको सबै सामान, फर्निचर, स्टेशनरी, टेलिफोन लगायत सबै सेवामा लागेको कर कटाउन पाउँछ । यसले गर्दा उनीहरूको लगानीमा करको भार रहँदैन र उत्पादन मूल्य घट्ने हुन्छ । यो कारणले VAT लागू भएपछि वस्तुभाउ अहिलेभन्दा सस्तो हुने हुन्छ ।

अर्को कुरा, VAT लगाइसकेपछि एउटा समग्र कर सुधार कार्यक्रम ल्याउनु पर्ने हुन्छ । मानिलिनुस् कि, अहिले कुनै वस्तुमा भंसार महशूल, बिक्रीकर, अग्रिम आयकर, काउण्टरभेलिंग ड्युटी आदि सबै गरेर जम्मा रू. ५० कर लागेको छ अरे ! अब VAT लागिसकेपछि भंसार महशूल र आयकर त घट्छ तर बिक्रीकरहरू चाहिँ बढ्छ । तर जम्माजम्मीमा, पहिले लागिआएको कुल रू. ५० भन्दा बढी नहुने गरी समग्र कर सुधारको प्याकेज ल्याइन्छ । त्यसैले कर बृद्धिको कारणले मूल्यबृद्धि हुँदैन ।

अहिले हामीकहाँ बील प्रणाली छैन । तर VAT लागू भइसकेपछि बील प्रणाली अनिवार्य रूपमा लागू हुन्छ । बीलअनुसार राख्यो । अब उत्पादकले यो तयारी सामान विक्री गरेको मूल्य १०० रू. कै कर तिर्नु पर्दैन । किनकि, उसले ५० रू. को पहिले नै कर तिरिसकेको छ र अब ५० रू. को मात्रै ५ प्रतिशत कर तिरे पुग्ने भयो । त्यस्तै किसिमले थोक विक्रेता र खुद्रा विक्रेताले पनि यस्तै किसिमले हरेक तहमा जति मूल्य बढेको हो, त्यतिको मात्र कर तिरे पुग्ने हुन्छ ।

यसलाई मूल्य अभिबृद्धि कर भनेर नाम राखे तापनि व्यवहारमा मूल्य अभिबृद्धिको कहीं पनि हिसाब गर्नु पर्दैन । जति उसको बिक्री मूल्य हो, त्यसमा तोकिएको दरमा कर जम्मा गर्दै गए पुग्छ । जस्तो VAT को दर १० प्रतिशत छ भने १०० रू. मा सामान बिक्री गरेको छ भने १० रू. कर जम्मा गर्नुपर्छ । हरेक सामान कतिमा किनें, कतिमा विक्री गरें भनेर हिसाब गरिराख्नु पर्दैन । मात्र के गर्नु पर्छ भने- एक महिना भरिमा उसले १ लाख ५० हजारको सामान विक्री गरेको छ भने १५ हजार कर उसले जम्मा गर्नुपऱ्यो । यदि उसले १ लाखको सामान किनेर १० हजार कर तिरेको छ भने उसले १५ हजार नै कर तिर्नुपर्दैन । एक लाखको सामान किन्दा दश हजार कर तिरिसकेको छ भने ५ हजार मात्र कर तिरे पुग्ने भयो । अहिले ११० वटा देशहरूले VAT लागू गरेका छन् । सबै देशहरूमा यस्तै किसिमको व्यवस्था लागू छ ।

**० यसरी विभिन्न बिन्दुहरुमा मूल्य बृद्धि कर लगाउँदा यसले उपभोग्य वस्तुको मूल्यबृद्धि भएर उपभोक्ताहरु महँगीको मारमा पर्न जादैनन् ?**

मुख्य कुरो, यसलाई अहिले लगाइराखेकोमा थप कर लगाएको भनेर सोच्नु भएन । यो कर लागेपछि अरू चार वटा कर खत्तम हुन्छन् । जस्तो- विक्री कर, होटल कर, मनोरञ्जन कर र ठेक्का कर खारेज हुन्छन् । यो कर लागिसकेपछि आयकर र भन्सार महशूलमा पनि सुधार गरिन्छ । त्यसमा कटौती गरिन्छ । अहिले बिक्री कर पैठारी गर्दा र उत्पादकहरूले बिक्री गर्दा जम्मा गरिन्छ । अब यसमा

> **'भ्याट एउटा वैज्ञानिक किसिमको कर प्रणाली हो ।'**
> **-डा. रुप खड्का**

कर तिर्नुपर्ने हुन्छ। कुनै बस्तुको वास्तविकताभन्दा बढी मूल्य बीलमा लेख्यो भने बिक्री गर्नेले बढी कर तिर्नुपर्ने हुन्छ। यसले गर्दा मानिसहरूले हचुवा किसिमले मूल्य बढाउने चलन स्वतः नियन्त्रण हुन्छ।

**० भन्सार महशूल घटाउने भनेर तपाईले जुन कुरा भन्नुभयो, त्यो बहुराष्ट्रिय कम्पनीको हितमा गर्न लागिएको भनिन्छ नि ? किनकि यसले गर्दा विदेशी सामानहरु सस्तो पर्न जानाले बढीभन्दा बढी आयात हुने र त्यही कारणले स्वदेशी उद्योगहरु ढल्छ भन्ने आशंका गरिएको छ नि ?**

यो कुरा म मान्दिनँ। VAT एउटा बैज्ञानिक किसिमको कर प्रणाली हो। यसलें अर्थतन्त्रमा रहेका विभिन्न खालका विकृतिहरू हटाउने, राजस्व बढी पैदा गर्ने, कर प्रणालीलाई बिस्तारै आर्थिक कृयाकलापसँग बाँध्ने वातावरण बनाउने काम गर्छ। यसको कुनै किसिमको राजनैतिक स्थिति र आर्थिक स्थितिलाई बाँध्ने भन्ने स्वार्थ छैन। VAT कुनै विकसित देशले समेत लगाएको छैन भने, चीन र अन्य समाजवादी देशहरूमा पनि यो लगाइएको छ।

VAT ले स्वदेशी उद्योगहरू ढल्छ भन्ने कुरा पनि होइन। किनभने VAT मा भंसार महसूल घट्छ, जसले गर्दा उद्योगको लागि चाहिने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, मेसीनरी सामानहरूमा भंसार महशूल कम पर्ने हुन्छ र उत्पादन लागत कम हुन्छ। अर्को कुरा, थोक बिक्री र खुद्रा बिक्रीमा पनि कर लाग्ने हुँदा राजस्वमा वृद्धि हुन्छ। त्यतिबेला आयकर पनि घटाउन सकिने हुन्छ। भन्सार महशूल र आयकर घटेपछि यसबाट हाम्रो अर्थतन्त्र बढी प्रतिस्पर्धात्मक हुँदै जान्छ। अर्को कुरा, अहिले पैठारी र बिक्रीको छुट्टा छुट्टै मूल्यांकन गर्ने नियम छ। पैठारीमा कति कर तिर्नुपर्ने हुन्छ र बिक्रीमा कति कर तिर्नुपर्छ भन्ने निश्चितता छैन। उद्योग व्यवसायको कारोबार परिवर्तनको आधारमा कर तिरे पुग्ने व्यवस्था पनि यहाँ छैन। कारोबारमा घाटा परेको बेलामा पनि उत्तिनै कर तिर्नुपर्ने हुन्छ। यसले गर्दा उद्योगपतिहरू हतोत्साहित हुन्छन्। तर VAT मा जुन वर्षमा जति कारोबार हुन्छ र नाफा हुन्छ, त्यसकै आधारमा मात्र आयकर तिरे पुग्छ। यसले गर्दा कर बढी तिर्नु परेर उद्योगधन्दाहरू खोल्न पैदा हुने हतोत्साह कम हुन्छ।

अर्को कुरा, VAT लागेपछि हरेक वर्ष करको दर हेरफेर गर्नुपर्ने भन्ने कुरा हुँदैन। यसले गर्दा उद्योगपति तथा व्यापारीहरू असार लाग्यो कि अब कति कर बढ्ने-घट्ने हो भन्ने अनिश्चितता बाँकी रहन्न र नयाँ नयाँ कुराहरू जानिराख्नुपर्ने आवश्यकता पनि रहँदैन। यसको लागि गर्नुपर्ने लगानी पनि कम हुन्छ।

वि
प
क्ष
को
वि
चा
र




# मूल्यबृद्धि भ्याटको अनिवार्य शर्त हो

**आनन्दराज मुल्मी**

अध्यक्षः उद्योग वाणिज्य महासंघ



◉ श्री ५ को सरकारले भ्याट लागू गर्ने निर्णय गरिनै सकेको छ। तर तपाईंहरू भने यसको विरोध गरिरहनु भएको छ। किन ?

*-श्री ५ को सरकारले भ्याट लागू गर्नेतर्फ सोचाइ गरिराखेको पाइन्छ। तर भ्याट लागू गर्नुभन्दा अगाडि त्यसबाट पर्न सक्ने प्रभावहरू र त्यो माध्यमबाट कर संकलन गर्न अपनाउनु पर्ने कदमहरूबारे राम्रो सोचविचार गर्नुपर्छ भन्ने लाग्दछ। अहिलेको आर्थिक प्रणाली हेर्दा मुलुक स्पष्ट रूपमा दुई तहमा छुट्टिएको छः एउटा शहरी क्षेत्र र अर्को ग्रामीण क्षेत्र। हाम्रो उद्योग व्यवसाय परम्परागत व्यवसायभन्दा भिन्न हुन सकेका छैनन्। कैयन यस्ता व्यापारिक केन्द्रहरू अझै पनि छन्, जहाँ मानिसद्वारा बोकाएर सामान ढुवानी गरिन्छ, जनावारबाट ढुवानी गरिन्छ, वायुयानबाट गरिन्छ। अझै पनि कैयन व्यवसायहरू परिवारद्वारा सञ्चालित भएको पाइन्छ। त्यसकारण, व्यवसाय अनिश्चित छ। कहिले सामानको आपूर्ति हुने भन्ने कुराको यकिन गर्न सकिदैन। कुन सामानको ढुवानी कति मूल्यमा गर्न सकिन्छ भन्ने कुरा पनि यकिन हुन सकिँदैन। यस्तो अवस्थामा रहेको व्यवसायमा भ्याट लागू गर्नु सान्दर्भिक छ/छैन, विचार गर्नुपर्छ भन्ने हाम्रो धारणा रहेको छ। त्यसमाथि, यो लागू गर्न भ्याट कार्यालय र कर्मचारीहरूको आवश्यकता, उनीहरूको प्रशिक्षण, सोचाइ र व्यवहारमा परिवर्तन, अनि कर-प्रशासनमा हाल देखिएका विसंगतिहरू हटाउनु अत्यन्तै आवश्यक छ। त्यसैले, पूर्ण तयारी नभइकन भ्याट लगाउन सकिदैन भन्ने हाम्रो दृढ धारणा रहेको हो।*

◉ भ्याट लागू भएपछि लेखाप्रणाली व्यवस्थित राख्नु पर्दछ। व्यवस्थित लेखाप्रणाली भएपछि उद्योगपति र व्यापारीहरूले कर छल्न नपाइने हुन्छ। त्यसैले नै तपाईंहरूले भ्याटको विरोध गरिरहनु भएको हो भन्ने अरोप छ नि ? यसमा तपाईंहरूको भनाइ के छ ?

*-लेखाप्रणाली व्यवस्थित राख्नुपर्छ। त्यसबाट सबै देखिने र कर छल्न नपाइने भन्ने प्रश्न मलाई लाग्दछ, कतै पनि सान्दर्भिक छैन। अहिले उठिरहेको राजश्व के उद्योगी र व्यवसायीहरूबाट उठेका छैनन् र ? के उद्योगी र व्यवसायीहरूले यो मुलुकलाई कुनै योगदान नै पुऱ्याएका छैनन् र ?*

*जबसम्म निजी क्षेत्रप्रति यस्तो नकारात्मक धारणा रहन्छ, तबसम्म यो मुलुकको तीव्रतर विकासका प्रयासहरू सार्थक हुन नसक्ने स्पष्ट छ। कमाइ भएपछि कर तिर्नुपर्ने सामान्य सिद्धान्त सबै उद्योगी/व्यवसायीहरूले बुझेका छन्। कर प्रणालीमा सुधार भएमा, स्वविवेकी अधिकार हट्न गएमा, कर कानूनमा व्यापक संशोधन हुन गएमा, करदाताको अधिकार र दायित्व प्रतिस्थापित गर्न सकेमा, करदाताको इज्जत र स्वाभिमानलाई कदर गरेमा, करका दरहरू कम हुन र घट्न गएमा र करको दायरा बढेमा, राजश्व बढी उठ्ने विश्वास लिन सकिन्छ।*

*अहिलेको सन्दर्भमा व्यवस्थित लेखाप्रणालीबाट कर कार्यालयमा प्रस्तुत भएका स्वयंकर निर्धारण प्रकृयामा कर अधिकृतहरूले देखाउने व्यवहारबाट नै यस्तो व्यवस्थाप्रति कर प्रशासनको धारणा के हो भनेर स्पष्ट हुन जान्छ।*

◉ भ्याट लागू भएपछि वस्तुको मूल्यबृद्धि हुन्छ भनेर तपाईंहरू भनिरहनु भएको छ। भ्याट लागू भएपछि कसरी मूल्यबृद्धि हुन्छ ?

*-भ्याट भन्नु नै प्रत्येक पटकको कारोवारमा मूल्य अभिबृद्धि हुँदै जानु हो। ढुवानी भाडा वा अन्य खर्च वा सम्भावित राम्रा प्रतिशत राखी, मूल्य कायम हुने र त्यही मूल्यमा कर लाग्ने प्रथा हुनाले मूल्यबृद्धि VAT को एउटा अनिवार्य पक्ष हो।*

◉तपाईंहरू एकातिर भ्याटले मूल्यबृद्धि गर्छ भन्नुहुन्छ, अर्कोतिर श्री ५ को सरकारले तयारीबिना नै भ्याट लागू गर्न खोज्यो भन्नुहुन्छ। यसको अर्थ तयारी पूरा भएदेखि भ्याट लागू भएपनि हुन्छ भन्न खोजिएको भएन र ? यो एक अर्कोसँग बाझिने कुरा भएन र ?

*-कुनै पनि चिजमा तयारी नभइकन कुनै पनि काम फत्ते गर्न सकिदैन। हाम्रो परिप्रेक्ष्यमा माथि उल्लेख गरेझैं हाम्रा सीमाहरू छन्, अप्ठेरा छन्, उपभोक्ता सचेतता बृद्धि गर्नु छ। सामाजिक दायित्व स्वीकार गर्नुपर्नेछ। सरकारले अन्य विकसित मुलुकमा भ्याट लगाएको उदाहरण दिन्छ। तर हामीले के बिर्सनु हुन्न भने, ती मुलुकहरूका आर्थिक प्रणाली र आर्थिक विकासको गति र सामाजिक स्तर नेपालभन्दा भिन्दाभिन्नै छन्। ती मुलुकहरूको स्तरमा पुगेपछि नेपालमा पनि त्यस्तो भ्याट लगाउन मिल्दछ। भ्याट चरणबद्ध रूपमा लगाएर जाने पनि एउटा विकल्प हुन सक्दछ। तर त्यसको लागि पूर्ण तयारी चाहिन्छ। त्यो नभई सम्भव छैन। एकोहोरो सोचाइले सबै काम सम्भव हुन सक्दैन भन्ने सबैले बुझेको हुनु पर्दछ।*

◉ तपाईंहरू तयारी पूरा भएपछि मात्र भ्याट लागू गर्नुपर्छ भन्नुहुन्छ। यो कस्तो तयारी भन्न खोजिएको हो ?

*-महासंघको स्पष्ट धारणा छ- भ्याट लागू गर्नेबेला भएको छैन। कमसेकम ५ वर्षसम्म हाम्रो तयारी पूरा हुन सक्ने स्थिति देखिँदैन। ◆*

अर्को कुरा, VAT मा निकासीलाई करको भारबाट पूरै स्वतन्त्र गर्ने संयन्त्र हुन्छ। अहिले यसमा उद्योगपतिले कुनै कच्चा पदार्थ पैठारी गर्दा तिरेको कर पछि सामान निकासी गर्दा कर फिर्ता गरिन्छ। अहिले यो प्रक्रिया निकै झंझटिलो भइरहेको छ। VAT मा चाहिँ पैठारी महसूल निकै कम तिर्नुपर्ने हुँदा फिर्ता नपाए पनि त्यति मर्का पर्दैन। फेरि जुन सामान निर्यात गरिन्छ, त्यसको सामग्रीमा लागेको कर VAT मा पूरै फिर्ता गरिने हुनाले बाहय बजारमा हाम्रो सामान प्रतिस्पर्धात्मक हुन्छ।

अहिले बाहिरबाट ल्याएको सामानको बिक्रीकर पनि १५ प्रतिशत र आन्तरिक उत्पादनको सामानको कर पनि १५ प्रतिशत तिर्नुपर्छ। यो कर हेर्दा उस्तै भए तापनि व्यवहारमा विदेशी सामानको भन्दा स्वदेशी सामानको कर बढी तिर्नु परिरहेको छ। किनभने, विदेशबाट ल्याउने सामान १०० रू. परेको छ भने त्यसलाई भंसारमा न्यून मूल्यांकन गरेर ५० रू. पारिन्छ र ५० रू. को मात्र कर तिरे पुग्ने भइरहेको छ। तर स्वदेशमा उत्पादन भएको बस्तुको मूल्य स्वीकृति गराउनु पर्ने, बील पेश गर्नुपर्ने आदि कुराले गर्दा १०० रू. पर्ने वस्तुको मूल्य त्यति नै देखाउनु पर्ने भएकोले १०० रू. कै कर तिर्नुपर्छ। तर VAT लागू भएपछि भंसारमा त्यसरी परेको मूल्यमा घटाएर कर तिरे पुग्ने स्थिति हुँदैन। र, १०० रू. परेको सामानको कर त्यति नै मूल्यमा तिर्नुपर्ने हुन्छ।

यी विभिन्न कारणहरूले गर्दा VAT लागू भएपछि स्वदेशी उद्योगहरू झन् बढी प्रतिस्पर्धात्मक हुन्छन्।

**० यसको लागि त व्यवस्थित लेखा प्रणाली हुनुपर्छ। तर हाम्रो देशमा व्यवस्थित लेखा प्रणाली कमै संस्था र कारखानाहरुमा मात्रै देखिन्छ। यसले गर्दा हाम्रो जस्तो देशमा यो कर प्रणाली सुहाउँदो होला र?**

यसलाई मूल्य अभिबृद्धि कर भनेर नाम मात्र राखियो तर यसमा मूल्य अभिबृद्धिको कुनै हिसाब किताब राखि राख्नु पर्दैन। जसले जति जति मूल्यमा बिक्री गर्‍यो, त्यसैको आधारमा मात्र कर जम्मा गरे पुग्छ। जहाँसम्म लेखाको कुरा भयो, VAT मा राख्नुपर्ने दुईवटा कुरा छ। एउटा, उसले के के सामान खरीद गर्‍यो, त्यसको हिसाब राख्ने। दोस्रो, उसले के के सामान बिक्री गर्‍यो, त्यसको हिसाब राख्ने। आफूले बिक्री गरेको सामानहरूमा बील काट्ने गर्नुपर्ने हुन्छ। VAT लागू भएपछि नेपालमा मूल्य अभिबृद्धि कर तिर्नुपर्ने करीब दश हजार जति होलान्। उनीहरूले आफूले सामान खरीद गरेको र बिक्री गरेको हिसाब किताब राखेको छैन जस्तो मलाई लाग्दैन।

**० VAT लागू भएपछि आयकर पनि घट्ने भन्सार महशुल पनि घट्ने भयो। कतै बहुराष्ट्रिय कम्पनी र ठूला व्यापारीहरुलाई राहत दिने मेलोमेसो त होइन यो?**

आयकर घट्नु, भंसार महशुल घट्ने भनेर राष्ट्र टुड्डामा परेर उनीहरूलाई राहत दिने भन्ने कुरा होइन। VAT ले करको दायरा बढाउँछ। VAT लगाएपछि हिसाब किताब राख्नैपर्ने हुन्छ। अहिले त के भइरहेको छ भने आयकर बढी तिर्नु परेकोले १० लाखको व्यापार भए तापनि पाँच लाख मात्र हिसाब देखाएर कर तिरेको हुन्छ। VAT लागू भएपछि पूरै हिसाब किताब आउँनै पर्ने हुन्छ। र, पूरै कर तिर्नुपर्ने हुन्छ। यसले गर्दा पूरै कर तिर्नु पर्नाले व्यापारीहरूमा नकारात्मक असर परेर उद्योग व्यापारमा लगानी कम हुन थाल्यो भने हाम्रो अर्थतन्त्रमा नराम्रो असर पर्छ। त्यसो भएकोले नै भन्सार महशूल र आयकरको भार एक्कासी नबढोस् भनेर मात्र करको दर घटाउनु परेको हो।

**० अमेरिकन ट्रेजरी सेक्रेटरी विलियम सेभले VAT बारे टिप्पणी गर्दै भनेका छन्- यसले अर्थतन्त्रलाई तहसनहस पार्छ, सारा व्यावसायिक संगठनहरुमा कामको अवसर कम पारिदिन्छ र प्रत्येक पटक सामान खरिद गर्नेहरुलाई चोट पुर्‍याउँछ। उनको यो भनाइ के हो त?**

VAT ले अर्थतन्त्रलाई तहसनहस पार्छ भन्ने कुरा म विश्वास गर्दिनँ। किनभने, भइरहेको कर प्रणालीबाट अर्थतन्त्रमा विभिन्न किसिमका विकृतिहरू आए र अर्थतन्त्रलाई यो बढी महँगो भयो भनेर नै ती खराबीहरू हटाउन नै संसारभरिमै VAT लगाएको हो। अर्को कुरा, आयकर, भंसार महशूल आदि कम हुने भएपछि उनीहरूको लगानी र मूल्यको component कम हुने भयो। यसले गर्दा उनीहरूको दक्षता बढ्दै जाने हुन्छ। र, यसले अर्थतन्त्रलाई 'बुष्ट अप' गर्दै जान्छ। लगानी बढ्दै जान्छ। मान्छेको रोजगार बढ्दै जान्छ। माग बढ्दै जान्छ। थोक बिक्रेता र खुद्रा बिक्रेताहरू पनि बढ्दै जान्छन्। यसले त झन् सकारात्मक असर पर्ने हुन्छ।

**० नेपालमा खुल्ला सिमाना भएकोले VAT ले चोरी पैठारी बृद्धि गर्ने व्यापक सम्भावना छ भन्ने कुरा आइरहेको छ नि?**

-VAT ले चोरी पैठारी बढाउने नभई घटाउने हुन्छ। अहिले चोरी पैठारी भइरहनुमा अहिले भइरहेको कर प्रणाली नै जिम्मेवार छ। किनभने, चुङ्गीकर, बिक्रीकर, भन्सार महसूल, अग्रिम आयकर जम्मै प्रकारका करहरू एकै ठाउँमा (भन्सारमा नै) जम्मा गर्नुपर्ने नियम छ र थोक विक्री र खुद्रा बिक्रीमा कुनै पनि कर तिर्नु नपर्ने नियम अहिले छ। यस स्थितिमा कुनै मानिसले भन्सार छलेर सामान ल्यायो भने उनले कुनै पनि कर तिर्नु परेन। अथवा भन्सार छल्न नसके पनि सामानको आधा मूल्य राखेर कर तिरेर ल्याउन सक्छ। र, उसले निर्धक्क साथ पूरा मूल्यमा उक्त सामान बेच्न सक्छ।

तर VAT ले यसलाई दुरूत्साहित गर्छ। किनभने, VAT लागू भएपछि भन्सार छलेर ल्याए पनि होलसेल प्वाइन्ट बाँकी हुन्छ। थोक बिक्रेता VAT मा दर्ता भएको छ भने बील नभएको र भन्सार नतिरेको सामान उसले किन्दै किन्दैन। त्यसैले, VAT मा कुनै व्यापारीले भन्सारमा कर तिरेन भने थोक बिक्रीमा बढी कर तिर्नुपर्ने हुन्छ, थोक बिक्रीमा तिरेन भने खुद्रा बिक्रीमा बढी तिर्नुपर्ने हुन्छ। यसले गर्दा VAT मा पूर्णरूपमा चोरी पैठारी नरोकेपनि अहिलेभन्दा चोरी पैठारीमा कन्ट्रोल हुन्छ।

अर्को, VAT मा पैठारी कर घटाउन सकिने, आयकर घटाउन सकिने भएकोले करको दर घट्दै गएपछि मान्छेहरूमा कर तिर्ने वा विकृतिपूर्ण काम गर्ने मनोवृत्ति घट्दै जान्छ। यसले पनि चोरी-पैठारी घट्ने सम्भावना हुन्छ।

**❑ VAT मा थोक बिक्री र खुद्रा बिक्रीमा पनि कर तिर्नुपर्छ भनियो। तर तिनीहरुले गरेको बिक्रीको लेखा कसरी राखिन्छ त?**

-VAT मा दर्ता भएकोहरूको बीचको कारोबारमा यसको सिस्टमले नै चेक गरेको हुन्छ। जस्तो, उदाहरणको लागि, पैठारीकर्ता र थोक बिक्रेता VAT मा दर्ता भएको छ भने थोक बिक्रेताले पैठारीकर्तासँग सामानको मूल्य रू. १००+१० प्रतिशत कर तिरेको बील माग्नु पर्ने हुन्छ। अब थोक विक्रेताले १२० रू. मा त्यो सामान बेच्यो भने, त्यसै बीलको आधारमा उसले १० प्रतिशत कटाएर २ रू. मात्र सरकारलाई कर तिरे पुग्छ। र आफूले पैठारीकर्तालाई तिरेको १० रू. कर कटाउन पाउँछ। यदि उसले बील लिएन भने उसले १२ रू. नै तिर्नुपर्ने हुन्छ। त्यसैले VAT मा बील लिनेदिने काम आफसेआफ नै हुन जान्छ। तर उपभोक्तालाई सामान बेच्ने बेलामा यो प्रणालीले काम गर्दैन। त्यतिबेला व्यापारीको नैतिकतामा भरपर्छ र यसमा VAT को लेखापरीक्षण नियन्त्रण गर्नुपर्ने हुन्छ।

**❑ चेम्बर्स अफ कमर्श र उद्योग वाणिज्य महासंघले केही वस्तु र सेवामा मात्र एक्सेपेरिमेन्ट बेसिसमा VAT लागू गर्ने, पछि त्यसको प्रभावकारिता हेरेर अरुमा लागू गर्ने गर्नुपर्नेमा अहिले पूर्ण तयारीबिना VAT लागू गर्न खोज्दैछ भनिरहेको छ नि त? यसमा तपाईंको भनाइ के छ?**

-जहाँसम्म पूर्ण तयारी गरेर VAT लगाउने भन्ने कुरा छ, त्यसमा म सहमत छु। यसको लागि कर्मचारीहरूको व्यवस्था गर्ने, उनीहरूलाई तालिम दिने, ऐन नियम बनाउने, यससम्बन्धी विभिन्न फर्महरू तयार गर्ने, यससम्बन्धी करदाताहरूलाई

## VAT लागू भएका मुलुकहरु

### कुन कुन देशमा कहिलेदेखि यो कर लागू भयो ?

| वर्ष | मुलुक |
|---|---|
| १९५४ | फ्रान्स |
| १९६० | आइभेरी कोस्ट |
| १९६१ | सेनेगल |
| १९६७ | ब्राजिल, डेन्मार्क |
| १९६८ | जर्मनी, उरुग्वे |
| १९६९ | नेदरल्याण्ड, स्वेडन |
| १९७० | इक्वेडोर, लक्जेम्वर्ग, नर्वे |
| १९७१ | बेल्जियम |
| १९७२ | आयरल्याण्ड |
| १९७३ | अष्ट्रिया, बोलिभिया, इटाली, संयुक्त अधिराज्य |
| १९७५ | अर्जेण्टिना, चिली, कोलम्बिया, कोस्टारिका, निकारागुआ |
| १९७६ | होण्डुरास, इजरायल, पेरु |
| १९७७ | दक्षिण कोरिया, पानामा |
| १९८० | मेक्सिको |
| १९८२ | हैटी |
| १९८३ | डोमिनिकन गणतन्त्र, ग्वाटेमाला |
| १९८४ | चीन |
| १९८५ | इण्डोनेशिया, टर्की |
| १९८६ | मोरक्को, न्यूजील्याण्ड, नाइजर, पोर्तुकल, स्पेन, ताइवान |
| १९८७ | गेनेडा, ग्रीस |
| १९८८ | हंगेरी, फिलीपाइन्स, ट्युनीसिया |
| १९८९ | जापान, मलावी |
| १९९० | आइसल्याण्ड, केन्या, पाकिस्तान, ट्रिनीडाड र टोवागो |
| १९९१ | बंगलादेश, बेनिन, क्यानाडा, जमैका, माली, दक्षिण अफ्रिका |
| १९९२ | अल्जेरिया, आर्मेनिया, अजरवैजान, साइप्रस, एल्साल्भाडोर, इष्टोनिया, फिजी, कजाखस्तान, किर्गीज गणतन्त्र, माल्डोभा, रुस, ताजिकिस्तान, थाइल्याण्ड, तुर्कमेनिस्तान, यूक्रेन, उज्वेकिस्तान |
| १९९३ | बुर्किनाफासो, चेक गणतन्त्र, मंगोलिया, पाराग्वे, पोल्याण्ड, रुमानिया, स्लोभाकिया, भेनेजुएला |
| १९९४ | बुल्गारिया, फिन्ल्याण्ड, जर्जिया, लिथुवानिया, सिंगापुर, तान्जानिया, पश्चिमी समोआ |
| १९९५ | बेलारुस, ग्याबोन, ल्याटभिया, स्विट्जरल्याण्ड, जाम्बिया |

स्रोत: एलान ए टेइट, आइ.एम.एफ र ट्याक्स एण्ड न्यूज सर्भिस, आइ.बी.एफ.डी.

प्रशिक्षित गर्ने आदि जस्ता कुराहरू तयारी गर्नु नै पर्छ । तर एक्सपेरिमेन्ट बेसिसमा केही कुरा र सेवाहरूमा मात्र VAT लागू गर्ने भन्ने कुरा व्यवहारिक हुँदैन । र, यो सफल नै हुँदैन ।

VAT मा दर्तावालाहरूको बीच बील लिने र दिने, कम र बढी आँकन नमिल्ने, कन्ट्रोल गर्ने आदि प्रणाली हुन्छ । यो प्रणालीले त्यतिबेला मात्र राम्रो काम गर्न सक्छ, जतिबेला पूर्णरूपले VAT लागू हुन्छ ।

जस्तो, चीनमा १९८४ मा विभिन्न आर्थिक परिवर्तन सँगसँगै VAT पनि लगाए । तर त्यतिबेला केही बस्तुहरूमा मात्र VAT लगाएकोले सफल हुन सकेन र पछि सबैमा लगाए । त्यस्तै, भारतमा पनि १९९४ मा सबै राज्यहरूले आ-आफ्नै किसिमले VAT लगाउने भन्ने कुरामा सम्झौता भयो । त्यहाँ पनि जुन राज्यमा पूरै VAT लगायो, त्यहाँ सफल भयो, जुन राज्यमा केही वस्तुहरूमा मात्र VAT लगायो, त्यहाँ सफल हुन सकेन । केही वस्तुहरूमा मात्र VAT लागू गर्दा भ्रष्टाचारको क्षेत्रहरू बढाउने, घोटालाको चान्सहरू बढाउने जस्ता विकृतिहरू मात्र बढाउने हुन्छ र केही फाइदा चाहिँ हुँदैन ।

**❑ मङ्सिरदेखि VAT लागू हुने कुराहरु आइरहेको छ, तर व्यापारी समुदायहरु 'नो VAT' भनिरहेका छन् । यदि व्यापारीहरु मानेनन् भने के हुन्छ ?**

-'No VAT' त्यतिबेला भन्नुपर्‍यो, जतिबेला यसबाट बेफाइदा देख्नुपर्‍यो । VAT मा अहिलेको भन्दा बढी कर लाग्ने, बढी भार पर्ने, बढी झन्झटिलो हुने, कम प्रतिस्पर्धात्मक हुने आदि भए मात्र VAT को विरोध गर्नुपर्ने हो । तर VAT लागू भएपछि अहिलको भन्दा बढी करको भार नबढ्ने, झन्झटिलो नहुने बढी पारदर्शी हुने भएपछि त 'नो VAT' भन्ने कुरा आउँदैन होला । बरू यसमा अझै के कस्ता समस्याहरू छन्, त्यसको समाधान गर्नुपर्छ र यसको लागि दुबै पक्षका बीचमा एक आपसी समझदारीको आधारमा छलफल चलाउनु पर्छ र साँच्चै नै समस्याहरू छन् भने ऐन नियममै सुधार गर्नुपर्छ । यति मात्र नभई VAT लागू भएपछि पनि कसैले राम्रो सुझाव दियो भने सरकारले पनि त्यसलाई मान्नुपर्ने हुन्छ । यसमा दुबैको खुल्ला हृदय हुनुपर्छ । सरकारले 'ट्याक्स रिफर्म' प्याकेज' नल्याइसकेको कारणले यो नल्याउने नै हो कि भनेर पनि कतिपयले विरोध गरेको हुन सक्छ ।

धेरैजसोले नबुझेर पनि विरोध गरिरहेको हुन सक्छ । जस्तो, अहिले चामल, दाल, तेल, आदि व्यापार गर्ने साना साना व्यापारीहरू यसको विरोध गरिरहेका छन्, जसले करोडौंको व्यापार गरे पनि उनीहरू VAT मा दर्ता हुनु पर्दैन । ◆

पर्दा/रंगमञ्च

### प्रगतिशील संस्कृतिकर्मी

# सुदर्शन श्रेष्ठ

### सँगको कुराकानी

**यस पटक हामी हाम्रा पाठकहरुसमक्ष एकजना यस्तो प्रतिभाका विचारहरु प्रस्तुत गर्दैछौं, जो पर्दा र रंगमंचसंग संबन्धित रहेर पनि हाल चाहिँ साहित्य र संपादन क्षेत्रमा मात्र लागिपरिरहनु भएको देखिन्छ । उहाँ हुनुहुन्छ- सुदर्शन श्रेष्ठ । साहित्य लेखनका अतिरिक्त उहाँ हाल 'साथी' नामक प्रगतिशील मासिक पत्रिकाको सम्पादन एवं संयोजन गरिरहनु भएको छ ।**

**वि.सं. २०२८ मां सानै उमेरदेखि रंगकर्ममा चाख राखी विराटनगर शनिहाटमा आफ्ना दाजुहरुले आयोजना गरेको खुला नाटकबाट अभिनय क्षेत्रमा प्रवेश गर्नु भएका सुदर्शन २०४३ सालमा आदर्श विद्यालय, विराटनगरको विद्यालय-नाटकमा एकै पटक लेखक-निर्देशक र नायिका भएर प्रस्तुत हुनुभयो । २०३५ मा भने वीरेन्द्र सभागृहको ठूलो मंचमा उहाँ उत्रनुभयो । राष्ट्रिय जन सांस्कृतिक मंच मोरंगको स्थापना कालदेखि नै संयोजक र अध्यक्ष भएर उहाँले काम गर्नुभयो भने यसैबीच नाट्य संस्था 'हिमाली परिवार' र पछि 'रचना अभियान' मा रही अभिनय र निर्देशनमा उहाँ सक्रिय हुनु भएको थियो । पहिलेको प्रगतिशील लेखक कलाकार संघ र हालको प्र.ले. संघको मोरङ सदस्यको रुपमा काम गर्नुभएका उहाँ केही वर्षअघि चालु भएको 'साहित्य संगम', विराटनगरको संस्थापक अध्यक्ष र 'तोक्मा' पत्रिकाको संपादक पनि हुनुहुन्थ्यो ।**

**यसैबीच, उहाँले बम्बैको बम्बै आर्ट एकेडेमीको फिल्म एण्ड थिएटर डिभिजनबाट निर्देशनमा तीन वर्षे कोर्श पूरा गर्नुभई प्रथम श्रेणीमा स्नातक उपाधि प्राप्त गर्नुभयो ।**

**नाटक र फिल्म क्षेत्रमा वर्तमान नेपालको अवस्थाबारे उहाँ चिन्तित एवं चिन्तनशील हुनुहुन्छ । पुनः रंगमंच र फिल्मी क्षेत्रमा सक्रिय हुने तयारीमा उहाँ हुनुहुन्छ ।**

**प्रस्तुत छ- उहाँसँग हामीले गरेको कुराकानीको सारसंक्षेप । -हरिगोविन्द लुइँटेल**

# हलहरुले ६० प्रतिशत समय नेपाली फिल्म देखाउनै पर्ने नियम लागु गर्नु जरुरी छ

**❑ पहिले व्यक्तिगत प्रश्न नै गरौं । पर्दा रंगमंच क्षेत्रमा चाख र अनुभव हुँदा हुँदै पनि तपाई किन यस क्षेत्रमा सक्रिय नहुनु भएको हो ?**

-निश्चितै रूपमा चाख मानेर, अनुभव हासिल गरेर र केही अध्ययनसमेत गरेर आएको हुँदाहुँदै पनि म अहिलेको प्रभावकारी र अत्याधुनिक विधा फिल्मी क्षेत्रमा अगाडि बढिनँ । कारण, त्यतिखेर नेकपा (माले) को समर्थक कार्यकर्ताको हैसियतले साथीहरूको सल्लाह बमोजिम यो मिडियालाई म पनि 'बुर्जुवा मिडिया' मान्ने गर्थें । त्यसैले मैले यो क्षेत्रमा ध्यान नै दिइनँ । हुन पनि त्यतिखेर कुनै सार्थक फिल्महरू बन्ने संभावना पनि थिएन । तर २०४६ पछिको वर्तमान समयमा चाहिँ फिल्मबारे साथीहरूको विश्लेषण त बदलिएको छ । तर आमसक्रियता र चासो भने कम छ । म सामूहिक रूपमै यो सक्रियता र चासो बढाउनतिर अहिले आफ्नो सीमामा कृयाशील नै छु ।



*'खाए खा, नखाए घिच्' जस्तो कार्यक्रम पस्कने गरेको नेपाल टेलिभिजनमा राम्रा प्रतिभाहरुलाई ओझेलमा पार्ने वातावरण सृजित गरियो*

म बम्बैमा त्यहाँको रंगमंचसँग जोडिएको बेला मराठी नाटक 'सत्य कथा: 83' मा मेरो अभिनय र द्वन्द निर्देशनबाट प्रभावित भएर हिन्दी फिल्ममा पनि काम गर्ने निमन्त्रणा पाएको थिएँ । तर यही वैचारिक कारणले म त्यता पनि लागिनँ । बम्बैबाट नेपाल फर्केपछि गाउँघरतिर नाटक प्रदर्शन गर्ने काम र आन्दोलनको कार्यकर्ता बन्ने काममै म लागें । अहिले समय धेरै गइसकेको छ, प्राविधिक प्रयोगहरू धेरै अघि बढिसकेका छन्, त्यसबेलाका अनुभवहरू पुराना भएर गइसकेका पनि छन् तर पनि म अब चाहिँ यस क्षेत्रमा चूप लागेर नबस्ने मनस्थिति र पहल लिइरहेको छु ।

**❑ राजनीतिक सोचका कारण चलचित्र खेल्ने संभावना नभए पनि तपाई प्रशिक्षणको लागि बम्बई कसरी पुग्नुभयो त ?**

- २०३६ सालतिर विराटनगरको रंगमंचमा हामी विविध पार्टीमा विभाजित केही रंगकर्मीहरू आपसी मेलमिलापसहित नाटक गर्‍यौं । तत्कालीन 'हिमाली परिवार' नामक संस्थामा मुकुन्द श्रेष्ठ, बद्री अधिकारी, रमेश बुढाथोकी, सुनिल रिजाल, बसन्त शर्मा र मसमेत धेरै साथीहरू मिलेर नाटक गर्‍यौं ।

त्यतिबेला हामीले एउटा नाटक गर्‍यौं- 'द्रोही' । त्यसबेलाको तत्कालीन अन्याय, शोषण र संघर्षको कथावस्तु यसमा थियो । घुमाउरो पाराले कथावस्तुको तानाबाना बुनेर हामीले त्यसलाई राणाकालीन ऐतिहासिक नाटक बनाएका थियौं । त्यो नाटकको लेखन तथा निर्देशन मुकुन्द श्रेष्ठले गर्नु भएको थियो तर त्यसको अन्तको दृश्य चाहिँ मैले निर्देशन गरेको थिएँ । त्यसमा जुलूस आउने र प्रहरीहरूले दमन गर्ने, जनताले भने अझै संघर्ष गरिरहने एउटा दृश्य थियो । त्यसमा लगाउने नारा तय गरियो-

'प्रजातन्त्र जिन्दाबाद ! प्रजातन्त्र ल्याउँछौं, ल्याउँछौं !! त्यसबेला हाम्रो एकजना पंचायत समर्थक साथीले त्यसको विरोध गऱ्यो र हामीबीच झगडा हुने स्थिति आयो । र, पनि अन्ततः त्यही नारा राखियो र नाटक प्रस्तुत गरियो । त्यसपछि २०३७ सालमा प्रज्ञा-प्रतिष्ठानले गरेको नाटक महोत्सवमा बद्री अधिकारीले उही कलाकार राखेर 'गोधुली साँझ' बनाए र भाग लिए । शैलेश आचार्य, म र शम्भु पोखरेलहरूले चाहिँ मिलेर 'शिशीरका पतझडहरू' बनायौं र महोत्सवमा सहभागी भयौं । एकातिर, म त्यहाँ पनि सहभागी हुँदै थिएँ भने अर्कोतर्फ क्रान्तिकारी नाटक संयोजन गर्ने काममा पनि सक्रिय थिएँ । त्यस निम्ति सजिलोको लागि 'धूले मन्चन' उपयुक्त हुन्थ्यो, र त्यसमा नेकपा माले समर्थक र विश्वास गरिएका हामी कलाकारहरू हुन्थ्यौं । यसक्रममा भारतीय नाटकबाट अनुवाद गरेर 'जनता पागल भइसके', 'कुर्सी' जस्ता नाटक हामीले गऱ्यौं । भारतीय नाटकले त्यतिखेर मलाई प्रभाव पार्दै लग्यो र अझ धेरै सिक्नको निम्ति मैले इप्टा (इण्डियन पिपुल्स थिएटर एशोसियन) मा पत्राचार गरी साथीहरूसँग विदा लिएँ र बम्बई पुगें । त्यहाँ गएपछि म 'इप्टा' मा सहभागी भएँ र त्यहीं एउटा संस्था फेला पऱ्यो- बम्बई आर्ट एकेडमी, जसले चलचित्र र नाटकसम्बन्धी आधारभूत प्रशिक्षण दिँदोरहेछ । लामो छलफल र अनुरोधपछि त्यहाँ एक सिट छात्रवृत्ति प्राप्त गरी म त्यहाँ सहभागी भई कोर्श पूरा गरें ।

**❑ 'इप्टा' किन छोड्नु भयो त ?**

-होइन, मैले एक दिन पृथ्वी थिएटरमा प्रकाश रायसँग भेट गर्ने मौका पाएँ । वहाँ विराटनगरबासी भएकोले र उहाँले त्यहाँ 'दि नक्सलाइट'का निर्देशक ख्वाजा अहमद अब्बासका मुख्य सहायक निर्देशक भएर राम्रै काम गर्नुभएको चर्चाका कारण म उहाँसँग नजिकिएँ । ख्वाजाको एउटा सुन्दर छाप ममा रहेकोले पनि प्रकाश र ममा घनिष्ठता बढ्यो । प्रकाशले केही साथीहरूसँग मिलेर 'नवरंगमंच' नामक संस्था खोल्नुभएको रहेछ र उहाँको व्यस्तताले त्यो संस्था हेर्न नभ्याउने भएपछि मैले 'इप्टा' छोडेर त्यस संस्थाको नाटक निर्देशन कामको जिम्मेवारी लिएर काम गरें । 'इप्टा' छाडे पनि त्यससँग मेरो सम्बन्ध पछिसम्म पनि रहयो ।

**❑ प्रसंग बदलौं । अहिले नेपाली फिल्मी क्षेत्रको स्थिति तपाईले कस्तो पाउनु भएको छ ?**

-अहिले नेपाली फिल्मको स्थिति सन्तोषप्रद छैन । फिल्म क्षेत्रको प्रत्येक ठाउँमा विकृतिहरू भेट्टिएका छन् । फिल्मले निर्वाह गर्नुपर्ने सामाजिक दायित्वबाट पन्छिएर फगत व्यवसायिकता मात्रको लागि जे पनि गर्ने र देखाउने होडबाजी चलिरहेको छ । केही केही राम्रो प्रयास हुने संकेत देखिए तापनि त्यसलाई पर्याप्त मान्ने स्थिति पटक्कै छैन । कुनै निकायले पनि फिल्म क्षेत्रलाई असल बनाउने कुनै सुरसार नै गरेका छैनन् । भारतीय 'सी' ग्रेडका फिल्महरूको अन्धानुकरण गरिएको यहाँको धेरैजसो चलचित्र वास्तवमा अपसंस्कृति र सामाजिक विकृतिलाई नै थप टेवा दिने तरीकाले आइरहेका छन् ।



**❑ हाल नेपाल टि.भि.मा आउने टेलिचलचित्रहरुबारे तपाईको धारणा के छ ?**

'खाए खा, नखाए घिच' जस्तो कार्यक्रम पस्कने गरेको नेपाल टेलिभिजनमा त्यसो त राम्रा प्रतिभाहरू पनि नदेखिएका चाहिँ होइनन्, तर ती प्रतिभाहरू ओझेलमा पार्ने वातावरण सृजित गरियो, र ती नेपथ्यमा पुगे । टेलिभिजनमा 'भिजन' दिनेहरूलाई नियन्त्रित गरियो । आसेपासेको र भजन मण्डलीको हस्तक्षेप जबर्जस्त रूपमा भयो । त्यहाँ चालु रहेको राजनीतिको संकीर्णताले गर्दा स्वाभिमानी कर्मीहरू त्यहाँ प्रवेश गर्न हिच्किचाए । आउन चाहनेहरूलाई पनि टेलिभिजनले स्वीकार गरेन । जसले प्रवेश गरे, तिनीहरूलाई पनि टेलिभिजनको राजनीतिले पछाडि धकेलिदियो र त्यहाँ काम चलाउ, 'यतिको भएसम्म चल्छ' भन्ने प्रोग्रामको भरमार हुन थाल्यो । सानो बजार, सानो बजेटमा संभावनाहरूको खोजी गर्दै संतुलित ढंगले कार्यक्रम बनाउनुको साटो अस्वस्थ्य वातावरण सृजित गरियो र आसेपासेहरूको व्यक्तिगत फाइदाको लागि कार्यक्रम निर्माण तथा संचालन गरियो । गुणस्तर सामान्यभन्दा तल भएका र केवल संख्या बढाउने पहलले नै टेलिफिल्महरू र अन्य कार्यक्रमहरू त्यहाँ ग्रस्त छन् । राम्रो भन्नु पर्दा औंला भाँच्नु पर्ने अवस्था आजको नेपाल टेलिभिजनका कार्यक्रमहरूको रहेको छ ।

**समाजवाद राजनीतिक परिवर्तनले मात्र हुँदैन, त्यसको लागि सांस्कृतिक परिवर्तनको आवश्यकता छ भन्ने कुरा व्यवहारमा सोभियत संघ र पूर्वी यूरोपका घटनाहरुले पुष्टि गरिसकेको छ**

**❑ अनि वर्तमान नेपाली नाटकको स्थिति नि !**

मूलतः यहाँको धेरैजसो रंगमंचमा लागिपरेका कलाकार, लेखक तथा निर्देशकहरू नाटकको मूल तत्त्वका बारेमा नै अनभिज्ञ छन् । राजधानी र मोफसलका नाट्य क्षेत्रलाई वस्तुतः अध्ययन गर्ने हो भने, राजधानीमा रहेका थोरै संस्थाहरूबाहेक धेरैमा नाटकले दिन सक्ने सार्थक प्रभाव, सशक्त प्रस्तुतीकरण र सामाजिक रूपान्तरणको प्रेरणाको अभाव छ । सस्ता फिल्मका सस्ता मसलायुक्त सामाग्रीहरू पस्किने हदभन्दा माथि यिनीहरू उठेका छैनन् । पछि फिल्ममा खेल्ने एउटा सिंढीको रूपमा नाटकहरू प्रयोग भइरहेका छन् । तर हाम्रो गाउँघरतिर देखाइने सांस्कृतिक कार्यक्रम र नाटकहरूलाई अध्ययन गर्ने हो भने चाहिँ निश्चय पनि तिनीहरूमा धेरै अर्थमा राम्रोपना पाइन्छ । नाटकको वर्कसप संचालन गर्ने क्रममा धेरै गाउँहरूमा म घुमेको छु । त्यहाँ प्राविधिक कम्जोरी भए पनि कलात्मक अभिव्यक्ति, वैचारिक स्पष्टता, सशक्त प्रस्तुति देखेको छु, मन मस्तिष्कभरि छाप छोड्न सफल नाटक-कलाकार त्यहाँ देखेको छु । तर शहरदेखि टाढा टाढा बस्ने ती गाउँले कलाकारहरूलाई राष्ट्रियस्तरको पहिचानको कुरै छोडौं, स्थानीय स्रोत र सहयोग पनि पुगेको देखिँदैन । उपलब्धिमूलक हुन नसकेको यस नाटक क्षेत्रमा कामको व्यवस्थित सुरूवात गरेको खण्डमा निश्चय पनि यो एउटा तेजिलो धारको रूपमा विकसित हुने संभावनालाई भने नकार्न सकिँदैन ।

**❑ यी क्षेत्रहरुलाई सुधार गर्न के गरिनु पर्छ भन्ने तपाई ठान्नु हुन्छ ?**

-नाटक क्षेत्रको दयनीय स्थितिमा केही सुधार गर्ने हो भने- यस क्षेत्रलाई सरकारी स्तरबाटै संरक्षण दिनु जरूरी छ । क्षेत्रगत रूपमा प्रशिक्षणको व्यवस्था गर्नु र रंगमंचको निर्माण एवं संभार गर्नु जरूरी छ । कलाकारहरूलाई आत्मनिर्भर बनाउने ठोस कार्यक्रमको तर्जुमा गर्नु पनि त्यत्तिकै आवश्यक छ । क्षेत्रगत रूपमा नाटक महोत्सवहरू गरिनुले पनि यसमा ठोस सघाउ पुग्ने देखिन्छ । म त नाटकको विकास र प्रबन्धको निम्ति छुट्टै एकेडेमीको स्थापना हुनुपर्छ भन्ने ठान्दछु ।

जहाँसम्म, नेपाली फिल्म क्षेत्रको कुरा छ, यसमा सर्वप्रथम त म भन्छु- नेपाली फिल्महरूको बजारको समस्या हल गर्न सरकारले हरेक फिल्म हलले वर्षको ६०% नेपाली फिल्म देखाउनै पर्ने नियम बनाउनु जरूरी छ । भारतका विभिन्न प्रान्तमा क्षेत्रीय भाषाका फिल्महरूको संरक्षणको लागि यसो गर्ने गरिएको उदाहरणबाट हामीले पाठ सिक्नु जरूरी छ । यसबाहेक, सार्थक चलचित्रहरूलाई सरकारले अनुदान दिनुपर्छ, कम व्याजमा ऋण सापटी दिनुपर्छ । सार्थक र नेपालीपन, यी दुवै पक्षलाई प्रोत्साहन दिनका निम्ति सरकारले ठोस नीति बनाउनुपर्छ ।

नृत्य र संगीतका कक्षाहरू संचालन हुँदैछ



संयोजक
रायन श्रेष्ठ

युनिभर्सल ल्याङ्गवेज एण्ड कम्प्युटर ईष्टिच्यूट, पुतलीसडक, फोनः ४१८५११, बानेश्वर फोनः ४७५५७८


टेलिफिल्महरूको सन्दर्भमा भने, सर्वप्रथम त नेपाल टि.भि.ले टेलिफिल्मको निम्ति ठोस मापदण्ड तयार गर्नुपर्‍यो। हचुवामा र नातावादका आधारमा टेलिफिल्म बनाउन र प्रशारण गर्न स्वीकृति दिने परिपाटी बन्द गर्नुपर्‍यो। नेपालमा बहुदल आइसकेको वर्तमान स्थितिमा पनि प्रगतिशील विचार बोकेका रचनाहरूले टेलिभिजनमा स्थान नपाउने 'पंचायती संस्कार' त्यागिनु पर्‍यो। टेलिफिल्महरूलाई सार्थक र रोचक एवं स्तरीय कसरी बनाउने भन्नेबारेमा व्यापक छलफल चलाई निष्कर्ष निकाली अघि बढ्ने र स्तरीय समीक्षकहरूको सुझाव संकलन गर्ने परिपाटी ने.टि.भि.ले बसालेको छैन, बसाल्न जरूरी छ। राम्रा निर्माताहरूलाई प्रतिश्रृखलाको निम्ति दिइने रकम अपर्याप्त छ, बढाइनुपर्छ। प्राविधिक सहयोग र नियमित प्रशिक्षणको व्यवस्था हुनुपर्छ।

❑ **प्रगतिशील कला क्षेत्रको अवस्था के कस्तो पाउनु भएको छ। यस स्थितिमा यस क्षेत्रले के गर्नु जरुरी छ भन्ने तपाई ठान्नुहुन्छ ?**

-प्रगतिशील कला क्षेत्र वैचारिक रूपमा देशमा रहेको अन्याय, अत्याचार, शोषण, दमन, कुरीति, अशिक्षा, अपसंस्कृति लगायत सबै खाले रोगी विचारका विरूद्ध चेतनामूलक परिवर्तनको सन्देश लिएर स्वस्थ समाजको परिकल्पनामा संघर्षरत क्षेत्र भएकोले यो अझ परिस्कृत र सशक्त ढंगले अगाडि आउनु पर्थ्यो। तर हालको अवस्थामा यो क्षेत्र व्यवहारिक ढंगमा विचलन र विखण्डनको स्थितिमारहेको छ। यस क्षेत्रमा लागिपर्ने कलाकार एवं सहभागी-हरूलाई दुरुह वातावरणमा बाँच्न बाध्य पारिएको छ। सबै जस्तो संगठनको नजिक रहेका कर्मीहरूलाई न त उनको कामको मूल्यांकन ठीक ढंगले गरिएको छ, न त नेतृत्व तहले यस क्षेत्रलाई गंभीर ढंगले नै लिएको छ। बरू, आपस आपसमै पानी बाराबारको स्थिति सृजित गरिएको छ। समाजवाद राजनीतिक परिवर्तनले मात्र हुँदैन, त्यसको लागि सांस्कृतिक परिवर्तनको आवश्यकता छ र सांस्कृतिक परिवर्तनबिना राजनीतिक परिवर्तन क्षणिक आवेश मात्र हुन सक्छ भन्ने कुरा व्यवहारमा सोभियत संघ र पूर्वी यूरोपका घटनाहरूले पुष्टि गरिसकेको छ। तर पनि हाम्रो देशका राजनीति पार्टीका नेताहरू भने, यस कुरामा कोही पनि पटक्कै गम्भीर छैनन् भन्ने कुरा हालका घटना र प्रवृत्तिहरूलाई केलाएर हेर्दा छर्लङ्ग हुन आउँछ। कलाकर्मीहरू विखण्डित भएर दिशाहीन अवस्थामा सके आफ्नै बलबुतामा सक्रिय छन्, नसके नैराश्यको भूमरीमा जेलिएका छन्।

त्यसैले पनि यस क्षेत्रका साथीहरूले आफूखुशी काम गर्ने परम्परालाई त्यागेर सांस्कृतिक फाँटका कुन कुन विधामा कसरी सशक्त ढंगले जान सकिन्छ भनेर योजनाबद्ध ढंगले संगठित रूपमा लागिपर्ने आवश्यकता रहेको छ। प्रगतिशील विचारमा आस्थावान संघ, संस्था तथा समूहहरूको संयोजन र सल्लाह गर्ने संयुक्त मंच बनाई कार्यक्षमता बढाउने प्रयास गरिहाल्नुपर्ने स्थिति आइसकेको छ। पार्टी नेतृत्वले सांस्कृतिक मोर्चालाई महत्वका साथ हेरेर त्यसमा लागिपरेका कर्मीहरूलाई उचित वातावरण दिन पहल गर्नु पर्छ। अन्यथा, हामी वामे सर्दै गरेको अवस्थाभन्दा अगाडि हुन सक्दैनौं र हामी धेरै पछाडि परिसकेका छौं र झन् झन् पछाडि पर्नेछौं। ❑

**महावली हनुमानको वरदान !**
**सुन्दर र सुरक्षित छानाको पहिचान !!**



**हनुमान छाप कर्कट (जस्ता) पाता**

टिकाउपनाको अर्को नाम

सुन्दर स्टील्स प्रा. लि.

विरगन्ज फोनः ०५१-११८२४ (अफिस), ०५१-२३१०२ (फ्याक्ट्री),
काठमाडौं फोनः २७०७३०, २७०४५६
फ्याक्सः ९७७-१२७०९७३

(१२ पेजको बाँकी)

खोलिदिइन्। त्यो ढोकाबाट ३ जना पसे। अर्को ढोका बन्द नै थियो। उनीहरूले नै ढोका खोले। त्यतातिरबाट ३ जना आए। मलाई समातेर दुबै हात पछाडि लगेर डोरीले बाँधे। मेरो घडीको चेन चुड्यो। घडी उनीहरूले लगेका थिए। तर मेरी श्रीमतीले घडी उनीहरूको हातबाट खोसेर लिइन्। त्यसपछि मलाई घिच्याई आगनमा लगे। त्यतिखेर मेरो भाइ धनप्रसादलाई कुटपिट गरी ल्याइराखेका रहेछन्। मलाई लगेको १० मिनेटपछि जोगबहादुरलाई पनि ल्याइपुर्‍याए। धाँते बुढालाई घरमा भेटेनन्। उहाँ गोठमा हुनुहुन्थ्यो। उहाँलाई समातेर



## "हो, मलाई पनि अत्यन्त बर्बर जंगली ढंगले पिटे"

कुटपीट गरिएका रेजमान बुढा र जोगमान बुढा पिडुँला तिघ्राभरिका आफ्ना चोटहरू देखाउँदै (माथि)। पिटिएका र लुटिएकाहरू आफ्ना परिवारका साथ (तल)



ल्याएपछि सबैलाई पिट्न थाले।

◆ **तपाईलाई पनि पिटे, हैन ?**

हो, मलाई पनि अत्यन्त बर्बर जंगली ढंगले पिटे। फलामको रडले पिंडुला र तिघ्रामा हाने। मुखमा बक्सिंगले हाने। शरीरको अन्य भागहरूमा लात्तीले हाने। फलामको छडले हानेकाले खुट्टा सुनिएर आयो। कयौं दिनसम्म दिसापिसाब गर्न बाहिर जान सकिनँ।

◆ **तपाईबाट पनि धनमाल लगे कि ?**

मलाई पनि पैसा मागे। 'मैले के दिन सक्छु र ?' भनेपछि उनीहरूले 'भत्ता खानका लागि अध्यक्षको उम्मेदवारी दिन गएको होस्, तैले हामीलाई पैसा नदिएर कसले दिन्छ ?' भने। मैले '१००।-, २००।- दिन्छु' भनें तर उनीहरूले कुट्न छाडेनन्। उनीहरूको चर्को कुटाइले गर्दा रू ५००।- दिन्छु भनेपछि बल्ल कुट्न छाडे र पछाडि डोरीले बाँधेको हात फुकाइदिए।

उनीहरूले डोरी फुकाएपछि पनि यसको त कान काट्नु पर्छ, नाक काट्नु पर्छ भन्दै नाक कान तान्दै खुकुरी लगेर रेट्नै खोजे। मेरी श्रीमतीले केही घरबाट र केही गाउँमा राति ऋण काडेर रू ५००।- उनीहरूलाई (साहुलाई बुझाए झैं) बुझाएपछि एक एक गनेर लिए। उनीहरूले मलाई र धनप्रसादलाई 'मसाल समर्थकहरू एक एक व्यक्तिसँग रकम र मौसमी चन्दा उठाएर राख्ने' आदेश गरे। पैसा र मौसमी अन्न जम्मा पारी नराखेमा त्यो दिन जुन ढंगले कुटे, त्यही स्थिति हुने धम्की पनि दिए।

◆ **उनीहरूले तपाईलाई मसाल छाड्नु पर्छ त भनेनन् ?**

उनीहरूले 'मसाल छाडेर माओवादीलाई समर्थन गर्नु पर्दछ, नत्र भने तिमीहरूको ज्यान जान्छ' सम्म भने। ❑

*साभारः हाँक साप्ताहिक, असार ११ गते*

*फोटोहरूः छानवीन आयोग*

# के कम्युनिष्ट पार्टीको ढोका सबैको लागि खुल्ला गर्नु ठीक हुन्छ ?

◉ नेपाल कम्युनिष्ट पार्टी भनेको यसको स्थापनाकालदेखि, दुःख, कष्ट, संघर्ष र वलिदानले खारिँदै आएको र २०४६ सालको जनआन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्न सफल पार्टी हो ।

२०४६ सालमा प्रजातन्त्रको प्राप्तिपश्चात् हरेक पार्टीमा तानातानी होड चलेको छ । एक पार्टीबाट असन्तुष्ट भएमा अर्को पार्टीमा प्रवेश गर्ने लहर चलेको पाइन्छ । साथै, पार्टी सदस्यता वितरण गरी सदस्य संख्या बृद्धि गर्ने हरेक पार्टीमा होड नै चलेको छ।

तर कम्युनिष्ट पार्टीजस्तो सक्षम र नेपाली जनताको लोकप्रिय पार्टीले खाली सदस्य संख्या बढाउने हेतुले जोकोही व्यक्तिलाई पनि पार्टी प्रवेशको ढोका खुल्ला गरिरहेको छ । वैचारिक, सैद्धान्तिक मतभिन्नता भएका वा एक पार्टी परित्याग गरी अर्को पार्टीमा प्रवेश गर्ने अथवा विगतमा कम्युनिष्ट पार्टीको घोर भर्त्सना गर्ने, कडा दमन गर्नेदेखि लिएर कम्युनिष्ट पार्टीको सिद्धान्त अथवा मतलब नबुझेका सबैलाई पार्टीको ढोका खुल्ला गरिनुले नेपाली कम्युनिष्ट पार्टीले भविष्यमा, बदनामी सहनु पर्ला । साथै पार्टी कमजोर र दुर्गन्धित पनि नहोला भन्न सकिन्न ।

यसरी, एक पार्टीबाट अर्को पार्टीमा प्रवेश गर्नेहरूलाई सजिलै पार्टीमा प्रवेश गराउनाले त खालि अर्को पार्टीलाई 'खाईस्' भन्न त सकिएला, तर त्यही व्यक्तिले पुनः अर्को पार्टीमा प्रवेश गरिदिएमा त्यो 'खाईस्' आफूले सहनु पर्ने समय नआउँला भन्न पनि सकिन्न । कारण ऊ भागबण्डाको लालचमा आएको पनि हुनसक्छ । भागको कमी भएमा उसले फेरि अर्को पार्टी प्रवेश गर्न के गाह्रो ? यसकारण नेपालका कम्युनिष्ट पार्टीहरूले खालि सदस्य संख्यामा वृद्धि गर्ने नाममा जस्तो पायो, उस्तोको लागि पार्टी प्रवेशको ढोका सजिलै खुल्ला गर्नु हुन्न । बरू व्यक्तिको हरेक पक्षको लेखाजोखा गरेर मात्र पार्टी सदस्य बनएमा नै आयु लामो हुनेछ ।

-**कमलादेवी राई**, धरान१५, शान्तिपथ

◉ सन् १८७१ मा पेरिसमा भएको ऐतिहासिक मजदूर विद्रोहपछि शुरू भएको कम्युनिष्ट पार्टीप्रतिको जनलहर पूर्वी यूरोप र रूसको कायापलटपछि झन् सशक्त, जुझारू र समयसापेक्ष रूपमा अगाडि बढिरहेको छ । यस बीचमा सर्वहारावर्गको अधिनायकत्वको नाममा केही व्यक्तिहरूको हालीमुहाली पार्टीभित्र चलाउँदै सामूहिक नेतृत्वमाथि पटक्कै ख्याल नगर्ने गल्ती गरियो । एकलकाँटे वैचारिक माहौलमा पार्टीलाई उभ्याइयो । समाजवाद-साम्यवाद प्रति आस्था र विश्वास राख्ने वाम बुद्धिजीवी, विद्यार्थी साहित्यका, सँस्कृतिकर्मीहरूलाई पनि विचार र पार्टीको छहारीमा समेट्ने बृहत् दृष्टिकोणको अभाव रह्यो र अन्ततः फरक मत राख्ने बित्तिकै बनीबनाऊ आलोचनात्मक शब्दले हिर्काउने काम भयो र सैद्धान्तिक, राजनैतिक मन्थन हुन सकेन । फलतः संसारैभरिका कम्युनिष्ट पार्टीहरूले ठूलो धक्का खानुपर्‍यो ।

इतिहासको यो गम्भीर अनुभवबाट शंका र विश्वास, आलोचना र आत्मालोचनाको द्वन्द्ववादी परिपाटीअनुसार कम्युनिष्ट पार्टीलाई एउटा जुझारू, सशक्त र सामन्तवाद, साम्राज्यवाद लगायत सबै मर्काका जनताका वैरीहरूका विरूद्ध निर्मम र सम्झौताहीन संघर्ष गर्ने, ट्रेन्चको रूपमा लिनुपर्दछ । यसमा विभिन्न जाति, जनजाति, वाम बुद्धिजीवी लगायत दुनियाँको भलो चिताउने सबै प्रकारका प्रगतिशील व्यक्तिहरूलाई समेटेर सर्वहारावादी प्रशिक्षणले लैस पार्दै समाजवाद, साम्यवादको ढोका घच्घच्याउनतिर उन्मुख बन्नु, बनाइनु पर्छ ।

कुनै व्यक्ति र गुट विशेषको आधिपत्य पार्टीमा हुनुहुँदैन र सामूहिकीकरणमा बढी जोड दिनुपर्छ । पार्टीभित्र पसिसकेका कुनै पनि तह, पद र ओहदाका व्यक्तिका पनि गल्ती, कमजोरी भएमा बिना हिच्किचाहट जनताको सामु इमान्दारीपूर्वक प्रस्तुत गर्ने स्वस्थ परम्पराको जग बसालेपछि गलत नियतको उजागर र विलय क्रमशः हुँदै जान्छ र कम्युनिष्ट पार्टीभित्र घुसेर यसलाई पूँजीवादी सुधारको चक्करमा फसाउने कसैको षड्यन्त्र छ भने पनि जनताको सामु ऊ नाङ्गेझार भएरै छाड्छ ।

यो पद्दतिलाई छोडेर पार्टीको ढोका सबैको लागि खुल्ला भनेर जनताको टाउकोमाथि गीर खेल्ने पथभ्रष्ट, फटाह र हुल्याहा व्यक्तिलाई पनि पार्टीमा हुल्ने नीतिको भने सर्वदा डटेरै विरोध गर्नुपर्दछ ।

कम्युनिष्ट पार्टी भनेको भविष्यमा रातोघर (साम्यवाद) निर्माणको लागि अत्यावश्यक सिकर्मी, डकर्मी, औजार उत्पादन गर्ने कारखाना भएकोले विभिन्न क्षमता, दक्षता र योग्यता भएका व्यक्तिहरूको माग पार्टीमा हुने भएकोले सृजनशील, श्रमजीवी र जनताप्रति इमान्दार व्यक्तिहरूको लागि पार्टीको ढोका खुला गरिनुपर्छ । तर पनि उपयोगिताको नाममा जनताको भविष्यप्रति नै छलकपट गर्ने, जनताको पसिना र रगत चुसेर सिंहासनमा आलीसान हुने हिटलरी, जङ्गेशैली र व्यवहारका कुनै पनि प्रबृत्तिको लागि भने कम्युनिष्ट पार्टीको ढोका कुनै पनि हालतमा नखोली निःसन्देह बन्द गरिनु पर्दछ ।

**नन्दराम खड्का**, *बिएड अन्तिम वर्ष, शिक्षा शास्त्र संकाय, केन्द्रीय क्याम्पस सानोठीमी, भक्तपुर*

◉ हुँदैन, पटक्कै हुँदैन, ठ्याम्मै हुँदैन । कम्युनिष्ट पार्टीको ढोका सबैलाई खोल्नु अति नै असान्दर्भिक हुन्छ ।

कम्युनिष्ट पार्टी भनेको निश्चित उद्देश्य प्राप्तिका लागि समान विचार, वर्ग र रणनीति भएका व्यक्तिहरूको संगठन हो । त्यसैले कम्युनिष्ट पार्टीको निश्चित वर्गस्वार्थ अर्थात् लक्ष्य र वैचारिक अडान तथा रणनीति हुन्छ ।

जब सबैको लागि कम्युनिष्ट पार्टीको ढोका खोलिन्छ, तब वर्गीय चेतना, संघर्ष र आन्दोलन मलीन हुँदै जान्छ । लक्ष्य र उद्देश्यप्रति विभिन्न वर्गका प्रतिनिधिबाट अनावश्यक तथा अवान्छनीय विवाद सृजना हुन्छ ।

विभिन्न वर्गका व्यक्तिद्वारा समग्र पार्टीको कार्यनीति र रणनीतिको ठूलो परिवर्तन, विवाद र दिशाहीनता देखापर्छ । सैद्धान्तिक चेतना र दृष्टिकोणमा हुने परिवर्तनले गर्दा लक्षित सांस्कृतिक परिवर्तन देखापर्दैन ।

यसरी कम्युनिष्ट पार्टी सर्वहारा श्रमजीवीको वर्गीय हितबाट परिवर्तन हुँदै गएर, भाँसिदै र बिग्रिँदै गएर अन्ततोगत्वा निरस्वर पूँजीवादी Mass Party मा परिवर्तन हुन्छ, चुनावभन्दा अर्को कुनै लक्ष्य नभएको, वैचारिक रूपमा पंगु भीडमा परिवर्तन हुन्छ । समग्रमा भोटरहरूको कहालीलाग्दो र अनियन्त्रित जमात बनेर कम्युनिष्ट पार्टीनै लथालिङ्ग र भताभुङ्ग बन्न पुग्छ ।

**कुसुम ज्ञवाली**, गुल्मी । हालः पुल्चोक इन्जिनियरिङ्ग क्याम्पस

◉ राजनैतिक पार्टीहरू निश्चित मूल्य, मान्यता र सीमाको आधारबाट स्थापित र गतिमान भएका हुन्छन् । वर्गीय समाजमा राजनैतिक मूल्य र मान्यता भन्नु नै वर्गीय स्वार्थ र हितको प्रतिनिधित्व गर्नु हो । वर्गहरूको उपस्थितिलाई बेवास्ता गर्नु या सबै वर्गको स्वार्थको प्रतिनिधित्व गर्नु भन्ने समन्वयवादी दृष्टिकोण लिनु गलत मात्रै छैन, उत्पीडित वर्ग र जातिका लागि घातक पनि छ । यो दृष्टिकोण प्रतिक्रियावादी दृष्टिकोण हो ।

द्वन्दात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवादलाई आफ्नो जीवन दर्शनको रूपमा लिने कम्युनिष्ट पार्टीहरू समाजमा वर्गहरूको उपस्थिति र वर्ग संघर्षको मान्यता स्वीकार गरी श्रमजीवी वर्ग, खासगरी सर्वहारा वर्गको अगुवा दस्ताको रूपमा स्थापित र गतिमान छन् । कम्युनिष्ट पार्टीहरूले यो वर्ग पक्षधारतालाई त्यागेमा उनीहरू क्रान्तिकारी कम्युनिष्ट पार्टीको रूपमा रहनै सक्दैन । वर्ग पक्षधरता नै कम्युनिष्ट पार्टीको चूरो हो ।

यसै सन्दर्भमा के कम्युनिष्ट पार्टीको ढोका सबै वर्गका लागि खुला गर्न सकिन्छ ? मूल्यांकनले गम्भीर र सामयिक जिज्ञासा उठाएको छ । मध्यमवर्गीय चरित्र भनेकै सम्झौतापरस्तता हो । राजनीतिमा मध्यम वर्गीय भूमिका प्रवल भएको परिवेशमा कम्युनिष्ट पार्टीभित्र पनि वर्ग दृष्टिकोणलाई संकीर्ण र अव्यवहारिकको बिल्ला भिराउँदै कम्युनिष्ट पार्टी इच्छुक सबैका लागि खुला गराइनु पर्ने दृष्टिकोण आउन सक्छ । तर ठीक त्यही बिन्दुबाट कम्युनिष्ट पार्टीको क्रान्तिकारी चरित्रमा पहिरो जान थाल्छ र क्रमशः सामाजिक जनवादी पार्टीमा त्यो रूपान्तर हुन पुग्छ । यसर्थ, कम्युनिष्ट पार्टी सबैका लागि खुला गर्ने कि नगर्ने भन्ने प्रश्न कम्युनिष्ट पार्टीको क्रान्तिकारी चरित्रलाई कायम राख्ने वा यसलाई सामाजिक जनवादी पार्टीमा रूपान्तर गर्ने भन्ने दृष्टिकोणसँग अभिन्न रूपले गाँसिएको छ ।

अर्को एउटा ज्वलन्त प्रश्न यसै प्रसङ्गमा गाँसिएको छ । के त्यसो भए कम्युनिष्ट पार्टीले व्यापक जनतालाई समेट्न र नेतृत्व गर्न हुँदैन त ? जनता आम रूपमा अमूर्त छ । उत्पीडक वर्गको प्रत्यक्ष परोक्ष उत्पीडन भोगिरहेका वर्गहरूलाई जनताको रूपमा परिभाषित गर्न सकिन्छ । गर्नु पर्छ । यसो हुँदा पनि सम्पूर्ण जनताहरू कम्युनिष्ट हुँदैनन् । कम्युनिष्टहरू त वर्ग दृष्टिकोणले लैस र वर्गसंघर्षको विभिन्न मोर्चाबाट खारिएका विचार र व्यवहारमा स्पातिलो हुनुपर्छ ।

कम्युनिष्ट आन्दोलन एउटा व्यापक आन्दोलन पनि हो । यो सामाजिक परिवर्तनको महाभियान हो । यो अभियानका अभियन्ता हुन् कम्युनिष्ट-हरू । आजका पेशा तथा व्यवसायिक आन्दोलन, महिला आन्दोलन, वातावरणवादी आन्दोलन र मानव अधिकारवादी आन्दोलन सबैलाई वर्ग सापेक्ष रूपले हेरिनु र अगाडि बढाइनु पर्छ । ती तमाम् आन्दोलनहरू वर्गीय-मुक्ति आन्दोलनसँग अभिन्न छन् । कम्युनिष्ट आन्दोलनले तिनीहरूलाई समेट्दै नेतृत्व गर्नुपर्छ । गर्न सक्छ । भनिरहनु पर्दैन- तमाम जनताहरूलाई ती आन्दोलन र संगठनहरूमा संगठित गरी सशक्त बनाउनुपर्छ । र, त्यसभित्रका सक्षम, सकृय, उन्नत चेतनाका धनीहरूलाई होशियारीपूर्वक कम्युनिष्ट पार्टीमा प्रवेश गराइनुपर्छ ।

**डी. कौडिन्य** *झापा*

## आगामी अंकको लागि

**'स्थानीय निकायहरुमा विजयी भएका वामपन्थी जनप्रतिनिधिहरुको काम र कार्यशैली अरुको भन्दा भिन्न र उन्नत कसरी हुनसक्छ ?'**

यस विषयमा आफ्नो विचार २०० शब्दमा नबढाई साउन १२ गतेसम्म प्राप्त हुने गरी पठाउनु होला । छानिएका विचारहरू प्रकाशित गरिनेछन् ।

# पाठकको कुरा

## मूल्याङ्कन गर्न कठीन

मूल्याङ्कनका लाखौं लाख नियमित पाठकहरूमध्येको म पनि एक नियमित पाठक हूँ। वास्तवमा नै देशका थुप्रै पत्रिकामध्ये यो उत्कृष्ट प्रगतिशील पत्रिका साबित भएको छ। यो पत्रिका देशभित्रमात्र सीमित नभई विदेशमा समेत आफ्नो नाम कमाउन सफल भएको पाइन्छ। यसले देश-विदेशका घटनाक्रमहरूलाई गहिराइमा गएर दिँदै आइरहेको पाइन्छ। तर समग्र रूपमा भन्ने हो भने- मूल्याङ्कनको मूल्याङ्कन गर्न नै अधिक कठीन देखिन्छ। किनभने, यो एकदमै स्तरयुक्त पत्रिका हो। यस्ता महङ्गीले आकाश छुएका बेलामा मूल्याङ्कनको मूल्यमा पनि फेरबदल हुनुलाई म त्यति ठूलो कुरा ठान्दिनँ।

**यज्ञ रावल 'याशिर'**
प्रतापपुर ६, कैलाली

## जवाफ दिनु अति आवश्यक

अंक ४७ पनि ढिलो चाँडो पढ्ने मौका पाए। यसमा आवारण लेख र बुद्धिजीवीहरूका प्रतिक्रियाहरू एवं 'मैले खाएको ठीक तैंले खाएको बेठीक' लेख सङ्गाहनीय छन्। अहिले विश्वमा मात्र नभएर नेपालमा पनि संशोधनवादी र उग्रवादी धारहरू देखिएका छन्। यिनीहरूले नेपालको कम्युनिष्ट आन्दोलनलाई फाइदा नभएर नोक्सान नै पुऱ्याइरहेका छन्। मूल्याङ्कनले त दुवै धारका विरूद्ध सशक्त ढङ्गले जुध्नोस्। यसो गर्दा मूल्याङ्कनमाथि देब्रे र दाहिने दुवै कोणबाट भीषण आक्रमण त हुने नै छ। जस्तो कि, माओवादी नेतृत्व मण्डलीले यतिखेर आफ्नो नजिकको एक साप्ताहिक पत्रिकाबाट श्याम श्रेष्ठको विश्लेषण संशोधनवादबाट विर्सजनवादको खाडलमा जाकिएको झुठा आरोप लगाइरहेको छ। त्यसैले मूल्याङ्कनले त्यसको सटीक जवाफ दिनु अति आवश्यक छ।

**नारायण शर्मा, माडी, रमाइलो**
डाँडा हाल बम्बई रायगढ

## अंक १ हेर्न पाए.......

अंक ४७ पढें, अति राम्रो लाग्यो। पेरूका छापामारको बारेमा राम्रोसँग प्रष्ट्याउनु भएको छ। मूल्याङ्कनमा पनि कोठेपद राखे सुनमा सुगन्ध हुन्थ्यो होला। मूल्याङ्कन एमालेमुखी हुँदै गएको भन्ने कुरा एकदमै गलत छ। यो कुरा यसको स्वतन्त्र चिन्तनले देखाएको छ। पुराना अंकहरू सुपथ मूल्यमा उपलब्ध गराएकोमा तपाईहरू धन्यवादको पात्र हुनुभएको छ। अंक १ पनि हेर्न पाए साह्रै जाती हुन्थ्यो। मूल्य नबढाएकोमा ज्यादै खुशी लाग्यो।

**शरदप्रसाद अधिकारी, दाङ**

## अंक ४७

मूल्याङ्कन पूर्णाङ्क ४७ बेलैमा आफ्नो प्रति सुरक्षित गर्न पाएँ। यसमा प्रकाशित स्तरीय लेखहरूमध्ये टुपाक आमारू छापामारबारेको लेख अत्यन्तै समसामयिक छ। यसले गर्दा नेपाल लगायत विश्वका कम्युनिष्टहरूलाई पूँजीवादी सरकारबाट सचेत हुनुपर्छ भन्ने ज्ञान दिएको छ। डा. महेश मास्केको 'राजनीति सत्ताको फोहोरी खेल होइन' भन्ने विचार राम्रो लाग्यो। विवश वस्तीका 'लोभी गिद्ध र पीडित कागहरू' र 'नखनिएको खाडल' कथा पनि राम्रो लाग्यो। 'के हो महाकालीको विकल्प ?' मा विद्वान विकास पाण्डे, दीपक ज्ञवाली र अजय दीक्षितको अन्तरक्रिया बहुत राम्रो लाग्यो। 'सेती नदी सम्झौता, के यो अहिले गर्नुपर्ने आयोजना हो ?' र, 'अब पश्चिम सेती पनि कन्यादान' भन्ने लेखले नेपाली जनतालाई बेलैमा सचेत बनाउन मद्दत पुगेको छ।

**नेत्रप्रसाद लामिछाने,**
नेपाल पोलीटेक्नीक इन्स्च्यूट
भरतपुर११ भोजाड चितवन

## मूल्यबारे

मूल्याङ्कन हाम्रो निम्ति भएको कारण यसको मूल्यबृद्धि गर्नुपर्ने बाध्यात्मक अवस्था अनुभूत गरेर यस प्रस्तावलाई हामी सहर्ष स्वीकार्दै आगामी अंकदेखि थप रोचक सामाग्रीसहित यो आओस् भन्ने कामना गर्दछौं। देशको दुर्गम स्थानहरूसम्म पुऱ्याउन व्यवस्था मजबूत भए हामी पाठक वर्ग झन् आभारी हुने थियौं।

**रामकुमार राई होम्ताङ्ग ६, भोजपुर**

## भूपू सैनिकबारे

श्रमको मूल्य र निबृत्तिभरणको मारमा परिरहेका गोर्खा भुपू सैनिक र तिनका परिवारजनको आधारभूत समस्याहरूलाई पनि मूल्याङ्कनले महत्त्व दिने काम गरोस् भन्ने आग्रह गर्दछु।

**गजेन्द्र ईस्वो जि.आर.यू बुनाई**

## जनयुद्ध उपयुक्त छैन

संजमो नेपालका के.स. रविन्द्र-श्रेष्ठले मूल्याङ्कनमार्फत् व्यक्त गर्नुभएको असन्तुष्टिप्रति मेरो पूर्ण असहमति छ। उहाँ अधिभूतवादी चिन्तनबाट ग्रस्त हुनुहुँदो रहेछ। उहाँ चीनका जनताले हात्तीमा चढे भने आफू पनि घरको धूरीमा किन नचढ्ने ? भन्ने जस्तो तर्क दिनु हुँदोरहेछ। उहाँले बुझ्नु पर्ने के हो भने, चीनको त्यसबेलाको परिस्थितिभन्दा अहिले यहाँको परिस्थिति भिन्न छ। हिंसात्मक बाटो अहिलेको परिवेशमा समयानुकूल छैन। शान्तिपूर्ण संसदीय बाटोबाट पनि समाजवाद हुँदै साम्यवादमा जान सकिने परिस्थितिको सृजना भइसकेको छ। त्यसैले त्यो अधिभूतवादी चिन्तनबाट टाढा रहनु नै श्रेष्ठज्यूको लीग श्रेयस्कर हुने थियो।

डा. महेश मास्केज्यूको आँखामा नेपालको बहुदलले तय गर्न खोजको बाटो अति सान्दर्भिक छ। 'एमालेको राजनैतिक चातुर्यलाई इतिहासले अवसरवादको निकृष्ट अभिव्यक्तिको रूपमा मात्र लिनेछ' भन्ने उहाँको टिप्पणी वास्तवमा उपयुक्त देखिन थालेको छ।

**होम थापा, लालगढ ८ धनुषा**

## दुःखी तुल्यायो

अंक ४७ को आवरण लेखले साँच्चै नै दुःखी तुल्यायो। विश्वभरिका कम्युनिष्टहरूलाई पेरूको घटनाले पाठ सिकाएको हुनुपर्छ। एउटा सानो माग राखेर १२६ दिनसम्म शान्तिपूर्ण रूपले बन्दीहरूलाई थुनेर राख्ने टुपाक आमारूका छापामारहरूलाई नृशंस रूपले हत्या गर्ने पूँजीवादी, दक्षिणपन्थी साम्राज्यवादी फुजीमोरीको कपटपूर्ण चरित्र विश्वसामु छर्लङ्गिएको छ। विश्वभरिका पूँजीवादी स्याल र फ्याउराहरूले यस कार्यप्रति फुजीमोरीलाई धन्यवाद दिएका छन्। यस घटनाबाट साँच्चै नै पूँजीवादीहरू नृशंस हुन्छन् भन्ने कुरा छर्लङ्गिएको छ। टुपाक आमारूका छापामारहरूलाई शोकलाई शक्तिमा बदलेर फुजीमोरीको विजयलाई क्षणिक साबित गर्ने साहस मिलोस् भन्ने कामना गर्दछु।

क्रमशः देशका नदी नाला विदेशीलाई सुम्पने सरकारी नीतिले गर्दा एकदिन नेपालको नामै नरहने सम्भावना प्रष्ट देखिएको छ। पश्चिम सेतीको कन्यादानले देश र देशवासीको भावना कुठाराघात भएको छ। क. थेलमानको जीवनी रोचक छ। आगामी दिनमा यस्तै जीवनीहरू प्रकाशित भइरहोस् भन्ने कामना गर्दछु।

**मदन पौडेल, लालगढ ८, धनुषा**

## अझ बढी सामग्री आवश्यक

मूल्याङ्कनका हरेक सामाग्रीहरू स्तरीय र ज्ञानबर्द्धक छन् तर नेपाली कम्युनिष्ट आन्दोलनको विषयमा अझ बढी सामाग्रीहरू दिनु आवश्यक छ। नेपालमा कसरी र कुन कारणले यत्तिका वामपन्थी पार्टीहरू जन्मिए ? स्थापनाकालदेखि हालसम्मको समग्रको इतिहासलाई केलाएर स्पष्ट रूपमा यस पत्रिकाले लिष्ट प्रकाशित गर्नु मैले आवश्यक देखेको छु। साथसाथै, प्रगतिशील/मार्क्सवादी साहित्यका मान्यता, आधारहरू तथा साहित्यकार-हरूको विषयमा पनि यस पत्रिकामा थप सामाग्रीहरू प्रकाशित गरेमा यसको अझ बढी सार्थकता पुष्टि हुने थियो।

**हेमराज भण्डारी, कुरूले तेनुपार**
रामनवमी, धनकुटा

## ढुंगा खोज्दा देउता मिल्यो

मूल्याङ्कन मासिकको अंक ४७ ढिलै भए पनि पढ्ने मौका पाइयो। यसको आवरण पृष्ठमा नै बन्धककाण्ड भित्र रहँदाखेरिको MRTA का सदस्यहरूको विभिन्न कृयाकलापहरूको तस्वीर हेर्न पाउँदा ढुङ्गा खोज्दा देवता मिलेको महसूस भयो। क्रूर तानाशाह प्रबृत्तिको फुजीमोरीले सुनियोजित ढङ्गबाट तयार परेको षड्यन्त्रको शिकार हुन पुग्नु भएका १४ जना MRTA छापामार कमरेडहरूको गौरवमय आवरण कथा पढ्दा अनायासै चीसो रगत पनि तातेर आउँछ भने तत्कालै MRTA राष्ट्रिय सञ्चालक समितिद्धारा जारी गरिएको साहसिक वक्तव्यले फुजीमोरीको क्षणिक विजयलाई केही हदसम्म मत्थर गरेको आभाष हुन्छ। त्यसै गरी MRTA का यूरोप प्रवक्ता क. नोर्मा भेलाज्कोसँगको अन्तर्वार्ता लगायत आवरण कथाका सम्पूर्ण विश्लेषणात्मक लेखहरू राम्रा लागे। सम्भव भएमा आगामी अङ्कमा बन्धक काण्डमा परी मारिइनु भएका सम्पूर्ण छापामारहरूको नाम र उमेर पनि दिनु भए म आभारी हुने थिएँ। अन्त्यमा, ती १४ जना छापामारहरूप्रति मेरो पनि शब्द-श्रद्धासहित यस्तै अन्य विश्व कम्युनिष्ट आन्दोलनमा भए गरेका घटनाहरू प्रस्तुत गर्दै लानु हुनेछ भन्ने विश्वास गर्दछु।

**मनोज राई अदीप्त,**
आँखिसल्ला ६ थलथले धनकुटा


YOUR GATEWAY TO GLOBAL OPPORTUNITIES
BE A PART OF NEPAL HOME PAGE

**... And reach the World over 50,000 hits from more than 25 countries per week**

**For more Information;**

Yomari


Yomari Inc .
P.O. Box 4173
Kathmandu,
Ph. No. 480540

102 B Bennett Counter,
Newport, DE 19804
USA
Ph.No. : (302) 6360386

http : //www. info - nepal. com
email : Yomari @ info-nepal. com




# पुराना अंकहरुमा भारी छूट !




मूल्यांकन र नव युवाका पुराना अंकका सीमित प्रतिहरु भारी छूटका साथ निम्न स्थानहरुमा उपलब्ध छन् :

रु. ५।- मात्र

रु. ४।- मात्र

◆ पाठ्यसामग्री पसल
जामे मस्जिद सपिङ्ग कम्पलेक्स,
बागबजार (घण्टाघरसँगै)
काठमाडौं ।

◆ पुस्तक पत्रपत्रिका बिक्री
वितरण केन्द्र
डिल्लीबजारको उकालो,
काठमाडौं ।

◆ अन्तर्क्रिया प्रकाशन
प्रा. लि.को कार्यालय
पुतलीसडक, काठमाडौं ।
फोनः ४२२७६८

## ◆ मूल्यांकन अंक ३९ सम्म (अंक १ बाहेक)
## ◆ नव युवा अंक ७ सम्म

अंक पुरानो भएपनि पुराना नहुने सामग्रीहरुका निम्ति ! तपाईको संकलनलाई पूर्णता दिनका निम्ति !!

मूल्यांकन मासिकको सहकर्मी

# नव युवा

◆ के तपाईंले पढ्ने गर्नु भएको छ ?

❑ के तपाईले आफ्ना छोराछोरीहरु, भाइबहिनीहरुको निम्ति किनेर घर लगिदिने गर्नु भएको छ ?

युवा पुस्ताको निम्ति स्वस्थ र सार्थक पाठ्य सामग्री




हाम्रा हरेक अंक तपाई निम्न सामग्रीहरुले भरपूर पाउनु हुनेछ !

- ◆ विज्ञान/प्रविधिका आश्चर्यजनक आविष्कारहरु
- ◆ प्रकृतिका अनेकौं रहस्यहरुको रहस्योद्घाटन
- ◆ नेपाल र विश्वका विभिन्न मुलुकका रोचक र ज्ञानबर्द्धक जानकारीहरु
- ◆ संसारका र नेपालका महत्त्वपूर्ण मानिसका जीवनीहरु
- ◆ आई. क्यू. बढाउन मद्दत गर्ने सामग्रीहरु
- ◆ वैज्ञानिक सोच र असल चरित्र निर्माण गर्न मद्दत गर्ने रचनाहरु
- ◆ इतिहासका रोचक र प्रेरक प्रसंगहरु
- ◆ खेलकूद, फिल्म, रंगमञ्चका ताजा गतिविधिहरु र तिनीहरुको ज्ञानबर्द्धक समीक्षा
- ◆ सामान्य ज्ञानहरु
- ◆ विभिन्न विषयमा पाठकहरुको सक्रिय सहभागितामूलक सामग्रीहरु
- ◆ मुक्तक, कविता र कथाहरु आदि ।

## हरेक अंक विशेष अंक !

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १/०५१/५२


# Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

*Authorised Sales & Service Centre*

**SULUX CENTRE**
Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)